सामुदायिक विद्युत्

(पाँचौं शृङ्खला)

सामुदायिक विद्युत्

सम्पादन परामर्श

गोविन्दप्रसाद बजगाईं
लोकबहादुर पुलामी (दीपक)

सम्पादन

सचितानन्द घिमिरे
गोविन्दप्रसाद घिमिरे
लेखनाथ घिमिरे
ओमनाथ अधिकारी

अन्तरवार्ता

रमेशप्रसाद तिमल्सिना

बिक्री व्यवस्थापन

सविन घिमिरे

कम्प्युटर

पुष्मा थिङ तामाङ
सिर्जना के.सी.

संस्करणः २०७५

प्रति : २०००
मूल्य : व्यक्तिगत रु. २५०।-, संस्थागत रु. ४००।-

मुद्रण / लेआउटः

जेन्युइन कलर प्रिन्टिङ प्रेस प्रा.लि.
महालक्ष्मी न.पा.-४, इमाडोल, ललितपुर
फोनः ०१-५२०३९५६
इमेलः genuinecolorprintingpress@gmail.com

प्रकाशकः

दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि.
चापागाउँ, ललितपुर
फोन/फ्याक्स : ०१-५२६५१९३
इमेलः slrec2057@gmail.com
www.slrec.org.np

सम्पादकीय

विकासको इतिहास मानव सभ्यताको इतिहास जत्तिकै पुरानो छ । विकास अनवरत चलिरहने प्रक्रिया हो । यसका आफ्नै गति, सीमा र स्वरुपहरु हुन्छन् । वर्तमान विश्वको ध्यान दिगो विकासका लक्ष्यतर्फ केन्द्रित छ । यही पृष्ठभूमिमा दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि. क्रियाशील छ । संस्थाले ललितपुरको विकट दक्षिणी भेगमा विद्युतीकरण अभियान प्रारम्भ गरी निन्तरता दिइरहेको विषय स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म दृष्टान्त बन्नु गौरवमय प्रगति हो । समुदायसँग हातेमालो गर्दै संस्थाले विद्युतीकरण अभियानलाई विस्तार मात्र गरिरहेको छैन, विद्युत्लाई गुणात्मक ढङ्गले उपयोग गरी परिमाणात्मक उपलब्धि हासिल गर्नतर्फ अग्रसर छ ।

दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि. ललितपुरका जनताको साझा संस्था हो । नेपालको सामुदायिक विद्युतीकरण अभियानको पहिलो संस्था हुनुको नाताले संस्थाले विविध चुनौतीसँग पौंठेजोरी खेल्नु परे तापनि संस्था दक्षिण ललितपुरका जनताको आर्थिक, सामाजिक रुपान्तरणको मेरुदण्ड बन्न पुगेको छ । गुणस्तरीय विद्युत् सेवामार्फत् कृषि, पशुपालन, शिक्षा, सञ्चार, स्वास्थ्य, उद्योग, पर्यटन आदि क्षेत्रमा सकारात्मक परिवर्तन ल्याई दक्षिण ललितपुरको सर्वाङ्गीण विकासमा सहयोग गर्नु संस्थाको मार्गचित्र हो ।

दक्षिण ललितपुरको विद्युतीकरण अभियानमा संस्था प्रत्यक्षतः केन्द्रित छ । यसका अतिरिक्त दक्षिण ललितपुरका प्रतिनिधि विद्यालयका आधारभुत कक्षामा स्थानीय विषयअन्तर्गत नवीकरणीय ऊर्जा विषयको पठनपाठन कार्य प्रारम्भ गराई प्राविधिक रुपमा सचेत नागरिक उत्पादन गर्ने कार्यमा सहकार्य गर्न पाउनु संस्थाको लागि सुखद् विषय हो । यस विषयलाई आगामी दिनमा ललितपुर जिल्लाका सबै गाउँपालिकामा अध्यापनका लागि पहल गरिनेछ ।

वि.सं. २०५४ देखि प्रारम्भ भएको विद्युतीकरण अभियानबाट हालसम्म ६,०३२ घरधुरीले विद्युत् सेवा प्राप्त गरेका छन् । अभियानमा सहयोग पुर्‍याउने नीतिनिर्माता, अभियान्तालगायत सहयोगी सबैमा आभार व्यक्त गर्दछौं । सामुदायिक विद्युत्को पाँचौं शृङ्खलाको यो पुस्तक नीतिनिर्माता, ऊर्जा विशेषज्ञ, सामुदायिक विद्युतीकरणको अभियान आदि क्षेत्रका लागि अवश्य उपयोगी हुनेछ । पुस्तक प्रकाशनमा सहयोग गर्नुहुने विद्वान्, लेखक, विद्युत् उपभोक्ता तथा कर्मचारी सबैमा हार्दिक आभार व्यक्त गर्दछौं । सम्बद्ध निकायबाट रचनात्मक सुझावको अपेक्षा गर्दछौं ।

२८ पुस, २०७५

विषयसूची

क्र.स.	विषय	लेखक	पृष्ठ
१.	सामुदायिक विद्युतीकरणको विगतदेखि वर्तमानसम्म	गोविन्दप्रसाद बजगाईं	१
२.	ग्रामीण ऊर्जा पहुँचको माध्यम सामुदायिक विद्युतीकरण	डिल्लीप्रसाद घिमिरे	१०
३.	सामुदायिक विद्युतीकरण विगत, वर्तमान र भविष्य	रामकृष्ण हुमागाईं	१२
४.	नेपालमा विद्युत् क्षेत्रको सामुदायिकीकरण...	दीपक ज्ञवाली	१८
५ .	कोरियोग्राफिकबिनाको डिजाइन	गोपाल सञ्जेल	२५
६.	संघीयतामा सामुदायिक विद्युत्	नारायण ज्ञवाली	२७
७.	सहकारीको संरचना र व्यवस्थापन	सुदर्शनप्रसाद ढकाल	३०
७.	मैले देखेको ग्रामीण विद्युतीकरण	लाधुराम तामाङ	४०
८.	सामुदायिक ग्रामीण विद्युतीकरणको प्रभाव...	डा.बलराम पाठक	४८
९.	दक्षिण ललितपुर ग्रामीण विद्युत्....	माननीय नवराज सिल्वाल	५४
१०.	ग्रामीण विद्युत्को एक अध्ययन	देवेन्द्र अर्याल	५७
११.	समृद्ध मुलुक निर्माणका लागि सामुदायिक...	माननीय वर्षमान पुन	६५
१२.	समुदायले अपनत्व लिएको कामको नतिजा...	दिनेशकुमार घिमिरे	६९
१३.	सामुदायिक विद्युतीकरणमा दक्षिण ललितपुरले ...	हरराज न्यौपाने	७२
१७.	पाँच वर्षभित्र बत्ती बाल्न सामुदायिक विद्युतीकरण ...	ई.तिरपेश्वर पूर्वे	७५
१८.	दक्षिण ललितपुरमा विद्युतीकरणको प्रभाव	सचितानन्द घिमिरे	७८
१९.	रूपान्तरण	रामहरि घिमिरे	८१
२०.	सामुदायिक विद्युत्	रत्न विरही घिमिरे	८३
२१.	कोन्ज्योसोम एक पर्यटकीय गन्तव्य	गोपिलाल सिंतान	८४
२२.	लहरामा बलेको बत्तीले ल्याएको समृद्धि	ध्रुवप्रसाद घिमिरे	८७
२३.	नवीकरणीय ऊर्जा र ग्रामीण विकास	महेश बजगाईं	८९
२४.	पृथक् विद्युत् सहकारी	पुष्मा थिङ तामाङ	९१
२५.	दक्षिण ललितपुरमा सामुदायिक विद्युतीकरणको...	राजेन्द्र घिमिरे	९३
२६.	किफायती र स्वच्छ ऊर्जाको विकासमा...	सरला लामा	९६
२७.	किफायती र स्वच्छ ऊर्जाको विकासमा...	अर्चना चौलागाईं	९९
२८.	किफायती र स्वच्छ ऊर्जाको विकासमा...	राम न्यौपाने	१०२

२९.	आर्थिक विकासमा सामुदायिक विद्युतीकरण	लोकबहादुर पुलामी (दीपक)	१०५
३०.	साधुवाद छ विद्युत् सहकारीलाई	गोविन्दप्रसाद पराजुली	१०७
३१.	दक्षिण ललितपुरमा विद्युतीकरण र प्रभाव	मधुसुदन पौडेल	१०९
३८.	दक्षिण ललितपुरको दुग्ध व्यवसायमा सामुदायिक विद्युतीकरण	कृष्णमान लामा	११३
३९.	कफी व्यवसायमा विद्युत्	ओमनाथ अधिकारी	११६
४०.	विद्युत्ले रोकिए युवा !	कृष्ण बल	११८
४१.	अध्ययन अवलोकन भ्रमण	काशीनाथ सापकोटा	१२०
४२.	सामुदायिक विद्युतीकरणमा काभ्रेको वर्तमान अवस्था	सार्कीमान तामाङ	१२३
४३.	सामुदायिक विद्युतप्रति जनविश्वास	उद्योगप्रसाद तिमिल्सिना	१२५
४४.	स्थानीय पाठ्यक्रम निर्माण, प्रयोग र चुनौती	योगनिधि तिमल्सिना	१२७
४५.	कालेश्वरमा केबलकार	उद्धवप्रसाद पराजुली	१३०
४६.	मूल समितिको सारथि : शिक्षा उपसमिति	गोविन्दप्रसाद घिमिरे	१३३
४६.	सामुदायिक विद्युतीकरण र मानव जीवन	हरिप्रसाद न्यौपाने	१३६
४७.	विद्युत्	सविन घिमिरे	१३७

दक्षिण ललितपुर विद्युतीकरण अभियानदेखि वर्तमानसम्म

ufljGbk;fb ahufO

१. पृष्ठभूमि

ललितपुर नगर, काँठ र पहाडको भौगोलिक बनावटका हिसाबले पनि फरक-फरक भू-भागले बनेको छ। समुन्द्र सतहको ४१० मिटर उचाई रहेको तल्लो हेल्टारदेखि २७६५ मिटर अग्लो फूलचोकी डाँडासम्मको भूभाग पर्दछ। ललितपुरमा १ महानगरपालिका, २ नगरपालिका र ३ गाउँपालिका गरी ६ वटा स्थानीय तह रहेका छन्। यसको कूल क्षेत्रफल ३८५ वर्ग कि.मि. रहेको छ। यसको १ भाग उपत्यकाभित्र पर्छ भने बाँकी २ भाग उपत्यका बाहिर दक्षिण भेगको ग्रामीण बस्तीहरूले ओगटेको छ। जसलाई दक्षिण ललितपुरको नामले चिनिन्छ। ललितपुरको उपत्यका बाहिरका ३ वटा गाउँपालिकाहरू (तत्कालीन १९ गाविसहरू) कोञ्ज्योसोम, महाङ्काल र वागमती तथा गोदावरी नगरपालिकाको वडा नं.७ (देवीचौर) यसै ग्रामीण क्षेत्रअन्तर्गत पर्दछन्।

नेपालमा बनेको पहिलो जलविद्युत् फर्पिङ विद्युत् गृहको उत्तर पूर्व नजिकै दक्षिण ललितपुर पर्दछ। फर्पिङमा बिजुली उत्पादन गरेर ललितपुरकै किसानको घरमा बिजुली बत्ती परीक्षण गरेर मात्र सहरमा राणाहरू र उनीहरूका आफन्त एवम् भाइ भारदारहरूको महलमा लगिएको थियो भनेर स्थानीय बुढापाकाहरू भन्दछन्। विं.सं. १९६८ मा ललितपुरको ठीक पारी फर्पिङमा विद्युत् उत्पादन भएर पनि यस भेगका जनताले बिजुली देख्न उपत्यका नै आउनु पर्ने थियो। त्यसैको नजिक रहेको देवीचौरबासीको हालत पनि यहीँ नै रह्यो।

२. अभियानको थालनी र उपलब्धी

दक्षिण ललितपुरमा राष्ट्रिय प्रसारणको विद्युत् पुऱ्याउने कार्यको थालनी हुनुभन्दा केही समय अघि २०४५ तिर गाउँका खोल्साहरूमा पेल्ट्रिक सेट(माइक्रो हाइड्रो)मार्फत् ५०० बाटदेखि ५-१० किलोवाटसम्मका लघु जलविद्युत्हरूबाट बत्ती बाल्ने कामको थालनी भएको थियो। यसमा स्थानीय जनता र जनप्रतिनिधिहरूको सक्रिय पहल रहेको थियो। तर जनताको चाहना उज्यालो (बत्ती) मात्र नभएर पावर (औद्योगिक प्रयोगका लागि ऊर्जा) चाहेका थिए। यसै क्रममा २०५४ को निर्वाचनपछिको दक्षिण ललितपुरका जनप्रतिनिधि, वृद्धिजीवी, सामाजिक कार्यकर्ताहरूको संयुक्त प्रयत्नमा २०५४ आश्विन ७ गते दक्षिण ललितपुर विद्युतीकरण अभियान समितिको गठन भई विद्युतीकरणको नयाँ अध्यायको थालनी भयो। अभियान समितिको गठन पश्चात् यस समितिले विभिन्न सरोकारवालाहरूसँग पटक पटक अन्तरक्रिया, छलफल गरी सरोकारवालाहरूलाई दक्षिण ललितपुरको विद्युतीकरणमा सहयोग गर्ने वातावरण निर्माण गर्दै २०५४ फाल्गुण २४ गते ललितपुरको दलचोकीमा रहेको सामुदायिक भवनमा सांसद, जिल्ला विकास समितिका सभापति,

जलस्रोत मन्त्रालयका उप सचिव, ने.वि.प्रा.का उच्च पदस्थ कर्मचारी, स्थानिय जनप्रतिनिधीहरू एवम् अभियान समितिका सदस्यहरूको सहभागितामा दक्षिण ललितपुरको विद्युतीकरण समस्या र समाधान विषयक एक दिने गोष्ठी सम्पन्न भयो। गोष्ठीबाट विद्युतीकरणको आवश्यकता र यसको उपायलाई आधार बनाएर योजना प्रस्ताव तयार पार्ने काम भयो। यो योजना प्रस्ताव नै दक्षिण ललितपुर विद्युतीकरण अभियानको आधार स्तम्भ सावित भयो। यसैको आधारमा तत्कालीन जिल्ला विकास समिति एवम् गाउँ विकास समितिबाट दक्षिण ललितपुरको विद्युतीकरण कार्य सम्पन्न नहुँदासम्म लगानी गर्ने कार्यको थालनी र निरन्तरता रही रह्यो।

दक्षिण ललितपुरको विद्युतीकरण अभियानलाई नीतिगत रूपमा कार्यान्वयन गर्ने र स्रोत जुटाउने सवालमा ललितपुरका नगर, काँठका जनप्रतिनिधिहरूलाई पहाडी भेगका भट्टेडाँडा, प्युटार, आश्राङ, गिम्दी, ठूलादुर्लुङ, चन्दनपुर, गोटिखेलसम्मको अवलोकन भ्रमण गराएपछि भ्रमण दलका सबै जनप्रतिनिधिबाट दक्षिण ललितपुर विद्युतीकरणको लागि बजेट विनियोजन गर्ने विषयमा गोटिखेल गाविस को छलफलपछि सहभागी सबैबाट सहयोग गर्ने प्रतिबद्धता भएको थियो। वि.सं.२०५४ मंसिर १८देखि २० गतेसम्म सञ्चालित जिल्ला विकास समिति ललितपुरको पाँचौ जिल्ला परिषद् वैठकमा जिल्ला विकास समितिका सभापति माधव पौडेलज्यूबाट प्रस्तुत नीति कार्यक्रम र बजेट सम्बन्धी वक्तव्यको बुँदा नं. ८ मा विद्युतीकरण : शीर्षकमा "ललितपुरको उन्युचौरमा सवस्टेशन बनाई दक्षिण ललितपुरको विद्युतीकरण विस्तार गरिनेछ" भनिएको र जिल्ला विकास समितिको यसै पाँचौ जिल्ला परिषद्बाट पारित निर्णय नं. ७ मा "दक्षिण ललितपुरका २० वटा गाविसहरूमा विद्युतीकरण हुन नसकेको स्थितिमा जिल्लाको २/३ (दुई तिहाई) भूभागलाई केन्द्रीय प्रसारण लाइनबाट विद्युतीकरण गर्ने अभियान सञ्चालन गर्न श्री ५ को सरकारसँग माग गर्ने र साझेदारीका रूपमा स्थानीय निकायबाट पनि योगदान दिने" निर्णय पारित भयो। यसै निर्णयका साथ-साथै आ.व. ०५५/०५६देखि जि.वि.स./गाविसबाट बजेट विनियोजन गरी विद्युतीकरणको लागि जनसहभागितामा आधारित (५०/५०)कार्यक्रमलाई अगाडि वढाउने काम भयो।

३. संस्थागत संरचना

दक्षिण ललितपुरको विद्युतीकरणलाई अभियान समितिको सक्रियतामा विद्युतीकरण कार्यक्रम अगाडि बढाएसँगै यो अभियानलाई संस्थागत संरचना बनाउन आवश्यक थियो। यसलाई कस्तो मोडेलमा अगाडि वढाउने सहकारी, कम्पनी एवम् गैरसहकारी संस्था के ? भन्ने विषयमा अध्ययन र छलफल गर्दा कम्पनी एवम् गैरसहकारी संस्थाभन्दा सहकारी मोडेल नै उपयुक्त देखी २०५७ श्रावण १७ गते नेपालको सहकारी आन्दोलनमा पहिलो विद्युत् सहकारी "दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि.ललितपुर" को दर्ता भयो। यो सहकारी संस्थाले सुरुवात नै फरक मोडलमा फराकिलो सोचका साथ शेयर सदस्य विस्तार गर्ने योजना बनायो। तत्कालीन जि.वि.स., गाविसहरू, वडाहरू, ट्रान्सफरमर उप-समितिहरू एवम् कार्यक्षेत्र भित्रका सम्पूर्ण विद्युतीकरणमा सहयोग गर्ने र विद्युत् उपभोग गर्ने व्यक्ति तथा संस्थालाई सदस्य बनाउने व्यवस्था गऱ्यो र यसले निरन्तरता पाइरहेको छ। यसको साधारणसभा सञ्चालक समिति, लेखा तथा सुपरीवेक्षण समिति, उप-समितिहरूमा शिक्षा उपसमिति, ट्रान्सफरमर उपसमिति एवम् आवश्यकताअनुसार अन्य उपसमिति पनि निर्माण गरी काम गर्ने विनियममा व्यवस्था गरिएको छ।

४. विद्युतीकरण कार्यक्रम कार्यान्वयन

विद्युतीकरण अभियानले आ.व.२०५५/०५६ बाट कार्य प्रारम्भ गरेपछि स्रोतको व्यवस्थापन सँग-

सँगै कार्यान्वयन प्रक्रिया कसले गर्ने प्रमुख विषय रह्यो । तत्काल विद्युतीकरणको जनसहभागिता कार्यक्रम कहाँबाट गर्ने गराउने अन्योल भइरहेको अवस्थामा अभियान समितिको पहलबाट विद्युतीकरण कार्यक्रम सञ्चालन गर्न मिति २०५५/०९/१० गते तत्कालीन जिल्ला विकास समिति ललितपुर र ने.वि.प्रा. वाग्मति अञ्चल पूर्व क्षेत्रिय कार्यालय ललितपुर बीच सहमति भई आ.व. ०५५/०५६बाट ५० प्रतिशत रकम जि.वि.स., गाविसबाट सङ्कलन गरी बाँकी ५० प्रतिशत सरकारबाट प्राप्त रकमको काम टेन्डर मार्फत् ने.वि.प्रा.बाट सुरु भयो । बाग्मती अञ्चल पूर्व क्षेत्रिय कार्यालय (पछि ने.वि.प्रा. लगनखेल वितरण केन्द्र)ललितपुरबाट आ.व. ०५९/०६०सम्म संकलित Matching Fund को रकमलाई टेन्डर गराई विद्युत् संरचना निर्माण गराउने काममा महत्वपूर्ण भूमिका रह्यो ।

आ.व. २०६०/६१ मा आएर सामुदायिक ग्रामीण विद्युतीकरणको अभियानले नयाँ फड्को मारेको हुँदा यसको कार्यान्वयन ने.वि.प्रा. सामुदायिक ग्रामीण विद्युतीकरण विभागबाट हुने व्यवस्था भयो । यसका लागि २०% समुदायको लगानी र ८०% सरकारको लगानीमा सामुदायिक ग्रामीण विद्युतीकरण कोषमा जम्मा भएको रकम टेन्डर प्रक्रियाबाट काम सुरु भयो । आ.व. ०६८/०६९देखि यस कार्यक्रमले १०/९० प्रतिशतको जन-सहभागिताको आधारमा कार्य गर्दै आएको छ । अहिले समुदायबाट लागत इस्टिमेटको १० प्रतिशत रकम मात्र लगानी गरे पुग्ने भएको छ ।

५. विद्युत् सेवा सञ्चालन

दक्षिण ललितपुरको तत्कालीन १९ वटै गाविसहरूमा जनसहभागितामा समुदाय र सरकारको ५०/५० प्रतिशत लगानीबाट ११ के.भी. लाइन सबै गाविसहरूमा र न्यूनतम १ ट्रान्सफरमरसमेत पुगेको साथै देवीचौर, भट्टेडाँडा, नल्लु, भारदेउ, चौघरे, दलचोकी, शंखु जस्ता गाविसहरूको एउटा लोड सेन्टरका केही बस्तीहरूमा वितरण लाइन निर्माण भएर पनि ग्राहक सेवा सञ्चालन गर्न तत्काल ने.वि.प्रा. तयार भएन । ने.वि.प्रा.का लागि यी बस्तीहरू विकट, टाढा भए र नाफामूलक भएनन् । ने.वि.प्रा. विद्युत् वितरण गर्न गाउँ नजाने र सहकारीलाई सेवा सञ्चालन गर्ने तत्काल कुनै कानुनी प्रावधान नभएको अवस्थामा २०६० सालमा आएर सामुदायिक विद्युत् वितरण विनियमावली २०६० को तर्जुमा भयो । यस नियमावलीको प्रावधानअनुसार समुदायको सहभागितामा ने.वि.प्रा.बाट समुदायलाई विद्युतीकरण र ग्राहक सेवा सञ्चालन गर्न अनुमति दिने व्यवस्था भयो । ने.वि.प्रा.को केन्द्रीकृत अधिकारमा नयाँ ढोका खुल्यो । समुदायको सहभागितामा सामुदायिक विद्युत्को काम सुरु भयो । यस विनियमावलीअन्तर्गत रहेर मिति २०६० पौष २५ गते ने.वि.प्रा. सामुदायिक ग्रामीण विद्युतीकरण विभाग र यस सहकारी संस्थाबीच सम्झौता गरी सामुदायिक ग्रामीण विद्युतीकरण तथा ग्राहक सेवा सञ्चालन गर्ने जिम्मेवारी प्राप्त गऱ्यो । सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रम सामुदायिक विद्युत् वितरण विनियमावली २०६० को अधिनमा रही यस संस्थाले २०६१ साल भाद्र २ गतेदेखि देवीचौरबाट विधिवत रूपमा ग्राहक सेवा वितरणको काम सुरु गरी हाल दक्षिण ललितपुरका ३ वटै गाउँपालिका र नगरको १ वडा (देवीचौर)मा गरी ६००० भन्दा बढी घर परिवारमा विद्युत् सेवा सञ्चालन गरिरहेको छ । ने.वि.प्रा.को सामुदायिक विद्युत् वितरण विनियमावलीले प्रत्येक ट्रान्सफरमरको L.T. साइडमा थोक मिटर राखी सामुदायिक संस्थालाई विलिङ गर्ने प्रावधान भए पनि एच.टी. साइड (संस्थाको इन्ट्री प्वाइन्टहरू तिनपाने, नल्लु र देवीचौर)मा एच.टी. मिटर राखी विलिङ हुँदै आएको छ । नियमावलीको भावना विपरीत एच.टी. साइडको प्राविधिक लस पनि सामुदायिक संस्थाले व्यहोर्नु परेको छ । संस्थाले प्रत्येक महिना घर-घरमा गई मिटर रिडिङ गर्दै घर तथा टोल-टोलमा महसुल सङ्कलनको सेवा दिँदै आएको छ ।

६. विद्युतीकरण कार्यक्रम र उपलब्धीहरू

दक्षिण ललितपुरको विद्युतीकरण कार्य विभिन्न प्रकारका कार्यक्रमहरूको माध्यमबाट विद्युतीकरण भएको छ। यस क्षेत्रमा समुदायको ५० प्रतिशत र सरकारको ५० प्रतिशत सहभागीको कार्यक्रमबाट कार्य प्रारम्भ भएको हो। पछि समुदायबाट २० प्रतिशत सरकारको ८० प्रतिशत र अहिले समुदायको १० प्रतिशत सरकारको ९० प्रतिशतको लगानीमा ने.वि.प्रा. सामुदायिक ग्रामीण विद्युतीकरण विभागबाट कार्यक्रम (CRED) सञ्चालित भएको छ। USAIDको सहयोगमा REGDAN कार्यक्रम र ने.वि.प्रा.ग्रामीण विद्युतीकरण कार्यक्रम (DREP), भूकम्पबाट भएको क्षति पुर्ननिर्माणका लागि सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महाँसंघ मार्फत् सहयोग प्राप्त SREP कार्यक्रमबाट पनि पुर्न निर्माणको कार्य गरियो। यस संस्थाले ने.वि.प्रा.बाट भौतिक सामान, खानीखोला हाइड्रोपावरबाट निर्माणमा ज्याला तथा संस्थाको सहभागितामा टिकाभैरवदेखि तिनपानेसम्म तारको स्तरोन्नति एवम् एच.टी.लाइन निर्माण गरी घुसेल-माल्टाको लाइन जोड्ने काम गरियो। साथै विभिन्न समयमा गाउँपालिकाबाट वितरण लाइन विस्तारमा समय-समयमा बजेट व्यवस्था गरी उपभोक्ता समितिमार्फत् वितलरण लाइन विस्तार गरिएको छ।

विभिन्न समय र कार्यक्रमको लागत र भौतिक उपलब्धी यस प्रकार रहेको छ :-

क्र.सं.	कार्यक्रम	अवधि	लागत रकम रु.	भौतिक उपलब्धी	कार्यान्वयन
१	जनसहभागिता ५०/५० कार्यक्रम (NEA, DCS)	०५५/०५६-०५९/०६०	४,५४,००,५००।-	-१९ थान ट्रान्सफरमर जडान -८५ कि.मि. एच.टी. लाइन विस्तार	NEA, DCS
२	जनसहभागिता २०/८० कार्यक्रम (NEA, CRED)	०६०/०६१–०६२/६३	२,०८,२२,२२४।-	-एच.टी. लाइन १२.५ कि.मि. -एल.टी. लाइन ५८.६५ कि.मि. -ट्रान्सफरमर १२ थान	NEA, CRED
३	जनसहभागिता २०/८० कार्यक्रम (NEA, CRED)	०६४/०६५– ०६५/०६६	१,९७,७३,४६५।४८	-एल.टी. लाइन ४७.४२ कि.मि.	NEA, CRED
४	जनसहभागिता १०/९० कार्यक्रम (NEA, CRED)	०६८/०६९ –०७१/०७२	४,४७,९७,७८५।२०	-एच.टी. लाइन ९.०५४ कि.मि. -एल.टी. लाइन ८४.३५६कि.मि. -ट्रान्सफरमर : ६ वटा	NEA, CRED
५	REGDAN कार्यक्रम	०६२/०६३–०७३/०७४	९९,८०,२४०।७८	-एच.टी. लाइन ०.६५ कि.मि. -एल.टी. लाइन २४.९५ कि.मि. -ट्रान्सफरमर ४ थान	SLREC
६	DREP कार्यक्रम	०६३/२०६४–०६४/०६५	-	-एच.टी. लाइन ४८.५५ कि.मि. -एल.टी. लाइन १३३ कि.मि. -ट्रान्सफरमर ३७ थान	NEA, DREP
७	SREP कार्यक्रम	०७२/०७३-०७३/०७४	५७,१५,४६७।८३	भुकम्पले क्षति भएको विद्युत् पोल तार प्रतिस्थापन	ल्बऋभ्ल, वीच्भ्ऋ
८	लाइन सुदृढीकरण तथा स्तरोन्नति कार्यक्रम	०७३/०७४	क) माल्टा-घुसेल : रु.६१,८३,६४७।१९ ख)टिकाभैरव-तिनपाने : रु.४,२०,१७०।-	क) ५.९ कि.मि.(एच.टी) ख) ८ कि.मि.(एल.टी)	NEA DCS, Khani khola HP, SLREC
९	नयाँ चालु कार्यक्रम १०/९० (NEA, CRED)	०७५/०७६-०७६/०७७	११,१७,६१,५६९।६४	क) ११.४३ कि.मि.(एच.टी) ख) १०६.४६ कि.मि.(एल.टी) ग) ट्रान्सफरमर -१२ थान	NEA, CRED

७. जनचेतना र नवीकरणीय ऊर्जाको प्रवर्द्धन

विद्युतीकरणको अभियान सञ्चालनसँगै दक्षिण ललितपुरको ग्रामीण बस्तीमा विद्युत्को पहुँच विस्तार गर्दै समुदायको सामाजिक आर्थिक परिवर्तन ल्याउने, शिक्षा, स्वास्थ्य, वातावरणमा

सकारात्मक जनचेतना जगाउने सोचका साथ अगाडि बढेको हो । अभियानको सुरुका दिनमा दक्षिण ललितपुरका जनताहरूले प्रयोग गर्ने आयोडिन रहित नुन (ढिक्केनुन)लाई प्रतिस्थापन गरी गाउँगाउँमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै संस्थाले चापागाउँमा आयोनुन (प्याकेट नुन) बिक्री पसलसमेत सञ्चालन गर्‍यो । यस संस्थाले दक्षिण ललितपुरमा पहिलो पटक आयोडिन नुन प्रयोगका बानी बसाल्ने काममा महत्वपूर्ण योगदान पुर्‍यायो । यस कार्यमा संस्थासँग तत्कालीन गाविस महाँसंघ, जिविस, ललितपुर र युनिसेफ-नेपालसँगको सहयोग र सहकार्य रहेको थियो । क्यानाडियन अन्तर्राष्ट्रिय संस्था-द माइक्रो न्यूट्रियन्ट इनिसिटिभको सहयोगमा इम्याइजीन ललितपुरको व्यवस्थापनमा स्थानीय पानीघट्टमा पिठो पिस्दा भिटामिन तथा खनिज तत्व (Pre-Mix) मिसाउने कार्य गरी पिठोमार्फत् मानिसका लागि भिटामिन र खनिज तत्व उपलब्ध गराउने कार्यको नेपालमा पहिलो पटक ललितपुरको ग्रामीण बस्तीहरूमा पुर्‍याउने कार्यको सफल प्रयोग गर्ने कार्यमा सहभागिता र सहकार्य रह्‍यो ।

जनस्वास्थ्य र वातावरण संरक्षणको सम्वन्धमा ग्रामीण भेगमा परम्परागत चुलोको प्रयोगले वृद्धा, महिला एवम् बालबालिकाहरूमा परेको नकारात्मक असरलाई न्युनीकरण गर्न सुधारिएको चुलो, वायोग्याँस जस्ता नवीकरणीय ऊर्जाको प्रयोग गर्न गराउन, समुदायमा जनचेतनामूलक कार्यक्रम, भेला, चुलोको नमुना प्रदर्शन, सडक नाटक विद्यार्थीहरूमा चित्रकला, निबन्ध लेखन, वक्तृत्वकला जस्ता कार्यक्रममार्फत् जनचेतना जगाउने कार्यहरू गर्दै आएको छ । संस्थाले सुधारिएको चुलोको प्रयोग, प्रवर्द्धनका लागि ग्रामीण प्रविधि केन्द्र, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, तत्कालीन जिल्ला विकास समिति ललितपुरसँग सहकार्यमा कार्यक्रम सञ्चालन गर्‍यो । विद्यालय क्षेत्रमा नवीकरणीय ऊर्जाको विषयलाई पाठ्यक्रममार्फत् शिक्षामा प्रवेश गराउँदै कक्षा १देखि ५सम्म नवीकरणीय ऊर्जामा आधारित पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार पारी परीक्षणको रूपमा महाङ्काल गाउँपालिकाका केही विद्यालयहरूमा पठनपाठनसमेत सुरु गरिएको छ भने पुनः थप कक्षा ६-८सम्मको नवीकरणीय ऊर्जामा आधारित पाठ्यक्रमसमेत तयार भइरहेको छ । यस कार्यका लागि गाउँपालिकाहरूसँग पनि समन्वय र सहकार्य सुरु भएको छ । यस कार्यमा ग्रामीण प्रविधि केन्द्र नेपाल, सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महाँसंघ नेपालसँग सहकार्य हुँदै आएको छ ।

८. विद्युत्को परिप्रयोग (सामाजिक आर्थिक विकास)

विद्युत्को प्रयोगमार्फत् समुदायको सामाजिक आर्थिक विकास गर्ने लक्ष्यका साथ सुरु भएको दक्षिण ललितपुर विद्युतीकरण २०६१ साल भाद्र २ गते देवीचौरबाट विद्युत् सेवा सञ्चालन गर्न थालेपछि गाउँमा विद्युत्को संरचना (तार पोल घरनजिक) पुगेर पनि आर्थिक अभावले हाउस वायरिङ तथा मिटर जडान खर्चको जोहो गर्न नसकी विद्युत्बाट वञ्चित परिवारलाई लक्षित गरी यिनै विपन्न परिवारको घरमा विद्युत् पुर्‍याउने तथा विद्युत्मा आधारित उद्योग व्यवसाय सञ्चालन गर्नसमेत सहयोग गर्ने गरी २०६२ सालमा घुम्तीकोषको स्थापना गरियो । यस कोषबाट सरल व्याजमा कर्जा प्रवाह गरी गरीबको घरमा मिटर जडान गर्ने व्यवस्था भयो । यसले विद्युत्बाट चल्ने साना उद्यम व्यवसाय सञ्चालन गर्न पनि कर्जाको व्यवस्था सुरु गरियो । आर्थिक अभावले विद्युत्बाट वञ्चित परिवार प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । दक्षिण ललितपुरको ग्रामीण भेगमा ब्रोइलर कुखुरापालन तालिम दिई सरल कर्जामार्फत् कुखुरापालन व्यवसायलाई पहिलो पटक भारदेउबाट प्रवेश गरायो । यस कार्यक्रममा वीनरक इन्टरनेशनल नेपालको महत्वपूर्ण सहयोग र सहकार्य रहेको थियो । यो व्यवसायले अहिले महत्वपूर्ण स्थान ओगटेको छ । गाउँमा व्यावसायिक रूपमा

कुखुरापालन व्यवसायको सुरुवात हुन थालेको छ।

विद्युत्को प्रयोगमार्फत् आयआर्जनमा महिलाको पहुँच वृद्धि गर्ने, विद्युत्को प्रयोगमार्फत् आर्थिक रूपान्तरणमा सहयोग पुऱ्याउन २०७१ बाट CRT/n, NACEUN, ENERGIA जस्ता संस्थाको सहकार्यमा १०० जना भन्दा बढी महिलाहरूलाई उद्यम विकास, सीपमुलक तालिम तथा उद्यम व्यवसाय सञ्चालनमा ऋणको व्यवस्था गरी महिलाहरूमा उद्यमशीलता विकासमा सहभागिता वढाएको छ। महिला उद्यमशीलता विकासले विद्युत्को प्रयोगमा वृद्धि हुनुका साथै समुदायमा विद्युत् उपभोग एवम् नेतृत्व विकासमा महिलाहरूको सहभागिता वढाएको छ।

वि.सं. २०७३ सालबाट giz को सहयोगमा विद्युत् सेवा पुगेर पनि विद्युत् जडान गर्न नसकेका परिवारलाई मिटर जडान गर्न ग्राहस्थतर्फ रु.२,०००।- र उद्यमतर्फ रु.३,०००।- अनुदान प्राप्त भई उद्यमतर्फ २० ग्राहक र ग्राहस्थतर्फ ७२५ गरी ७४५ परिवारलाई अनुदान सेवामार्फत् विद्युत् जडान गरिसकेका छन्। दोस्रो चरणमा पनि थप ३५० परिवारका लागि यो अनुदान कार्यक्रममार्फत् मिटर जडानमा सहयोग पुगेको छ। यसबाट संस्थाको विद्युत् खपतमा वृद्धि भई विद्युत्बाट वञ्चित परिवारलाई तत्काल विद्युत् सेवा पुऱ्याउन सहयोग पुगेको छ।

९. जनशक्ति विकास र सीपमूलक तालिम

समुदायमा आधारित सामुदायिक विद्युतीकरण गर्नका लागि विद्युत् सेवा सञ्चालन र व्यवस्थापन सम्वन्धि जनशक्ति निर्माण गर्नु पहिलो शर्त हो। यसैलाई आधार मानि यो अभियानको सुरु अवस्था २०५५ मा जिल्ला घरेलु कार्यालयको सहयोगमा तत्कालीन १९ वटा गाविसबाट न्यूनतम एक जना सहयोगी रहने गरी हाउस वायरिङ्ग तालिम पहिलो पटक गोटिखेलमा भयो। हाउस वायरिङ्ग तालिमबाट जनशक्ति विकास कार्यक्रम सुरु गरेको यस संस्थाले क्रमशः जिल्ला घरेलु, वीनरक इन्टरनेशनल नेपालको सहयोगमा PEEDA एवम् BPC Nepalको व्यवस्थापनमा सहकारी शिक्षा एवम् व्यवस्थापन तालिम, विद्युत् सेवा सञ्चालन तथा मर्मतका लागि मिटर रिडर तथा लाइन्सम्यानलाई तालिम उपलब्ध गराई विद्युतीकरण एवम् विद्युत् सेवा सञ्चालनको लागि तत्कालीन आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने कार्य हुँदै आयो।

विद्युत् सेवा सञ्चालनको अतिरिक्त वायोग्याँस प्लान्ट निर्माण प्राविधिक(मेसन), सुधारिएको चुलो निर्माण प्राविधिक(चुलो मास्टर) तालिम सञ्चालन गरी प्राविधिक जनशक्ति तयार गर्ने काम भएको छ। यस कार्यक्रममा BSP Nepal, CRT/n, AEPC एवम् जिल्ला विकास समिति ललितपुरको सहयोग थियो।

यी संस्थाहरूको सहयोगबाट लिएको सीपलाई दक्षतामा रूपान्तरण गर्दै giz, NACEUN, शान्ति समिति ललितपुर जस्ता संस्थाले आयोजना गरेका तालिमहरूमा समय-समयमा स्रोत व्यक्तिको रूपमा प्राविधिक सेवासमेत दिँदै आएको छ।

१०. अध्ययन अनुसन्धान

ने.वि.प्रा.बाट सञ्चालित साल बसाली विद्युत् विस्तारको धिमा गतिमा हुने गरेको विद्युतीकरणबाट आजित भएका ग्रामीण जनताका लागि छिटो, भरपर्दो विद्युतीकरणको चाहना भएको समयमा यस संस्थाले पहिलो पटक समुदायको सहभागिता र व्यवस्थापनसमेत समुदायबाटै गर्ने मोडलका लागि २०५४/५५ बाट थालिएको यो प्रयास जसका लागि पटक-पटकको छलफल, वैठक,

गोष्ठी, सेमिनार, देश विदेशको समेत अध्ययन तथा अवलोकनबाट सामुदायिक मोडललाई सहकारी संस्थामार्फत् अगाडि सार्‍यो । अन्तत्वगत्वा २०६० सालमा आएर नेपाल सरकार ने.वि.प्रा.मार्फत् सामुदायिक ग्रामीण विद्युतीकरणले यही मोडललाई अङ्गीकार गर्‍यो । यो कार्यक्रम सञ्चालन र सामुदायिक विद्युत् वितरण विनियमावली २०६० तर्जुमा गर्न पनि यस संस्थाको महत्वपूर्ण भूमिका रह्यो। विद्युतीकरणको सामुदायिक मोडल अध्ययन गर्ने थलोको रूपमा विकास भएको छ। अहिले यो मोडल देशको अधिकांश ग्रामीण भेगमा विस्तार भएको छ। उपभोक्ता समिति एवम् कम्पनीमा दर्ता भई सञ्चालन भएका सामुदायिक संस्थाहरूलाई पनि सहकारी मोडलमा रूपान्तरण गर्ने प्रयत्न भइरहेको छ।

ग्रामीण विद्युतीकरणमा प्राविधिक ह्रासको वास्तविक अनुपात कति छ र कस्तो अवस्थामा छ ? सामुदायिक ग्रामीण विद्युतीकरणमा नीतिगत समस्याको बारेमा अध्ययन अनुसन्धान गर्न Energia नेपाल, काठमाडौँ विश्वविद्यालयको सहयोगमा नेपाल इनर्जी फाउन्डेसन नेपाल (NEF) सँगको सहकार्यमा अध्ययन अनुसन्धान कार्य भइरहेको छ । यस अध्ययनबाट ग्रामीण विद्युतीकरणमा प्राविधिक ह्रास कति हुँदो रहेछ एवम् यसको गुणस्तर निर्माणमा के गर्न सकिन्छ, यसका नीतिगत समस्याहरू के कस्ता छन्, पहिचान गरी अनुसन्धानात्मक अध्ययन रिपोर्ट तयार गर्न प्राविधिक एवम् नीति नियमको अध्ययनको थालनी भएको छ। यसबाट प्राप्त अध्ययन प्रतिवेदनले समग्र ग्रामीण विद्युतीकरणको अवस्थाको प्रतिनिधित्व गर्ने आशा राखिएको छ।

११. प्रकाशन

सामुदायिक ग्रामीण विद्युतीकरणको अभियानसँगै यसको विकास र प्रवर्द्धनका लागि गरिँदै आएका पैरवी र वकालतीलाई सहयोग पुर्‍याउन र सामुदायिक विद्युतीकरणमा भए गरेका कार्यहरूको समुदायलाई सुसुचित गर्ने, सामुदायिक विद्युतीकरणका बारेमा आवधारणा बनाउन सहयोग पुग्ने आशाका साथ २०६१ सालबाट सामुदायिक विद्युत् पुस्तिका प्रकाशन सुरु गरी २०६२, २०६७, २०७० मा गरी चार पटक प्रकाशन भएको छ। यो पाँचौँ अङ्क हो । संस्थाले प्रत्येक वर्ष साधारण सभाको अवसर पारेर वार्षिक आय-व्यय, वार्षिक कार्यक्रमसहितको वार्षिक प्रतिवेदन प्रकाशनसमेत गर्दै आएको छ। विद्युत्को परिप्रयोग, विद्युतीय सुरक्षालाई विशेष ध्यान दिई पर्चा, पोस्टर तयार गरी वितरण गर्दै आएको छ।

१२. विद्युतीकरण र ग्राहक सेवा

विद्युतीकरण कार्यको प्रारम्भदेखि अहिलेसम्म विद्युतीकरणका फरक फरक प्रकारका कार्यक्रमहरूसँग सहकार्य गर्दै आइरहेको छ। आ.व. २०५५/५६ सालदेखि आ.व.०५९/०६०सम्म समुदायको जनसहभागिता ५०% र सरकारको तर्फबाट ५०% लगानीमा काम भयो । सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमको सुरुवातको आ.व.२०६०/६१ देखि आ.व.२०६७/६८सम्म समुदायको सहभागिता रकम २०% र सरकारको लगानी रकम ८०% साथै आ.व.२०६८/०६९देखि हालसम्म समुदायको सहभागिता १०% र सरकारको लगानी ९०% सहभागितामा विद्युतीकरण हुँदै आएको छ। यो कार्यक्रम सामुदायिक संस्था (सहकारी एवम् संघसंस्था) मार्फत् मात्र सञ्चालन हुँदै आएको छ। समुदाय र सरकारका तर्फबाट लगानी हुने रकम सामुदायिक ग्रामीण विद्युतीकरण कोषमा जम्मा भएपछि ने.वि.प्रा.सामुदायिक ग्रामीण विद्युतीकरण विभागबाट सामान्यतया दुई आर्थिक वर्षमा सम्पन्न गर्ने गरी Trunk–Key Contract Base मा निर्माण गरी सामुदायिक संस्थालाई विद्युतीय

संरचना हस्तान्तरण हुनेछ । संरचना निर्माण कार्य पूरा भई संरचना हस्तान्तरण एवम् सञ्चालन अनुमति प्राप्त गरेपछि ग्राहक सेवा सञ्चालन गरिनेछ ।

संस्थाले विद्युतीकरण तथा ग्राहक सेवा सञ्चालन गर्न प्रत्येक ट्रान्सफरमर (लोड सेन्टर)मा उप-समिति गठन गरी यस उप-समितिको समन्वय र सहकार्यमा विद्युतीकरण कार्य, मर्मत सम्भार र ग्राहक सेवा सञ्चालन गरिएको छ। ट्रान्सफमरमर उप-समितिले विद्युतीकरण, मर्मत सम्भारमा सहयोग गर्ने साथै मिटर जडानको सिफारिस तथा नियम विपरीत काम गर्ने उपभोक्ताको विद्युतीय लाइन काट्न सहयोग गर्नेछ भने सामाजिक आर्थिक विकासमा उपभोक्तालाई संलग्न गराउने, जनचेतना जगाउने काममा सहभागी गराउनेछ।

दक्षिण ललितपुरको विद्युतीकरण कार्यक्रम आ.व २०५५/०५६ बाट सुरु गरिए पनि एकैपटक पर्याप्त बजेटको अभावले पटक-पटक गरी विद्युतीकरण कार्यक्रम सञ्चालन गर्नुपरेको छ। यसपटक चौथो चरणको काममा प्राय सम्पूर्ण गाउँबस्तीमा विद्युत् सेवा विस्तार गर्ने लक्ष्यसहित स्थानीय गाउँपालिका र संस्थाको संयुक्त प्रयासमा करिब ११ करोड बराबरको कार्यक्रम सञ्चालन सुरु भएको छ। यो कार्यक्रमका लागि स्थानीय तहबाट उपलब्ध गराउने भनिएको रकम आ.व. ०७४/०७५ मा एकै पटक प्राप्त नभएकाले केही समयका लागि सहकारी संस्थाले ८० लाख भन्दा बढी रकम ऋण तथा सापटीबाट कार्यक्रममा लगानीसमेत गरेर काम तत्काल अगाडि बढाइएको छ । यस कार्यक्रमबाट कार्यक्षेत्र भित्रका सबै बस्तीहरूका अधुरा रहेका काम पूरा गर्न ११ KV लाइन ११.४३ KM र वितरण लाइन १०६.४६ KM र ट्रान्सफरमरमा १२ वटा जडान गरी २००० भन्दा बढी घरपरिवार, संघ संस्थामा विद्युत्को सेवा थप हुने अनुमान गरिएको छ।

संस्थाले आ.व.२०५५/५६देखि आ.व.२०७४/०७५ को असार मसान्तसम्म निम्नानुसार भौतिक संरचना निर्माण गरी विद्युत् विस्तारमा सहयोग पुऱ्याएको छ।

क)	एच.टी. लाइन	: १६६ कि.मि.	अ)	१५ के.भी.ए. ट्रान्सफरमर	: ३
ख)	एल.टी. लाइन	: ३९७ कि.मि.	आ)	२५ के.भी.ए. ट्रान्सफरमर	: ६५
ग)	ट्रान्सफरमर जडान	: ८७ थान	इ)	५० के.भी.ए. ट्रान्सफरमर	: १७
			ई)	१०० के.भी.ए. ट्रान्सफरमर	: ४

उन्युचौरमा स्विचिङ स्टेसन निर्माण भए पनि डेडिकेटेड लाइनको अभावमा हालसम्म सञ्चालनमा आएको छैन।

विद्युतीय संरचना पुगेका गाउँबस्तीहरूमा विद्युत् मिटर जडान गर्ने ग्राहकहरूको अवस्था निम्नानुसार रहेका छन् :-

जम्मा ग्राहक **५९०६ (२०७५ असार मसान्तसम्म)**

क)	ग्राहस्थ	: ५७००	ख) औद्योगिक	: ५१
ग)	व्यापारिक	: १८	घ शैक्षिक संस्था	: ५४
ङ)	स्वास्थ्य संस्था	: २०	च) अन्य	: ६३

ने.वि.प्रा.ले समुदायको इन्ट्री प्वाइन्ट (नल्लु, तिनपाने, देवीचौर) मा एच.टी. मिटर जडान गरी संस्थालाई विद्युत् बिक्री गर्दै आएको छ । हाल तिनपाने फिडरअन्तर्गत नयाँगाउँ, बुलकीचौर, भ्याँक्रीडाँडा, छपेली, यास्पा, माल्टा डाँडागाउँ गरी ८ (एच.टी. मिटर ३ र एल.टी. मिटर ५)थान

थप मिटर जडान भएको हुँदा लगनखेल वितरण केन्द्रतर्फ १० र काभ्रे वितरण केन्द्रमार्फत् ३ वटा एल.टी. साइडका थोक मिटर गरी जम्मा १३ वटा मिटर जडान भएका छन् । यी मिटरहरूको विलिङको आधारमा ने.वि.प्रा.ले संस्थाबाट एकमुस्ट विद्युत् महसुल असुल गर्नेछ । संस्थाले भने घरघरमा मिटर रिडिङ र घरघर, टोलबस्तीबाट विलिङ (महशुल सङ्कलन) गर्ने हुँदा ग्राहकलाई महसुल बुझाउन जाने झन्झटिलो हुँदैन ।

निष्कर्ष

ग्रामीण विद्युतीकरण आफैँमा बढी खर्चिलो तथा गैरनाफामुखी कार्य भएकोमा ललितपुरका विकट छरिएर रहेको बस्तीमा विद्युतीकरण गर्नु चुनौतीपूर्ण कार्य हो । यसको व्यवस्थापन त्यति नै जटिल छ । ग्रामीण विद्युतीकरण कार्य कठिन एवम् खर्चिलो भए पनि ग्रामीण बस्तीमा विद्युत् पुऱ्याउने सबैको चाहनालाई सम्पन्न गर्नुको विकल्प छैन । आजसम्म विभिन्न संघ संस्था एवम् निकायको सहयोगलाई विशेष धन्यवाद दिँदै आगामी दिनमा सेवा सञ्चालन, मर्मत सम्भार एवम् स्तरोन्नतिको लागि सबै क्षेत्रको त्यतिकै ध्यान रहनुपर्ने देखिन्छ । यस क्षेत्रको गुणस्तर सेवा प्रवाह गर्न तत्काल उन्युचौरमा रहेको स्विचिङ स्टेसन सञ्चालन गर्दै यसलाई सवस्टेसनमा स्तरोन्नति गर्नु अति आवश्यक छ ।

सामुदायिक विद्युत् वितरण विनियमावली एवम् विद्युत् महसुल दर समुदायको हितमा छैन । यसले गर्दा सामुदायिक संस्था विद्युत् खरिद बिक्री व्यवसायले मात्र टिक्न सक्ने अवस्था छैन । पर्याप्त स्रोतको अभावले आवश्यक जनशक्ति व्यवस्थापन गर्न नसकी विद्युत् सेवा सुचारु गर्नसमेत कठिन देखिएको छ ।

सहकारी संस्थाहरूले विद्युत् सेवा व्यवसायले मात्र संस्था चलाउन कठिन भएकाले आयआर्जनको लागि लघुवित्त सेवा, सीपमुलक तालिम, उद्योग व्यवसायको प्रवर्द्धन गर्दा समुदाय र संस्थाका अन्तर सम्बन्ध वृद्धि हुनुका साथै संस्थाको व्यापार वृद्धि र समुदायको आय आर्जनमा पनि वृद्धि हुनेछ र संस्था एवम् समुदायको सामाजिक आर्थिक विकासमा फड्को मार्न सक्ने देखिन्छ ।

हार्दिक शुभकामना

दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि.को **सामुदायिक विद्युत्** पाँचौं शृङ्खला प्रकाशन भएको र दक्षिण ललितपुरका ग्रामीण समुदायमा विद्युतीकरण तथा उद्यमशीलता विकासमा योगदान पुऱ्याएकोमा सहकारी संस्थाको उत्तरोत्तर प्रगतिको कामना गरिन्छ ।

श्री दीपक दुलाल

बाग्मती गाउँपालिका–७, गिम्दी
हालः ललितपुर महानगरपालिका, भैंसेपाटी

ग्रामीण ऊर्जा पहुँचको प्रभावकारी माध्यम सामुदायिक विद्युतीकरण

l8NnL l3ld/

विद्युतीय ऊर्जा अर्थात् बिजुलीको भोकका खातिर नेपालको ग्रामीण सामुदायले धेरै ठूलो लगानी गर्दै आएको छ। नेपाली समाजले विद्युत्को भोक मेटाउन लामो समयदेखि अनवरत प्रयास गर्दै आएको छ। समुदायको समय, श्रम र लगानीको ठूलो हिस्सा विद्युत् पहुँचका लागि खर्चिएको तथ्य पनि हाम्रा सामु छन्। समुदायको यही प्रयासको सिकाइपछि २०६० साल यता नेपाल विद्युत् प्राधिकरणले सामुदायिक विद्युतीकरण नियमावली तर्जुमा र कार्यान्वयन प्रारम्भ गरेको हो। क्रमशः सामुदायिक विद्युत् विभागको स्थापना र २०६०/२०६१ को बजेटमार्फत् सामुदायिक विद्युतीकरणका कार्यक्रम सुरु गर्‍यो। सरकार र प्राधिकरणका यस्ता प्रयासपछि समुदायको सहभागिताको औपचारिक थालनी भयो। यसअघि अनेकौं प्रयास हुँदै आए पनि समुदायको औपचारिक सहभागिताको प्रारम्भ यहीँबाट थालनी भएको हो।

ग्रामीण क्षेत्रको ऊर्जा पहुँचका लागि समुदायले १ अर्बभन्दा बढी लगानी गरेको छ। २८८ भन्दा बढी सामुदायिक संस्था सामुदायिक विद्युतीकरण कार्यमा संलग्न छन्। करिब ५ लाख परिवारले ग्रामीण क्षेत्रमा बिजुली उपभोग गरेको तथ्य नेपाल सरकार, ऊर्जा मन्त्रालयद्वारा सार्वजनिक गरिएको श्वेतपत्रमा उल्लेख छ। यसबाट सरकारलाई ग्रामीण क्षेत्रमा बिजुली पुर्‍याउन धेरै ठूलो सहयोग र साझेदारी मिलेको प्रस्ट छ। सामुदायिक विद्युतीकरण क्षेत्रमा ७० मेगावाट विद्युत् खपत गर्ने बजारसमेत बनेको छ। ग्रामीण क्षेत्रमा सानातिना उद्योगधन्दा खुलेका र रोजगारी सिर्जना भएका छन्।

नेपालको करिब २५ प्रतिशत जनसङ्ख्या अझै पनि विद्युत्को पहुँचबाहिर रहेको छ। विद्युत् सेवा पुग्न बाँकी जनसङ्ख्याका लागि राष्ट्रिय प्रणालीको विद्युत् सेवा पुर्‍याउन अझै चुनौतीपूर्ण देखिन्छ। देशको सबैभन्दा विकट भौगोलिक र दुर्गम गाउँबस्तीहरू विद्युत् सेवाको पहुँचभन्दा टाढा छन्। कर्णालीलगायतका पहाडी र उच्च हिमाली बस्तीमा विद्युत् सुविधा पुर्‍याउन धेरै मिहिनेत गर्नुपर्नेछ। दुर्गम बस्तीका नागरिकसम्म विद्युत् सुविधा पुर्‍याउने चुनौती त छँदै छ। बिजुली पुगेको अवस्थामा पनि विद्युत् सेवा सञ्चालन कार्य अझ जटिल छ। विद्युतीय संरचनाको मर्मत, सम्भार र सञ्चालन गर्ने कार्य खर्चिलो र त्यतिकै महँगोसमेत छ।

ग्रामीण विद्युतीकरणका लागि समुदायसँगको सहकार्य र साझेदारी हामीले गरेको अभ्यास नै ग्रामीण विद्युतीकरणको भरपर्दो बाटो हो। यसमा रहेका कमीकमजोरी सुधार गरेर अगाडि बढ्दा बिजुलीको पहुँचबाट टाढा रहेका समुदाय र नागरिकका लागि ऊर्जामा पहुँचको सुनिश्चितता गर्न सकिन्छ। सामुदायिक विद्युतीकरण कार्यक्रमको विस्तृत पुनरावलोकन र समीक्षा कार्यक्रम सुधारको

पहिलो पाइला हुन सक्छ। सामुदायिक विद्युतीकरण कार्यक्रमलाई सस्तो, दिगो, भरपर्दो सरल र समुदायमुखी बनाउन सरकारको अगुवाइमा मात्र सम्भव हुन्छ। दुई दशकको अवधिमा हामीले गरेका अभ्यासबाटै समुदाय र सरकारको अझ बलियो साझेदारीको नयाँ प्रस्थान तय गर्न सक्छन्। हाम्रा सिकाइ, अनुभव, उपलब्धि, प्रविधि, नीतिगत व्यवस्था, महसुल तर्जुमा गर्ने विधि, मूल्यमान्यता र परिवेशको समीक्षा गरेर अगाडि बढ्दा सही गन्तव्यमा पुग्न सकिन्छ।

सामुदायिक विद्युतीकरणको उपलब्धि सबैतिर राम्रो भनेर प्रशंसा पनि हुन्छ। महसुल सङ्कलन, चुहावट न्यूनीकरण, प्रभावकारी विद्युत् सेवा, स्थनीय जवाफदेहिता, समुदायको अपनत्व, रचनात्मक काम र विद्युतीकरणको गति हेर्दा प्रशंसनीय काम भएका छन्। प्रशंसा सबैतिरबाट पाउँदा पनि सामुदायिक विद्युतीकरण चुनौतीका चाङ बोक्न बाध्य छ। राजनीतिक हस्तक्षेप, नीतिगत अष्पष्टता, अव्यावहारिक संस्थागत व्यवस्था, ढिलासुस्ती, प्राधिकरणमुखी नीति र कार्य प्रणाली, सामुदायिक विद्युतीकरण अमैत्री महसुल संरचना इत्यादी चुनौतीले सामुदायिक विद्युतीकरण एउटा राम्रो पद्धति भए पनि यसका अभ्यासकर्ताले सन्तुष्टि लिन सक्ने अवस्था छैन।

राष्ट्रिय प्रणालीको विद्युत् वितरणमा यो नवीनतम सिर्जनात्मक र उदाहरणीय अभ्यास हो। लगानी तथा जिम्मेवारीको बाडँफाँटका हिसाबले यसलाई विद्युत् वितरण र व्यवस्थापनको दुनियाँमा यो प्रयोग नै नौलो पहलका रूपमा परिचित छ। यस किसिमको साझेदारीले स्थानीय तहमा व्यावसायिक रूपमा सामुदायिक सँगैठनको जन्म गराएको छ। उनीहरूको काम र सेवा दिगो, भरपर्दो र उपभोक्तामुखी तुल्याउन पनि आवश्यक छ। सबैभन्दा पहिला यस्तो साझेदारीका क्रममा विद्युत् महसुल तर्जुमा गर्दा समुदायमा बसेर बिजुली वितरण गरिरहेका संस्थाको न्यूनतम सञ्चालन खर्च विश्लेषण गर्नु आवश्यक हुन्छ। न्यूनतम खर्च धान्न सक्ने व्यवसाय र महसुल तर्जुमा, नीतिगत सुधार र स्थानीयकरण गर्दै अगाडि बढ्नु उपयुक्त हुन्छ।

हाम्रो यो अभ्यास र यात्राका क्रममा सामुदायिक विद्युतीकरणलाई व्यापक, द्रुततर र दिगो बनाउने ध्येय राखिनुपर्ने हो। पहिलो नीतिगत पृष्ठपोषणका कुनै संस्कार र पद्धति नै नभएका कारण प्राधिकरणले यसबारे कुनै पहल गरेको पाइँदैन। सरकारी तहमै विद्युतीकरणमा समुदायको सहभागिताको आवश्यकता र महत्त्वबारे अवधारण प्रस्ट पार्नु आवश्यक छ। सरकारले यतापट्टि ध्यान पुऱ्याउने र जिम्मेवारी लिने काम भएको छैन। कार्यक्रम र काम गरिरहेका संस्थाको दिगोपनाको महत्त्वपूर्ण पक्ष विद्युत् महसुल संरचना नै हो। कार्यक्रम सहभागितामूलक भनिए पनि महसुल तर्जुमामा साझेदारीताको कुनै आभास पाइँदैन। विद्युत् प्राधिकरणको समग्र वितीय अवस्था र उसको आर्थिक आवश्यकता मात्र ध्यानमा राख्ने र एकतर्फी महसुल तर्जुमा गरी लागु गर्ने प्रचलन सहभागितामूलक र साझेदारीको सिद्धान्तविपरीत छ। साना वितरकको आर्थिक जीवन उनीहरूको आवश्यकता र दिगोपनमा ध्यान दिने र विद्युत् प्राधिकरण पक्षीय महसुल संरचना मात्रै तर्जुमा गर्ने प्रचलन अन्त्य हुन आवश्यक छ। साझेदारीको भावना, मूल्यमान्यताको आधार र स्थानीय सामुदायिक संस्थाहरूको दिगोपनलाई ध्यान दिनु आवश्यक छ। यस्तो खालको साझेदारीका आधारमा नेपाल विद्युत् प्राधिकरण, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र सामुदायिक संस्थाहरूको जिम्मेवारी परिभाषित गरी जिम्मेवारीमा प्रतिबद्ध हुने हो भने नेपालको ग्रामीण विद्युतीकरणमा सामुदायिक पद्धति राम्रो र लोकतान्त्रिक पद्धति हो। दुर्गम र ग्रामीण बस्तीहरूमा द्रुत, दिगो र भरपर्दो विद्युतीकरण तथा सेवा प्रवाहमा सामुदायिक पद्धति सर्वोत्तम र नेपालीपनको सफल पद्धति हो।

सामुदायिक विद्युतीकरण : विगत, वर्तमान र भविष्य

/fdsi0f xdfuf0

विषय प्रवेश

समुदायको पहल, समुदायको प्रत्यक्ष सहभागिता र समुदायको लगानी साझेदारीमा नेपाल सरकारबाट नेपाल विद्युत् प्राधिकरणमार्फत् सञ्चालित ग्रामीण विद्युतीकरणको कार्यक्रम हो, सामुदायिक विद्युतीकरण। विगतदेखि नै विद्युत् उत्पादन, प्रसारण र वितरणको काम नेपाल विद्युत् प्राधिकरणले गर्दै आएको सन्दर्भमा २०६० सालदेखि विद्युत् वितरण व्यवस्थापन र ग्राहक सेवाको काम सामुदायिक विद्युत् वितरक संस्था वा सहकारीहरूमार्फत् गर्ने गरी सामुदायिक विद्युतीकरण कार्यक्रम सुरु गरिएको थियो । सामुदायिक विद्युतीकरणको सुरुवात भएको यो डेढ दशकको अवधिमा मुलुकको पूर्वमा ताप्लेजुङदेखि पश्चिममा डडेल्धुरासम्म र पहाडदेखि तराईको मैदानसम्मसमेत गरी यो कार्यक्रम ५२ जिल्लामा सञ्चालित छ। २८२ वटा सामुदायिक विद्युत् वितरक संस्थाहरूमार्फत् ५ लाखभन्दा बढी घर परिवार र २० लाख बढी उपभोक्ताले यो कार्यक्रममार्फत् विद्युत् सेवा उपभोग गर्न पाएका छन् । मुलुकको विकट क्षेत्र तथा दूरदराजका बस्तीमा विद्युत् पहुँच पुग्न सकेको हुनाले ग्रामीण भेगका समुदायको शिक्षा, स्वास्थ्य, सञ्चार, चेतनास्तर आदि अभिवृद्धि हुनुका साथै समुदायको जीवनस्तर माथि उठाउन यसले मद्दत गरेको छ। यसका अलावा नेपालको सामुदायिक विद्युतीकरण र ग्रामीण विद्युतीकरणको एउटा नवीन मोडेलका रूपमा स्थापित हुन पुगेको छ।

सामुदायिक विद्युतीकरणको पृष्ठभूमि

सामुदायिक विद्युत् वितरक संस्थामार्फत् विद्युत् वितरण व्यवस्थापन गर्ने सामुदायिक विद्युतीकरण कार्यक्रमको वर्तमान मोडेलभन्दा अगाडि विद्युत् वितरण व्यवस्थापनका केही अभ्यासहरू मुलुकका केही निश्चित स्थानमा सञ्चालन भएको इतिहास पाइन्छ। जसअनुसार ४० को दशकबाट बुटवल पावर कम्पनीले स्याङ्जाको गल्याङ तथा प्युठानको झिमरुकमा विद्युत् उत्पादन गरी उत्पादित विद्युत्को केही अंश स्याङ्जा, पाल्पा, प्यूठान आदि जिल्लामा उपभोक्ता समिति वा ट्रान्सफर्मर उपसमितिमार्फत् विद्युत् वितरण र ग्राहक सेवाको जिम्मा दिएको थियो । त्यसैगरी नर्वेजियन सरकारको सहयोगमा नेपाल सरकारले विद्युतीय संरचना तयार गरी लमजुङमा २०५३ सालदेखि लमजुङ विद्युत् उपभोक्ता संस्थामार्फत् विद्युत् वितरण व्यवस्थापन कार्य गरेकोदेखिन्छ। त्यस्तै विद्युत्को भौतिक संरचना वा विद्युतीय संरचना निर्माण कार्यमा नै समुदायको ५० प्रतिशत लगानीमा २०५४ सालदेखि दक्षिण ललितपुर विद्युतीकरण अभियान सुरुवात भएको र वर्तमान सामुदायिक

विद्युतीकरण कार्यक्रमको पृष्ठभूमि वा प्रार्दुभाव गर्ने संस्थाका रूपमा पहिलोपटक दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था गठन भई विद्युतीकरण, वितरण-व्यवस्थापन एवम् ग्राहक सेवाको काम हुँदै आएको छ। वि.सं. २०६० सालमा सामुदायिक ग्रामीण विद्युतीकरण विनियमावली तर्जुमा गर्ने सन्दर्भमा जलस्रोतमन्त्री दीपक ज्ञवाली, नेविप्रा र दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्थाबीचमा पटक-पटक छलफल, अन्तर्क्रिया र बैठकहरू सम्पन्न भई सामुदायिक विद्युतीकरण कार्यक्रमको वर्तमान मोडेल तयार भएको थियो। सुरुमा समुदाय र सरकारको लगानीको अनुपात २० प्रतिशत र ८० प्रतिशत रहेकामा समुदाय एवम् विद्युत् महासंघको निरन्तर वकालती एवम् पैरवीको परिणामस्वरूप ऊर्जामन्त्री गोकर्ण विष्टको कार्यकालमा २०६९ सालदेखि समुदाय र सरकारको लगानीको अनुपात १० प्रतिशत र ९० प्रतिशत कायम गरिएको छ। सामुदायिक विद्युतीकरणका लागि नेविप्राका तर्फबाट सामुदायिक ग्रामीण विद्युतीकरण विनियमावली तर्जुमा गर्ने र सामुदायिक ग्रामीण विद्युतीकरण विभाग स्थापना गर्नेबाहेक सरकारले हालसम्म पनि कुनै ऐन तथा संरचना तयार गरिएको छैन।

सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघको स्थापना

सामुदायिक विद्युतीकरण कार्यक्रमको प्रवर्द्धन गर्ने, सामुदायिक विद्युत् वितरक संस्थाहरूलाई सहजीकरण गर्ने, समुदाय र राज्यबीच पुलको काम गरी सामुदायिक विद्युतीकरणलाई सहज, दिगो, गुणस्तरीय र प्रभावकारी बनाउने तथा सामुदायिक संस्थाहरूको क्षमता विकासमा सहयोग पुऱ्याउने उद्देश्यले मुलुकका विभिन्न क्षेत्रमा कार्यरत सामुदायिक विद्युत् वितरक संस्थाहरूको पहलमा २०६१ माघ २९ गतेका दिन सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघ, नेपालको तदर्थ समिति गठन भएको थियो। २०६२ साल श्रावण ११ गतेका दिन काठमाडौं जिल्ला प्रशासन कार्यालयमा विधिवत् रूपमा दर्ता भई औपचारिक रूपमा स्थापित सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघ, नेपालको हाल पाँचौं राष्ट्रिय महाधिवेशनसमेत सम्पन्न भइसकेको छ भने सामुदायिक विद्युत् वितरक संस्थाहरूको छाता सङ्गठनका रूपमा महासंघ क्रियाशील छ।

सामुदायिक विद्युतीकरणमा महासंघको भूमिका

सामुदायिक विद्युतीकरणलाई दिगो, गुणस्तरीय, छिटोछरितो, प्रभावकारी एवम् पारदर्शी बनाउन सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघले निम्न क्षेत्रमा भूमिका खेल्दै आएको छ :

१. सामुदायिक विद्युतीकरणका लागि उपयुक्त नीति, ऐन, कानुन, संयन्त्र तथा पर्याप्त स्रोतको व्यवस्थापनका लागि आवश्यक बहस, पैरवी र वकालती गर्ने,

२. सामुदायिक विद्युत् प्रवर्द्धन गर्न एवम् सामुदायिक विद्युतीकरणलाई सरल, सहज, दिगो, गुणस्तरीय र प्रभावकारी बनाउन राज्य, नेविप्रा तथा सरोकारवाला संघसंस्थासँग सहकार्य गर्ने,

३. सामुदायिक विद्युत् वितरक संस्थाको गठन प्रक्रिया, नेविप्रासँगको सम्झौता र विद्युतीकरणका समग्र प्रक्रियामा सामुदायिक संस्थाहरूलाई सहजीकरण गर्ने,

४. सामुदायिक विद्युत् वितरक संस्थाका पदाधिकारी एवम् कर्मचारीको क्षमता अभिवृद्धि गर्न प्राविधिक, व्यवस्थापकीय र लेखा व्यवस्थापनसम्बन्धी तालिम र अभिमुखीकरण कार्यक्रममा सहजीकरण गर्ने,

५. सामुदायिक विद्युतीकरण र सामुदायिक संस्थाका समस्या समाधान गर्न सरकार, नेविप्रा र

सम्बन्धित सरोकारवाला संस्थासँग सम्पर्क, समन्वय एवम् सहकार्य गर्ने,

६. विद्युत्को उत्पादनमूलक क्षेत्रमा उपभोग गरी समुदायको सामाजिक तथा आर्थिक विकास गर्नु, विभिन्न उद्यम-व्यवसाय सञ्चालन गर्न र महिला उद्यमशीलता विकास गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससहरूसँगको सहकार्यमा उद्यम-व्यवसाय विकास तालिममा सहजीकरण गर्ने,

७. हरित तथा स्वच्छ ऊर्जा प्रवर्द्धन, ऊर्जामा महिला तथा सामाजिक समावेशीता, विद्युतीय चुलो प्रवर्द्धन, विद्युतीय सुरक्षा सचेतना अभियान, वैकल्पिक ऊर्जासम्बन्धी स्थानीय पाठ्यक्रम तर्जुमालगायत विषयमा सरोकारवाला पक्षसँग सहकार्य गर्ने,

८. सामुदायिक विद्युतीकरणको कार्य छिटो, सरल, पारदर्शी, परिणाममुखी र विकेन्द्रित बनाउन सामुदायिक संस्था एवम् समुदायलाई परिचालन गर्न सहयोग र सहजीकरण गर्ने,

९. ऊर्जा क्षेत्रमा कार्यरत विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय संघसंस्था तथा व्यक्तित्वहरूसँग सम्पर्क, समन्वय, सहजीकरण र सहकार्य गर्ने,

१०. सामुदायिक विद्युतीकरणसम्बन्धी राज्यका नीति, निर्णय, निर्देशन आदि कार्यान्वयन गर्न तथा संस्थागत सुशासन कायम गर्न सामुदायिक संस्थाहरूलाई सहयोग र सहजीकरण गर्ने,

११. सामुदायिक विद्युत् उपभोक्ता संस्था एवम् ग्राहकहरूको उद्यमशीलता विकासका लागि बित्तीय व्यवस्थापन तथा प्राविधिक जनशक्ति व्यवस्थापनका लागि इन्जिनियरहरू उपलब्ध गराउने,

सामुदायिक विद्युतीकरणका उपलब्धि

सामुदायिक विद्युतीकरणको डेढ दशकको यो अवधिमा ग्रामीण विद्युतीकरणको क्षेत्रमा थुप्रै उपलब्धिहरू प्राप्त हुनुका साथै ग्रामीण क्षेत्रको जनजीवन र अर्थतन्त्रमा सकारात्मक प्रभावसमेत परेको छ। त्यस्ता केही महत्त्वपूर्ण उपलब्धिहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. सामुदायिक विद्युतीकरणमार्फत् मुलुकका ५२ जिल्लाका २८२ सामुदायिक विद्युत् वितरक संस्थाहरूद्वारा ५ लाखभन्दा बढी विकट ग्रामीण भेगका घरपरिवार एवम् २० लाख बढी उपभोक्ताहरूमा विद्युत् पहुँच पुगेको छ।

२. ग्रामीण भेगमा विद्युत् पुगेपछि त्यहाँको शिक्षा, स्वास्थ्य, सञ्चार, उद्यम व्यवसाय, चेतनास्तर तथा समुदायको जीवनस्तरमा आमूल तथा सकारात्मक परिवर्तन आएको छ।

३. विद्युत्को उत्पादनमूलक उपभोगमार्फत् समुदायमा ससाना उद्यम व्यवसाय, कुटानी पिसानी मिल, फर्निचर उद्योग, दूध चिस्यान केन्द्र, मोबाइल मर्मत, मोटरसाइकल मर्मत, मूर्ति निर्माण, अचार उद्योग, रोप-वे, कम्प्युटर इन्स्टिच्युट, चेफकटरको प्रयोग, सिँचाइ, कुखुरापालन, सिलाइ बुनाइलगायत थुप्रै व्यवसाय गरी ग्रामीण रोजगारीमा सकारात्मक परिवर्तन भएको छ।

४. विद्युतीय संरचनाको मर्मत, फ्युज सेवा, मिटर रिडिङ, विलिङ, महसुल सङ्कलन, हाउस वायरिङ आदि ग्राहक सेवा स्थानीय सामुदायिक संस्थाहरूमार्फत् गर्ने हुँदा ग्राहक सेवा छिटो छरितो, सरल, सहज र पारदर्शी हुन पुगेको छ। जसले गर्दा प्राधिकरणको आर्थिक बोझ कम हुन पुगेको छ।

५. सामुदायिक संस्थाहरूमार्फत् विद्युतीय सुरक्षासम्बन्धी सचेतना अभियान सञ्चालन गर्ने हुँदा सिङ्गो समुदाय विद्युत् र विद्युतीय संरचनाप्रति परिचित, सजग र सचेत हुन गई विद्युत्बाट हुने सम्भावित दुर्घटनामा कमी आएको छ।

६. सामुदायिक संस्थाहरूमार्फत् हाउस वाइरिङ तालिम, लाइन्सम्यान तालिम, लेखा व्यवस्थापन तालिम, संस्था व्यवस्थापन एवम् नेतृत्व विकास तालिम आदि कार्यक्रम सञ्चालन गर्ने हुँदा स्थानीय स्तरमै अर्धप्राविधिक, लेखापाल र व्यवस्थापक तयार भई मानवीय स्रोतको विकास र रोजगारी प्रवर्द्धन भएको छ ।

७. सामुदायिक विद्युतीकरणको क्षेत्रमा ३ हजार बढीले प्रत्यक्ष रोजगारी पाएका छन् भने हजारौँ हजारले उद्यम व्यवसायमार्फत् अप्रत्यक्ष रोजगारी पाएका छन् । त्यसैगरी हजारौँ व्यक्ति स्वयंसेवकका रूपमा सामुदायिक संस्था व्यवस्थापनमा लागेका छन् । जसले गर्दा ग्रामीण रोजगारी र आम्दानीमा वृद्धि भई वैदेशिक रोजगारीमा कमी आउन सक्ने अवस्था सिर्जना भएको छ ।

८. सामुदायिक विद्युतीकरणमार्फत् नेतृत्व विकासमा सहयोग पुगेका कारण सामुदायिक विद्युतीकरणका सयौँ अभियन्ताहरू गाउँपालिका, नगरपालिका, जिल्ला समन्वय समिति, प्रदेशसभा र प्रतिनिधिसभामासमेत निर्वाचन हुन पुगेका छन् ।

९. सामुदायिक विद्युतीकरणको क्षेत्रमा विद्युत्को अप्राविधिक चुहावट (विद्युत् चोरी) एकदम न्यून हुने हुँदा विद्युत्को बचत हुने, न्यून खर्चमा ग्राहक सेवा सञ्चालन हुने, नेविप्रामा जस्तो थुप्रै इन्जिनियर र गाडीको प्रयोग नहुने हुँदा नेविप्रा र राज्यको खर्चमा कटौती हुन गई राष्ट्रलाई नै आर्थिक र व्यवस्थापकीय रूपमा फाइदा हुन पुगेको छ ।

१०. उपभोक्ताले विद्युत् महसुल घरमै बुझाउन पाउने, मिटर तथा विद्युतीय सामग्री सामुदायिक संस्थामार्फत् स्थानीय स्तरमै प्राप्त हुने र मर्मत सम्भार तथा फ्युज सेवा सस्तो र छिटो हुने हुँदा विकट क्षेत्रका उपभोक्ताका लागि सामुदायिक विद्युतीकरण ज्यादै फाइदाजनक हुन पुगेको छ ।

सामुदायिक विद्युतीकरणका समस्या र चुनौती

सामुदायिक विद्युतीकरणको यो छोटो अवधिमा थुप्रै उपलब्धि हासिल भए पनि यस कार्यक्रमलाई सफल पार्न, यसलाई प्रभावकारी बनाउने, संस्थागत विकास गरी दिगोपना ल्याउने र सामुदायिक संस्थाहरूलाई सबल, सक्षम, पारदर्शी र दिगो बनाउने सन्दर्भमा थुप्रै समस्या र चुनौती विद्यमान छन् । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. सामुदायिक विद्युतीकरणका लागि समयसापेक्ष नीति, गुरुयोजना, ऐन कानुन, संयन्त्र र पर्याप्त बजेट अभावका कारण यसको स्थायित्व र निरन्तरताका सवालमा समस्या एवम् चुनौती खडा भएको छ ।

२. विकट भौगोलिक अवस्था, छरिएको बस्ती र राज्यकोसमेत प्राथमिकताको क्षेत्र नभएकाले ग्रामीण विद्युतीकरण र ग्राहक सेवा सञ्चालनमा लगानी बढी हुने र प्रतिफल कम हुने अवस्था छ । जसले गर्दा सामुदायिक सहभागिताबापत समुदायले लगानी गर्नुपर्ने १० प्रतिशत रकम जम्मा गर्न समुदायलाई ठूलो चुनौती र कठिनाइ उत्पन्न हुन पुगेको छ ।

३. सामुदायिक विद्युतीकरणका लागि निर्धारित वर्तमान विद्युत् महसुल दर अनुपयुक्त, अव्यावहारिक र अवैज्ञानिक भएकाले यो महसुल दर कायम रहेमा सामुदायिक संस्थाहरू घाटामा गई नटिक्ने अवस्था उत्पन्न भएको छ ।

४. खानेपानी तथा सिँचाइका ग्राहकलाई राज्यका तर्फबाट दिइने गरेको छुट महसुल दरबमोजिम छुट

सामुदायिक संस्थाहरूलाई नदिइएका कारण सामुदायिक संस्थाहरू मर्कामा परेका ग्राहकहरूले पनि उक्त छुट सुविधा प्राप्त नभएको अवस्था छ।

५. झन्झटिलो ठेकेदारी प्रथा, ठेकेदारको लापर्बाही, ढिलासुस्ती र अनुत्तरदायी प्रवृत्तिका कारण समयमा गुणस्तरीय काम नहुनु तथा नेविप्राका तर्फबाट आवश्यक अनुगमन, मूल्याङ्कन, गुणस्तर नियन्त्रण र ठेकेदारलाई नियन्त्रण नगर्नाले सामुदायिक विद्युतीकरणमा संस्थाहरूले ज्यादै कठिनाइको सामना गर्नुपर्ने अवस्था विद्यमान छ।

६. सामुदायिक संस्थाहरूको क्षमता अभिवृद्धि गर्न आवश्यक प्राविधिक, व्यवस्थापकीय र लेखा व्यवस्थापन तालिमका लागि राज्य र नेविप्राका तर्फबाट स्रोत व्यवस्था नहुनाले संस्थाहरूको संस्थागत, प्राविधिक एवम् लेखा व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि गर्न ज्यादै कठिन भएको छ।

७. आगामी तीन वर्षभित्र सबै नेपालीको घरमा विद्युत् पुर्‍याउने र पाँच वर्षभित्र चाहे जति विद्युत् उपलब्ध गराउने भन्ने सरकारी घोषणामुताविक आवश्यक नीति, कार्ययोजना, बजेट, प्राथमिकता र प्रतिबद्धताको अभाव रहेको छ।

८. ग्रामीण विद्युतीकरणमा सामुदायिक सहभागिता, सामुदायिक सशक्तीकरण, सामुदायिक उत्तरदायित्व र सामुदायिक स्वामित्व महसुस गर्ने वातावरण निर्माण गर्ने कार्यमा राज्यका तर्फबाट आवश्यक पहल नभएकोदेखिन्छ।

९. राज्यको संघीय संरचनाबमोजिम नेविप्राको पुनःसंरचना नहुनुका साथै सामुदायिक विद्युतीकरण नाफामूखी या सेवामूखी के हो, प्रस्ट नहुनाले राज्यको उत्तरदायित्वमा कमी हुन गई यस कार्यक्रमको भविष्य सुनिश्चितदेखिएको छैन।

१०. कतिपय सामुदायिक संस्थाहरू पारदर्शी, जवाफदेही, व्यवस्थित, नियमित र प्रक्रियागत ढङ्गले सञ्चालन हुन नसक्दा संस्थागत सुशासन र प्रभावकारी व्यवस्थापनमा कमी कमजोरी रहन पुगेको अवस्था छ।

सामुदायिक विद्युतीकरणका ज्वलन्त सवाल

सामुदायिक विद्युतीकरण कार्यक्रमलाई सफल, प्रभावकारी, दिगो र नेपालको मौलिक कार्यक्रमका रूपमा स्थापित गरी यसको सुनिश्चित भविष्य निर्माण गर्ने सन्दर्भमा सामुदायिक विद्युतीकरणका निम्न सवालमा राज्य र सम्बन्धित निकायको विशेष ध्यान जानुपर्ने अवस्थादेखिन्छ :

१. सामुदायिक ग्रामीण विद्युतीकरणसम्बन्धी समयसापेक्ष नीति, गुरुयोजना, ऐन कानुन, संयन्त्र, आवश्यक कोष र कार्यान्वयन मोडालिटीसहित कार्यान्वयन गर्नुपर्ने,

२. राज्यको संघीय संरचनाबमोजिम नेविप्राको पुनःसंरचना भई प्रादेशिक तहमा सामुदायिक विद्युतीकरण कार्यान्वयन एकाइ स्थापना तथा स्थानीय तहमा सामुदायिक विद्युतीकरण सहजीकरण एकाइ स्थापना हुनुपर्ने,

३. स्थानीय सरकारलाई सामुदायिक विद्युतीकरणको क्षेत्रमा प्रत्यक्ष सहभागी गराई जिम्मेवारी बनाउनुका साथै सामुदायिक सहभागिताको निश्चित प्रतिशत लगानी स्थानीय सरकारले बेहोर्ने स्पष्ट प्रावधान हुनुपर्ने,

४. विद्युत् उत्पादनमासमेत सामुदायिक संस्था र समुदायलाई सहभागी गराई नेपालको 'पानी जनताको लगानी' भन्ने नारालाई सफल पार्न विशेष योजना कार्यान्वयन गर्नुपर्ने,

५. सामुदायिक संस्थाहरूको क्षमता अभिवृद्धि र सशक्तीकरणका लागि प्राविधिक तालिम, संस्था व्यवस्थापन तालिम तथा लेखा व्यवस्थापन तालिमका लागि राज्यका तर्फबाट निश्चित बजेटको व्यवस्थासहित उक्त तालिम सञ्चालन गर्नुपर्ने,

६. वैकल्पिक ऊजा प्रवर्द्धन, हरित तथा स्वच्छ ऊर्जा प्रवर्द्धन, ऊर्जामा महिला तथा सामाजिक समावेशीकरणका लागि विद्युतीय चुलोलगायत अन्य ग्रामीण विद्युतीय प्रविधि प्रयोग र विद्युत्को उत्पादनमूलक उपभोगमासमेत विशेष जोड दिनुपर्ने,

७. मानव विकास सूचकाङ्कामा पछाडि परेका जिल्ला एवम् गरिब तथा दलित बस्तीहरूमा सामुदायिक विद्युतीकरण कार्यक्रम सञ्चालन गर्दा सामुदायिक सहभागिताबापतको १० प्रतिशत लगानीलाई घटाई सामुदायिक विद्युतीकरणलाई सहज, सरल र तीव्र बनाउनुपर्ने,

८. ठेकेदारी प्रथालाई सरल, सहज, कम झन्झटिलो बनाई समयमा काम नसक्ने ठेकेदारलाई कालोसूचीमा राखी पुनः अर्को ठेक्का लिनबाट वञ्चित गरिनुपर्ने,

९. विद्युत् नियमन आयोगमा सामुदायिक विद्युत् महासंघको अनिवार्य प्रतिनिधित्व गराउनुका साथै विद्युत् महसुल वैज्ञानिक, उपयुक्त र व्यावहारिक हुने गरी निर्धारण हुनुपर्ने ।

सामुदायिक विद्युतीकरणका विविध सवाललाई राज्यका तर्फबाट विशेष ध्यान दिई उपयुक्त नीति, योजना एवम् ऐनको तर्जुमा गरी विशेष प्राथमिकता र प्रतिबद्धतासहित कार्यान्वयन गर्न सके सामुदायिक विद्युतीकरणको कार्यक्रम नेपालमा मात्र नभएर सिङ्गो दक्षिण एसिया र विश्वभरि नै एक नमुना कार्यक्रम (मोडेल) बन्न सक्नेमा कुनै द्विविधा रहनेछैन ।

(लेखक सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघ, नेपालका महासचिव एवम् संस्थाका पूर्व अध्यक्ष हुन् ।)

हार्दिक शुभकामना

दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि.को **सामुदायिक विद्युत्** पाँचौं शृङ्खला प्रकाशन भएको र दक्षिण ललितपुरका ग्रामीण समुदायमा विद्युतीकरण तथा उद्यमशीलता विकासमा योगदान पुऱ्याएकोमा सहकारी संस्थाको उत्तरोत्तर प्रगतिको कामना गरिन्छ ।

श्री गोपिलाल सिंतान

अध्यक्ष, कोन्ज्योसोम गाउँपालिका
तथा
गाउँपालिका परिवार ।

नेपालमा विद्युत् क्षेत्रको सामुदायिकिकरण किन र कसरी ?

blks 1jfnL

अर्थतन्त्रसित सम्बन्धित कुनै पनि क्षेत्रमा वन, खानेपानी, स्वास्थ्य, शिक्षालगायत विद्युत् पनि प्रायः समाज र समय हेरी तीन प्रकारको चरित्र हावी भएको हुन्छ - ती निजी खालका उपभोग्य वस्तु(private goods), सार्वजनिक वस्तु (Public goods) वा सामाजिक वस्तु (common Pool goods) हुन्छन् । यी तिनै थरीका वस्तुहरूको मुलभूत व्यवस्थापन पनि फरक ढङ्गले गरिन्छन् । निजी सामानहरू बजारले बजारभाउअनुरूप उत्पादन र आपूर्ति गर्दछ । माग बढी भएको बेला भाउ माथि चढ्छ र बढी नाफा कमाउने हेतुले नयाँ उत्पादनकर्ताहरू बजार प्रवेश गर्छन् । माग घटेको वेला तिनले उत्पादन घटाउछन् वा सो क्षेत्र छाडेर अन्यत्र लाग्छन् । बजार सही ढङ्गले चल्न तथा माग र आपूर्तिबीच सन्तुलन ल्याउन केही पूर्वाधारहरू ठाउँमा हुनुपर्दछ । उत्पादनकर्ताहरू मनग्य हुनुपर्छ ताकि तिनीहरूबीच सही प्रतिस्पर्धा होस् । दुईचार वटा उत्पादनकर्ताको कार्टेल र सिन्डिकेटले कृतिम ढङ्गले खडा अभाव गरेको नहोस् । साथै बजारबारे आवश्यक सूचनाहरू खुला रूपले किन्ने र बेच्ने दुवैलाई उपलब्ध हुनुपर्दछ ।

दाल, चामल वा तरकारीको हकमा यस्तो सुखद् स्थिति विद्यमान त होला तर बिजुली, दुरसञ्चारवा केही दशक अघिसम्म हवाई यातायात जस्ता अत्याधुनिक प्रविधिसित सम्बन्धित क्षेत्रमा भने बजार या त छँदै छैन या एक दुई उत्पादकको कब्जामा रहन्छ जसलाई मोनोपोली भनिन्छ । यस्तो स्थितिलाई बजार भन्न मिल्दैन । किनभने मोनोपोलीले उपभोक्तामाथि आफ्नै तरिकाले भाउ लादेर चर्को शोषण गर्छ र बिजुलीलाई प्राकृतिक मोनोपोली पनि भनिन्छ किनभने तपाईँको घरअगाडि तीन वा चार कम्पनीले तार तानेको हुँदैन, मात्र नेपाल विद्युत् प्राधिकरणको ४००/२२० भोल्टको लाइन हुन्छ । (बजारमा एउटै क्रेता मात्र हुनु एउटै उत्पादक हुनु जत्तिकै खतरानाक हो, जुन स्थिति भारतसित विद्युत् व्यापार गर्ने मामिलामा छ ।) नेपालमा सन् १९११ अगाडि फर्पिङ विद्युत् गृह नराखुञ्जेलसम्म विद्युत् नै थिएन, विद्युत् बजारको कुरा त परै जाओस् ।

यस्तो परिवेशमा सरकारले ठोस नीति ल्याएर बजार सिर्जना गर्नुपर्ने हुन्छ । फर्पिङ, सुन्दरीजल, चन्द्रज्योतिसम्म त बिजुली भनेको राष्ट्रिय उत्पादकत्व बढाउने विषयवस्तु नभएर राणा र उनका आसेपासेका लागि बैठकमा झाडपानस बाल्ने विलासी वस्तु मात्रै थियो । सन् १९२४ मा चन्द्र शम्शेरकै पालामा ल्याएको ढोडसिङ-मातातीर्थ रोपवे याने रज्जुमार्ग दरबार निर्माणका लागि ढुङ्गा ओसार्ने काममा प्रयोग भयो । जसका कारण कलंकीपारि ढुङ्गाअड्डा भन्ने बस्ती बस्यो र कामदारलाई तराईको सस्तो चामल ओसार्न प्रयोग भएकोले केही हदसम्म अपवाद माने हुन्छ । सन्

१९६० को दशकमा सोभियत संघ(रुस)को सहयोगमा पनौती, भारतको सहयोगमा त्रिशुली, चीनको सहयोगमा सुनकोशी र अमेरिकी सहयोगमा प्रशारण र वितरण प्रणाली निर्माण भएपछि बिजुली सीमित सर्वसाधारणका पहुँचमा आएको हो । त्यतिखेर बिजुलीको बजार भने थिएन, राष्ट्रिय मोनोपोली भयो र यो वस्तुलाई सरकारले नै व्यवस्थापन गर्थ्यो जसअन्तर्गत यसलाई सार्वजनिक सम्पति ठानेर बजार भाउले भन्दा नीति-नियम मार्फत् नियमले दिएकालाई मात्र वितरण गरिन्थ्यो ।

तीन दशकजति पछि २०४७ सालमा बहुदल आइपुग्दासम्म बिजुली उपभोक्ताहरूको संख्याका साथै व्यापारी र औद्योगिक माग निकै बढिसकेको थियो । तर यसको व्यवस्थापन भने भद्दा सरकारी नै रह्यो जुन माग र आपूर्तिबीच सन्तुलन कायम गर्न असक्षम मात्र होइन (लोडसेडिङका दीर्घरोग यसै बेला सुरु भएको हो ।) निर्माणमा घोटाला र कुत असुल्ने प्रवृत्तिले गर्दा नेपालको जलविद्युत् संसारकै महंगो हुन पुग्यो । भुटानले करिव ६०० डलर प्रति किलोवाटमा जलविद्युत् निर्माण गरेको बेला नेपालमा कुलेखानी २००० डलर प्रति किलोवाटमा बनाइयो । श्रीलंकाले अरुण-३ जस्तै र जत्रै कोतमाले जलविद्युत् योजना ११ अरबमा सम्पन्न गऱ्यो भने अरुण-३ को प्रारम्भिक इस्टिमेट नै ५२ अरब (५४०० डलर प्रति किलोवाट) कायम गरिएको थियो । विश्वकै गरिबमा गनिने तर जलस्रोतमा धनी देश नेपालमा संसारकै सबभन्दा महँगो विद्युत् योजना किन बनाउनु परेको भनेर विरोध भएपछि विश्वबैङ्कले हात झिक्न बाध्य भयो र अरुण-३ लाई दिने भनिएको लगानी रकमले १४४ मेगावाटको कालीगण्डकी (एसियाली विकास बैङ्क) र ७० मेगावाटको मध्यमर्स्याङ्दी (जर्मनी)का साथै निजी क्षेत्रले ३६ मेगावाटको भोटेकोशी र ६० मेगावाटको खिम्ती पनि बनाउन सके ।

सारांशमा अरुण-३ को अवसानले देशलाई सन् २००१सम्म आइपुग्दा अरुण-३ भन्दा एक तिहाई बढी बिजुली आधा समय र आधा खर्चमा प्राप्त भयो । तर दुर्भाग्य अरुण-३ ठीकसँग नेपालका लागि सस्तोमा बन्ने गरी नफर्काएर "जसरी भए पनि अरुण-३ फर्काउँछौँ" भनेर लोकतन्त्र आएपछि नेताहरूले बिजुली निर्यातका लागि संविधान र संसद छलेर अरुण-३ र माथिल्लो कर्णाली मुग्लानी साहुलाई कन्यादान गरिदिए । विश्व बैङ्कले भने आफूले अरुण-३ का लागि कबुल गरेको करिब १६ करोड डलर रकम एउटा "विद्युत् विकास कोष" खडा गरी साना र मझौला विद्युत् योजनामा लगाउने भनेको आज २३ वर्ष बितिसक्दा पनि गर्न सकेको छैन । यो पनि नबिर्सौं, अरुण-३ को विरोध गैँडा र पुतलीका लागि नभएर अति महङ्गो योजनाले नेपाली ठगिने भए भन्नेमा थियो । संखुवासभामा गैँडा छैन भनी विरोध गर्ने वातावरणविद्लाई राम्रै थाहा भएको विषय दुश्प्रचार गर्नेहरूले बुझ्नुपर्ने हो ।

आज सन् २०१८ को अन्त्यसम्म आइपुग्दा नेपालको करिव ८८ वटा साना र ठूला जलविद्युत् केन्द्रहरूमध्ये १७ वटा (ठुलठुलै- कुलेखानी, काली गण्डकी जस्ता) नेपाल विद्युत् प्राधिकरणका छन् भने बाँकी निजी कम्पनीका छन् । क्षमताको हिसाबले हेर्दा अहिलेसम्म देशको १००७ मेगावाट जडित क्षमता मध्ये ४५४ मेगावाट ने.वि.प्रा.ले र बाँकी निजी क्षेत्रले सञ्चालन गरेको छ । यदि ने.वि.प्रा. तथा सरकार होशमा आएनन् र जलभण्डारयुक्त बुढी गण्डकी, पश्चिम सेती जस्ता योजना नेपालकै लागि बनाउन कम्मर कसेनन् भने आगामी वर्षहरूको प्रक्षेपणले पनि निजी क्षेत्रको अनुपात बढ्दै जानेछ र मात्र खोला तर्काउने (run-of-river) खाले योजनाहरू बढी भएर सुख्खा समयमा क्षमता भएर पनि बिजुली आपूर्ति गर्न नसकिने स्थिति आउने छ ।

यो त विद्युत् उत्पादनको हकमा भयो । प्रसारणको हकमा भने स्थिति झन दयनीय छ । पश्चिमा दाताहरूको नीतिअनुरूप लोकतन्त्र आएपछिका सरकारले नेपालभित्रको प्रसारण सञ्जाल बढाउनु

र सञ्चालन गर्नुको साटो भारतको प्रणालीसँग जोड्ने ४०० के.भी.को लाइन विस्तारमा समय र स्रोत खर्चे । भन्न त भोलिका दिनमा विद्युत् भारत निर्यात गर्न यसले मद्दत हुन्छ भने तर नेपालको स्थिति आफैँ त महादेव उत्तानो कसलाई दिन्छस् वर भने भैँ भयो । भारतबाट आफ्ना नेपाली उत्पादनकर्तालाई दिएको दररेट भन्दा बढी दरमा नेपालले कोइलाबाट कार्बन उत्सर्जन गर्ने बिजुली झारखण्ड र विहारबाट आयात गरेर भारतमाथिको निर्भरता बढाएको छ । सुख्खा समयमा (१४ माघ २०७४मा) ने.वि.प्रा.ले ३४८ मेगावाट उत्पादन गऱ्यो भने नेपाली निजी क्षेत्रले १७७ मेगावाट र भारतबाट ४८१ मेगावाट आयात गरियो (ने.वि.प्रा.को उत्पादनभन्दा झण्डै ४० प्रतिशतले बढी) । काठमाडौँ र ठूला सहरभित्रको माग धान्न त्यस्तो परावलम्बी उपायले पनि नपुगेर नेपालका दुरदराजका जिल्ला गाउँ र उद्योगहरूको २७५ मेगावाटसमेत काटियो । प्रसारणतर्फको यस्तो गलत सोचाइले अर्को दुश्परिणाम पनि ल्यायो । भारतबाट त्यत्रो मात्रामा विद्युत् आयात गर्दा पनि सोलु गण्डक वा दक्षिण ललितपुर कोरिडोरहरूमा आन्तरिक प्रसारण लाइनको अभावले नेपाली विद्युत् उत्पादकहरूले आफ्नो विद्युत् नेपाली बजारमा आपूर्ति गर्न नपाएर खेर फाल्न बाध्य भएका छन् । नाकाबन्दीको घाउ आलो हुँदाहुँदै यस्तो राष्ट्रहित विपरीत आफ्नो विद्युत् प्रणाली परनिर्भरता बढ्ने गरी सञ्चालन भएको र कृतिम र परावलम्बी रूपमा लोडसेडिङ अन्त भएको भनिएकोमा ने.वि.प्रा. र राष्ट्रिय योजना आयोगले कुनै संवेदनशिलता देखाएका छैनन् ।

विद्युत् नीति निर्माताहरूले कुलेखानी जस्तै तर त्यो भन्दा ठूलो जलाशययुक्त योजना बनाउनेतर्फ ध्यान नदिएर नेपालको विद्युत् प्रणालीमा यस्तो दुर्भाग्यपूर्ण स्थिति आएको हो । विद्युत्को द्रुतता प्रकाशसरहको भएकाले गर्दा उत्पादन हुने बित्तिकै खपत पनि वितरण प्रणालीले गरिहाल्नु पर्दछ । उत्पादन र खपत या मागका बीच सन्तुलन कायम राख्न विद्युत्को भण्डारण गर्न सक्नुपर्छ जुन साना उपकरण (मोबाइल, गाडीका ब्याट्री इत्यादी)मा मात्र सम्भव छ। ठूलो प्रणालीमा दैनिक सन्तुलनका लागि ऊर्जा भण्डारण डेली पण्डेज (daily pondage)ले मात्र गरेका छन् । जसमा विद्युत् गृहमाथि पोखरी बनाएर दिन भरीको पानी सञ्चित गरी बेलुका बढी माग भएका बखत विद्युत् उत्पादनमा प्रयोग हुन्छ। मौसमी सन्तुलन वर्षाको पानी भण्डारण गरेर कुलेखानीमा मात्र पञ्चायतको समयमा भयो । बहुदल र लोकतन्त्रले यस्तो काम नगरेका मात्र होइनन् त्यस्ता नेपाली विद्युत् प्रणालीलाई सुहाउने योजना (जस्तै- पश्चिम सेती, माथिल्लो कर्णाली) भारत निर्यात गराउन लागी परे ।

पानी भण्डारण गरिने योजनाहरू विद्युत् योजना नभई बहुपक्षीय लाभ दिने योजना हुन्, जहाँ भण्डारण गरिएको पानीबाट सिंचाइ, बाढी नियन्त्रण, जल पारवहान, पर्यटन, मत्स्यपालन आदिबाट बिजुलीभन्दा बढी लाभ प्राप्त हुन्छ । ती सबै फाइदाका लेखाजोखा नगरी बाँधको सबै खर्च विद्युत्मा थोपरियो भने विद्युत् अति महङ्गो हुन जान्छ र अन्य गैरविद्युतीय लाभबाट देश बञ्चित भई भारतको पोल्टामा जान्छ जुन बुढी गण्डकीको हालको डिजाइनमा भइराखेको छ । बुढी गण्डकीको जलाशयमा सञ्चित गरिएको वर्षयामको पानीले सुख्खा समयमा बिजुलीमात्र नभई पूर्वी चितवनदेखि नवलपरासीसम्म सिंचाइ, उत्तरी गोरखासम्म जलपारवहन, तल्लो क्षेत्रमा बाढी नियन्त्रण, पर्यटन र उद्योगको विकास इत्यादी सम्भव हुन्छ। यस्ता बहुपक्षीय लाभ दिने योजनाहरू निजी क्षेत्रले बनाउन सक्दैन र दिनु पनि हुँदैन, सरकारले नै बनाउनुपर्छ किनभने अगाडि भनेजस्तै ती लाभहरू सार्वजनिक र सामाजिक वस्तु हुन् निजी मात्र होइनन् । निजी क्षेत्रले बाढी नियन्त्रण वा जलपारवहन जस्ता सार्वजनिक लाभ नेपाली बजारमा बेच्ने कल्पना गर्न सकिन्न ।

विद्युत् बजारको सबैभन्दा महत्वपूर्ण तर कम ध्यान दिइएको पाटो वितरण हो । यो काम सन् १९८५ अघि नेपाल विद्युत् करपोरेसनले गर्दै आएको थियो । विश्व बैङ्कले मर्स्याङ्दी ऋणको शर्त अनुरूप

विद्युत् कर्पोरेसन र तत्कालीन श्री ५ को सरकारको विद्युत् विभाग (जसले निर्माणको काम गर्थ्यो) लाई गाभेर एउटै नेपाल विद्युत् प्राधिकरण निर्माण गर्न लगायो। यो कदमले विश्व बैङ्कलगायतलाई आफ्नो ऋण ब्याज तिरिने भनेर आश्वस्त त बनायो होला तर आन्तरिक प्रसारणलगायत गल्ली गल्ली बस्तीबस्तीमा हुनुपर्ने वितरणको विस्तार र सुधार ओझेलमा पर्न गयो। माथि भनिएझैँ विद्युत् केही हदसम्म बजारमा बेचिन सक्ने निजी वस्तु हो भने धेरै हदसम्म सामाजिक र सार्वजनिक वस्तु हो जसको प्रभाव विद्युत्बाहेक शिक्षा, स्वास्थ्य जस्ता थुप्रै गैरव्यापारिक क्षेत्रमा पर्ने हुनाले यसको व्यवस्थापन बजारी तौरतरिकाले मात्र सम्भव छैन। तर विश्व बैङ्कलगायत अन्य दाता निकायहरू मुलतः पश्चिमा राष्ट्रका परारष्ट्र नीतिका औजार भएकाले सोभियत संघको पतन पछि नेपाल जस्ता गरिब मुलुकका स्रोतसाधन बजारले मात्र गर्नुपर्छ भनेर अभियान नै चलाए।

सन् २००२ मा म जलस्रोत मन्त्रीमा नियुक्त हुँदा विद्युत्का यी सामाजिक र सार्वजनिक चुनौतीहरू मेरा सामुन्ने देखा परेका थिए। म कुनै पार्टीको मान्छे नभएर एक प्राज्ञिक क्षेत्रको भएकोले एक थप चुनौती मैले महसुस गरेँ। करिब ८ वर्ष पछि सन् २०११ मा नेपालमा विद्युत् प्रादुर्भाव भएको शत वार्षिकी आउने थियो। त्यस बखत मलाई लाग्यो प्रश्न जरुर उठ्ने छ कि यतिका वर्ष बित्दा पनि किन नेपालमा पाँच जना नेपालीमध्ये चारजना नेपालीको विद्युत्मा पहुँच छैन (त्यस बखतको आँकडा) ? मान्छेले भन्लान् भन्ने लाग्यो-अरु मन्त्री त राजनीतिक प्राणीमात्र हुन्थे, तँ त प्राज्ञिक विषयवस्तु जानेको इन्जिनियर तैँले के गरिस् ?

राजाबाट ६ महिनामा चुनाव गराउनु र सुशासन कायम गर्नु भन्ने म्यान्डेट पाएको सरकारमा रहँदा धेरै ठूला योजना आँट गर्न सक्ने स्थिति त थिएन। के गर्न सकिन्छ भनेर घोत्लिँदा कमसेकम केही संरचनागत सुधार त गर्न सकिन्छ भन्ने लाग्यो र त्यसैमा ध्यान केन्द्रित गरियो। अरुण-३ को अवशानले खिम्ती भोटेकोशी जस्ता विदेशी निजी कम्पनीहरूलाई उत्पादनको क्षेत्रमा बाटो खोलेको थियो। सन् १९९७/९८ ताका शैलजा आचार्य जलस्रोत मन्त्री भएको बखत ने.वि.प्रा.लाई विद्युत् खरिद दर तोक्न लगाएर उनीले नेपाली निजी क्षेत्रलाई यस बजार प्रवेश गर्ने मौका दिलाइन्। त्यही सुधारलाई पछ्याउँदै द्वन्द्वकालमा ध्वस्त पारिएको झिमरुक जलविद्युत् केन्द्र पुर्नस्थापना हेतु वुटवल पावर कम्पनीको सही ढङ्गले निजीकरण गरियो जुन कम्पनीले विद्युत् उत्पादनमा दोब्बर वृद्धि ल्याएर उत्पादन दक्षता बढाएको छ (जुन श्रेय यसअघि गरिएका निजीकरण जस्तै-बाँसबारी छाला जुत्ता वा हरिसिद्धी इँटा टायल कारखानालाई दिन सकिँदैन)।

अर्को सुधार प्राधिकरण भित्रैबाट गर्ने अठोट गरियो। विद्युत् भनेको उत्पादन, प्रशारण र वितरण मिलेर बनेको प्रणाली हो जुन निजी क्षेत्रले उत्पादनमा प्रवेश पाइसकेपछि ने.वि.प्रा. जस्तो एकल (Vertically Integrated) संरचना स्वयम् प्राधिकरणलाई प्रत्युत्पादक र निजी क्षेत्रको विकासलाई बाधक भइसकेको थियो। संसद् नरहेको अवस्थामा नयाँ ऐन ल्याउने सम्भावना थिएन जसले गर्दा ने.वि.प्रा.लाई नै आन्तरिक खण्डीकरण गरी उत्पादन, प्रशारण र वितरण तिनवटैको छुट्टाछुट्टै व्यवस्थापन हुने ढाँचा अपनाइयो। यसअन्तर्गत बलियो भारप्रेषण केन्द्र र प्रशारण व्यवस्थाले निजी र कुलेखानी, कालीगण्डकीजस्ता सरकारी योजनाहरूबाट विद्युत् खरिद गर्ने र छुट्टा-छुट्टै नगरपालिका र सङ्गठित ग्रामीण सामुदायिक संस्थाहरूलाई बेच्ने अवधारणा रहेको थियो। यसै सुधार भित्र वितरणमा सामुदायिक विद्युत्को अवधारणा आएको हो। यहाँ यस सुधारका बृहद् अवधारणाबारे एउटा सानो तर महत्वपूर्ण कडी मात्र भनेर टुङ्ग्याँउ कि प्राधिकरणभित्र ११ तहका १९ पदमा करिब दुई वर्षसम्म २६ जना कर्मचारी अस्थायी दरबन्दीमा अड्केर बसेको स्थिति रहेछ। यसले गर्दा उच्च कर्मचारीहरूको मनोबल गिरेको थियो। केही त चाँडै नै उमेरको हदले गर्दा प्रमोसन

नपाई निवृत्त हुनेवाला थिए । करिब ४ महिनाको गृहकार्यपश्चात् यो समस्या समाधान भयो । पछि थाहा भयो कि टिपेक्स काण्ड, मुद्दैमुद्दा झेलेको ने.वि.प्रा. कर्मचारी प्रशासनमा यत्रो ठूलो संख्यामा भएको बढुवा सर्वोच्च अदालत नपुगेको यो पहिलो घटना रहेछ । यसपछि ने.वि.प्रा.को कर्मचारी व्यवस्थापनमा सहज भयो ।

म सन् २००३ को जुनमा मन्त्रीबाट हटेँ । त्यसपछि आएका विभिन्न पार्टीका सरकारहरूले ने.वि.प्रा.का ट्रेड युनियनका दबाब थेग्न सकेनन् । धेरै जसो यस्ता सुधारका कामहरू उल्ट्याए । तर पनि ती सुधारका मक्सद र सिद्धान्त ठीक भएकोले सन् २००८ मा पहिलो संविधान सभा/संसदद्वारा निर्वाचित प्रधानमन्त्री पुष्पकमल दाहालको सरकारले नयाँ विद्युत् ऐनको मस्यौदा प्रस्ताव गर्‍यो । जहाँ कुनै पनि एउटा संस्था/कम्पनीले विद्युत्सित सम्बन्धित एउटा मात्र काम- उत्पादन, प्रशारण वा वितरण गर्न पाउने छ, उल्लेख थियो । ने.वि.प्रा.मा ट्रेड युनियनको दबाबका कारण यो दफा भने ने.वि.प्रा.को हकमा लागू नहुने भनेर प्रस्तावित ऐनलाई जन्मनु अगावै पङ्गु बनाइयो । अझ यस ऐनमा नेपालको लागि विद्युत् उत्पादन गर्नेलाई भन्दा यहाँ उत्पादन गरेर भारत निर्यात गर्नेलाई बढी सहुलियत दिने प्रावधानहरू पनि राखिए । यस्ता विसङ्गतिहरूका कारण त्यस विधेयकमा सबै पार्टीका सांसदहरूबाट १४२ वटा संशोधनहरू राष्ट्रहितसँग मेल खाने थिए । जुन संशोधन ल्याउन सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघ, नेपालको पनि ठूलो योगदान छ । विगत दश वर्षमा यतिका थान सरकारहरू आए तर विद्युत् विकासका लागि दशौँ बीसौँ हजार मेगावाटका ठूलाठूला कुरा गरे पनि परिमार्जित विद्युत् ऐन पास गर्ने राजनीतिक सुझाव र हिम्मत देखाउन कसैले सकेका छैनन् ।

अनावश्यक कुचेष्टाका बाबजुद ने.वि.प्रा.ट्रेड युनियनले आफ्ना माउ पार्टीमार्फत् उल्ट्याउन नसकेको सुधार भने सामुदायिक विद्युत् नै रह्यो । अगाडि भनिए जस्तै विद्युत् यस क्षेत्रको छुट्टै र महत्वपूर्ण पाटो हो । विद्युत् उपभोक्ताले नै आफ्नो वितरण प्रणाली सञ्चालन गरेमा टाढा (काठमाडौँमा) रहेको ने.वि.प्रा.भन्दा बढी प्रजातान्त्रिक, उत्पादनशील र उत्तरदायी हुनेछ भन्ने यस अवधारणाको विश्वास रहेको छ । नेपालमा सामुदायिक सिंचाइ, वन र खानेपानीको लामो र गौरवमय मौलिक परम्परा छ ।

भारतलगायत अन्य दक्षिण एसियाली देशमा यस्ता परम्परागत संस्थाहरू वृटिश साम्राज्यवादले निमिट्यान्न पार्‍यो र केन्द्रिकृत औपनिवेशिक ऐनहरू ल्याएर पराई सोचबमोजिमको बजार र सरकार मात्र सुहाउने स्रोत व्यवस्थापन हुन थाल्यो जसको दुष्परिणामबाट स्वतन्त्र भारत अझै उम्कन सकेको छैन । नेपाल-अष्ट्रेलिया फरेस्ट्री प्रोजेक्टअन्तर्गत १९८० को दशकको अन्त्यतिर सामुदायिक वनबारे र १९९० को दशकमा RSDC भनिने ग्रामीण स्वावलम्वन विकास केन्द्र, जसको म संस्थापक अध्यक्ष थिएँ । सन् १९८५ मा अमेरिकाको वर्कली स्थित क्यालिफोर्निया विश्वविद्यालयमा अध्ययन गर्दा तेल उत्पादन मुलुकहरूको दादागिरीको शिकार नहुन र राष्ट्रिय ऊर्जा स्वावलम्वन कायम गर्न अमेरिकाका राष्ट्रपति जिम्मी कार्टरले स्वतन्त्र ऊर्जा उत्पादकहरूलाई प्रोत्साहन गर्न ल्याएका Public Utilities Regulatory Policies (PURPA) Act भनिने विधेयकबारे म जानकार थिएँ । त्यस ऐनले उत्पादन, प्रशारण र वितरणको एक्कल हक कायम राखेका विभिन्न अमेरीकी विद्युत् प्राधिकरणहरूको मोनोपोली तोडेर साना स्वतन्त्र उत्पादक र वितरकहरूलाई आफ्नो दक्षता देखाउने अवसर प्रदान गर्‍यो ।

नेपालमा सुधारको प्रयत्न गर्न लाग्दा ने.वि.प्रा. र विद्युत् विकास विभागबाट कुनै सहयोग नहुने स्थिति देखियो । बुझ्दै जाँदा दक्षिण ललितपुरमा एउटा सहकारीले विद्युत् वितरणको काम गरेको

मन्त्रालयका एकजना कर्मचारीले उनका हाकिमले थाहा नपाउने गरी मलाई सुटुक्क जानकारी गराए र सानो रिपोर्टको फोटोकपी पनि उपलब्ध गराए । त्यसैका केही दिनपछि त्यस सहकारीका तत्कालीन अध्यक्ष डिल्ली घिमिरेले समय लिएर भेट्न आए । मेरो लागि त ढुङ्गा खोज्दा देउता भेटेसरह भयो । तुरुन्तै चापागाउँमा एउटा ब्रिफिङ्ग कार्यक्रम राख्न लगाएँ । द्वन्द्वकालको समय हुनाले सशस्त्र प्रहरी र सेनाको लावालस्कार लिएर चापागाउँमा दिनभरि त्यस सामुदायिक संस्थामा जानकारी लिँदै बिताएँ । दक्षिण ललितपुरको अत्यन्तै उत्साहजनक सुरुवातलाई कसरी राष्ट्रिय अभियान बनाउने भन्ने काम थालियो । झण्डै ५ महिना लगाएर २७ औँ पटकको मस्यौदा पार गरी सामुदायिक विद्युत् वितरण विनियमावली २०६० तयार भयो र लागू गरियो । जम्मा १६औँ मस्यौदा पछिमात्र ने.वि.प्रा.का मठाधीशहरूले सहयोग गर्न थाले -कसरी गराइयो त्यो छुट्टै लेखको विषय हुन सक्ला । यसले ने.वि.प्रा.ले समुदायलाई एकमुष्ट थोकमा (एउटै मिटरमा) बिजुली बेच्ने र समुदायले खुद्रा वितरणमा आफ्नो नीति नियम र सुविधाले गर्ने मुख्य व्यवस्था रह्यो । मेरो चाहना त सबै नगरपालिकाहरूमा पनि वितरणका सबै उपभोक्ताहरू यसै विनियमावली भित्र आउन् भन्ने थियो तर ट्रेड युनियन मात्र नभई ने.वि.प्रा.का मठाधीशहरूको पनि चर्को विरोधले गर्दा पहिलो चरणमा ग्रामीण भेगलाई मात्र यो लागू हुने र एउटा अपवाद स्वरूप सानो सहर मुग्लिङ्गमा पनि लागू गराउने भन्ने गरियो । यसैअनुरूप दक्षिण ललितपुरलगायत १८ वटा सामुदायिक वितरण संस्थाहरू स्थापित भए । चन्द सरकार सन् २००३ को जुनमा हटेपछि वनेको सूर्यबहादुर थापाको सरकारका अर्थमन्त्री डा. प्रकाशचन्द्र लोहनीले सरकारको तर्फबाट ८०:२० को अनुदान कार्यक्रम ल्याउनुभयो ।

विनियमावली त जोडतोडले ल्याइयो तर तुरुन्तै त्यसपछि मलाई यो कार्यक्रम कसरी लागू गराउने भन्ने चिन्ताले सताउन थाल्यो । अगाडि देखिएका प्राधिकरणका मठाधीशहरूबाट यो पार लाग्दैन बरु तिनले पाए करौंती लगाएर यसको भ्रुण हत्या गर्न बेर लाउँदैनन् भन्ने मैले बुझेको थिएँ । यो नयाँ जन्माइएको सामुदायिक विभाग मन लगाएर हाँक्न सक्ने सिनियोरिटी पनि भएको को होला भनेर खोज्न थालेँ । अलि कुटनीतिक ट्र्याक्सिस लगाएर बुझ्दा जानकारीमा आयोकि एउटा राम चन्द्र पाण्डे भन्ने व्यक्ति नेपालगञ्जमा हाकिम छन् । नर्मल विद्युत् हाकिम जस्तो राम्रा योजना ताक्दै हिँड्दैनन्, खाली ग्रामीण विद्युतीकरण, बंगलादेशको विद्युत् को-अपरेटिभ भनेर सधैँ अर्धसिल्ली कुराको रटानमात्र गर्छन् भन्ने सुन्नमा आयो । यो मान्छे योग्य पात्र होला भन्ने लाग्यो र नेपालगञ्जबाट झिकाई यो नयाँ विभागको जिम्मा उनलाई लगाएँ । त्यसपछि बाँकी त सामुदायिकको इतिहास भैहाल्यो ।

यो सामुदायीकरणको १ वर्षे प्रयोग बितेपछि विनरक इन्टरनेसनल र जर्मन जिटिजेडको सहयोगमा काठमाडौँको अन्नपूर्ण होटेलमा एक समीक्षा कार्यक्रम राखियो । सबैको राय यो अभियान अत्यन्तै फलदायी र नेपाल सुहाउँदो उपयोगी हो भन्ने रह्यो । तर ने.वि.प्रा.को ट्रेड युनियन र कर्मचारीतन्त्रले यस सामुदायिक अभियानलाई सौताको व्यवहार गरेकोले एक्लै एउटा उपभोक्ता समूह निरिह हुने ठहर पनि भेलाले गऱ्यो । फलस्वरूप सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघ, नेपाल नामक सञ्जालको गठन भयो । यसले सामुदायिक विद्युत्मा लागेका इकाइहरूको सामुहिक हित हेर्ने सामुदायिक संस्थाहरू एक अर्कालाई सहयोग गर्ने र सामुदायिक विद्युत् अभियान अगाडि वढाउने, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा अभियान चलाउने कामको जिम्मा लियो । सुरुमै भने जस्तो, विद्युत् मात्र निजी व्यापारको वस्तु (Private Goods) होइन किन भने यसको सामाजिक (Public Goods) र सार्वजनिक(Common pool Goods) वस्तुको चरित्र पनि छ । सामाजिक पक्षलाई सरकार आवद्ध नियन्त्रणमुखी ईकाइहरूले हेर्न सक्छन् तर सार्वजनिक पक्ष भने समाजिक न्यायसित सरोकार राख्दछ

र त्यो काम न सरकार न बजारले नै ठीकसँग गर्न मन लगाउँछन् । यसका लागि त्रिणमुलमै भिजेको नाफा र नियन्त्रण भन्दा माथिबाट क्षेत्रलाई बुझ्ने सामुदायिक अभियानको आवश्यकता पर्दछ ।

आज यो अभियान देशभरि फैलिएको छ र विद्युत् चोरी शून्य हुन सक्छ, विद्युत्को सिर्जनशील उपयोग गाउँ स्तरमै हुन सक्छ भनेर उदाहरण बनेको छ । नेपालमा ११७ वर्षअघि फर्पिङ्मा पहिलो विद्युत् उत्पादन भएर काठमाडौँ राजधानीमा बिजुली पुग्दा बिजुली भन्ने चमत्कारी वस्तु सबै भन्दा पहिले देख्ने साधारण नेपाली शायद फर्पिङपारि रहेको ललितपुरको दनुवार गाउँका बासिन्दा थिए । त्यहाँबाट वागमतीपारि पश्चिम दक्षिणकालीतर्फ हेर्दा फर्पिङ विद्युत्गृह देखिन्छ । सय वर्षसम्म पारीको बिजुलीमात्र देखेका तर उपभोग गर्न नपाएका दनुवारगाउँ नजिक देवीचौरबासीले सामुदायिक विद्युत्को अवधारणा लागू भएपछि मात्र बिजुली उपभोग गर्न पाए । यो नै एउटा दरो प्रमाण हो कि विद्युत् सार्वजनिक वस्तुको चरित्र-याने सबै नेपालीले बिजुली उपभोग गर्न पाउनुपर्छ यो मानव अधिकार हो भन्ने सामाजिक न्यायको कुरा- न सरकार न निजी मात्र सामुदायिक क्षेत्रले यो अभिभारा बोकेको छ । अब अगाडिको काम भनेको नेपाल सुहाउँदो सामुदायिक अभियानलाई टेवा दिन सक्ने राम्रो र नयाँ विद्युत् ऐन संसदबाट पारित गराउनु हो । यसका लागि १० वर्ष अघि प्रस्तावित विद्युत् विधेयकमा परेका १४२ वटा संशोधनहरू फेरि एकपल्ट अध्ययन गरी त्यस मर्म अनुरूपम अगाडि बढ्नु जरुरी छ ।

(लेखक पूर्व जलस्रोत मन्त्री एवम् ऊर्जा विज्ञ हुन् ।)

हार्दिक शुभकामना

दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि.को **सामुदायिक विद्युत्** पाँचौं शृङ्खला प्रकाशन भएको र दक्षिण ललितपुरका ग्रामीण समुदायमा विद्युतीकरण तथा उद्यमशीलता विकासमा योगदान पुऱ्याएकोमा सहकारी संस्थाको उत्तरोत्तर प्रगतिको कामना गरिन्छ ।

श्री ध्रुवप्रसाद घिमिरे

अध्यक्ष, कोन्ज्योसोम-२, शंखु

तथा

कोन्ज्योसोम-२ परिवार

बिजुली र विकासको कोरियोग्राफी

ufkfn ;~hn

कोरियोग्राफी

पेल्ट्रिक सेटबाट दुई/चार किलोवाट क्षमताका बिजुली बाल्ने लहरै चल्यो दक्षिण ललितपुरमा । केन्द्रीय प्रसारण लाइनको बिजुली त कल्पनै गरिएको थिएन । वास्तवमा पेल्ट्रिक सेट उज्यालो मात्रै थियो, बिजुली थिएन । प्रविधि पनि कच्चा थियो । खोलाखोल्सी वरिपरि दुई/चार सय मिटर आसपासमा सामान्य उज्यालोको गुजारा गर्न मिल्ने प्रविधि हो पेल्ट्रिक सेट । यो पनि ठूलै विकास ठानियो त्यतिबेला । तर, चट्याङले भटाभट ध्वस्त गऱ्यो । ठूलै विकास ठानिएको कार्यमा धक्का लागेपछि गम्भीर प्रश्न उठ्यो, विकल्प के ?

यही प्रश्नको जवाफ हो, दक्षिण ललितपुर ग्रामीण विद्युतीकरण । तत्कालीन जनप्रतिनिधि र अगुवा व्यक्तिको सामूहिक पहल त्यो पनि लामै समय जुत्ताका तलुवा खियाउँदाको परिणाम पनि । इच्छाशक्ति तीव्र थियो । लगाब बिछट्टै थियो । तर, बिनाकोरियोग्राफी । केवल अभाव पूर्ति गर्ने इरादा । कतिबेला उदेक लाग्यो भने बिजुली मात्रै होइन, विकासका सबै विषय र विधिका अवयव सिंहदरबारको दया र विवेकको याचनाभित्र कैद गरिएको यथार्थता पाउँदा हामी आफैँ अवाक् भयौँ तर निराश भएनौँ । बरु विद्युतीकरणको क्षेत्रमा नयाँ डिस्कोर्स सुरु भयो । शब्दको नयाँ पदावली स्थापित भयो, ग्रामीण सामुदायिक विद्युतीकरण । विद्युतीकरणमा सामुदायिक सहभागिता ।

निरन्तरता नै सार्थकता

जुत्ताका तलुवा खियाइएको कुरो भजन गाउन खोजिएको होइन । तर, निर्दिष्ट उद्देश्यमा निरन्तरता दिइयो भने परिणाम हात लाग्न करै लाग्छ । एउटा ठूलै लगाव र समर्पणको परिणाम हो, दक्षिण ललितपुरको विद्युतीकरण । यसो विगतलाई नियाल्दा यति भन्न सकिन्छ कि यदि त्यतिबेला यहाँको विद्युतीकरणको योजना त्यसमा पनि सहकारीमार्फत सामुदायिक अवधारणामा बनाइएको थिएन भने आजसम्म पनि सिंहदरबारले दक्षिण ललितपुरमा बिजुली बाल्ने योजना बनाउने थिएन । देवीचौरको बुरुन्चुलीसम्म बिजुली पुगेको थियो । जौबारीसम्म पुग्थ्यो होला तर घुसेल किमार्थ पुग्थेन । यता कोटडाँडाबाट तीनपाने भन्ज्याङ काटेर भट्टडाँडा पुग्ने त कल्पनै गर्न सकिन्न । उता लेलेको तिलेश्वरसम्म बिजुली पुगेको थियो । धेरै कसरत गर्दा नल्लु वा भारदेउसम्म पुग्थ्यो होला तर चौघरे पुग्न महाकठिन थियो । अलि ढिलो भयो होला भनेको बेला भएन होला तर आज बाग्मती किनारका प्युटार, आस्राङ, गिम्दी र ठूलादुर्लुङसम्म बिजुली पुगेको छ । यदि विद्युत् सहकारी

थिएन र सामुदायिक विद्युतीकरणको योजना थिएन भने आज पनि दक्षिण ललितपुर अँध्यारोमै हुन्थ्यो । गम्भीर प्रश्न उठ्न पनि हुन्थ्यो कि यो एक दशकमा प्रविधिले निकै फड्को मारेको छ । मोबाइल, डिसहोम टिभी र यातायातसँगै बिजुली नहुँदा के हालत हुन्थ्यो होला ? शिक्षा, स्वास्थ्य, कृषि, बाटो, पुल, पुलेसाजस्तो अलि होइन बिजुलीको योजना । उच्च प्रविधि र त्यसमाथि ठूलो बजेट एकैसाथ जुट्नुपर्ने । सिंहदरबारको पनि आजसम्म हैरानीको विषय हो बिजुली । तर दक्षिण ललितपुरको विद्युतीकरणले राज्यको नीतिगत तहमा फेरबदल गर्न र नयाँ ढङ्गले काम गर्न बाध्य भयो । सामुदायिकस्तरबाट नीतिगत तहमा गरिएको यो सर्वथा नयाँ योगदान हो ।

स्थानीय सरकार : विकासको कोरियोग्राफर

कोरियोग्राफी शब्द नृत्य विधाबाट लिइएको हो । यसको अर्थ नृत्यका कदमको चाल भन्ने अर्थ लाग्छ । विकासमा पनि यसका विधागत कदमका चाल चाल्न सकिन्छ । यसको मसिनो डिजाइन गर्न सकिन्छ मात्रै होइन, गर्न जरुरी छ । तहगत रूपमा पाइला चाल्न र त्यसको चाल निर्धारण गर्न सक्नु नै विकासको गति हो । विधिवत् सहज बाटो हो ।

त्यतिबेला स्थानीय निकाय थियो । अहिले स्थानीय तह वा सरकार छ । अब स्थानीय विकासको कोरियोग्राफी स्थानीय सरकारले गर्नुपर्छ । विधागत रूपमा विकासका पाइलाका कदम चाल्न योजनाबद्ध थालनी नै पहिलो सर्त हो । लहड, तजबिज, दया, विवेक, सन्की, मुखका भरमा विकासका योजना बन्ने र बनाइने प्रवृत्ति, शैली र तरिका अबको समयमा हुन सक्तैन । स्थानीय सरकार त्यसै भनिएको र खडा भएको होइन । उसले यसका खाका कोर्न विज्ञ र विशेषज्ञको परामर्श लिनै पर्छ । किनकि राजनीतिले अवधारणा बनाउने हो । सपना देख्ने हो । खाका बनाउने र योजनाको ढाँचामा ढाल्ने काम विज्ञ र विशेषज्ञले गर्छन् । कि त कर्मचारी प्रशासनले गर्छन् । जनप्रतिनिधि हुँदैमा सबै क्षेत्र र विधाको ज्ञान हुन सक्छ भन्ने हुन्न । तर त्यसका लागि अन्य पक्ष र क्षेत्रबाट समन्वय गर्दै योजनाको निरूपण गर्ने दक्षता भने हासिल गर्नैपर्छ । त्यो नै सफल जनप्रतिनिधि हो ।

यदि १५ वर्ष स्थानीय तहमा जनप्रतिनिधि रिक्त नभइदिएको भए दक्षिण ललितपुरको विद्युतीकरणले उहिलै पूर्णता पाउने थियो । विद्युतीकरणसँगै यसका परिप्रयोगबाट गर्ने आर्थिक विकासले गति लिइसक्ने थियो । व्यवसाय प्रवर्द्धन र विकासका लागि विद्युत् पहिलो सर्त हो । त्यसको उचित व्यवस्थापन गर्ने कार्य स्थानीय सरकारले हो । आर्थिक सामाजिक विकासको संयोजन गर्ने पनि स्थानीय सरकारले नै हो ।

अबको कोरियोग्राफी

दक्षिण ललितपुर स्रोतका हिसाबले सम्पन्न छ । तर यहाँ पुँजीको अभाव छ । गाउँको स्रोत र सहरको पुँजीलाई संयोजन गर्दा मात्रै सम्पन्नताको आधार बन्छ । गाउँ र सहरलाई स्रोत र पुँजीको संयोजन नगर्दा हाम्रो विकासको तुलो असन्तुलित भएको हो । त्यसैले महानगर र दुई नगरले तीन गाउँपालिकासँग स्रोत र पुँजीको संयोजन गर्न अनि निजी क्षेत्रसँगको साझेदारीका पहलकदमी थाल्नुपर्छ । यही ढाँचाले नै विकासमा सिनर्जी प्राप्त गर्दछ । यसको प्रचुर सम्भावना भनेको पर्यटन क्षेत्र हो । ग्रामीण पर्यटन र सहरी पर्यटनले गति लिँदा जिल्लाको सामाजिक आर्थिक स्थितिले कायापलट हुनेमा सन्देह हुन्न । यसैको कोरियोग्राफी गर्न थालौँ न !

(लेखक दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि.का पूर्व अध्यक्ष हुन् ।)

संघीयतामा सामुदायिक विद्युत्

gf/fo0f 1jfnL

समाजवादी अर्थतन्त्रको विकास समुदाय बलियो भएमा मात्र सम्भव छ । समुदायलाई विकासमा साझेदार बनाउन सकिए मात्र विकास दिगो, प्रभावकारी हुनुका साथै अर्थतन्त्रमासमेत सकारात्मक असर पर्दछ। नेपालको विकासमा अथाह सम्भावना बोकेको जलविद्युत्सँगै ग्रामीण विद्युतीकरणको विकास पनि समुदायको सहभागिताबाटै सम्भव छ । नेपालको संविधानले परिकल्पना गरेको समाजवादोन्मुख अर्थ व्यवस्थालाई टेवा दिन व्यावहारिक रूपमा समुदायसँग सहकार्य गर्न जरुरी छ। नेपालमा विभिन्न सामुदायिक सहभागिताका अभ्यास भए पनि राज्य र समुदायले समन्वय र सहकार्य गरेर एकीकृत कार्यक्रम सञ्चालन गर्न समस्यादेखिएका छन् । समुदायलाई प्रत्यक्ष सहभागी गराउन परिवर्तित सन्दर्भमा नीतिगत सुधार गर्दै जानुपर्नेमा हाम्रा विकासका गतिविधिहरू परम्परावादी शैलीमा चलिरहेका छन्, जसका कारण समुदायले राज्यको प्रभावकारिता र परिवर्तनको अनुभूति अझै गर्न सकिरहेका छैनन् । सानै भए पनि विगत १५ वर्षको अवधिमा सामुदायिक विद्युतीकरणमा भएको विकास र विस्तार, समुदायको सहकार्य, सामुदायिक सहभागिता, जनचेतना जस्ता विषयले समाजमा आर्थिक तथा सामाजिक रूपान्तरण भएको छ। यो मोडलबाट विद्युतीकरणमा विस्तार हुनुका अतिरिक्त स्थानीय तह, प्रदेश तह र केन्द्रको समन्वयमा सामुदायिक अभियान सञ्चालन गर्दा विकासले फड्को मार्न सक्छ र सामुदायिक विकास पनि सम्भव छ ।

सामुदायिक विद्युतीकरणको प्रभाव

नेपालमा सामुदायिक विद्युतीकरणको इतिहास लामो नभए पनि छोटो समयमा यसको प्रभाव बढेर गएको छ। राज्यबाट आवश्यक नीति कार्यान्वयन र संस्थागत संरचना तथा सामुदायिक सहभागिताको मर्मबमोजिमको कार्य गर्न सकेको भए यसको प्रभाव अझ बढ्ने थियो । तथापि, ग्रामीण क्षेत्रमा यसको सकारात्मक प्रभाव बढेर गएको छ। ग्रामीण क्षेत्रका जनतामा एकीकृत योजना, सामुदायिक सहभागिता, विद्युतीकरणमा सरल ग्राहक सेवा, स्थानीय रोजगारी, ससाना उद्यम व्यवसाय, नवीनतम् प्रविधिको विकास, शिक्षामा गुणात्मक विकास, विद्युतीय सुरक्षा तथा सतर्कता जस्ता विषयहरू विकास भएका छन् । सामुदायिक विद्युत्को प्रभाव र ग्राहकहरूको विद्युतीय संरचनाको संरक्षणमा चासोका कारण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू आकर्षित भई समुदायसँग सहकार्य गरिरहेका छन् । यसरी राष्ट्रिय र अन्तर्राष्ट्रिय चासो बढ्दै जानु सहभागितामूलक सामुदायिक विद्युतीकरणको प्रभाव नै हो ।

सामुदायिक विद्युतीकरण कार्यक्रम

नेपालमा हरेक क्षेत्रका जनतामा विद्युत् प्रयोग गर्ने चाहना तीव्र रूपमा बढेर गएको छ । तर,

सहज रूपमा यसको प्राप्तिका लागि अझै पनि धेरै समस्या विद्यमान छन् । नेपालको भौगोलिक विकटता, गरिबी, स्रोत र साधनको अभाव, स्वदेशी उत्पादन क्षमतामा कमी, आदि कारणबाट जनताले आशा गरेअनुरूप विद्युतीकरणको विकास हुन सकेको छैन । जबसम्म विकासमा जनताको सहभागिता रहँदैन, तबसम्म विकास छिटो र दिगो हुन नसक्ने कुरालाई मध्यनजर गर्दै नेपालमा जनताको सहभागितामा सामुदायिक विद्युतीकरण कार्यक्रम सञ्चालनमा आएको हो । नेपालको राजनीतिक व्यवस्थामा आएको परिवर्तन र त्यसको अनुभूति जनतामा दिलाउन सामुदायिक सहभागितासहित स्थानीय तह, प्रादेशिक तह र संघीय सरकारको एकीकृत सामुदायिक विद्युतीकरण कार्यक्रम प्राथमिकताका साथ अघि बढाउनुपर्दछ । सबै पक्षको समान सहभागिता भयो भने मात्र विद्युतीकरणको विकास सम्भव छ । हालसम्म भएको अभ्यास र सामुदायिक सहभागितालाई हेर्दा अब विकट र गरिबी भएका क्षेत्रमा समुदायको १०% रकम सहभागिता जुटाउन कठिन छ । अतः राज्यबाट गरिबीको आधारमा विकट क्षेत्रमा १०% सहभागिता घटाएर केही प्रतिशत सहभागिता गराउँदै वितरण व्यवस्थापनमा समुदायलाई सहभागी गराई सामुदायिक विद्युतीकरण कार्यक्रमलाई व्यवस्थित गर्न जरुरी छ ।

संघीयता र हाम्रो कार्य प्रणाली

सिद्धान्तमा देश धेरै अघि बढिसक्यो । सिंहदरबार गाउँगाउँमा गइसक्यो । जनप्रतिनिधिहरूले गाउँगाउँबाट जनसेवा गर्न सुरु गरिसके तर यथार्थमा नेपाल विद्युत् प्राधिकरणका लागि वा विद्युतीकरणमा संघीयता अझै आउन सकेन । नेपाल विद्युत् प्राधिकरणको सङ्गठन संघीयताको आधारमा पुनःसंरचना हुन सकेन । समयसापेक्ष विद्युत् ऐन र विद्युत्सम्बन्धी प्रदेश कानुन बन्न सकेन । जसका कारण केन्द्रीकृत योजना सञ्चालन गर्दै परम्परावादी कार्यहरू निरन्तर सञ्चालन हुन पुगे । यस्ता कार्यले संघीयता बलियो हुँदैन र जनताले गाउँबाटै सेवा पाउन पनि सक्दैनन् । अब ७६१ वटा सरकार भएको मुलुकमा व्यावहारिक नीति र नियमका आधारमा प्रभावकारी एवम् जनपक्षीय कार्य अघि बढ्न आवश्यक छ । संघीयता बलियो होइन, कमजोर बन्न सक्ने आभास भइरहेको छ । जबसम्म जनताले तलबाट सेवा पाउँदैनन्, विकास योजना तलबाट बन्ने र कार्यान्वयनमा जाने हुँदैनन्, तबसम्म संघीयताले दरिलोसँग पाइला टेक्न सक्दैन । केन्द्रको नियन्त्रणमा हुने कार्यहरूले जनताको मन छुन सक्दैनन् । अतः संघीयताले परिकल्पना गरेको संघ, प्रदेश र स्थानीय तहका कामहरू विद्युतीकरणको क्षेत्रमा पनि कार्यान्वय नहुनु जरुरी छ । परम्परावादी सोच र कार्यहरू हट्दै विकासमा जनताको सहभागितासहितको सेवा जनस्तरमा जान सक्छ र पूरानो कार्य प्रणालीको अन्त्य हुन सक्छ ।

संघीयतामा सामुदायिक विद्युत् व्यवस्थापन

नेपाल सरकारले विद्युत् उत्पादन, प्रसारण र वितरणको सबै जिम्मेवारी नेपाल विद्युत् प्राधिकरणलाई दिएको छ । प्राधिकरणको सङ्गठन पुनःसंरचना हुन नसक्दा, समयसापेक्ष विद्युत् ऐन आउन नसक्दा र विद्युत् नियमन आयोग ऐन आए पनि विद्युत् नियमन आयोग गठन हुन नसक्दा सबै कार्य प्रभावित भएका छन् । विद्युत्को पूर्वाधार विकासका लागि गरिने बोलपत्रहरूमा केन्द्रबाट गरिने अनुगमन कमजोर हुनु, ठेकेदारहरूले निर्माणकार्यमा ढिलासुस्ती गर्नु जस्ता कारणबाट सिँगो विद्युतीकरणको विकासमा असर परेको छ । सरकारले हरेक वर्ष विद्युतीकरणका लागि बजेट विनियोजन गर्दछ तर विनियोजित बजेटबाट भएको प्रगतिबारे कुनै अनुगमन गरेको पाइँदैन । प्राधिकरणको उत्पादन, प्रसारण र वितरणको क्षेत्रभित्र हजारौँ आयोजना सञ्चालित छन् । सबै आयोजना केन्द्रबाटै हेरिने

र जसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा नतिजा सकारात्मक आउन सकेको छैन । केन्द्रमा सामुदायिक ग्रामीण विद्युतीकरणका लागि छुट्टै निकाय बनाई नेपाल सरकारको बजेटबाट गरिने कार्यहरूका लागि हरेक प्रदेशमा डिभिजन कार्यालय वा विद्युतीकरण महाशाखा स्थापना गर्ने र गाउँस्तरसम्म इकाइ स्थापनामार्फत् सेवा प्रभावकारी बनाउनुपर्छ । जबसम्म विद्युत् ऐन, विद्युत् नियमन आयोग, प्राधिकरणभित्रको पुनःसंरचना, ग्रामीण विद्युतीकरण गुरुयोजना र सामुदायिक विद्युतीकरणका लागि प्रदेश र गाउँस्तरमा संथागत संरचना निर्माण हुँदैन तबसम्म विद्युतीकरणको प्रभावकारिता बढ्न र जनताको घरदैलोमा प्राप्त हुनुपर्ने गुणस्तरीय सेवा पुग्न सक्दैन । अतः सरकारले आवश्यक ऐन तथा नीति निर्माण गरी प्राधिकरणको संस्थागत सङ्गठन संघीय ढाँचामा पुनःसंरचना गर्न र ग्रामीण विद्युतीकरण व्यवस्थापन गर्न आवश्यक छ । यसबाट मात्र संघीयतामा सामुदायिक विद्युत्को सार्थकता बढ्न सक्छ, जुन आजको अपरिहार्य आवश्यकता हो ।

(लेखक सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघ नेपालका अध्यक्ष हुन् ।)

हार्दिक शुभकामना

दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि.को **सामुदायिक विद्युत्** पाँचौं शृङ्खला प्रकाशन भएको र दक्षिण ललितपुरका ग्रामीण समुदायमा विद्युतीकरण तथा उद्यमशीलता विकासमा योगदान पुऱ्याएकोमा सहकारी संस्थाको उत्तरोत्तर प्रगतिको कामना गरिन्छ ।

श्री रामचन्द्र दाहाल
अध्यक्ष, महाङ्काल गाउँपालिका
तथा
गाउँपालिका परिवार

सहकारीको संरचना र व्यवस्थापन



;bzgk|;fb 9sfn

प्रजातान्त्रिक अभ्यास र व्यावसायिकताको प्रबर्द्धन एकसाथ गर्नु पर्ने भएकोले सहकारीको व्यवस्थापन अन्य पद्धतिको उद्योग व्यवसायको भन्दा फरक र जटिल हुन्छ। सहकारीमा सदस्यले गरेको लगानी गरेको पूँजी नभै व्यक्तिगत आधारमा एक सदस्य एक मतको अधिकार रहेको हुन्छ। सहकारीको महत्वपूर्ण निर्णयहरूमा प्रत्येक सदस्यको मतले अहंम भूमिका निर्वाह गर्दछ।

सामान्यतया प्रत्येक देशमा सहकारीको लागि विशिष्ट र छुट्टै ऐन नियमको व्यवस्था गरिएको हुन्छ। सहकारी सम्बन्धी कानूनहरू राज्यले सहकारीका सिद्धान्त र मूल्यहरूमा प्रतिकूलता नहुने गरी तर्जुमा गरी जारी गरिएको हुनुपर्दछ। राज्य सञ्चालनमा प्रजातान्त्रिक व्यवस्थाहरू कटौती भएको अवस्थामा सहकारीको व्यवस्थापनमासमेत राज्यले हस्तक्षेपकारी प्राबधानहरू उपयोग गरेको हुन सक्दछ। अन्यथा सहकारीलाई स्वनियमन र स्वनियन्त्रणमा चल्न दिन राज्यले सहजकारी र नियमनकारी भूमिका मात्र निर्वाह गरेको हुन्छ। प्रत्येक सहकारीका सङ्गठनहरूले सम्बन्धित देशको सहकारी सम्बन्धी प्रचलित कानूनी व्यवस्था अन्तर्गत रही तथा सहकारीका सिद्धान्त, मूल्यहरू तथा सहकारी क्षेत्रका भएका राम्रा अभ्यासहरूलाई आधार बनाई आफ्नो सङ्गठन सञ्चालन गर्न स्वयं आन्तरिक नियमहरू निर्माण गर्दछन्। यस्ता नियममासमेत सदस्यहरूको प्रजातान्त्रिक अधिकारलाई बलियो र चुस्त गराउने प्राबधानहरू राखिएको हुन्छ। सहकारीले बनाएको यस्तो नियमलाई नेपालमा विनियम भन्ने गरिएको छ। यस्तो विनियममा खाशगरी महत्वपूर्ण व्यवस्थाहरू गरिएको हुन्छ। जस्तै नाम, ठेगाना, उद्देश्यहरू, कूल पूँजी, शेयरको मूल्य र एउटा सदस्यले अनिवार्य रूपमा लिनु पर्ने न्यूनतम शेयरको संख्या, सदस्यहरूको दायित्व, सदस्यहरू थप्ने र घटाउने आधार र विधिहरू, सहकारी व्यवस्थापनका लागि निर्माण गरिने सञ्चालक समिति, लेखा समिति तथा अन्य समिति तथा उप समितिको व्यवस्था तथा पदाधिकारीहरूको काम, कर्तव्य तथा अधिकारहरूका बारेमा स्पष्ट व्यवस्था उल्लेख गरिएको हुन्छ। सदस्य, सञ्चालक, सुपरीवेक्षण समिति तथा व्यवस्थापन वीचको सम्बन्धलाई प्रष्ट रूपमा व्याख्या गर्न सकिने व्यवस्थाहरू विनियममा भयो भने विवादहरूलाई सहजै व्यवस्थापन गर्न सकिन्छ।

सहकारीको व्यवस्थापकीय संरचनालाई देहाय बमोजिम वर्गिकरण गरी अधिकार र कर्तव्य तथा जिम्मेवारीको बाँडफाँड गरिएको हुन्छ :

साधारण सभा वा बैठक

यो सहकारीको सार्वभौम अधिकार भएको महत्वपूर्ण संरचना हो। यसैबाट निश्रृत अधिकारका आधारमा संस्थाको व्यवस्थापन अघि बढ्दछ। अन्तिम निर्णय गर्ने प्राधिकार पनि यसै सँग रहेको

हुन्छ । प्रत्यक्ष प्रजातान्त्रिक अभ्यास गर्ने सहकारीको महत्वपूर्ण थलो यस बैठकलाई मानिन्छ । सहकारीका सबै सदस्यहरूको उपस्थिति रहने यो बैठकमा सबै सदस्यहरूले बराबरीको अधिकार प्रयोग गर्दछन् । एक सदस्य एक मतका आधारमा महत्वपूर्ण निर्णयहरू गर्ने सदस्यहरू सहभागि रहने यस्तो सभा कम्तिमा वर्षको एक पटक राख्नै पर्ने अभ्यास विश्वभरीका सहकारीले अवलम्बन गरेका हुन्छन् । हाम्रो देशको प्रचलित सहकारी कानूनले आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र साधारण सभा बोलाउनै पर्ने बाध्यात्मक व्यवस्था गरेको छ । तोकिएको समय भित्र साधारण सभा नबोलाएमा सदस्यहरूको गुनासोको आधारमा वा कार्यालयलाई जानकारी भएको आधारमा स्वयं रजिष्ट्रारले नै साधारण सभा बोलाउनेसम्मको अधिकार कानूनले व्यवस्था गरेको छ । यस सभा वा बैठकले प्रमुख रूपमा देहायका कामहरू गर्नै पर्ने हुन्छ :-

- सहकारीको नीति बनाउने र संशोधन गर्ने काम यस बैठकबाट गरिनु पर्दछ । विशेष गरी सहकारीको विनियम र कार्यविधिहरू स्वीकृत गर्ने र संशोधन गर्ने काम साधारण सभाबाट मात्र सम्भव हुन्छ । यस कार्यका लागि देशको प्रचलित सहकारी सम्बन्धी कानून र सम्बन्धित सहकारीको विनियमले निर्दिष्ट गरेका विधि र प्रक्रियाहरूको अवलम्बन गरिनु पर्दछ । उदाहरणका लागि विनियम वा कार्यविधि संशोधनका लागि ५० प्रतिशत भन्दा बढी सदस्यहरूको सहमति आवश्यक हुन्छ ।
- यसै बैठकबाट सञ्चालक समिति र सुपरीवेक्षण समितिका पदाधिकारीहरूको निर्वाचन गरिन्छ । साधारण सभाबाट यी दुवै समितिका कुनै वा सबै पदाधिकारीहरूलाई हटाउने सर्बोच्च अधिकार पनि यसै सभालाई रहेको हुन्छ । सञ्चालक समिति र सुपरीवेक्षण समितिमा पदाधिकारी नियुक्त गर्ने र हटाउने अधिकार सञ्चालक समितिलाई हुदैन । सामान्यतया समितिका पदाधिकारीहरूलाई हटाउने वा निर्वाचित गर्न विनियममा तोकिएको प्रक्रियाहरू पूरा गरी बसेको साधारण सभाको गणपुरक संख्या (Quorum) पुगेको बैठकमा उपस्थित सदस्यहरूको बहुमतले निर्णय गरे बमोजिम हुन्छ ।
- बैठक वा साधारण सभामा पेश गरिएको सहकारीको वार्षिक प्रतिवेदन र लेखा परीक्षणको प्रतिवेदन स्वीकृत गर्ने वा अस्विकृत गर्ने अधिकार सदस्यहरूमा अन्तर्निहित रहेको हुन्छ ।
- कारोवार बचतबाट अनिवार्य रूपमा छुट्ट्याउनु पर्ने जगेडा कोष बाहेक बाँकी रहेको रकमलाई विभिन्न कोषमा राख्ने र डिभिडेण्ड तथा उपभोगका आधारमा लाभांश वितरण गर्ने अधिकार यसै बैठकमा रहेको हुन्छ ।
- नयाँ सदस्यहरूको प्रवेश तथा भएका सदस्यहरूको वहिर्गमन सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकारसमेत यसै सभामा अन्तर्निहित रहन्छ ।
- सहकारीको विघटन, विभाजन वा एकिकरण सम्बन्धी निर्णयसमेत यसै सभाले गर्दछ ।

विशेष साधारण सभा

प्रचलित सहकारी सम्बन्धी कानून तथा विनियममा भएको व्यवस्था बमोजिम विशेष परिस्थितिमा बोलाइने साधारण सभालाई विशेष साधारण सभा भनिन्छ । यस्तो बैठक बोलाउने आधार भनेको सञ्चालक समितिले तत्काल निर्णय लिनु पर्ने साधारण सभाको कार्यक्षेत्र भित्रको काम गर्न गराउन, सदस्यहरूलाई साधारण सभा बोलाई तत्काल केही महत्वपूर्ण निर्णय लिनु पर्ने आवश्यकता महशूस भएमा वा सुपरीवेक्षण समितिले साधारण सभाको बैठकको आवश्यकता महशूस गरेको अवस्थामा विशेष साधारण सभाको बैठक बोलाउने काम सञ्चालक समितिले गर्नै पर्ने हुन्छ ।

यस बाहेक नियमनकारी निकायले पनि विशेष परिस्थितिमा सभा बोलाई सम्बन्धित सहकारीको समस्या निराकरण गर्न सक्ने कानूनी अधिकारहरू दिने अभ्यास प्रचलनमा रहेको छ। यस्तो बैठक कहिलेकाही आकस्मिक रूपमा बोलाइने भएकोले सूचनाको म्याद र गणपुरक संख्याका बारेमा सामान्यतया लचिलो व्यवस्था गरिएको हुन्छ।

सञ्चालक समिति

सहकारीको व्यवस्थापनका लागि सदस्यहरूले आफूहरू मध्येबाट केही सदस्यहरूलाई एक निश्चित अवधिका लागि जिम्मेवारीसहित निर्वाचित गरी अधिकार प्रत्यायोजन गरिएको हुन्छ। सञ्चालक समितिको आकार र संरचनाका बारेमा प्रचलित कानून र सहकारीको स्वीकृत विनियमले निर्धारण गरे बमोजिम हुन्छ। सामान्यतया कम्तिमा ७ जनादेखि बढीमा ९ जनासम्मको सञ्चालक समितिको प्रचलन विश्वमा अवलम्बन गरिएको पाइन्छ। सदस्यको संख्या र सहकारीको भौगोलिक कार्यक्षेत्रका आधारमा सञ्चालक समितिको आकार तय गरिनु उपयुक्त हुन्छ। सञ्चालक समितिका पदाधिकारीहरूको कामलाई विभाजन गर्ने गरी पदनामसहित वा अध्यक्ष वाहेक अन्य पदहरूलाई समानता कायम गर्ने गरी पनि सञ्चालक समिति गठन गर्ने प्रचलन रहेको छ। पदनाम तोकेर निर्वाचन गर्ने प्रचलन सानो कारोवार भएको सहकारीका लागि उपयोगी भएको पाइएको छ भने कारोवारको आकार बृद्धि भई संस्थान संस्कृतिमा व्यवस्थापन लैजानु पर्ने अवस्थामा एक जना अध्यक्ष र अरु सञ्चालकहरूको समान हैसियत हुने व्यवस्था गरिनु उपयुक्त हुन्छ। सञ्चालकहरू मध्ये एक जनालाई प्रबन्ध सञ्चालकको जिम्मा दिने प्रचलन पनि रहेको छ। सहकारी ऐनले रु. २ करोड भन्दा बढी कारोवार हुने सहकारीलाई भने व्यवस्थापक नियुक्त गर्नु पर्ने बाध्यकारी व्यवस्था गरेको छ। सञ्चालक समितिलाई साधारण सभाका निर्दिष्ट अधिकार क्षेत्र बाहेकका काम गर्ने अधिकार रहन्छ। सामान्यतया सञ्चालक समितिले देहायका कामहरू सम्पादन गर्नु पर्दछ :-

- व्यावसायिक रणनैतिक योजना स्वीकृत गर्ने,
- सहकारीका कर्मचारीहरूको पारिश्रमिक र अन्य सुविधा सम्बन्धी नीतिहरू तय गर्ने,
- मानव संशाधन व्यवस्थापन सम्बन्धी नीतिहरू तय गर्ने,
- व्यवस्थापकको नियुक्ति र पारिश्रमिक तथा सेवा सुबिधाहरू तोक्ने,
- सहकारीको सम्पत्तिको संरक्षण, सम्बर्द्धन तथा उपयोग गर्ने गराउने,
- सङ्गठनले प्रवाह गर्ने सेवा तथा उत्पादनलाई प्रभावकारी बनाउने,
- व्यवस्थापन तथा कर्मचारीहरूबाट भए गरिएका कामहरूको अनुगमन गर्ने,
- सङ्गठनका कार्यहरूको प्रभावकारिताका लागि आवश्यक पर्ने नीति तथा प्रक्रियाहरू निर्धारण गर्ने,
- साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने,
- राज्यका प्रचलित कानूनहरू, निर्देशनहरू र सहकारीका सिद्धान्त तथा मूल्यहरूको अनुसरण गर्नु गराउनु,
- सङ्गठनको आय व्ययको अभिलेख व्यवस्थित गर्नु र लेखापरीक्षण गराउनु,
- सञ्चालक समितिको बैठकको नियमिमतता कायम गर्नु,
- सुपरीवेक्षण समितिको भूमिकालाई प्रभावकारी बनाउन सहयोग गर्नु,

- सदस्यहरूलाई सहकारीको गतिविधिका बारेमा सूचना सम्प्रेषण हुने भरपर्दो व्यवस्था मिलाउनु,
- समयमै वार्षिक साधारण सभा बोलाउनु,
- सञ्चालक समितिको पदावधि सकिनु अगावै नयाँ निर्वाचनको व्यवस्थापन गर्नु ।

सुपरीवेक्षण वा लेखा समिति

साधारण सभाले सञ्चालक समितिको साथै सहकारीको गतिविधि माथि वेला वेलामा अनुगमन गरी गल्तिहरू समयमै सच्याउन र भविष्यमा गल्ति कमजोरीहरू दोहरिन नदिने व्यवस्थाका लागि सुपरीवेक्षण समितिको गठन गरेको हुन्छ । नेपालको सहकारी ऐनले लेखा समितिको नामबाट एक जना संयोजकसहित ३ जनाको समिति साधारण सभाले निर्वाचित गर्ने व्यवस्था गरेको छ । ऐन बमोजिम यो समितिले सहकारीको आन्तरिक लेखा परीक्षण गराउन र समितिलाई सुझाव दिन सक्ने साथै साधारण सभामा प्रतिवेदन पेश गर्ने जिम्मेवारी तोकेको छ । व्यवहारमा भने यो समितिको भूमिका प्रभावकारी रहेको पाइएको छैन । सहकारी भित्र शक्ति पृथकीकरणको सिद्धान्त कार्यान्वयनका लागि सुपरीवेक्षण समितिको गठन गरिएको हो भन्ने कुरा व्यवहारमा चरितार्थ भइरहेको छैन । सञ्चालक समिति व्यवस्थापनका लागि हो भने सुपरीवेक्षण समिति व्यवस्थापनको परीक्षणको लागि हो । दुवै समितिको निर्माणका लागि सदस्यहरूले आफ्नो उत्तिकै महत्वपूर्ण मत दिएर जिम्मेवारी दिएका हुन् । सहकारीका सङ्गठनहरू सिद्धान्तः स्वनियमनमा चल्नु पर्ने हुन्छ । स्वनियमनको लागि सहकारी सङ्गठनले अवलम्वन गर्ने विभिन्न विधिहरू मध्ये यो समितिको निर्माण एक महत्वपूर्ण हो । स्वनियमनका लागि आन्तरिक नियन्त्रणको अभ्यास आवश्य हुन्छ र यस्तो आन्तरिक नियन्त्रणका लागि यो समितिको भूमिका प्रभावकारी बनाउनुको कुनै विकल्प छैन ।

सहकारीको बित्तीय संरचना

सहकारी समुदायले गर्ने व्यवसाय हो । सहकारीका विश्वव्यापी रूपमा स्वीकार गरिएका सिद्धान्त र मूल्यहरू तथा अन्तर्राष्ट्रिय राम्रा प्रचलनहरूको उपयोग गरेर सहकारीको व्यवस्थापन गरिएको हुन्छ । जसरी निजी व्यवसायको पहिलो प्राथमिकता बढी भन्दा बढी नाफा आर्जन गर्नु हुन्छ भने सहकारी व्यवसायको पहिलो प्राथमिकता सदस्यहरूको सेवा र सामाजिक उत्तरदायित्वको निर्वाह गर्दै केही बचत गरी संस्थागत विकास गर्ने हुन्छ । त्यसैले पनि बित्तीय संरचनामा पनि निजीभन्दा फरक खालको संरचना सहकारीको हुने गर्दछ जसलाई यहा उल्लेख गरिएको छ ः

शेयर पूँजीः सहकारीमा शेयर रकमलाई त्यति महत्व दिइएको हुदैन । सन १९९० को दशक अघिसम्म सहकारी निर्माणमा राज्यले पूँजी निर्माणमा सहयोग गर्ने परिपाटी थियो । सदस्यहरूले गर्ने कारोवार र बचतबाट छुट्ट्याइने जगेडा कोषको रकमबाट पूँजी निर्माण गर्ने परिपाटी सहकारीमा व्यापक थियो । तर, यत्तिखेरको अवस्था भने सहकारीले बजार अर्थव्यवस्था वीच निजी क्षेत्रसँग पूर्ण प्रतिस्पर्धा गर्नु पर्ने भएकोले र राज्यले दिने सहयोग पनि आलोचनाको विषय बन्न गएकोले सहकारीको स्थापनाकालदेखि नै सदस्यहरूले पर्याप्त लगानी गर्ने सौँच बनाउनु पर्ने हुन सक्दछ । सहकारीमा सदस्यहरू आउने र छाड्ने पक्रियालाई खुला राख्नु पर्ने हुन्छ जसले गर्दा सहकारीको शेयर पूँजी आकलन गर्न वा एकिन गर्न पनि सकिदैन । अन्य निजी व्यवसाय जस्तो गरी पूँजीको आधारमा नाफालाई डिभिडेण्डको रूपमा वितरण गर्न सहकारीमा सकिँदैन । नेपालको सहकारी ऐनले पनि यस्तो डिभिडेण्डको सिमा शेयर पूँजीको १८ प्रतिशत निर्धारण गरेको छ । अन्य देशहरूमासमेत

सहकारीको डिभिडेण्ड कानूनले निर्धारण गर्ने गरेको छ । सहकारीको पूँजी शेयर धनीले कुनै पनि वेला भिक्न सक्ने भएकोले सहकारीको पूँजीलाई तत्कालिन दायित्वको रूपमा गणना गरिनु पर्ने जिकिर अन्तर्राष्ट्रिय लेखामान बोर्डले लिइरहेबाट सहकारीको शेयरको प्रकृति स्पष्ट हुन आँउछ । सहकारीको शेयर खुला बजारमा किन बेच हुन नसक्ने हुँदा शेयरको वर्तमान मूल्य पनि आकलन गर्न सकिदैन ।

बचत र जगेडाः सहकारीको मुनाफालाई लाभांश नमानी बचत मानिन्छ । यो बचतबाट अनिवार्य रूपमा जगेडा कोषको व्यवस्था गर्नु पर्ने हुन्छ । यस्तो जगेडा कोषको रकम वर्षेनी बचतको २५ प्रतिशतका दरले छुट्याउनु पर्ने व्यवस्था नेपालको सहकारी ऐनले गरेको छ । अन्य केही देशहरूले पनि यसरी नै प्रतिशत तोकेको पाइएको छ । यसरी जगेडा कोष निर्धारण गरेपछि बाँकी रहने रकमबाट डिभिडेण्ड दिन सकिने व्यवस्था अन्यत्र प्रचलनमा रहेको छ । जगेडाको कोषको रकम अविभाज्य हुने व्यवस्था ऐनले गरेको छ । यो रकम सदस्यहरूलाई वितरण गर्न सकिदैन । कतिपय देशमा यो कोषमा राख्नु पर्ने रकम पनि ऐच्छिक बनाइएको छ । खाशगरी संस्थागत पूँजी कोषको बृद्धिका लागि यो कोषको व्यवस्था गरिएको हो भन्ने कुरो हामीले बुझ्न आवश्यक छ । कहिलेकाही यो कोषले सदस्यहरूको शोषण पनि गरेको हुन सक्दछ । सहकारी ऐन, २०७४ ले जगेडा कोषको अलावा २५ प्रतिशतको संरक्षित पूँजी फिर्ता कोषकोसमेत अनिवार्य व्यवस्था गरेको छ । यो कोषबाट नियममा तोकिए बमोजिम सदस्यहरूको वार्षिक कारोवारको गणना गरी सो आधारमा लाभांश वितरण गर्न सक्ने व्यवस्था गरेको छ । उदाहरणका लागि विधुत्त सहकारीको हकमा विधुत्त उपयोगलाई आधार बनाउन सकिन्छ । यो व्यवस्थालाई अनिवार्य गरिदाका जटिलताहरू प्रति पर्याप्त ध्यान पुगेकोदेखिदैन । यो बाहेक अनिवार्य रूपमा बचतबाट ०.५ प्रतिशत रकम सहकारी प्रबर्द्धन कोषमा जम्मा गनु पर्ने र यो कोषको व्यवस्थापन सरकारले गर्ने व्यवस्था ऐनमा रहेको छ । यो वाहेक डिभिडेन्ड वितरण तथा अन्य कोषहरूमा रकम व्यवस्था गर्नु पर्ने हुन्छ ।

दान तथा अनुदानः सहकारी गरिवी निवारण र समुदायको सशक्तिकरणसँग पनि जोडिएको विषय हो । यस आधारमा सहकारीलाई सरकारी कोष र दाताहरूलेसमेत सहयोग दिएका हुन्छन । यस्तो सहयोग सदस्यहरूले पनि उपलब्ध गराउन सक्दछन् भने स्थानिय निकायहरूले पनि सहकारीको विकासका लागि सहयोग पुऱ्याउँदछन् । दायित्व सिर्जना नहुने भएता पनि यस्तो सहयोग पनि सहकारीको बित्तीय संरचना भित्र गणना गर्ने र अभिलेख राख्ने व्यवस्था गरिएको हुन्छ । सहकारी ऐन बमोजिम यस्तो पूँजीगत वा बस्तुगत सहयोगलाई जगेडाकोषमा आम्दानी देखाउन पर्ने व्यवस्था गरेको छ ।

ऋणः सहकारीहरूले न्यून वित्तको पूर्ति ऋण खोजेर पूरा गर्दछन् । यस्तो ऋण लिंदा सकेसम्म आफ्ना सदस्यहरू भित्रबाट लिने प्रचलन ज्यादै राम्रो मानिन्छ । तर पनि निश्चित सीमासम्म र सहकारीको स्वतन्त्रता र स्वायत्ततामा आँच नपुऱ्याउने गरी ऋण लिई सदस्यहरूको गर्जा टार्ने कुरा उपयुक्त मानिन्छ । यसका लागि सहकारीहरूले सहूलियत दरका कर्जाहरूको सदुपयोग गर्नु पर्दछ ।

सहकारीको तेर्सो तथा ठाडो सङ्गठन संरचना

सहकारीको सिद्धान्तअनुसार पनि सहकारी सहकारी वीचको सहकार्यका लागि सहकारी वीच तेर्सो र ठाँडो संरचनाहरू बनाउनु पर्ने हुन्छ । दुई वा दुई भन्दा बढी सहकारीहरू मिलेर साझा रूपमा कुनै सम्पत्तिको प्रयोग गर्ने वा संयुक्त रूपमा गर्ने व्यवसायले तेर्सो संरचनाको निर्माण गर्दछ । त्यस्तै ठाँडो संरचना अन्तर्गत सहकारीका सङ्गठनहरूको सदस्यता रहने युनियन, फेडरेशन र कन्फिडेरेशन जस्ता

सहकारीका संरचनाहरू पर्दछन् । एक अर्का वीचको व्यावसायिक स्वार्थ र विशेषताहरू मिल्ने अवस्थामा कम्तीमा २ वटा सहकारी संस्थाहरू मिलेर युनियनको निर्माण गर्न सक्दछन् । त्यस्तै कम्तिमा २ वटा उही प्रकृतिका युनियनहरू मिलेर फेडरेशन र सबै फेडरेशनहरू मिलेर सहकारीको सबैभन्दा माथिल्लो सङ्गठनको रूपमा कन्फिडेरेशनको निर्माण हुन सक्दछ। तर सम्बन्धित देशको कानूनले एउटा निश्चित भूगोलमा एक विषयको एक मात्र युनियन र एकै प्रकृतिका युनियनहरू मिलेर एक मात्र फेडरेशन वनाउने प्राबधान गरेको हुन्छ । कन्फिडेरेशनमा भने सबै युनियन र फेडरेशन वा फेडरेशन मात्र सदस्य बनाउने विधि अवलम्बन गर्न सकिन्छ। धेरै तहका संरचनाहरू आर्थिक र व्यवस्थापनका दृष्टिले फलदायी नभएको अभ्यासबाट विषयगत सहकारीलाई दुई तहको संरचना बनाई प्रभावकारी ढङ्गले सदस्यहरूलाई सेवा दिन सकेको थुप्रै उदाहरणहरू छन । यस आधारमा युनियनको ठाँउमा सोभ्कै सहकारी संस्थाहरू फेडरेशनमा सदस्यता लिन्छन र फेडरेशनले आवश्यकताका आधारमा सेवा केन्द्रहरू विस्तार गरी सदस्य संस्थाहरूलाई विकेन्द्रित सेवा प्रदान गर्दछन् ।

सहकारी व्यवस्थापनका महत्वपूर्ण पक्षहरू

सहकारी संघ संस्थाहरूको व्यवस्थापनमा सुशासनको महत्व सार्वजनिक क्षेत्र तथा निजी क्षेत्रको जस्तै रहेको छ। सहकारीको सिद्धान्तअनुसार पनि सहकारी संस्थाहरू स्वायत्त र स्वतन्त्र ढङ्गले सञ्चाल र व्यवस्थापन गर्नुपर्ने भएकोले सदस्यहरूको समग्र हितका लागि पनि संस्थाको स्वायत्तता र स्वतन्त्र अस्तित्व कायम राख्न सुशासनका विधिहरूको अवलम्बन अत्तिनै महत्वपूर्ण हुन आउँछ। सहकारीमा सुशासन भन्नाले सहकारीको उद्देश्य एवम् सदस्य र सेवाग्राहीहरूले प्राप्त गरेका सेवा र सुबिधा उपर दृष्टि पुऱ्याउनु हो ।

प्रचलित ऐन नियमहरूको पालना: सहकारी संघ संस्थाहरूले प्रचलित सहकारी सम्बन्धी कानून र कारोवारसँग सम्बन्धित अन्य कानूनहरूको साथ साथै सङ्गठनको विनियम र कार्यविधिहरूको समेत पालना गर्नु पर्दछ। यसका लागि सङ्गठनमा एक जना पदाधिकारी वा अधिकृतलाई नियम कार्यान्वयन अधिकृत तोकी भए गरेका काम र समस्याहरूका बारेमा नियमित रूपमा जिम्मेवार पदाधिकारीहरू र सम्बन्धित शाखा उपशाखालाई घचघचाउने काम गर्नुका साथै सञ्चालक समितिमा प्रतिवेदन दिने वा जानकारी गराउने व्यवस्था मिलाउनु पर्दछ।

आन्तरिक नियन्त्रण र बाह्य परीक्षण: सहकारीमा आन्तरिक नियन्त्रणका लागि एउटा छुट्टै समितिसमेतको व्यवस्था गरिएको हुन्छ। यस्तो समितिका पदाधिकारीहरू सदस्यहरूबाट निर्वाचित भई आएका हुन्छन् । समितिका पदाधिकारीहरूलाई सहकारी व्यवस्थापन का आधारभूत ज्ञान र कर्मचारी प्रशासन तथा आर्थिक कारोवारको लेखा राख्ने विशेष ज्ञान दिलाउन सङ्गठनले तालिम प्रशिक्षणको व्यवस्था गर्नु पर्दछ। यस्तो समितिलाई कतै सुपरीवेक्षण समिति भनिन्छ भने कतै लेखा समितिले सम्बोधन गरिएको पाइन्छ। खाशगरी सदस्यहरूका तर्फबाट निष्पक्ष रूपमा सञ्चालक र व्यवस्थापनमा संलग्न कर्मचारीहरूले गरेका क्रियाकलापका बारेमा निगरानी राख्ने र सोको प्रतिवेदन दिने जिम्मेवारी यस समितिले प्राप्त गरेको हुन्छ। यस समितिले सङ्गठन भित्र आन्तरिक नियन्त्रण पद्धतिसमेत स्थापित गर्नु गराउनु पर्ने हुन्छ। बाह्य परीक्षणको प्रभावकारी माध्यम भनेका अन्तिम लेखा परीक्षणनै हो । लेखा परीक्षणको गुणस्तरले संस्थाको स्वस्थ जीवनको लागि बाटो प्रशस्त गरिदिन्छ। लेखा परिक्षकको नियुक्तिदेखि प्रतिवेदनमा औल्याइएका तथ्यहरूको बारेमा सम्बन्धित पदाधिकारीहरू र सबै सदस्यहरूको चासो सहकारीको विकासको मूल आधार बन्ने भएकोले यो

विषय स्वस्थ सहकारीको लागि अत्तिनै महत्वपूर्ण क्रियाकलाप भित्र पर्दछ। आन्तरिक नियन्त्रणको पद्धतिले सङ्गठनलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न सहयोग पुऱ्याउदछ भने लेखापरीक्षणको गुणस्तरले व्यवस्थापनका कार्यहरूलाई सदस्यहरू माफ्र्त ल्याई गरेका कामहरूका बारेमा प्रष्टाउने काम गर्दछ । यी दुई व्यवस्थाका अतिरिक्त नियामक निकायको निगरानीका लागि अनुगमन र नियमनको लागि सहकारीको सम्बन्धित संघ वा सरकारी निकायको व्यवस्था आवश्यक पर्दछ जसले वेला वेलामा प्रचलित कानून र सहकारीका मापदण्डहरूको पालनाका साथै व्यावसायिक गुणस्तरका बारेमा परीक्षण गर्दछ। नियामक निकायले सहकारीका आन्तरिक नियन्त्रण पद्धतिलाई सवल बनाउने, सहकारीका सिद्धान्त र मूल्यहरूलाई पालना गराउने, प्रचलित कानूनहरूको पालना गराउने, प्रचलित मापदण्डहरूलाई कार्यान्वयन गराउने, सुशासन कायम राख्ने, र व्यावसायिक गुणस्तरमा सुधार गर्ने उद्देश्य लिएको हुन्छ। नियामक निकायबाट गरिने अनुगमनले सहकारी भित्रको व्यवस्थापनलाई सदस्यहरूको हित प्रति लक्षित गराउने मनशाय लिएको हुनुपर्दछ।

रणनीतिक योजनाको तर्जुमाः सहकारीले कम्तिमा ३ वर्षको लागि आफ्नो संस्थागत विकासका लागि व्यावसायिक योजना र सदस्यहरूको उद्यमशिलता विकास सम्बन्धी रणनैतिक योजनाको निर्माण गर्नु पर्दछ । योजनाबद्ध विकासबाट सहकारीको समग्र उन्नतीमा ठूलो टेवा पुग्दछ । विशेषगरी विभिन्न कार्यकालका सहकारीका सञ्चालक समितिवीच कामको मूल्यांकनको आधार भनेको योजना र योजनाको कार्यान्वयन नै हो। रणनैतिक योजनाले वर्षभरि गरिने कार्यक्रमहरूको कार्यतालिका अर्थात कार्ययोजनासमेत बनाएको हुन्छ। साथै कार्य योजनामा जिम्मेवारी र समय सीमासमेत निर्धारण गरिएको हुने भएकोले सङ्गठन भित्र सबैलाई कामको विभाजन र सामूहिक योगदानको वातावरणसमेत बनेको हुन्छ । आफनो कार्यकाल भित्रै सञ्चालक समिति र लेखा समिति बसेर अब निर्वाचित हुने सञ्चालक समिति र लेखा समितिको लागि नेतृत्व विकास योजनाको निर्माण गर्ने प्रचलन बनाउन सकियो भने सहकारी भित्र स्वस्थ ढङ्गले जिम्मेवार व्यवस्थापनको वातावरण निर्माण गर्न सकिन्छ । यस्तो योजनाको कार्ययोजना र उपलब्धीको मूल्यांकनको कार्यलाईसमेत निरन्तर रूपमा सचालन गरी योजनामा पुनरावलोकनसमेत गर्ने कुरा वार्षिक कार्य-योजनामा समाविष्ट गर्नु पर्दछ। एउटा निश्चित कार्यकाल सकिए पछि वा २ पटक निरन्तर नेतृत्व लिएपछि फेरी एक वा दुई अवधि अर्को नेतृत्व ल्याउने व्यवस्था गरेका सहकारीको सुशासनको अवस्था राम्रो रहेको पाइएको छ।

जोखिम व्यवस्थापनः सहकारीका सञ्चालक, लेखा समितिका पदाधिकारी र जिम्मेवार व्यवस्थापकहरूले संयुक्त रूपमा सङ्गठनको वार्षिक जोखिमको विश्लेषण गर्नु पर्दछ। कारोवारको जोखिम व्यवस्थापनका साथै आपतकालीन घटनाका कारणले सिर्जना हुने क्षतिका बारेमा पनि आवश्यक व्यवस्था मिलाउनु पर्दछ । प्रत्येक सहकारीहरूले सहकारीको प्रकृतिका आधारमा व्यावसायिक जोखिमको विश्लेषण र सोअनुसार जोखिम व्यवस्थापनका लागि प्रचलित विधिहरूको अभ्यास र अनुसरण गर्नु आवश्यक छ। बित्तीय कारोवार गर्ने सहकारी संघ संस्थाहरूले कारोवारको अनुपातहरूलाई सन्तुलित राखी कुनै पनि प्रकारका जोखिमको दायित्व न्यून गरिएन भने त्यस्ता सहकारीको अस्तित्व जोगाउन सकिदैन भन्ने कुराको हेक्का राख्नु आवश्यक छ।

स्वच्छ एवम् जवाफदेही व्यवस्थापनः सहकारीका जिम्मेवार पदाधिकारी र समग्र व्यवस्थापनमा संलग्न कर्मचारीहरूमा इमान्दारिताको अभाव भयो वा निर्दिष्ट विधिअनुसार चल्ने चलाउने वातावरण बनेन भने त्यस्तो सङ्गठन असफल हुन्छ। त्यसैले पनि जिम्मेवारी निर्धारण र कार्यान्वयनमा विधिहरूको आवश्यकता पर्दछ । व्यक्ति र संस्था वीचको निहित स्वार्थको व्यवस्थापन गर्न सकिएन भने

अधिकार प्राप्त अधिकारीले सङ्गठनको स्रोत साधन आफ्नो हितका लागि प्रयोग गर्नुका साथै गलत निर्णयहरू गरी सङ्गठनलाई धराशायी बनाउँदछन् । यस्का लागि उपयुक्त लेखा व्यवस्थापन, लेखा समितिको प्रभावकारिता, प्रत्येक कारोवारमा कम्तिमा २ व्यक्तिहरूको संलग्नता, आवश्यक नीति निर्देशिकाहरूको निर्माण तथा पालना, बलियो आन्तरिक नियन्त्रणको पद्धतिको बारेमा व्यवस्थापन पक्षले संस्थागत व्यवस्थाहरू गर्नु पर्दछ ।

सदस्यहरूको सेवाः सहकारी समुदायका सदस्यहरूको संयुक्त स्वामित्वको व्यवसाय हो भन्ने कुरा सदैव ख्याल राख्नु पर्दछ । सदस्यहरूलाई उचित मूल्य, गुणस्तर, परिणाम र समयमा वस्तुको आपूर्ति तथा सेवा प्रवाह गर्नु पर्दछ । यसका साथै सङ्गठनको गतिबिधिहरू बरोबर जानकारी गराउने र सदस्यहरूबाट सुझाव र गुनासाहरू लिई सोको आधारमा उपयुक्त कदम चाल्न सकिने विधिहरूको निर्माण आवश्यक हुन्छ । समय समयमा सदस्यहरूको सन्तुष्टीको स्तर मापण गर्ने विधिहरूबाटसमेत सदस्यहरू लक्षित भई सहकारीको समग्र व्यवस्थापनलाई दिशा निर्देश गर्न सकिन्छ । सदस्य चार्टरको निर्माण गरी सेवा प्रवाहमा गुणस्तर कायम गर्ने प्रयास गर्नु पर्दछ । सेवाको विविधिकरण गरी सदस्यहरू माझ सहकारीको छवि थप प्रभावकारी बनाउने काममा सञ्चालक र व्यवस्थापकहरूको प्रयासको निरन्तरताले सहकारीमा सुशासन कायम राख्न मद्दत पुग्दछ ।

व्यावसायिक स्वच्छताः व्यवस्थापनमा सक्रिय सञ्चालक समितिका सदस्यहरू एवम् सदस्यहरूको तर्फबाट प्रतिनिधित्व गर्ने अन्य समितिका पदाधिकारीहरू साथै व्यवस्थापनमा संलग्न कर्मचारीहरूमा व्यावसायिक इमान्दारिता र स्वच्छता कायम गर्ने विधिहरूको अवलम्बन गरिनु पर्दछ । यसका लागि विशेष गरी जिम्मेवारी र जवाफदेहिताको बारेमा स्पष्ट व्यवस्थाहरू गरेर यसलाई व्यवस्थित गर्न सकिन्छ । यसका साथै आन्तरिक नियन्त्रण पद्धति पनि भरपर्दो बनाइनु पर्दछ । प्रक्रियाहरू निर्धारण गर्दा एक जनाले गरेको कामको स्वतः अर्को व्यक्तिले पनि जानकारी पाउने विधिको स्थापना आन्तरिक नियन्त्रणको एउटा सामान्य विधि हो । पदाधिकारीहरूको लागि आचार संहिताको निर्माण र सोको पालनाको अनुगमन गर्ने विधिको स्थापनाले व्यावसायिक इमान्दारिता र स्वच्छता कायम राख्न बल पुऱ्याउँछ । निहित स्वार्थको द्वन्दको व्यवस्थापनमासमेत यस्तो आचार संहिताको व्यवस्थाले सघाउ पुग्दछ । इमान्दारिता र स्वच्छताको व्यवहार सबैले अनुभूत गर्ने गरी जानकारी हुने गराउने व्यवस्थाबाट संस्थाको ख्याती अथवा प्रतिष्ठामा थप बल पुग्दछ ।

पारदर्शिताः सहकारीका क्रियाकलापहरू अन्य विधिको व्यवसायको तुलनामा बढी पारदर्शी बनाउनु पर्ने हुन्छ । लोकतन्त्रमा झैं सदस्यहरूको प्रत्यायोजित अधिकारको प्रयोग सञ्चालक समितिले गर्ने हो । सञ्चालक समितिका सदस्यहरू पूँजी लगानीको आधारमा नभई व्यक्तिगत क्षमता र प्रभावका आधारमा निर्वाचित हुने भएकाले सञ्चालक समितिका सदस्यहरूलाई जिम्मेवार बनाई राख्न पनि पारदर्शिताका विधिहरू निर्माण गर्नुपर्ने हुन्छ । यसका लागि सहकारीका गतिबिधिहरूका बारेमा सदस्यहरूलाई जानकारी गराई राख्ने स्थायी व्यवस्था गर्नुपर्ने हुन्छ । सहकारी सञ्चालनमा साधारण सभाबाटै निर्वाचित हुने गरी लेखा वा सुपरीवेक्षण समितिको गठन गरिएको हुन्छ । यस समितिले सहकारीको व्यवस्थापनका हरेका पक्षहरूमा निगरानी राख्ने र बेलाबेलामा सञ्चालक समिति मार्फत समग्र व्यवस्थापनलाई अपेक्षित सुधारका लागि सुझावहरू राख्ने काम गर्दछ । हाम्रो देशको सहकारी कानूनमा लेखा समितिलाई विशेष परिस्थितिमा कारण खुलाई सञ्चालक समिति मार्फत विशेष साधारण सभाको मागसमेत गर्ने अधिकार दिइएको छ । यति महत्वपूर्ण समितिको निर्माणमा हाम्रो देशका सहकारीहरूले उचित ध्यान पुऱ्याउन नसक्दा स्वनियमनको पक्ष कमजोर बनी राज्यले

हस्तक्षेप गर्नेसम्मको अवस्था सिर्जना भएको छ। यसका साथै अन्तर्राष्ट्रिय प्रचलनको रूपमा रहेको लेखापरीक्षकको नियुक्तिमासमेत साधारण सभा मार्फत सदस्यहरूको निर्णयले नियुक्त गर्ने व्यवस्था रहेको छ। तर प्रचलनमा भने साधारण सभाबाट अधिकार प्रत्यायोजन गराई सञ्चालक समितिले नै लेखापरीक्षक नियुक्त गर्ने र पारिश्रमिक तोक्ने गरिन्छ। यसरी सञ्चालक समितिले लेखापरीक्षक नियुक्त गर्दा लेखापरीक्षकको उत्तरदायित्व सञ्चालक प्रति हुने भई लेखापरीक्षण प्रतिवेदन त्रुटिपूर्ण हुन पुग्दछ। यस बाहेक लेखा समितिको वार्षिक प्रतिवेदनसमेत विभिन्न कारणबाट सञ्चालक समितिको पक्षमै आउने प्रचलन बनेको छ जसले गर्दा पारदर्शिताको पक्ष कमजोर बनी सदस्यहरू ठगिने सम्भावना बढ्न गएको छ। यसैले सहकारीको व्यवस्थापन र सञ्चालनलाई प्रक्रियासम्मत बनाई सोको जानकारी लिन सकिने सरल र सहज अवस्था बनाउने प्रयास सरोकारवाला सबैले गर्नु पर्दछ।

सीप र व्यावसायिकताको विकासः सहकारीको सुशासनका लागि व्यवस्थापनमा रहने निर्वाचित तथा नियुक्त भएका पदाधिकारीहरूको व्यावसायिक दक्षता र सीपको विकासमा निरन्तर ध्यान दिनु पर्दछ। सहकारी व्यावसायिक सङ्गठन भएकोले उत्पादनदेखि बजारीकरणसम्म ज्ञान र व्यवस्थापन क्षमता आवश्यक छ। त्यस्तै गरी कुनै प्राबिधिक पक्ष बढी हावी भएको उत्पादन वा सेवा व्यवसायका लागि व्यवस्थापनमा संलग्न व्यक्तिहरूको लागि सामान्य स्तरको भएपनि प्राबिधिक पक्षमा दखल हुनु राम्रो पक्ष हो। यसको लागि सञ्चालक समितिको गठन र व्यवस्थापकलगायत महत्वपूर्ण पदहरूमा गरिने नियुक्तिका साथै निर्णय गर्दा प्राबिधिक पक्षको ठोस विश्लेषण गर्ने विधिहरूको निर्माण गरिनुले निर्णयबाट दुरगामी प्रतिकूल असर पर्ने कामबाट सहकारीलाई जोगाउन सकिन्छ। यसका लागि सञ्चालक समिति तथा व्यवस्थापनका सम्बन्धित जिम्मेवार पदाधिकारीहरूलाई उपयुक्त तालिम तथा अध्ययन भ्रमणहरू गराउने व्यवस्था पनि सहकारीमा हुनुपर्दछ।

सामाजिक उत्तरदायित्वः सहकारीको सातौ सिद्धान्तले सहकारीले समुदाय प्रतिको उत्तरदायित्व निर्वाहको दायित्व सुम्पेको छ। सहकारीको निर्माण समुदायका व्यक्तिहरू मिलेर आफना आवश्यकता र आकांक्षाहरूको परिपूर्ति गर्ने उद्देश्यले भएको हुन्छ। समग्र समाजको आर्थिक तथा सामाजिक विकासका साथै समाजका समस्याहरू समाधान गर्न सहकारीका संघ संस्थाहरूले योगदान पुऱ्याउनु पर्ने हुन्छ। समाजमा गरिने योगदानबाट मात्र सहकारी र निजी क्षेत्र वीचको फरक स्थापित गर्न सकिन्छ। सामाजिक उत्तरदायित्व भन्नाले वातावरण संरक्षण र सुधारका कार्यहरू, समाजमादेखिने विकृतिहरूको नियन्त्रणमा सहकारीले सञ्चालन गर्ने रचनात्मक कार्यहरू, सामुदायिक विकासका लागि सहभागिता जनाउने व्यवहारहरू, आदिलाई यस क्रियाकलापहरू अन्तर्गत राख्न सकिन्छ।

प्रजातान्त्रिक अभ्यासः सहकारी संस्थाहरूको व्यवस्थापनलाई चुस्त र दुरुस्त राख्न सहकारीको सिद्धान्तअनुसार संघ संस्था भित्र प्रजातान्त्रिक अभ्यास गर्ने उपयुक्त वातावरणको निर्माण आवश्यक छ। सहकारीमा पूँजी होइन सदस्य प्रधान हुन्छ र प्रत्येक सदस्यको निर्णय माथिको अधिकार समान हुन्छ। सदस्यहरूले एक सदस्य एक मतका आधारमा संस्थाको महत्वपूर्ण निर्णयहरूमा आफ्नो मताधिकारको प्रयोग गर्दछन्। सञ्चालक समितिको निर्वाचनका साथै सञ्चालक समितिको भूमिका माथि निगरानी राख्न लेखा वा सुपरीवेक्षण समितिको निर्वाचनमासमेत सबै सदस्यहरूले मताधिकारको प्रयोग गरेका हुन्छन्। यस्ता समितिका पदाधिकारीहरू निश्चित समयको पदावधिका लागि मात्र निर्वाचित भएका हुन्छन्। निर्दिष्ट पदाबधि नसकिदै पनि विशेष साधार सभा बोलाई समितिका कुनै पदाधिकारीको पदाधिकार समाप्त गरी उक्त पदमा अर्को सदस्यलाई निर्वाचित गर्ने

वा समिति भंग गरी अर्को समितिसमेत गठन गर्ने सार्वभौम अधिकार सदस्यहरूलाई हुन्छ। प्रत्येक वर्ष आर्थिक वर्ष भुक्तान भए पछि सहकारीको हिसाव किताब साधारण सभाले नियुक्त गरेको लेखापरीक्षकबाट लेखापरीक्षण गराई सोको प्रतिवेदनसमेत साधारण सभामा पेश गरी छलफल गराउने काम पनि प्रजातान्त्रिक अभ्यास भित्रैको काम हो। यस्तो वार्षिक साधारण सभामा सञ्चालक समितिको वार्षिक प्रतिवेदन र लेखा समितिकोसमेत वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने हुन्छ। यसरी पेश भएका प्रतिवेदन माथि छलफल भई सो उपर सदस्यहरूको प्रतिक्रियाका आधारमा विशेष निर्णयहरू हुने भएकोले सहकारीका सदस्यहरूले प्रजातान्त्रिक अभ्यासका आधारमा सहकारी भित्र सुशासन कायम गर्न सक्दछन् भन्ने प्रयाप्त आधार सहकारीका सिद्धान्त तथा मूल्यहरू र प्रचलित कानूनहरूले दिएको हुन्छ। जुन सहकारीमा सदस्यहरूले आफ्नो अधिकार र कर्तव्यको भूमिका निर्वाह गर्दैनन्, त्यस्ता सहकारीहरूमा नचाहिने क्रियाकलाप हुनु नौलो मानिँदैन।

(लेखक सहकारी विभागका पूर्व रजिष्ट्रार हुन्।)

हार्दिक शुभकामना

दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि.को **सामुदायिक विद्युत्** पाँचौं शृङ्खला प्रकाशन भएको र दक्षिण ललितपुरका ग्रामीण समुदायमा विद्युतीकरण तथा उद्यमशीलता विकासमा योगदान पुऱ्याएकोमा सहकारी संस्थाको उत्तरोत्तर प्रगतिको कामना गरिन्छ ।

श्री वीरबहादुर लोप्चन

अध्यक्ष, बाग्मती गाउँपालिका

तथा

गाउँपालिका परिवार

मैले देखेको ग्रामीण विद्युतीकरण

nfw/fd tfdfª

गत वर्ष जीआईजेडर विद्युत् महसुल निर्धारण आयोगको संयुक्त पहलमा ग्रामीण विद्युतीकरण, नेविप्रा ग्रामीण विद्युत्ीकरणबीच 'व्यवस्थापकीय र सञ्चालन खर्च'बारे तुलनात्मक अध्ययन गर्न एउटा कार्यदलमा मेरो पनि सहभागिता रहेको थियो। अध्ययनको क्रममा सामुदायिक ग्रामीण उपभोक्तासंस्थाहरू, नेविप्रा ग्रामीण विद्युतीकरणका कार्यालयहरू र साथै उपभोक्ताबीच प्रत्यक्ष रूपमा कुराकानी, छलफल र अन्तर्क्रिया गर्ने अवसर मिलेको थियो। हुनत करिब २८२ को हाराहारीमा रहेको सामुदायिक संस्थाहरूको तुलना गर्दा हाम्रो अध्ययन क्षेत्र निश्चित रूपमा सानो भए पनि प्रत्यक्ष अन्तर्क्रियाबाट आएका समस्या, सुझाव तथा निराकरणका कुरा भविष्यमा ग्रामीण विद्युतीकरण सञ्चालन तथा व्यवस्थापकीय कार्यदक्षता समयसापेक्ष बनाउनमा यो अध्ययनले केही दिशानिर्देश गर्नेतर्फ सानो पाइला मान्न सकिन्छ।

नेपाल सरकारबाट ९० प्रतिशत र सुरुमा जनसहभागिताबाट २० प्रतिशत र हाल १० प्रतिशत सामुदायिक ग्रामीण विद्युतीकरणमा लगानी हुँदै आएको छ। यस कार्यक्रमबाट १५ वर्षको अन्तरालमा करिब ५ लाख घरधुरीमा विद्युत् विस्तार तथासेवा उपलब्ध भएको छ। यस अवधारणाबाटै ग्रामीण भेगमा विभिन्न कठिनाइको बाबजुद पनि विद्युत् सेवाको विस्तार छोटो समयमा सम्भव भएको हो। यो हुनुको मुख्य कारणहरूमध्ये ग्रामीण विद्युतीकरणमा विद्युत् जनसमुदाय स्वयंको लगानी रहनु र सोको निर्माणपश्चात् उपभोक्ताहरू सहकारीको माध्यमबाट सञ्चालनमा समेत सहभागी हुनुले पनि महत्त्वपूर्ण भूमिका खेलेको मान्न सकिन्छ। आफ्नो ठाउँ, आफ्नै सहभागिता, आफैं ग्राही र आफैं सेवा प्रदायी भएकै कारण पनि यसले दिगो रूपमा देश विकासमा सहयोग पुग्ने देखिन्छ। यसैकारण आजसहर तथा गाउँबीचको अन्तर कम हुँदै गएको छ। यसो भनिरहँदा यसका सामु अनेकौं कठिनाइ विद्यमान चुनौतीका रूपमा यथावत् रहिआएको भए पनि यसले समाजमा खेलेको महत्त्वपूर्ण भूमिकाको उच्च मूल्याङ्कन गरिनु यथोचित नै देखिन्छ।

ग्रामीण भेगमा विद्युत्को पहुँचसँगै लैंगिक समानता, महिला सशक्तीकरण, महिलाको आय शक्तिमा वृद्धि, उद्यमशीलता तथा घरेलु उद्योगधन्दाको विकास आदि जस्ता अत्यन्त महत्त्वका विषयमा महिला तथा पिछडा वर्गको सहभागिता वढ्दो छ। यस्ता कार्यक्रमको निरन्तरताबाट सामूहिक निर्ष्कषमा समूहको हितमा कार्य गर्न सकिन्छ भन्ने प्रमाणित भएको छ। विद्युत् उपभोक्ता समूह गठनपश्चात् त्यही समूहको नेतृत्वबाट बहुउद्देश्य संस्थाहरू खडा भई घरआँगनमा दिगो रूपमा स्तरीय सेवाबाट उपभोक्तालाई आयआर्जनको मौकासमेत प्राप्त भएको देखिन्छ। विद्युत्को पहुँचबाट कुटानी, पिसानी,कृषि, सिँचाइ,वागवानी आदि सम्भव भएको छ। सामुदायिक उपभोक्ता संस्थाहरूलाइ नेविप्रासँग विद्युत् खरिद गरी विद्युत् सेवा तथा वितरण गर्ने अवसर र अन्य देशी तथा

विदेशी निकायसँग कार्य गर्न मौकासमेत प्राप्त भएको छ। विद्युत्् चुहावट , हुकिङ जस्ता चुहावट धेरै हदसम्म न्यूनीकरण भएको छ। उपभोक्ताले विद्युतीय संरचना समय समयमा मर्मत तथा सम्भार गरेकै कारण विद्युतीय संरचनाबाट राज्यले न्यूनतम क्षति बेहोर्नुपरेको छ। ग्रामीण भेगमा प्रविधि हस्तान्तरण भएको छ। धेरै स्थानीयले प्राविधिकका साथै अन्य सिपमूलक तालिमप्राप्त गरेका छन्। जसबाट ग्रामीण भेगमा दक्ष जनशक्तिको विकास तथा क्षमता अभिवृद्धिको मौका प्राप्त भएको मात्र होइन,स्वरोजगारको स्थिति मजबुद बन्दै गएको अनुभव हुन थालेको छ। वन फँडानी न्यून भई वातावरण स्वच्छ बन्ने क्रम जारी छ। यस्ता कार्यको मूल्याङ्कन गर्दा जनसहभागिताको अवधारणाबाट ल्याइएको यो कार्यक्रमले छोटो समयमा ठूलो उपलब्धि हासिल गरेको भन्न सकिन्छ।तर,जबसम्मविद्युत् उपलब्धताबाट कृषि, सिँचाइ, वागवानी,माछापालनजस्ता आयमूलक कार्यमा आधारित व्यवसाय गर्न सकिन्न, तबसम्म यस क्षेत्रको जनताको स्थितिमा आशातित सुधार आउन सक्दैन। केही वर्षमा नेपालमा विद्युत् पर्याप्त हुने स्थिति देखा पर्दैछ। तसर्थ, पनि ग्रामीण भेगमाविद्युत् खपत बढाई स्थानीय वस्तुको उत्पादन, वितरण र स्वरोजगारतर्फ उन्मुख हुनुपर्दछ। त्यसका लागि सरकारका भावी नीति, नियम, विनिमय भरपर्दो र दिगो विकासमा सहयोगी भूमिकाको अपेक्षा गर्न सकिन्छ। यसका लागि विज्ञहरूको सल्लाह सुझाव लिई यस्ता नीतिहरूलाई पुनःसंरचना गर्न सकिन्छ।

सामुदायिक ग्रामीण विद्युतीकरणको अवधारणा सबल रहे पनि यसको दिगो विकासका लागि निम्न बुँदा तथा नीतिहरूबारे पुनर्विचार गरिनु आवश्यक देखिन्छ। नेविप्रा ऐन २०४१ अन्तगर्तको 'सामुदायिक ग्रामीण विद्युतीकरण' विनियमावली २०७१ बमोजिम सहकारी संस्थामार्फत सञ्चालन गरिने भनिए पनि राष्ट्रिय नीतिमा सामुदायिक विद्युतीकरणबारे कुनै व्यवस्था छैन। देशको मूल कानुन पालना गर्नुपर्ने, ग्रामीण भेगमा मात्र विस्तारकोप्रावधान रहनु, ठूला रकम भएका विद्युत् महसुल ग्रामीण क्षेत्रभित्र रहेपनि नेविप्राअन्तर्गत रहने,कार्यक्रम छनोटका सबै प्रक्रिया तथा निर्णयहरू केन्द्रीकृत रूपमा रहनुले पनि यसको दिगो विकासमा दूरगामी नकारात्मक असर रहनेमा द्विविधा रहन्न। बोलपत्र आह्वानदेखि कोष सञ्चालन र कोषको जम्मा रकममा समेत आयकर लाग्नु, अव्यावहारिक विद्युत् महसुल तथा सेवा शुल्क लगाइनु र साथै दुर्घटना क्षतिपूर्ति बेहोर्नुपर्ने दायित्व आदिले सामुदायिक उपभोक्ताको स्थिति झन् कमजोर बन्दै गएको देखिन्छ।

विद्युत् आपूर्ति नहुँदाको अवस्थामा समेत औद्योगिक व्यवसाय ऐन २०६७ ले प्रद्वत्त गरेको डिमान्ड चार्ज छुट नहुनु, महसुल आयोगको निर्णयका बाबजुद पनि लिज लिनु, टीओडी मिटर चर्को मूल्यमा खरिद गर्नुपर्ने बाध्यता रहनु, गुणस्तरीय वस्तुको आपूर्तिमा ढिलासुस्ती हुनु र खास गरेर सामुदायिक विद्युतीकरणका क्षेत्राधिकारबारे ऐन, कानुन, विनियम आफैँमा बाझिनु र अन्योल रहन नै यसका मुख्य चुनौती हुन्।

ग्रामीण भेगमा विद्युत्को खपत मुख्य गरेर बत्ती बाल्न, मोबाइल चार्ज गर्नलाई प्रयोग गर्ने गरेको पाइएकाले विद्युत् खपत ज्यादै न्यून बन्दै गएको छ। त्यसैले विद्युत् उपभोक्ता संस्थाले उठाउने विद्युत् महसुल न्यून बनेको छ। यो न्यून महसुलबाट आज उपभोक्ता संस्थाहरूको व्यवस्थापकीय खर्चसमेत व्यवस्थापन गर्न मुस्किल छ। यही अवस्था रहिरहने र विद्युत् महसुललाई वैज्ञानिक तवरबाट परिमार्जन नगर्ने हो भने प्राप्त महसुलबाट न्यूनतम व्यवस्थापकीय खर्चसमेत जुटाउन असमर्थ रहने देखिन्छ। यसबाट सामुदायिक विद्युतीकरणको मर्म तथा भावना र यो देशले खोजेको विकासको लक्ष्य परिपूर्ति नहुन सक्छ।

नेविप्रा (ग्रामीण विद्युतीकरण) र सामुदायिक विद्युतीकरणको तुलनात्मक प्रतियुनिट लागत :

	सामुदायिक ग्रामीण (औसत)	नेविप्रा (गुल्मी) (औसत)	नेविप्रा (सिन्धुपाल्चोक) (औसत)
	प्रतियुनिट लागत (रु) :मर्स्याङ्दी, चितवन : बले टक्सार, (गुल्मी : हाँडी खोला सिन्धुपाल्चोक	प्रतियुनिट लागत (रु) (उत्पादन तथा प्रसारणसहित)	प्रतियुनिट लागत (रु) (उत्पादन तथा प्रसारणसहित)
आ.व. २०७२/७३	६.३८	८.६०	११.९
आ.व. २०७३/७४	७.५२	१०.२२	११.०२

सामुदायिक विद्युत् उपभोक्तामा प्राविधिसहित गरेर विद्युत् चुहावट १० देखि १२ प्रतिशत मात्र रहेको पाइयो । सामुदायिक उपभोक्ताबाट सञ्चालित विद्युत्को प्रतियुनिट लागत न्यून देखिन्छ भने नेविप्राअन्तर्गतका ग्रामीण विद्युतीकरणको सञ्चालन तथा व्यवस्थापकीय खर्च सामुदायिक ग्रामीण विद्युतीकरणभन्दा उच्च रहेको छ ।

स्मरण रहोस्, सामुदायिक विद्युतीकरणमा उपभोक्ताहरूद्वारा बेहोरिएको १०% रकम अहिले १ अर्ब हारहारीमा नेविप्रामा जम्मा भएको छ । उपभोक्ताको यो लगानीबाट प्रतिफल शून्य नै देखिन्छ । लगानीकर्ताको न त संरचनामा स्वामित्व न त विद्युत् महसुलमा श्रम लगानीको नै उचित कदर भएको छ । लगानी गर्ने विद्युत् उपभोक्ता र नगर्ने दुवैले एउटै महसुल सरकारलाई बुझाउनुपर्ने बाध्यताले भविष्यमा गरिने सामुदायिक विद्युतीकरणको अवधारणा कस्तो हुनेछ भन्नेमा आशंका पैदा हुनु स्वाभाविक नै छ । नेविप्रामा सामुदायिक ग्रामीण विद्युतीकरणमा जनहभागिताबाट लगानीस्वरूप जम्मा गरिएको करिब १ अर्ब रूपैयाँबाट के कस्तो सहुलियत, सुविधाआदि भविष्यमा लगानीकर्ताहरू स्वयम्लाई प्राप्त हुने हो, त्यो भने हेर्न बाँकी नै छ । तसर्थ यससम्बन्धी नीतिगत तथा संस्थागत सुधारको खाँचो प्रस्टै देखिन्छ ।

(लेखक विद्युत् विज्ञ हुनुहुन्छ ।)

प्रो.कृष्णप्रसाद दाहाल
९८४११७९३१४/९८४१२७३६११

दाहाल ग्याँस तथा मिनिरल वाटर सप्लायर्स्

खुमलटार, ललितपुर । फोनः ०१-५२७५०५८

यहाँ ग्याँस चुल्हो, आई.जी.टी. रेगुलेटर, पाइप, खाली सिलिण्डर लगायत ग्याँसका सम्पूर्ण सामाग्रीहरु सुपथ मूल्यमा पाइन्छ ।

सामुदायिक विद्युतीकरण कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्ने राज्यको दायित्व

pQdsdf/ l3ld/

सामुदायिक सहभागिताबिना विद्युत् उत्पादन, प्रसारण र वितरणको कार्य प्रभावकारी हुन नसक्ने अवस्था देखेर नै मुलुक द्वन्द्वमा गुज्रिरहेको असहज परिस्थितिमा पनि विद्युत् प्रणालीको सञ्चालन, रेखदेख, मर्मत सम्भार, ग्राहक सेवा, लाइन विस्तार तथा ग्रामीण विद्युतीकरणमा उपभोक्तालाई प्रत्यक्ष सहभागी गराउने उद्देश्यले नेपाल सरकारले आ.व. २०६०/०६१ को नीति तथा कार्यक्रममा सामुदायिक ग्रामीण विद्युतीकरण र विद्युत् प्रणालीको सञ्चालन, सम्भार र रेखदेखसम्बन्धी अवधारणा ल्याएको थियो । सामुदायिक विद्युत् व्यवस्थापन नीतिअन्तर्गत विद्युत् नपुगेको क्षेत्रमा समुदायले विद्युत् विस्तार गर्न चाहेमा उक्त विस्तार गर्न लाग्ने खर्चको ८० प्रतिशत सरकारले अनुदानका रूपमा उपलब्ध गराउने तथा विद्युत् प्रणाली सञ्चालन, सम्भार गर्नेतर्फ जनसहभागिता गराई विद्युत् सेवा सञ्चालनको जिम्मा स्थानीय रूपमा गठित सामुदायिक विद्युत् वितरक संस्थालाई जिम्मा दिने नीति रहेको थियो । हाल आएर सरकारबाट उपलब्ध गराउने ८० प्रतिशत रकममा वृद्धि भई ९० प्रतिशत कायम भएको छ । यस्तै विद्युतीकरण वा लाइन विस्तार हुने कुल लागतमा उपभोक्ता समुदायबाट बेहोर्नुपर्ने रकम पनि २० प्रतिशतबाट घटेर १० प्रतिशत हुन गएको छ । जसबाट हुने विद्युतीकरणको सञ्चालन, रेखदेख, मर्मत सम्भार, ग्राहक सेवाको जिम्मा पनि समुदायकै रहन्छ ।

समुदायको सहयोग र समन्वयबाटै विद्युतीकरण, लाइन विस्तार तथा प्रभावकारी, विश्वासिलो विद्युत् सेवा सञ्चालन गर्न सकिने रहेछ भन्ने महसुस गरेर जनस्वामित्वको अवधारणाअन्तर्गत रहेको नीतिलाई लागू गर्न २०६० सालमा सामुदायिक विद्युत् वितरक नियमावली लागू भएको थियो । तर छोटो समयमै कार्यक्रम कार्यान्वयन गर्दा आएका कठिनाइ, कार्यानुभव तथा अझै व्यापक रूपमा जनसहभागिता बढाउने र प्रभावकारी कार्यान्वयन गराउने उद्देश्यले सो विनियमावलीमा विभिन्न समयमा परिमार्जन तथा संशोधन गरेर हाल 'सामुदायिक ग्रामीण विद्युतीकरण विनियमावली २०७१' क्रियाशील रहेको छ ।

विद्युतीकरण गर्ने कार्यमा जनतालाई प्रत्यक्ष सहभागी गराउनु र त्यसको प्रतिफल पनि समुदायलाई दिनु यस नीतिको उद्देश्य भएकाले पनि समुदायलाई विद्युत् प्रणालीको रेखदेख, सञ्चालन, सम्भार, लाइन विस्तार तथा ग्राहक सेवाको कार्यमा उत्साहित गर्ने, विद्युतीकरणमा जनसहभागिता बढाउने र क्षेत्र विस्तार गर्ने, सामुदायिक संस्थालाई स्थायीत्व र प्रभावकारी बनाउने, विद्यमान विद्युत् चुहावट प्रतिशत कम गर्ने, व्यवस्थापकीय सिपमा अभिवृद्धि गर्दै सेवाको गुणस्तरीयताका लागि प्रोत्साहित गर्ने, निजी, समुदाय र स्थानीय तहको लगानी र सहभागिता आकर्षित गर्ने, दातृ समुदायको लगानी र सहभागिता प्रवर्द्धन एवम् प्रोत्साहित गर्ने, जनसहभागितामा विद्युतीकरण प्रणालीको विस्तार, विकास र प्रवर्द्धन गर्ने तथा समुदायको प्राविधिक क्षमतामा पनि वृद्धि गर्दै सामुदायिक व्यवस्थापनमा

नेतृत्वदायी भूमिकामा जोड दिने जस्ता उद्देश्य विनियमावलीमा रहेका छन् । राज्यले पनि प्राविधिक रूपमा सक्षम रहेको सरकारी निकाय नेपाल विद्युत् प्राधिकरणलाई कार्यान्वयन गर्ने जिम्मा दिएकाले यसको जिम्मेवारी झनै बढी र महत्त्वपूर्ण रहन गएको छ ।

स्थानीय उपभोक्तामध्येबाट गठित विद्युत् वितरक संस्था सहकारी ऐनबमोजिम दर्ता भएको हुनुपर्ने र सो संस्थाले माग गरेको क्षेत्रमा विद्युतीकरणका लागि विनियमावलीमा तोकिएको सम्पूर्ण प्रक्रिया पूरा गरी अनुसूचीबमोजिम आवेदन दिने प्रावधान रहेको छ । कार्यक्रम स्वीकृति र संस्थासँग गरिने सम्झौतापश्चात् टर्नकी रूपमा निर्माण कार्य प्राधिकरणबाट हुने र उपयुक्तताका आधारमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने प्रावधान पनि विनियमावलीमा रहेको छ । निर्माण कार्य सम्पन्न भइसकेपश्चात् सञ्चालन सम्भारका लागि प्रक्रिया पूरा गरेर समुदायलाई हस्तान्तरण हुने हुँदा प्राधिकरणले कार्यक्रमअन्तर्गत निर्माण कार्यको अनुगमन, नापजाँच र मूल्याङ्कन तथा गुणस्तर नियन्त्रण गर्ने कार्यको जिम्मा प्राधिकरणको हुने पनि व्यवस्था छ । थोक रूपमा खरिद गरेको विद्युत्को महसुल नियमित रूपमा भुक्तानी गर्नुपर्ने र मासिक विवरण प्राधिकरणलाई बुझाउनुपर्ने संस्थाको दायित्व रहेको छ । सामुदायिक ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली सञ्चालनसम्बन्धी सम्झौता गरेर तोकिएबमोजिम विद्युत् सेवा सञ्चालन गर्ने व्यवस्था छ । सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघ, नेपालको अध्यक्ष वा प्रतिनिधि पदेन सदस्य रहने गरी सामुदायिक ग्रामीण विद्युतीकरणसम्बन्धी कार्यको व्यवस्थापन र अनुगमन गर्ने निर्देशक समिति गठन हुने र सो समितिलाई कार्यक्रम स्वीकृत, कार्यान्वयनको अनुगमन, उजुरीको निर्णय, नीति तर्जुमा गर्ने आदि अधिकार पनि प्रदान गरिएको छ । साथ साथै प्राधिकरण र वितरक संस्थाबीच भएको विवादमा निर्णय गर्न विवाद समाधान समितिको प्रावधान रहेको र त्यसमा पनि महासंघको अध्यक्ष वा प्रतिनिधि सदस्य रहनुका साथै सम्बन्धित संस्थाको अध्यक्ष वा प्रतिनिधि पनि सदस्य हुने व्यवस्था विनियमावलीमा रहेको हुँदा हरेक क्रियाकलापमा सामुदायिक प्रतिनिधित्व रहने गरेको छ । यस्तै सामुदायिक संस्थाले तोकिएको आफ्नो दायित्व पूरा नगरेमा प्रक्रिया पुऱ्याई सम्झौता रद्द गर्न सक्ने अथवा स्वतः समाप्त हुने पनि प्रावधान रहेका छ । सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमको कार्यान्वयनको कानुनी प्रक्रिया विनियमावलीको अध्ययनबाट अवगत हुने नै हुँदा यहाँ विस्तृत रूपमा उल्लेख गरिएको छैन ।

सर्वसुलभ र प्रभावकारी रूपमा विद्युत् सेवा पुऱ्याउने उद्देश्यले विद्युत् प्रणाली सञ्चालन, सम्भार, रेखदेख तथा ग्रामीण विद्युतीकरणमा जनसहाभागिता गराई स्थानीय रूपमा गठन हुने वितरक संस्थामार्फत् विद्युत् सेवा पुऱ्याउने नीतिलाई कार्यान्वयन गर्न उपरोक्त विनियमावली परिमार्जन र संशोधन गरेर लागू गरिए पनि अनुभव र आवश्यकतालाई नियाल्दा व्यापक रूपमा अझै पनि संशोधन र प्रावधान थप गर्नुपर्नेदेखिएको छ । नीति तथा कार्यक्रम आफैँ पूर्ण हुने होइन, यसको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवाला सबैको पहल तथा प्रतिबद्धता हुन जरुरी छ । तैपनि यस अवधारणालाई लागू गर्न क्रियाशील विनियमावलीभित्र रहेर विभिन्न निर्देशिका, कार्यविधि तथा मोडेलहरू तयार गरी लागू गरिएका छन् । सोबमोजिम ५२ वटा जिल्लामा २८२ वटा संस्थाले वितरण प्रणालीको जिम्मा लिई सञ्चालन गरेर विद्युत् सेवा पुऱ्याउँदै आइरहेका छन् । यस कार्यक्रमबाट २०७५ असार मसान्तसम्ममा जम्मा ५ लाखभन्दा बढी घरधुरीले बिजुलीको सुविधा पाएका छन् । समुदायले बेहोर्ने १० प्रतिशत रकम पनि हालसम्म १ अर्ब ५० करोडभन्दा बढी सामुदायिक विद्युतीकरण कोषमा जम्मा हुनुले सामुदायिक उपभोक्तामार्फत् गर्न थालिएको ग्रामीण विद्युतीकरणमा गरिएको लगानीले उत्साहवर्धक परिणाम देखाएको छ । तैपनि राज्यबाट

गरेको लगानीले जनताको माग र विद्युत् विस्तारको चाहनालाई पूर्ति गर्न सकिरहेको छैन। ग्रामीण विद्युतीकरण भनेको आफैँमा घाटाको व्यवसाय हो । उपलब्धिको तुलनामा खर्च अत्यधिक हुने गर्दछ। नेपालको भौगोलिक पहाडी/हिमाली क्षेत्रमा हुने कठिन कार्य, लामो दूरी र न्यून जनघनत्व रहेकाले पनि विद्युतीकरण गर्नमा प्राविधिक कठिनाइ देखा परेको छ । वितरणमा घाटा र न्यून राजस्व सङ्कलन हुनुले ग्रामीण विद्युतीकरणबाट राज्यलाई उच्च दरमा सेवा मूल्य खर्च गर्नुपरेको छ। त्यसमा पनि राजनीतिक तथा गैरराजनीतिक दबाबले झनै ग्रामीण विद्युतीकरणको विकासमा प्रभावित तुल्याएका छन्। यस्ता चुनौतीपूर्ण अवस्थामा सामुदायिक विद्युतीकरणको कार्यलाई सबै पक्ष, तप्काबाट पूर्ण सहयोग प्राप्त भई उत्साहवर्धक सहभागिता हुनु आफैँमा यस नीतिप्रतिको आकर्षण हो ।

द्वन्द्वबाट गुज्रिरहेको तत्कालीन असहज परिस्थितिमा सामुदायिक विद्युतीकरण तथा विद्युत् सञ्चालन व्यवस्थापन गर्ने सम्बन्धमा सरकारबाट उत्साहित भएर नीति निर्माण भएको र त्यसको कार्यान्वयनमा प्राधिकरणबाट पनि त्यस्तै रूपमा तत्परता, लगाव र क्रियाशीलता देखाएर कार्यक्रम सफल भएको हो । त्यति मात्र होइन, कार्यक्रमको सुरुवाती दिनमै सामुदायिक विद्युतीकरण तथा प्रभावकरी व्यवस्थापनका लागि सँगठित भई विद्युत् वितरक संस्थाहरूको पहल कदमीबाट छाता सङ्गठनका रूपमा 'सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघ, नेपाल' २०६१ सालतिर नै स्थापना भयो। यस कार्यक्रमप्रति समुदायलाई अझै बढी उत्साहित गराउन र सफल कार्यान्वयन हुनका लागि महासंघले आफ्नो भूमिका निर्वाह गर्दै आइरहेको छ।

साल बसाली रूपमा अर्थात् परम्परागत गरिने विद्युतीकरण र सामुदायिक ग्रामीण विद्युतीकरणमा तुलनात्मक रूपमा भिन्नता वा अन्तर के रहेको छ, जसले गर्दा आमउपभोक्तालाई यसप्रति आकर्षित गराएको छ भन्ने विषयमा प्रस्ट हुन जरुरी छ । परम्परागत हुने ग्रामीण विद्युतीकरणको विकल्पका रूपमा खोजी भएर नै सामुदायिक विद्युतीकरणको अवधारणा आएको हुन सक्छ। समुदायबाट १० प्रतिशत मात्र लगानी हुने भनिए पनि विद्युतीकरण गरिने स्थानको छनोट सरकारी स्तरबाट नभई आवश्यकताका आधारमा समुदायबाटै आफैँले छनोट गर्ने भएकाले स्थान छनोटको स्वायत्तता समुदायलाई रहेको छ । समुदायले बेहोर्नुपर्ने लगानीबमोजिम सरकारबाट बजेट विनियोजन हुने भएको हुँदा विद्युत् वितरक संस्थाको विनियोजित बजेटमा अग्राधिकार रहन्छ। निर्धारित कार्यक्रममा विनियोजित बजेट अन्यत्र जाने वा लेप्स हुने नभई सो कार्यक्रममा खर्च हुने व्यवस्था रहेको छ। यस अवधारणाबमोजिम भएको विद्युतीकरणको संरचना समुदायलाई हस्तान्तरण गरी सञ्चालन मर्मत सम्भार तथा ग्राहकसँगको जिम्मेवारीसहित स्वामित्व पनि सामुदायिक संस्थाको हुने र सञ्चालक पनि समुदायको प्रतिनिधि हुने कार्यक्रमको विशेषता हो।

साथै प्राधिकरणको मौज्दात विद्युत् प्रणालीको सञ्चालन, सम्भार, रेखदेखको कार्य र ग्राहक सेवामा पनि जनसहभागिता होस् भन्ने अभिप्रायले विद्युत् सेवाको सञ्चालनको जिम्मा स्थानीयस्तरमा गठित सामुदायिक संस्थालाई सरकारले तोकेको थोक मिटरमा खपत भएकोप्रति युनिट दररेट (विद्युत् महसुल सङ्कलन विनियमावली बमोजिम) र वितरण लाइन प्रणालीको लिज भाडाका रूपमा ०।१० पैसा प्रतियुनिटले वितरक संस्थाले प्राधिकरणलाई बुझाउनु पर्नेछ। वितरक संस्थाले गरेको आंशिक लगानीको हकमा सो लगानीको अनुपातमा लिज भाडामा छुट हुने व्यवस्था रहेको छ। यसरी सामुदायिक विद्युतीकरण गरिएको क्षेत्रको वा लिज भाडामा लिई सञ्चालन गरिएको अवस्था भए पनि नेपाल सरकारबाट तोकिएको विद्युत् महसुल सङ्कलन विनियामवलीबमोजिमको थोक

विद्युत् महसुल दरको परिधिभित्र रही प्राधिकरणले लिने दरभाउभन्दा कममा पनि लिने गरी आफ्ना ग्राहकका लागि दररेट आफैँ निर्धारण गर्न सक्नेछ । वितरक संस्थाले थोक मिटरबाट विद्युत् खरिद गर्ने र त्यसपछि आफ्नो स्वामित्वमा वितरण प्रणालीबाट विद्युत् वितरण गर्न सक्ने प्रावधान भएकाले थोक मिटरभन्दा पछिको वितरण प्रणालीको दायित्व सामुदायिक संस्थामा रहनेछ । सामुदायिक संस्था आफैँ नाफा नोक्सान बेहोर्ने हुँदा अपनत्व बढ्नेछ । सञ्चालन मुनाफा भएमा सामुदायिक निर्णयबाट अन्य कार्यमा खर्च गर्न पनि पाइनेछ ।

सामुदायिक संस्था स्थानीय हुने भएकाले ग्रामीण स्तरमा रोजगारीको अवसर बढ्ने तथा संरचना पनि हस्तान्तरण भई आफ्नो स्वामित्वमा हुने हुँदा सोको संरक्षक, संवर्द्धन हुन गई आयु बढ्ने र समुदायले अधिकतम अवधिसम्म प्रयोग गर्न पाउने अवसरसमेत प्राप्त हुनेछ । जसले गर्दा विद्युतीकरणको क्षेत्र विस्तार, विद्युत् खपतमा वृद्धि, सञ्चालन, सम्भार खर्चमा कटौती, ग्राहक सेवामा स्तरीयता तथा प्रभावकारी, आफ्ना ग्राहकलाई विद्युत् महसुल दरमा कमी हुन सक्ने, समाजको आर्थिक स्थितिमा सुधार, सामुदायिक बजार निर्माणमा अभिरुचि, विद्युत् चुहावट प्रतिशतमा कमी, विद्युत् सेवाको संरक्षणप्रति जागरुक हुने, ग्रामीण जनताको आफ्नै ज्ञान र सिपको पनि प्रयोग हुन जानेछ । यस्तै रूपमा स्थानीय जनशक्तिको परिचालन हुने, निर्णय प्रक्रियामा आफैँ सहभागी हुन पाई व्यवस्थापन आफैँ गर्न पाउने, प्राप्त मुनाफासमेतलाई आफ्नै क्षेत्रमा लगानी गर्न पाउने पनि रहेको छ । सामुदायिक संस्थालाई मात्र होइन, सरकारी निकाय नेपाल विद्युत् प्राधिकरणसमेतलाई सामुदायिक थोक ग्राहक भएकाले अन्य धैरे ग्राहकसँग समन्वय गरेर व्यवस्थापन गर्नु नपर्ने धेरै मिटर रिडर व्यवस्था र नोलाइट सेवाको व्यस्थापन गर्न नपर्ने र सञ्चालन सम्भारको खर्चमा कमी हुने, कर्मचारी घटाउन सकिने र साथसाथै थोक मिटर पछाडिको क्षेत्रमा चुहावट नहुने भएकाले अप्राविधिक चुहावट घट्नेछ । यसरी ग्राहक सेवाको झन्झटिलो कार्यबाट मुक्ति पाउँदै आफ्नो स्रोत, साधन समय अन्य उत्पादनमूलक कार्यमा प्राधिकरणले खर्च गर्न पाउनेदेखिन्छ ।

ग्रामीण समुदायलाई विद्युतीकरण सञ्चालन, सम्भार गर्ने कार्यमा सहभागी गराई राष्ट्रिय विद्युत् प्रणालीको संरक्षण तथा संवर्द्धनमा सामुदायिक भावनाको विकास गर्न उत्साहित गर्नु र नेतृत्वदायी भूमिका निर्वाह गराउनेतर्फ परिचालित गर्नु पनि सामुदायिक ग्रामीण विद्युतीकरण तथा वितरक सेवा सञ्चालनसम्बन्धी कार्यक्रमको मनसाय रहेको हो । विद्यमान विद्युत् प्रणालीमा भइरहेको चुहावट नियन्त्रण गर्नु र निजी तथा सामुदायिक लगानीकर्तालाई आकर्षित गरी विद्युतीकरण विस्तार गर्दै सामुदायिक आत्मनिर्भरताको विकास गर्नु पनि हो । यसर्थ विद्युतीकरणको निर्माण सञ्चालन, मर्मत सम्भार, ग्राहक सेवा तथा सोको सुपरीवेक्षण प्राधिकरण र संस्थाको आफ्नै दक्ष जनशक्तिबाट हुने भएकाले बाह्य निरीक्षक, सुपरिवेक्षक, परामर्शदाताको व्यवस्थापन गर्नु नपर्ने अवस्था भएकाले पनि यो योजना अन्य विद्युतीकरणभन्दा मितव्ययी र सस्तो हुन पुगेको छ । त्यसमा पनि हरेक सामुदायिक संस्थाका सबै पदाधिकारी विद्युत्‌को व्यवस्थापन र सञ्चालन गर्न नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको अवस्था रहेकाले ती पदाधिकारीलाई विद्युत् व्यवस्थापन सहजकर्ताका रूपमा राज्यले सम्बोधन गर्नु उचित हुनेछ ।

कतिपय नीति तथा निर्णयहरू उचित अर्थात् ठीक हुँदाहुँदै पनि कार्यान्वयन गर्ने कार्यशैलीका कारण पनि आलोचित हुने गर्दछन् । यो कार्यक्रम आउँदा समग्र रूपमा राजनीति, कर्मचारीतन्त्र अहिलेभन्दा प्रतिकूल थियो । बजेट रकम भएर मात्र हुँदैन, विद्युत् उपलब्ध भएर मात्र पनि हुँदैन । त्यसको प्रयोग, दक्ष जनशक्ति र बलियो सक्षम सङ्गठनको पनि जरुरी पर्दछ । कार्यक्रम कसरी आयो,

अवस्था कस्तो थियो, अनुभव कस्ता रहे, कार्यान्वयनका क्रममा भए गरेका क्रियाकलापहरूको सूक्ष्म अध्ययन, अनुगमन, मूल्याङ्कनहरूको संस्थागत स्मृति (क्ष्लकतष्तगतष्यलबा ःझयचष्भक) समृद्ध सबै निकायहरूमा हुनुपर्ने हो, त्यो हुन सकिरहेको छैन । संस्था निर्माण गर्नु मात्र ठूलो कुरा होइन, त्यसले सम्पादन गर्ने काम महत्त्वपूर्ण हो । अहिले पनि कार्यान्वयन गर्ने निकायहरू पूरानै ढर्रा तथा परिपाटीमा चलिरहेका छन् । सदैव कर्मचारी अभाव, साधन स्रोतको कमीको थेगो जस्तै दोहऱ्याइरहने र कार्यक्रम ठीक लागेन भन्ने जस्ता अफवाह फैलाउनुले यस कार्यक्रमप्रति नकारात्मक भावना जगाउन सक्छ । यसर्थ सबै सरोकारवालालगायत संस्थाका पदाधिकारी, कर्मचारी र सञ्चालक पनि कार्यक्रमको सफल कार्यान्वयनका लागि जनमैत्री, उपभोक्तामैत्री हुनु जरुरी छ र जनहितकारी सोचबाट परिपूर्ण हुन आवश्यक छ । तथापि सामुदायिक विद्युतीकरणलाई शैक्षिक संस्थाहरूमा अध्ययन, अनुसन्धानको विषय बनाउन र पाठ्यक्रममा समावेश गराउन महासंघले गरेका पहलकदमीलाई अवश्य पनि सराहनीय मान्नुपर्छ र यो कार्यक्रम सफलताको सूचाङ्क पनि हो । कार्यक्रमको कार्यान्वयन, निरीक्षण तथा अनुगमनलगायतका सबै कार्य एउटै निकाय (विद्युत् प्राधिकरण) बाट हुने हुँदा स्वेच्छाचारिता हुन सक्ने सम्भावना पनि रहन जान सक्छ । यसैले अनुगमन गर्ने निकायको पनि अनुगमन गर्ने भन्ने वर्तमान सरकारको सोचसमेत रहेकाले छुट्टै निकाय खडा गरी मूल्याङ्न तथा अनुगमन हुनु उपयुक्त हुने देखिन्छ ।

सामुदायिक ग्रामीण विद्युतीकरण तथा सञ्चालन ग्राहक सेवासम्बन्धी कार्य नाफामूलक होइन । सामुदायिक सहभागिता भएको र समुदायले गरे जे पनि हुन्छ भनी स्वच्छन्द हुन चाहने र स्वतन्त्रताको आवरणमा आफूले निर्वाह गर्नुपर्ने दायित्व पूरा नगरेमा अनियमितताको सम्भावना पनि रहन सक्छ यसैले सरकारी खर्चको अनुगमन तथा नियन्त्रण गर्न सकिएन भने पनि कार्यक्रमले राम्रो प्रतिफल प्राप्त गर्न सक्दैन भन्ने विगतमै महसुस गरेर नै २०७१ सालको विनियमावलीमा कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक भएमा वितरक संस्थाका लागि 'आचार संहिता' तयार गरी जारी गर्न सक्ने प्रावधान राखिएको हो । तर हालसम्म निर्माण गरी लागू गरिएको छैन । यसर्थ कार्यक्रम सफलतापूर्वक सञ्चालन गर्न र अनुशासित, सबल तथा सक्षम सामुदायिक संस्था तयार गर्न आचार संहिता लागू गर्नेतर्फ सबैको ध्यान जानु जरुरी छ ।

मुलुकको पछिल्लो जनगणनाअनुसार ग्रामीण तहमा विद्युतीकरण भएको ८ प्रतिशत अर्थात् ३ लाख २८ हजार ९ सय परिवार सङ्ख्या रहेको छ । जनसङ्ख्याको वार्षिक वृद्धिद्धर २.५ प्रतिशत रहेको छ भने ग्रामीण विद्युतीकरणको वृद्धिदर १ प्रतिशत मात्रै छ । यस परिस्थितिमा सामुदायिक विद्युतीकरणलाई व्यापक रूपमा लगेमा यसले मात्र परिपूर्ति गर्न सक्ने सम्भावना रहेकाले यस नीतिमा सुधार र परिमार्जन गर्दै कार्यान्वयनको प्रक्रियामा सुधार ल्याउन सके अझै बढी विद्युतीकरणमा व्यापकता आउन सक्नेदेखिन्छ । यसका लागि राज्यले ग्रामीण विकास गर्न सामुदायिक ग्रामीण विद्युतीकरणको कार्यक्रमलाई राष्ट्रिय प्राथमिकतामा राख्नु आवश्यक छ । तब मात्र संविधानले तय गरेका समाजवादतर्फको परिकल्पना साकार हुनेछ ।

'ग्रामीण विकासको पहिलो पूर्वाधार सामुदायिक विद्युतीकरण यसको आधार'

(लेखक ने.वि.प्रा.का सेवा निवृत्त उपनिर्देशक हुन् ।)

सामुदायिक ग्रामीण विद्युतीकरणको प्रभाव मूल्याङ्कन : अवधारणा र प्रयोग



– 8f an/fd kf7s

१. पृष्ठभूमि

ग्रामीण विद्युत्‌ीकारणका आफ्नै विशिष्ट आयामहरू छन् । आवश्यकता, माग, उपभोगको मात्रा र ग्राहकहरूको उपभोग (खर्च) क्षमता सबै दृष्टिमा यो सहरी विद्युतीकरण, औद्योगिक विद्युतीकरण र कतिपय अवस्थामा रीष्ट्र्य प्रसारण (नेसनल ग्रिड)मार्फत् हुने सेवा प्रदायकको नाफा सुनिश्चित हुने व्यवसायिक विद्युतीकरणभन्दा फरक छ । यी फरकहरू विद्युत् उत्पादन वा थोक खरिद, प्रसारणका लागि पूर्वाधार निर्माण र विस्तार, वितरण, बिक्री, मूल्य निर्धारण, सेवा व्यवस्थापन र सेवाको भरपर्दो र दिगोपनामा पनि प्रतिबिम्बित हुन्छन् । ग्रामीण विद्युतीकरणलाई संसारमै आर्थिक विभेद न्युनीकरण र ऊर्जा उपभोग समीकरणको एक महत्वपूर्ण उपकरण मान्न थालिएको लामो समय भइसकेको छ । सरकारी अनुदान प्राप्त ग्रामीण विद्युत्‌रिकणलाई पनि समुदायको स्वामित्वमा छोडिदिँदा यसको सञ्चालन दीगोपन हुने फराकिलो अनुभवले देखाएको छ । परिणामस्वरूप, समुदायमा आधारित ग्रामीण विद्युतीकरण क्रमशः लोकप्रिय हुँदैछ । अचेल धेरै मुलुकहरूमा समुदायलाई थोकमा बिजुली बेच्ने या मोडेल (अनुदानको अवयव नराखी) नाफामुखी औद्योगिक क्षेत्र र औद्योगिक कोरिडोरहरूमा पनि लागू गरिएको छ, जसले यसको महत्वलाई बढाएको छ ।

विश्व बैङ्कले ग्रामीण विद्युतीकरणको प्रभावबारे भारतमा गरेको एक व्यवस्थित अध्ययनले भनेको छः 'विकासशील मुलुकहरूमा ग्रामीण विद्युतीकरण कार्यक्रमहरूको उद्देश्य ग्रामीण घरधुरीहरूलाई सस्तो र उनीहरूले धान्न सक्ने मूल्यमा आधुनिक ऊर्जा प्रदान गर्नु तथा दीर्घकालमा कमसल विकल्पहरूको निर्भरताबाट निकाल्नु मात्रै होइन । यसको उद्देश्य अझ फराकिलो छ । ग्रामीण विद्युतीकरणले ग्रामीण जनताको जीवनस्तरमा सुधार गर्ने र धेरैवटा आर्थिक पक्षहरूमा बढोत्तरी गर्ने अपेक्षा गरिन्छ । मट्टितेलमा आधारित बत्ती बाल्ने पद्धतिलाई बिजुली बत्तीले विस्थापित गरेपछि घरभित्रको वायु प्रदूषणलाई एवम् कार्वन उत्सर्जनलाई उल्लेख्य रूपले घटाउँछ । साथै, यसबाट विद्यालय जाने केटाकेटीहरूलाई साँझ परेपछि पनि अध्ययन गर्न सघाउँछ र यसरी उनीहरूलाई थप समय अध्ययन गर्न प्रोत्साहितसमेत गर्छ । यसका अतिरिक्त, ग्रामीण विद्युतीकरणले अँध्यारो हुँदासम्म व्यवसाय खुल्लै राख्न सघाएर र बिजुलीको उत्पादनशील क्षेत्रमा प्रयोग बढाएर आयआर्जनका गतिविधिहरूलाई प्रत्यक्ष लाभ दिन्छ' (विश्व बैङ्क, २०१२)।[1]

1 *The World Bank (2012). Khandker. Shahidur R., Hussain A. Samad, Rubaba Ali and Douglas F. Barnes*

सोही अध्ययनले बिजुलीको पहुँच भएका घरधुरीको प्रतिव्यक्ति आय समग्रमा ३८ दशमलव ८ प्रतिशतसम्म वृद्धि भएको र विद्युत् उपभोगमा १० प्रतिशत वृद्धि हुँदा यस्तो आय ०.६ प्रतिशतका दरले बढ्ने गरेको देखाएको छ। विद्युतीकरण भएका घरधुरीको खाद्यबस्तुमा हुने खर्चमा १४ प्रतिशत र खाद्यबाहेक अन्य खर्चमा ३० प्रतिशतले वृद्धि भएको देखाएको छ। यसले समग्र जीवनस्तरमा आएको सुधारलाई सङ्केत गर्छ। यस्तै विद्युतीकरण भएपछि ग्रामीण गरीबी दरमा १३.३ प्रतिशतले कमी आएको निश्कर्ष यो अध्ययनको छ।

त्यस्तै, एसियाली विकास बैङ्कले सन् २०१० मा भुटानमा गरेको अध्ययनले पनि विद्युत् सेवामा पुग्ने पहुँचले ग्रामीण पारिवारहरूको अयामा वृद्धि, परम्परागत ऊर्जाका स्रोतहरू जस्तै दाउरा र मट्टितेलमा हुने खर्चमा कमी, घरभित्रको हावाको गुणस्तरमा सुधार र त्यसबाट स्वास्थ्य र केटाकेटीहरूको पढाईमा सकारात्मक योगदान पुग्ने निश्कर्ष निकालेको छ।[2] यस्तै अध्ययनहरू बाङ्लादेश र धेरैवटा अफ्रिकी मुलुकहरूमा पनि भएको छ। ती सबै अध्ययनहरूको लगभग साझा निश्कर्ष के छ भने, प्रत्यक्ष आर्थिक उत्पादनमा ग्रामीण विद्युतीकरणको उल्लेख्य योगदान कम देखिए पनि यसबाट समामाजिक कल्याण र जीवनस्तर सुधारमा पुग्ने योगदान महत्वपूर्ण र उल्लेख्य रूपले सकारात्मक रहेको छ। खासगरी शिक्षा र स्वास्थ्य एवम् गरीबी न्युनीकरणजस्तादेखिने र ग्रामीण जनताको स्वाभिमान एवम् आत्मसम्मानजस्ता सुसुप्त आयामहरूमा पनि सकारात्मक असरदेखिएको छ।

विश्व बैङ्ककै अर्को एक अध्ययनले ग्रमीण विद्युतीकरणका तीनवटा प्रमुख लाभहरू (स्वास्थ्य, शिक्षा र उत्पादकत्व)लाई निम्नानुसार सूचीवद्ध गरेको छः[3]

ग्रामीण विद्युत्रीरकणबाट प्राप्त हुने स्वास्थ्य सम्वन्धी लाभ विविध माध्यम (च्यानल)हरूबाट प्राप्त हुन्छ। जस्तैः

१. स्थानीय स्वस्थ्य संस्थाहरूमा स्वास्थ्य सेवा दिने पद्दतिमा बिजुलीको उपयोगबाट हुने सुधार,
२. परिवारहरूले खाना पकाउन, आगो ताप्न र बत्ती बाल्नका लागि प्रदुषणयुक्त इन्धन बाल्न बन्द गरेपछि सफा हावाबाट प्राप्त हुने लाभ,
३. टेलिभिजन चलाउन विद्युत् उपलब्ध भएपछि स्वास्थ्य सम्वन्धी ज्ञानमा हुने वृद्धि ,
४. पोषणबारेको रेडियो र टेलिभिजनबाट प्राप्त हुने ज्ञान र फ्रिजमा खानेकुरा सुरक्षित राख्नेजस्ता सुविधा उपलब्ध भएका कारण पोषण प्राप्तिमा हुने सुधार, आदि।

यस्तै शिक्षामा, माथि उल्लेख भएका लाभका अतिरिक्त बैङ्कको अध्ययनले ग्रामीण विद्युतीकरणबाट फाइदा प्राप्त हुने थप 'च्यानल'बारे पनि उल्लेख गरेको छ।

१. यसले ग्रामीण विद्यालयहरूको गुणस्तरलाई सुधार्छ, विद्युत्मा आधारित उपकरणहरूको प्रयोग र शिक्षकहरूको संख्या र गुणस्तरमा सुधार ल्याउँछ (बिजुली पुगेका ठाउँमा थप योग्य शिक्षक काम गर्न रुचाउँछन् भन्ने तथ्यांकका आधारमा)।
२. टिभी, कम्प्युटर आदिको प्रयोगले ज्ञानको स्रोतको काम गर्छन् (टिभी हेराइले अध्ययन समय

(2012), Who Benefits Most from Rural Electrification? Evidence in India. Wolrd Bank Sister Publications, Washington DC, USA.

2 *ADB (2010). Asian Development Bank's Assistance for Rural Electrification in Bhutan—Does Electrification Improve the Quality of Rural Life? Reference Number: IES: BHU 2010-27 Impact Evaluation Study Number: 26194 August 2010. Manila.*

3 *The welfare impact of rural electrification : a reassessment of the costs and benefits - an IEG impact evaluation (2008).*

कम गराउने भएपनि अन्य समग्र विषयको जानकारी र ज्ञान थप लाभकारीदेखिएको छ)।

३. अध्यापनको श्रव्यदृश्य माध्यमको प्रयोग बढी प्रभावकारी सावित भएका छन्, जसलाई विद्युत्‌को उपयोगले मात्र सम्भव बनाउँछ।

उत्पादकत्व वृद्धिमा पनि धेरै तरिकाबाट सहयोग पुग्छ।

१. औसत परिवारहरूले खाना पकाउन बिजुलीको प्रयोग गर्नसके (यो नेपालका ग्रामीण जनतामा यसका लागि खर्च गर्ने क्षमता कति होला, त्यसको विस्तृत अध्ययन हुनु आवशयक छ) दाउरा बटुल्नेदेखि खाना पकाउन लाग्ने अतिरिक्त श्रम उत्पादनशील क्षेत्रमा सदुपयोग हुनसम्छ। यसले उत्पादकत्व बढाउँछ।

२. भइरहेका ससाना व्यवसायको क्षमता बढाउन र नयाँ व्यवसाय खोल्न ऊर्जा उपलब्ध हुन्छ।

३. कृषि उत्पादनमा पम्प सिंचाई र उत्पादित कृषि उत्पादनको (शीत) भण्डारणबाट थप लाभ प्राप्त हुन्छ।

४. साना वा ठूला सबै खाले उद्यमशीलताका लागि विद्युत् आफैंमा एक अत्यावश्यकीय पूर्वाधार हो, जसले समग्र अर्थतन्त्रको उत्पादकत्वलाई बढाउन सघाउँछ। र,

५. यो हरित अर्थतन्त्रको युगमा नवीकरणीय ऊर्जा प्रयोगले बन विनासलाई रोक्छ, कार्वन उत्सर्जन घटाउँछ जुन आफैमा नगद लाभ दिने उत्पादन सरह हुन्। जलवायु प्रदुषण कम पार्ने हुनाले यसबाट कृषिलगायतका उत्पादन वृद्धि गर्न मद्दत गर्छ।

२ . ग्रामीण विद्युतीकरणका मोडल

ग्रामीण सामुदायिक विद्युत् सेवा उत्पादन (वा थोक खरीद), वितरण, शुल्क निर्धारण र सेवा शर्तका संसारभर अनेकौं मोडेल छन्। अहिले आम प्रचलनको मोडल एन्कर-विजनेस-कम्युनिटी (मुख्य प्रदायक-व्यवसाय-समुदाय मोडल) हो। सन् २००५ मा नेपालमा पनि सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघ स्थापनापछि यो मोडल ग्रामीण विद्युतीकरणको एउटा मानक नै बनेको छ। एन्करका रूपमा नेपाल विद्युत् प्राधिकरण छ। यसले रु ३।६० (प्रसारण लाइनको भाडा १० पैसासमेत गरी) एउटा सिर्गौ समुदायलाई थोकमा बिजुली बेच्छ। समुदाय (कम्युनिटी रुरल इलेक्ट्रिफिकेशन इण्टिटिज) ले बिजुलीको व्यवसाय र सेवा दुवै व्यवस्थित गर्नुपर्छ। प्राधिकरणले तोकेको अधिकतम दर ननाघ्ने गरी लागतमा थप शुल्क तोकेर समुदायले नाफा आर्जन गर्नसक्छ । समुदायचाहिँ उपभोक्ता र व्यवस्थापक दुवै हो।

यसका धेरैवटा सहायक मोडलहरू विकसित भएका छन्। समान्य उपभेक्ता समूह मात्रै बनाएर बिजुली बाल्ने र त्यसको शुल्क तिर्ने समुदाय पनि छन्। विद्युत् उपभोक्ता सबै (र बाहिरका पनि) सदस्य हुने छुट्टै सहकारी स्थापनामार्फत् विद्युत् सेवा वितरण र व्यवस्थापनाका अतिरिक्त बहुउद्देश्यी काम गर्ने, कालान्तरमा विद्युत् उत्पादनसम्म गर्ने एन्कर-सहकारी-व्यवसाय-समुदाय मोडेल छ, जुन नेपालमा बढी लोकप्रियदेखिन्छ। धेरैवटा देशमा उपभोक्तले सेवा व्यवस्थित गर्दा मात्र सरकारी अनुदान पाइने व्यवस्था भएकाले सहकारी नभएपनि स्वतः यस्ता उपभोक्ता समूह स्थापित भएका छन्। प्रसारण लाइनको लागत र लाभ वितरणका लागि अझ छुट्टै मोडेलहरू छन्। भारतको टाटा इन्ष्टिच्युट अफ टेक्नोलोजीले समुदायको स्वामित्व र लगानीमा आधारित सौर्य, बायु र एन्करबाट किनिने सबै प्रकारका नवीकरणीय ऊर्जाको समुदायले नै ‘व्यवसाय’ विस्तार गर्नेगरी ‘हाइब्रिड’ मोडेलको परीक्षण गरिरहेको छ। नेपालमा लामो समयदेखि राष्ट्रिय प्रशारणमा नजोडिएका लघु

जलविद्युत् आयोजनाहरूको व्यवस्थापन र सञ्चालन लाभग्राही समुदाय आफैले गर्ने मोडेलको अनुभव पनि हामीसँग छ। यी सबै मोडेलका आफ्नै विशेषता र सबलता/दुर्बलता मिश्रत छन्।

तर, के चाहिँ उल्लेख गर्न आवशयक छ भने नेपालमा बिजुली उपभोगकै विशिष्ट प्रयोजनका लागि स्थापित भएका सहकारी संस्थाहरूले ग्रामीण भेगमा प्रभावकारी बिजुलीको 'व्यवसाय' मात्र गरेका छैनन्, त्यसकै माध्यमबाट अरु स्थानीय आर्थिक गतिविधिलाई पनि सघाइरहेका छन्। स्वामित्व, आर्थिक व्यवस्थापन र व्यवसाय पारदर्शिताका दृष्टिले यो सहकारीको अवयव जोडिएको मोडेल नेपालका सन्दर्भमा आर्थिक व्यवस्थापनका दृष्टिले सम्भवतः सबभन्दा प्रभावकारी सावित भएको छ।

३. सन्दर्भः दक्षिण ललितपुर विद्युत् सहकारी

यो आलेखको केन्द्रीय उद्देश्य दक्षिण ललितपुर ग्रमीण विद्युत् सहकारी संस्थामार्फत् भएको ग्रामीण विद्युतीकरणको प्रभाव मूल्यांकन गर्नु हो। माथि उल्लेखित अन्तराष्ट्रिय प्रचलनका सैद्धान्तिक आधारहरू र नेपालमा प्रचलित सामुदायिक-सहकारी मोडेलहरूको प्रकाशमा नै नेपालमा क्रियाशील यस्ता संस्थाहरूको पनि प्रभाव मूल्यांकन हुन सम्भव छ। यो संस्थाको प्रभाव मूल्यांकनालाई मूलतः गुणात्मक (क्वलिटेटिभ) र परिमाणात्मक (क्वान्टिटेटिभ) दुवै दृष्टिले हेर्नु आवश्यक छ।

२०५४ साल असोज ७ गते स्थापना भएको दक्षिण ललितपुर विद्युतीकरण अभियान र २०५७ साल सउन १७ गते दर्ता भएर २०६१ भदौ २ गतेदेखि सामुदायिक विद्युतीकरणको सेवा दिन सुरु गरेको दक्षिण ललितपुर ग्रमीण विद्युत् सहकारी संस्था सामुदायिक-सहकारी मोडेलमा ग्रामीण विद्युत् सेवा दिने नेपालको पहिलो सँगठित प्रयास मानिएको छ।[4] संस्थाको उद्देश्यका रूपमा 'केन्द्रीय प्रसारणमार्फत् विद्युतीकरण गर्ने, विद्युतीकरण कार्यमा समुदायलाई सहभागी गराउने, विद्युत्को उपयोगमार्फत् समुदायको सामाजिक-आर्थिक विकासमा सहयोग पुरयाउने र दक्षिण ललितपुरकै जलस्रोतबाट विद्युत् उत्पादन गरी सहकारी संस्था एवम् समुदायको दीर्घकालीन आयस्रोतको सिर्जना गर्ने' रहेकोदेखिन्छ।[5]

यस प्रकृतिको पहिलो संस्थाको रूपमा समुदायमा आधारित ग्रामीण विद्युतीकरणलाई प्रेरित गरेर यसले मुलुकभर नै पारेको सकारात्मक प्रभावलाई अंकमा अभिव्यक्त गर्न सहज छैन। तर यो अत्यन्तै मूल्यवान योगदान निश्चय नै हो। यसले विद्युतीकरण र सहकारिता र सहकारितामा आधारित सामाजिक सेवा विस्तारको पनि मानक खडा गरेकोदेखिन्छ। घोषित उद्देश्यअनुरूप संस्थाले केन्द्रीय प्रसारणमार्फत् नै विद्युत् सेवा दिइरहेको छ। तथापि, यसको पछिल्लो (सोह्रौ) प्रतिवेदन (पौष, २०७४)ले यसले तय गरेको कार्यक्षेत्र, यसअघिका १९ वटा गाविस (हालका वडा)हरूमा बसोबास गर्ने ७० प्रतिशत घरधुरीमा विद्युत् प्रसारण लाइन विस्तार भइसकेको उल्लेख गरेको छ। यो निश्चय नै महत्वपूर्ण हो। तर, बाँकी ३० प्रतिशतलाई पनि सेवामा समावेश गर्नु सामाजिक न्यायका दृष्टिले अपरिहार्य छ। संस्थाका वार्षिक प्रतिवेदनहरूले औल्याएका छरिएको र असजिलो भूगोलका बस्ती, प्रसारण लाइन पुर्‍याउन चाहिने ठूलो लागत र लाभग्राहीको पर्याप्त योगदान गर्ने क्षमताको अभावजस्ता विषयहरू ग्रमीण विद्युतीकरणका सनातन विश्वव्यापी अप्ठ्याराहरू हुन्। तिनलाई नाघेर लक्ष्य हासिल गर्नु संस्थाको क्षमता प्रमाणित गर्नु पनि हो। संस्थाका खासगरी दशौंदेखि सोह्रौसम्मका वार्षिक प्रतिवेदनहरूले समुदायको सहभागिता, साना र घरेलु उद्योगको विस्तार, कृषि उत्पादनमा विस्तार आदिबारे गरेको चर्चाले यो विद्युतीकरण कार्यक्रमको सकारात्मक प्रभावलाई दर्शाउँछ।

---

4 *के.सी, बलबहादुर। ससामुदायिक विद्युत्, दक्षिण ललितपुर ग्रमीण विद्युत् सहकारी संस्था लि.को प्रकाशन, पृष्ठ १८, २०७०।*

5 *ऐऐ, हाम्रो भनाई।*

यी भाष्यमा मात्र प्रभावककारी देखाइएका उपलब्धीहरूको तथ्य र तथ्यांकहरूमार्फत् हुने प्रकाशले यो कार्यक्रमको वास्तविक प्रभावलाई प्रष्ट्याउन साँच्चिकै मद्दत गर्छन् । सोह्रौ प्रतिवेदन (२०७४) मा ५,४३१ ग्राहक संख्या अथवा घरधुरीमा विद्युत् जडान भएको उल्लेख छ । यसरी हेर्दा ३० हजारभन्दा बढी जनसंख्याले नवीकरकणीय विद्युत् ऊर्जाबाट लाभ लिइरहेकोदेखिन्छ ।

नेपालमा प्रतिव्यक्ति कार्वन उत्सर्जन दर २७० किलो रहेको प्रतिवेदन छ ।[6] बत्ती जडान र विद्युत्‌को अरु वातावरणमैत्री प्रयोगबाट यस क्षेत्रका विद्युत् सेवा पाइरहेका जनताले २० प्रतिशतमात्रै कार्वन उत्सर्जन कम गर्न सके भनेर मान्ने हो भनेपनि प्रतिव्यक्ति ५४ किलो र ३० हजार जनसंख्याले १ हजार ६ सय २० मेट्रिक टन कम कार्वन उत्सर्जन (प्रतिवर्ष) गरेका छन् । यो ठूलो उपलब्धी हो, जसको वैज्ञानिक गणना गरेर कार्वन व्यापारमार्फत् नगदै लाभ लिन सकिन्छ । बन विनास रोकिएर हुने बहुआयामिक लाभ आदिको तथ्यपरक आँकलन आउन अझै सकेकोदेखिँदैन । त्यस्तै, परमपरागत खाना पकाउने पद्दति कति संख्यामा प्रतिस्थापित भए भन्ने एकीन तथ्यांकले प्रभाव मूल्यांकनलाई थप विश्वासनीय बनाउन मद्दत गर्छ ।

अहिलेसम्म ४८ ग्राहक घरेलु उद्योग र १७ जना व्यवसाय सञ्चालक रहेको तथ्य पनि सोही प्रतिवेदन (पृष्ठ ४)ले दिएको छ । यस्ता उद्योगमा कुखुरा पालन, कफी प्रशोधन, दुग्घ उद्योग र व्यवसाय, सिलाई-कटाई आदि र व्यवासायमा किराना पसल आदि रहेकोदेखिन्छ । वास्तवमा जनसंख्या र क्षेत्रफलको फैलावटका हिसावले ठूलो नभए पनि यी सांकेतिक उपलब्धी भने निश्चय नै हुन् ।

संस्थाको प्रारम्भिक उद्देश्य अनुरूप नै आफैंले विद्युत् आयोजना निर्माण गर्ने तयारीस्वरूप ९०० किवाको दुर्लुङ्खोला जलविद्युत् आयेजना निर्माणका लागि रु १८ कारोडको लगानी जुटाउन प्रयास भइरहेको देखिन्छ । स्रोत परिचालनमा यो सहकारी संस्था सफल र विश्वासनीय भएको यी अकाट्य प्रमाण हुन् । यसकै सकारात्कम प्रभाव स्वरूप विदेशी विकास साझेदारहरूसमेत सहयोग गर्न तत्परदेखिनुलाई अत्यन्तै सकारात्मक मान्नु पर्छ ।

यति हुँदाहुँदै पनि ग्रमीण विद्युतीकरणका जुन विश्वव्यापीरूपमा पहिचान भएका सीमाहरू छन् ती नेपालमा झन् मुखर छन् । ग्रमीण विद्युतीकरणको मुख्य उद्देश्य मूलतः बिजुली बत्तिको उज्यालो समुदायमा पुर्‍याउने नै हो । जनताको क्रयशक्ति, शीक्षा, प्रविधि र उद्यमशीलताजस्ता पक्षहरूको सँगसँगै विस्तार नभइकन एकदुई वटा बल्बको उज्यालो घरमा पुग्नेबित्तीकै समग्र आर्थिक-सामाजिक रूपान्तरण द्रुत गतिमा हुन सम्भव हुँदैन । क्रमिकता विकासको एउटा अन्योन्याश्रित पाटो हो । यस संस्थाका लागि अहिलेको चासो चाहिँ हासिल भइसकेका उपलब्धीको लाभ, जस्तै कार्वनको सम्भावित व्यापारबाट हुने नगद आम्दानी, सरोकारवालाहरूसम्म वितरण हुने वातावरण बनाउनु हो । यस्ता कामबाट यो समग्र कार्यक्रमको प्रभाव अझ फैलिएको प्रष्टदेखिने छ ।

४. प्रभाव मूल्यांकन : अबको बाटो

नेपालका हकमा, यो क्षेत्रमा काम गर्ने सबभन्दा पहिलो संस्था भएकोले दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्थाद्वारा सञ्चालित सामुदायिक विद्युतीकरणको प्रभाव मूल्यांकनको आफ्नै महत्व छ । नेपालमा कुनैपनि आयोजनाको व्यवस्थित प्रकृतिको र निश्पक्ष प्रभाव मूल्यंकनको कसरत, केही ठूला आयेजनाहरूको विदेशी कन्सल्ट्यान्टहरूले गरेको अपवाद छोडेर, विरलै भएको छ । व्यवस्थित तथ्यांक उपलब्ध नहुनु र यस्तो खोज अनुसन्धानको अभ्यासको परम्परा नै नहुनुले

6 *संयुत्त राष्ट्र संघ, कार्वन उत्सर्जन गणाना, २०१६, न्युयोर्क ।*

हामी आफू र आफ्नाले गरेको कामको प्रभाव 'राम्रो भएको' सहज र यथार्थमा भावनात्मक निश्कर्ष दिन अक्सर उत्सुक रहन्छौ । माथि उल्लेख गरिएका भारत, बाङ्गलादेश, भुटान र अन्य धेरै अफ्रिकी देशहरूमा यस्ता प्रभाव मूल्यांकन व्यवस्थित तथ्यांकशास्त्रीय एवम् अर्थ-गणितीय (इकोनोमेट्रिक) विधि र अनुशासनमा रहेर गरिएका हुन् ।

यस्ता सामुदायिक विद्युतीकरण कार्यक्रम र मुलुककै प्रतिनिर्धित्व गर्ने नेपाल सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघजस्ता संस्थाहरूले पनि यो तथ्यांकमा आधारित खोज र अनुसन्धानको पक्षलाई खासै महत्व दिन चाहेकोदेखिंदैन । यहाँ आर्थिक स्रोतको भन्दा पनि यस्तो अध्ययनको परम्परा, त्यसको महत्व र लाभबारे पर्याप्त सचेतनाको अभाव मुख्य समस्या हो । २ सय ८२ समुदायिक विद्युतीकरण संस्थाहरू सदस्य रहेको महासंघ यसका लागि निश्चय नै असक्षम छैन । धेरै संस्थाहरू एक्लै पनि आफ्नो प्रभाव मूलयांकनका लागि बजेट छुट्ट्याउन असमर्थदेखिंदैन् । सहकारीहरूको सक्रिय लागनी र व्यवस्थापनमा सफल भएका यस्ता कार्यक्रमको वैज्ञानिक विधि अनुरूप प्रभाव मस्ल्यांकन गर्न र गराउन सक्ने हो भने यी कार्यक्रमहरूको विश्वव्यापी मान्यता र सहकारिताको स्वीकार्यता पनि उल्लेख्य रूपले अभिवृद्धि हुने थियो । तथ्याङ्क शास्त्रीय विधिअनुसार, व्यवासायिक शोधकर्ता र विश्लेषकहरूद्वारा निकालिएका प्रभाव मूल्याङ्कनका निश्कर्षहरूले भविष्यको नीति निर्माण र आयोजना कार्यन्वयन पक्षमा सुधार ल्याउन पनि ठोस योगदान गर्न सक्ने थिए । यसतर्फ सम्वद्ध सबै सरोकारवालाहरूको ध्यान अब जानु आवश्यक छ । आयोजनाहरूको प्रारूपमै यस्तो व्यवस्थित अध्ययनको प्रावधान र बजेट व्यवस्था गर्नु सबभन्दा वाञ्छनीय हो ।

(लेखक अर्थशास्त्री एवम् गतिशील सहकारी संस्थाका कार्यकारी अध्यक्ष हुन् ।)

हार्दिक शुभकामना !

दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि.को **सामुदायिक विद्युत्** पाँचौं शृङ्खला प्रकाशन भएको र दक्षिण ललितपुरका ग्रामीण समुदायमा विद्युतीकरण तथा उद्यमशीलता विकासमा योगदान पुऱ्याएकोमा सहकारी संस्थाको उत्तरोत्तर प्रगतिको कामना गरिन्छ ।

चन्द्र सूर्य बचत तथा ऋण सहकारी संस्था लि.
ललितपुर म.न.पा., लगनखेल, ललितपुर
अध्यक्ष एवम् सहकारी परिवार
फोन नं.: ०१-५५३९४८०

दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्थाका बारेमा केही लेख्दा

dfggLo gj/fh l;njfn

मैले समुदायमा जाने क्रममा दक्षिण ललितपुरको हरेक गाउँ र बस्तीहरूमा पुगेर त्यहाँको जीवन र समाजलाई राम्ररी अनुभूत गरेको छु। यसको आन्तरिक कारण र प्रभावहरूलाई गहिरो ढङ्गले बुझ्ने अवसर पाएको छु। मैले यो अवसरलाई जीवनको एउटा महत्वपूर्ण उपलब्धीको रूपमा पनि लिएको छु। मैले आफ्नो करिएरको सिलसिलामा संसारका थुप्रै देशहरूको भ्रमण गर्ने मौका पाएंको छु। नेपाल भित्र पनि झण्डै सवैजसो जिल्लाहरूमा पुग्ने अवसर पनि पाएको छु। देश र दुनियाको परिक्रमा गरिरहँदा मलाई आफू जन्मिएको, हुर्किएको र पढेको ठाउँ यसरी राजधानीको चकाचौँध (झिलिमिली) चहलपहलवाट एक्लिएर र अध्याँरो अवस्थामा परेको थियो भन्ने लागेकै थिएन। यथार्थ फरक रहेछ। जुन खालको विकटतापूर्ण यथार्थतालाई साक्षातकार गर्नु परेको छ। यहाँका जनताहरूको दैनिकी र जीवन धान्नको लागि गर्नु परेका अथक र कष्ठदायक प्रयत्नहरू देखेर मेरो मन एक तमासले दुखेको छ। तर अब यहाँबाट हामीले प्रयत्नहरू अघि बढाउनु पर्दछ र सबैले मिलेर काम गर्नुपर्दछ भन्ने अभिलाषाले नयाँ वातावरणहरू पनि निर्माण गरेको छ। यो आफैँमा एउटा उत्साहपूर्ण परिस्थिति पनि हो। अगाडि बढ्नको लागि गत वर्षको संसदीय चुनावमा सहभागी बन्नुभन्दा पहिला मेरो मनमा यो ठाउँको बेग्लै तस्विर कुँदिएको थियो। यति सुन्दर प्राकृतिक सुन्दरता भएर पनि, कृषिमा यति धेरै सम्भावनाहरू भएर पनि, अनि जलविद्युत् र नविकरणीय ऊर्जा र ग्रामीण पर्यटनको यति धेरै सम्भावनाहरू भएर पनि हामी पछि परिरहेका छौँ। दक्षिण ललितपुर पछाडि परिरहेको छ।

२०४६ सालको प्रजातान्त्रिक आन्दोलन पछिको परिवर्तनले एकखालको परिस्थिति निर्माण भएको र यहाँको जीवन र परिस्थिति पूर्ण रूपमा बदलिएको होला भन्ने मेरो आशामा तुसारापात भयो। यो अवस्थाले आज पनि मलाई बिज्दछ। ललितपुरलाई परिवर्तन गर्न हामीले काम गर्ने नै छौँ। त्यो मिसन र उद्देश्यमा मलगायतका जनप्रतिनिधि एवम् सामाजिक अभियान्ता साथीहरू लागी परिरहेका नै छौँ। राजनीतिक पार्टीका साथीहरू परिवर्तनको यो उद्देश्यमा कटिबद्ध लागिरहनु भएको नै छ। अहिले साधन स्रोतको अभावको प्रश्न छैन। प्रसिद्ध अर्थशास्त्री अमर्त्य सेनले भन्नुभएको छ- "साधनको अभावले वा स्रोतको अभावले मानिस गरीब हुने होइन, बरु उसको मेहनत परिश्रम र निरन्तरताको अभावबाट ऊ गरिब हुने हो।" त्यसरी नै विकास गर्न आज हामीलाई बजेट वा साधनको अभाव छैन। विकास गर्न हाम्रो प्रतिवद्धताको आवश्यकता प्रमुख हो। हामीसँग भएको पैसा र साधनको सही प्रयोग र खर्च गर्न सक्ने हाम्रो क्षमताको विकास आजको सबैभन्दा ठूलो चुनौती हो। राज्यका निकायहरूमा विकास बजेटको उपयोग र खर्च गर्ने प्रणालीमा हुने गरेको भ्रष्टाचारलाई रोक्नु आजको हाम्रो सबैभन्दा ठूलो चुनौती हो।

परिवर्तनका लागि र विकासका लागि हामी जनताहरूको इमान्दार सामुहिक परिश्रम, सामुहिक अठोट र निरन्तरता नै महत्वपूर्ण आवश्यकता हो भन्ने मलाई लाग्दछ ।

अरु विकासका टड्कारो आवश्यकताहरूका बीचमा यो क्षेत्रको जनप्रतितिधिको हैसियतले दक्षिण ललितपुरको अन्धकारलाई हटाउनको लागि दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्थाले गरेको कामको मुक्तकण्ठले प्रशंसा नगरिरहन सक्दिनँ । यस संस्थाको स्थापनाकाल २०५७ सालदेखि नै यसले गरेका कामहरूले गर्दा दक्षिण ललितपुरका १९ वटै वडाहरूमा रहेका ६०३० भन्दा बढी घरहरूमा बिजुली पुऱ्याउन सकिएको छ । अझ धेरै घरहरूमा उज्यालो पुऱ्याउने उद्देश्यले यो संस्थाले अथक प्रयास गरिरहेको छ । यसले विद्युतीकरणसँगै त्यस क्षेत्रका जनतामा सूचना, सञ्चार र प्रविधिको पहुँच सहज बनाएको छ । हरेक मानिसहरूसँग स्मार्टफोन छ । दूरदराज गाउँको घरमा बसेर आमाले कतारमा काम गरिरहेको आफ्नो छोरासँग सहज सूचना आदान प्रदान गर्न सक्ने अवस्था बनेको छ । यस संस्थाले विद्युत् पहुँच विस्तार, उर्जा प्रवर्द्धन र विकास, सामाजिक परिचालन, युवाहरूमा नेतृत्व विकास र उद्यमशीलता विकासको क्षेत्रमा उल्लेखनीय कामहरू गरेको छ । यस संस्थाको पहलमा दक्षिण ललितपुरको ग्रामीण बस्तीमा विद्युत् सेवाको विस्तारले कृषि तथा पशुपालन व्यवसायमा प्रगति भई गुणस्तरीय दुध बिक्रीको लागि दर्जन भन्दा बढी दुध चिस्यान केन्द्रहरू, कफी प्रशोधनको लागि पल्पर मेसिनको सञ्चालन, चिया प्रशोधन मेसिन, गाउँबस्तीमा कुटानी-पिसानी मिल र फर्निचर उद्योगको सञ्चालन साथै पहाडको उच्च बस्तीमा मोटर लिफ्टिङ मार्फत् खानेपानी सञ्चालन गर्न सहजता भएको छ । सामुदायिक विद्युतीकरण अभियानले उपभोक्ताहरूमा सफा ऊर्जाको प्रयोग गर्ने चेतना र ज्ञानको विस्तार गरेको छ भने विद्युत् चोरी र चुहावटको समस्यालाई निराकरण गरेको छ । यसरी समुदायमा स्वच्छ सेवा प्रवाह गर्न र सामाजिक लोकतन्त्रको अभ्यासलाई सम्वृद्ध बनाउन उल्लेखनीय भूमिका निर्वाह गरेको छ । यस संस्थाका थुप्रै चुनौतीहरू पनि रहेका छन् । बाँकी रहेका घरहरूमा विद्युतीकरणलाई सम्पन्न गर्ने र विद्युत् वितरणमा गुणस्तरीयता कायम गर्ने चुनौतीलाई यसले सुझबुझका साथ सामना गर्दै अभियानमा निरन्तर लागिरहनु आवश्यक छ । सीमित साधन स्रोतबाट गुणस्तरीय सेवा प्रदान गर्दै विद्युत्को उपयोग उत्पादनमूलक क्षेत्रमा बढाउनका लागि यो संस्थाले थप ऊर्जाशील भूमिका निर्वाह गर्नुपर्ने अवस्थाहरू देखिन्छन् । यो संस्था मुलुककै पहिलो विद्युत् सहकारी आन्दोलनको रूपमा स्थापित भएकाले पनि यसका केही विशेषखालका चुनौतीहरू छन् । नेतृत्वको सवल उदाहरण प्रस्तुत गर्ने चुनौती, व्यवस्थापनमा कुशलता स्थापित गर्ने चुनौती, सीप र सक्षमता स्थापित गर्दै समाजको आर्थिक रूपान्तरण र सामाजिक सांस्कृतिक परिवर्तनमा अग्रणी भूमिका खेल्नुपर्ने चुनौती, यस्ता चुनौतीहरूको बीचमा प्रशस्त सम्भावनाहरू र अवसरहरू पनि यस संस्थासँग रहेको यथार्थलाई स्पष्ट उल्लेख गर्न पनि चाहन्छु । यसै प्रसङ्गमा ललितपुरले मुलुकका अरु भागहरूमा पनि विद्युत् सहकारी अभियानको सुरुवातको नेतृत्व गरेको यथार्थलाई गर्व गर्न लायक छ । यो अभियानको सत्रौँ वर्ष पुग्दै गर्दा हिजोका चुनौतीपूर्ण परिस्थितिहरूबाट काम गर्दै आजको यो अवस्थामा पुग्न यसका अथक अभियन्ता र योद्धाहरूको परिश्रम र निरन्तरको मेहनतले महत्वपूर्ण ऊर्जाको काम गरेको छ । सामुदायिक विद्युतीकरणको अभ्यासलाई अनुशरण गर्दा वंगलादेशको ग्रामीण विद्युतीकरणको उपलब्धि एवम् भारतको अनुभवबाट सिक्न सकियो भने थप सहयोग पुग्ने मेरो धारणा रहेको छ । भारतको उत्तर प्रदेश र पश्चिम वंगालमा राजिव गान्धी ग्रामीण विद्युतीकरण योजनाले नविकरणीय ऊर्जाको क्षेत्रमा गरेको कामको अनुभवलाई एउटा सफल प्रयोगको रूपमा बुझ्न र सिक्न पनि सकिन्छ । जुन नेपालमा पनि यस सहकारी संस्थाबाट स्थापित गरेको सामुदायिक सहकारी मोडेलले नेपालको सामुदायिक ग्रामीण विद्युतीकरणमा नयाँ

आयामको सुरुवात गरेको छ।

अबको बाटो भनेको संस्थाले हिजोका आफ्ना अनुभवहरूलाई हेरेर भोलिको कार्ययोजनालाई सफल रूपमा कार्यान्वयन गर्न सक्ने क्षमता र पूँजीको व्यवस्थापन गर्नु नै हो भन्ने मलाई लाग्दछ। संस्थाले आफूलाई सक्षम र समयानुकूल प्रविधि र सीपको उपयोगको लागि तयार बनाउँदै लैजानु पर्दछ। यसको लागि संस्थाको संरचनामा समयानुकूल परिमार्जन, अध्ययन, अनुसन्धान एवम् क्षमताको विकास, उद्यमशीलताको विकास, नवीकरणीय ऊर्जाको सम्भावनाहरूमा काम गर्ने र विद्युतूलाई उत्पादन र उद्यमशीलताको विकाससँग जोडेर लैजानु जरुरी छ भन्ने मलाई लाग्दछ। हाल राज्यले व्यवस्था गरेको १०।९० को सामुदायिक विद्युतीकरण कार्यक्रमबाट पनि धेरै कामहरू गर्न सक्ने अवस्था विद्यमान रहेको छ। संस्थाको व्यवस्थापन पक्षमा सुधार गरेर पारदर्शितामुलक जनसहभागिताका साथ महत्वपूर्ण काम गर्न सकिने अवस्था रहेको छ। यसतर्फ संस्थाबाट उल्लेख्य पहलहरू हुने मेरो विश्वास रहेको छ। युवाहरूको अधिकतम परिचालन र ग्रामीण विद्युत्‌लाई घरमा बिजुली मात्र बाल्नभन्दा पनि कृषिको आधुनिकीकरण र कृषिजन्य उद्यमहरूको विकास र विस्तारमा उपयोग गर्ने पहल हुँदा दक्षिण ललितपुरको गरिबी निवारणमा पनि यो संस्थाले थप योगदान गर्न सक्ने मेरो विश्वास रहेको छ।

अन्तमा, ललितपुरको अध्यारोलाई मेट्न यस विद्युत् सहकारी संस्थाले खेलेको भूमिकाको लागि यस संस्था र यससँग सम्वद्ध सबै अभियन्ताहरूलाई म बधाई दिन चाहन्छु र सत्रौँ वर्ष प्रवेशको यस अवसरमा म यो संस्था र सम्वद्ध सबै व्यक्तित्वहरूलाई शुभकामना दिन चाहन्छु। यो संस्थाको प्रगति र ललितपुरको समृद्धिसँग जोडिएको यात्रामा मेरो सक्रिय सहभागिता र सहयोग रहने दृढ विश्वास पनि यहाँ उल्लेख गर्न चाहन्छु।

(लेखक ललितपुर क्षेत्र नं १ का प्रतिनिधि सभा सांसद् हुन्)

हार्दिक शुभकामना !

दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि.को **सामुदायिक विद्युत्** पाँचौं शृङ्खला प्रकाशन भएको र दक्षिण ललितपुरका ग्रामीण समुदायमा विद्युतीकरण तथा उद्यमशीलता विकासमा योगदान पुऱ्याएकोमा सहकारी संस्थाको उत्तरोत्तर प्रगतिको कामना गरिन्छ ।

गतिशील बचत तथा ऋण सहकारी संस्था लि.

ललितपुर म.न.पा., लगनखेल, ललितपुर

अध्यक्ष एवम् सहकारी परिवार

फोन नं.: ०१-५००४०३०

ग्रामीण विद्युतीकरण एक अध्ययन

bjGb| cofn

विद्युत्को पहुँच नपुगेको ग्रामीण तथा दुगर्भ भेगहरूमा विद्युतीकरण गर्ने सशक्त माध्यम नै ग्रामीण विद्युतीकरण हो । ग्रामीण विद्युतीकरणमार्फत ग्रामीण क्षेत्रमा विद्युत्को पहुँच पुऱ्याउने दुईवटा प्रणाली विद्यमानदेखिन्छ, एउटा केन्द्रीकृत प्रणाली जसअर्न्तगत विद्युत्को राष्ट्रिय प्रसारण लाइनमार्फत गाउँ तथा दुर्गम भागमा पुऱ्याइन्छ ।

गाउँ र दुर्गम भेगमा विद्युत्को राष्ट्रिय प्रसारण पुऱ्याउन धेरै खर्च लाग्ने, विद्युत्बाट मुनाफा कम हुने वा नहुने, प्राविधिक कुराहरू बढी मात्रमा हुने र जनघनत्व ज्यादै न्यून हुने हुँदा त्यस्ता ग्रामीण तथा दुर्गम क्षेत्रमा विकेन्द्रीकृत विद्युतीकरण प्रणाली, जलविद्युत्, सौर्य ऊर्जा, मिनी ग्रिड र वायु ऊर्जाको प्रविधिबाट विद्युतीकरण गरिन्छ ।

सन १९८२ मा सहरी क्षेत्रमा विद्युत्को आपूर्तिको लागि इडसन कम्पनीले लण्डनमा विद्युत् स्टेसन सञ्चालन गरेको पाइन्छ । सर्वप्रथम सन १९२० को दशकतिर सहरको बाहिरी क्षेत्र, सवअर्वन वा पेरी अर्वन समुदाय र औधोगिक ग्राहकहरूमा विद्युत् वितरण भएको पाइन्छ । १९३५ मासंयुक्त राज्य अमेरिकामा ग्रामीण विद्युतीकरण प्रसासणको गठन गरेको र त्यसले स्थानीय तहमा सहकारीमार्फत ग्रामीण विद्युतीकरणको विकास भएको ग्रामीण विद्युतीकरणको इतिहास छ । यसरी सहकारी मोडलमा बिभिन्न देशहरू फिलिपिन्स, थाइल्याण्ड, कोस्टारिका, भारत, बंगलादेश र नेपालमा ग्रामीण विद्युतीकरण भएको पाइन्छ ।

बंगलादेशमा ग्रामीण विद्युतीकरण बोर्ड (REB) १९७६ मा स्थापना गरी पाल्लि विद्युत् समिति (PBS) को माध्यमबाट ग्रामीण क्षेत्रहरूमा विद्युत्को पहुँच पुऱ्याउन सफल भएकोदेखिन्छ । स्थानीयहरूको स्वामित्व र सहभागितामा PBS ले विद्युत्का उपभोक्ताहरूलाई ग्रिडको विस्तारबाट विद्युत् पुऱ्याइएको छ । PBS ले REB निगरानीमा आपूर्ति प्रक्रिया, आर्थिक स्थायित्व र व्यवस्थापन प्रभावकारिता हासिल गर्दै जान्छ । जबसम्म PBS नाफामा जाने र आत्मनिर्भर हुँदैन, तवसम्म REB को नियन्त्रण एद्यक को सुरुवाती समयमा रहन्छ त्यसरी PBS क्रमशः स्वयत्त संस्थाको रूपमा सञ्चालन हुन थाल्दछ ।

भारतका सहकारी मोडल १०६० को दशकमा NRECA र USAID को सहभागितामा ग्रामीण विद्युतीकरणको अभ्यास भएको पाइन्छ । विद्युत् सहकारीहरू राज्य सहकारी ऐनअर्न्तगत दर्ता भएका हुन्छन् र तिनीहरूमा ग्रामीण विद्युतीकरणको एपेक्स तहमार्फत ग्रामीण विद्युतीकरण कर्पोरेशनबाट लगानी गरिन्छ ।

श्रीलङ्कामा ग्रामीण लघुबित्त परियोजना पहिलो चरणमा १९६० को दशकमा Intermediate

Technology Sri Lanka (ITSL) ले लघुजलविद्युत् उत्पादन गरेर ग्रामीण बस्तीहरूमा विद्युत् उपलब्ध गराएको पाइन्छ। ITSLले यसलाई सामुहिक व्यवस्थापन मोडेलबाट Electricity Consume Societies (ECS) हरू ग्रामीण क्षेत्रमा गठन गरी ग्रामीण जलविद्युत्को सञ्चालन, मर्मतसम्भार भएको पाइन्छ। फिलिपिन्स Qualified Third Party(QTP) मा अफग्रीडको क्षेत्रमा Qualified Third Party(QTP) को प्रकृयाबाट विद्युतीकरण गरेको पाइन्छ। त्तए मा निजी, स्थानीय सरकारी निकाय, सहकारी, गैसस, उत्पादन कम्पनीहरू पर्दछन्।

नेपालमा ग्रामीण विद्युतीकरणका संस्थागत संरचना

नीतिगत व्यवस्था

नेपालको संविधानमा दिगो शान्ति, आर्थिक समानता, समृद्धि र सामाजिक न्यायलाई सुनिश्चित गर्ने कुरा नेपालको संविधानमा उल्लेखित छ। मौलिक हकअन्तर्गत आवासको हकमा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ भन्ने उल्लेख गरिएको छ। राष्ट्रिय योजनामा नेपालको आवधिक योजनाअर्न्तगत त्रिवर्षीय योजना २०७३/७४ देखि २०७५/२०७६ को पूर्वाधार विकास नीतिमा ऊर्जाअर्न्तगत जलविद्युत्को रणनीतिमा वितरण प्रणालीलाई प्रवाभकारी बनाई विद्युत् पहुँच सर्वसुलभ बनाउने उल्लेख गरिएको छ। त्यसैगरी कार्यनीतिमा ग्रामीण विद्युतीकरण आर्थिक क्रियाकलापको आबद्ध गरिने उल्लेख गरिएको छ।

नेपालको दीर्घकालीन सोच सन् २१०० (सन २०४३) मा समृद्ध नेपाल, सुखी नेपाली सोचमा राष्ट्रिय लक्ष परिष्कृत तथा मर्यादित जीवनअन्तर्गत सुविधा सम्पन्न तथा सुरक्षित आवास भन्ने उल्लेखित छ।

सबैको लागि दिगो ऊर्जा (Sustainable Energy for All) मा नेपाल सरकारले सबैको लागि दिगो ऊर्जाको पहलमा सहगोग गर्ने इच्छा जाहेर सन् २०१२ मा गरेको र सोहीअनुसार प्रतिवद्धता पनि प्रकट गरेको छ। सबैको लागि दिगो ऊर्जाको लक्ष सरकारी, निजी तथा नागरिक समाजहरूको परिचालनबाट क) आधुनिक ऊर्जा सेवामा पहुँच पुऱ्याउनु, ख) ऊर्जा दक्षता विश्वव्यापी दोहोरो दरमा वृद्धि गर्नु र ग) नवीकरणीय ऊर्जा र अन्य ऊर्जाको प्रयोग विश्वव्यापी दोहोरो दरमा सन् २०३०सम्ममा पुऱ्याउने उद्देश्य रहेको छ।

विद्युत् वितरण प्रणाली र ग्रामीण विद्युतीकरण गुरुयोजना तयार गर्ने सन्दर्भमा एसियाली विकास बैंक र नर्वेजियन सरकारको सहयोगमा नेपालको विद्युत् वितरण प्रणाली र ग्रामीण विद्युतीकरण गुरुयोजना निर्माणको लागि सेप्टेम्बर २०१७ मा संझौता गरेर कार्यान्वयन चरणमा छ।

ऐन तथा नियमका व्यवस्था

विद्युत् ऐन २०४९ विद्युत्को संरक्षण उत्पादन वितरण र प्रसारण वा वितरणलाई नियमन गरी विद्युत् शक्तिको विकास गर्न र विद्युत् सेवालाई स्तरीय एवम् सुरक्षायुक्त गर्न लागु गरिएको छ। स्थानीय सरकार र सञ्चालन ऐन २०७४ को प्रावधानमा-

क) एक मेगावाटसम्मका जलविद्युत् आयोजना सम्बन्धी स्थानीय स्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन

ख) स्थानीय तहमा वैकल्पिक ऊर्जासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन नियमन

ग)	स्थानीय विद्युत् वितरण प्रणाली र सेवाको व्यवस्थापन सञ्चालन, अनुगमन र नियमन र

घ)	स्थानीय तहमा वैकल्पिक ऊर्जासम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन गाउँपालिका तथा नगरपालिकाको अधिकारभित्र पर्दछ।

विद्युत् नियमन आयोग ऐन २०७५ संसदबाट पारित भएको छ जसअनुसार ऊर्जा सचिवको नेतृत्वमा एउटा विद्युत् नियमन आयोग गठन हुनेछ र यस आयोगले विद्युत् उत्पादन, प्रसारण, वितरण र विद्युत् व्यापारको नियमन गर्ने छ। सामुदायिक विद्युत् वितरण विनियम २०७१ नेपाल विद्युत् प्राधिकरणले आफ्नो ब्यावसाय व्यवस्थापन गर्नको लागि नेपाल विद्युत् प्राधिकरण ऐन २०४१ को दफा ३५ ले दिएको अधिकारअनुसार तयार गरी लागू गरेको पाइन्छ। यस विनियमअर्न्तगत १० प्रतिशत पूँजी जनताको लागानीमा समुदायले विद्युतीकरण गर्दै आएको छ।

यस विनियम २०७१ मा जनसहभागितामार्फत सामुदायिक ग्रामीण विद्युतीकरण स्थानीय समुदायबाट उपलब्ध हुने आर्थिक वस्तुगत र श्रम सहभागितालाई लिएको छ। विद्युत् वितरक संस्था प्राधिकरणको थोक ग्राहकको रूपमा रहने ब्यवस्था गरेको छ। सामुदायिक विद्युत् वितरण संस्था भन्नाले वितरक संस्थाको वितरक क्षेत्रमा सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमअर्न्तगत विद्युत् संरचना निर्माण गरी प्राधिकरणको विद्यमान विद्युत् संरचनाबाट विद्युत् वितरण गरेको कार्यलाई जनाएको छ।

नियमन व्यवस्था

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत विद्युत् विकास विभाग रहेको छ। यस विभागको कार्य विद्युत् विकास गर्ने, विद्युत् क्षेत्रको प्रबर्द्धन गर्ने, यस क्षेत्रको आर्थिक प्रमाणीकरण अभिवृद्धि गर्ने र निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गर्ने रहेको छ। ऊर्जा मन्त्रालयअन्तर्गत नीति तथा वैदेशिक सहायता सञ्चालन महाशाखा रहेको छ, जसको मातहतमा ग्रामीण तथा वैदेशिक ऊर्जा शाखा रहेको छ।

विद्युत् नियमन आयोग

विद्युत् नियमन आयोग ऐन, २०७५ को प्रवाधानअनुसार आयोगले ग्रीड र वितरणको कोड, सञ्चालन र मर्मत सम्भार निर्देशिका उत्पादक, प्रसारणकर्ता र वितरक संस्थाहरूको लागि तयार गरी लागू गर्नेछ।

नेपालमा ग्रामीण विद्युतीकरण सञ्चालन मोडल

नेपालमा ग्रामीण विद्युतीकरण सञ्चालन चारवटा मोडलमा सञ्चालन भएको पाइन्छ। निजी, गैरसरकारी, सामुदायिक सहकारी र सरकारी। निजीमा नेपालमा बुटवल पावर कम्पनीले झिमरुक जलविद्युत् १२ मेगावाट र ५.९ मेगावाटको आधीखोला जलविद्युत् निर्माण गरेको छ। यसले। राष्ट्रिय प्रसारण र विद्युत् प्रवाह गर्नुको साथै प्यूठान र अर्घाखाची जिल्लामा ग्रामीण विद्युतीकरण गरेको पाइन्छ।

गैरसरकारीमा नेपाल सरकार र NORAD को पहलमा लमजुङ जिल्लामा २०५३ सालमा लमजुङ विद्युत् उपभोक्ता संस्थालाई विद्युतीय संरचना सञ्चालनका लागि हस्तान्तरण गरेको थियो। सामुदायिक सहकारीमा दक्षिण ललितपुरका बस्तीहरूमा विद्युतीकरण गरी विद्युत्का उपभोक्ताहरूमार्फत् समुदायको आर्थिक सामाजिक विकास गर्ने उद्देश्यले २०५७ श्रावण १७ गते

पहिलो विद्युत् सहकारी संस्थाको रूपमा स्थापित भएको थियो ।

सरकारीमा विद्युत्को उत्पादन प्रसारण र वितरण भरपर्दो, सुरक्षायुक्त आपूर्ति व्यवस्थापन गर्ने उद्देश्यले नेपाल विद्युत् प्राधिकरण २०४१ अर्न्तगत गठन गरेको छ । यो एक स्वशासित संस्था हो र यस ऐनको दफा १६ मा सर्वसाधारणको सुविधालाई ध्यानमा राखेर व्यापारिक सिद्धान्तलाई अवलम्वन गर्ने कुरा उल्लेखित छ । नेपाल विद्युत् प्राधिकरणले आफ्नो व्यवसाय व्यवस्थापन गर्नको लागि ऐनको दफा ३५ ले दिएको अधिकारअनुसार सामुदायिक विद्युत् वितरण विनियम २०७१ लागू गरेको पाइन्छ। यस विनियमअर्न्तगत १० प्रतिशत पूँजी जनताको लागानीमा समुदायले विद्युतीकरण गर्दै आएको छ।

सञ्चालित मोडलको संस्थागत विश्लेषण

	निजी (वुटवल पावर कम्पनी, झिमरुक, प्युठान)	गैसस (लमजुङ्ग विद्युत् उपभोक्ता संस्था, बैंसीसहर, लमजुङ्ग)	सहकारी (दक्षिण ललितपुर विद्युत् सहकारी संस्था)	सरकारी (नेपाल विद्युत् प्राधिकरण वनेपा, काभ्रे)
सबल पक्ष	व्यावसायिक नोक्सानी भैरहँदा पनि विद्युतीकरणलाई निरन्तरता दिएको । विद्युत् लाइन चुस्त र दुरुस्त राख्नु । ग्राहकको समस्याको समाधान कमसेकम समयमा नै गर्नु । १५००० ग्राहक	उपभोक्ता र संस्थावीच आपसी सहयोग, विश्वास, स्थानीय सामानको प्रयोग ग्रामीण जनता तथा विद्युत् उपभोक्ताहरूको व्यवस्थापनमा सहभागिता र उपभोक्ताप्रति उत्तरदायित्व २६,००० ग्राहक	राज्यको पहुँच नपुग्ने ठाउँमा छिटो भन्दा छिटो विद्युत् पुऱ्याउन सफल । पारदर्शिता जबाफदेहिता, सुशासन सहकारीप्रति समुदायको सकारात्मक दृष्टिकोण राम्रो महसुल असुली विद्युत् चुवावट र चोरी नियन्त्रण गर्न सक्षम मिटर रिडिङ गरेपछि घरबाटै महसुल तिर्न सक्ने व्यवस्था ४५०० ग्राहक	भैतिक सुविधा पर्याप्त दक्ष जनशक्ति सरकारबाट नियमित बजेट व्यवस्था ग्राहक
सुधारका पक्षहरू	बिना अनुदान ग्रामीण विद्युतीकरण गर्न कठिन समयमा निर्णय गर्नुपर्ने समयमा सामान खरिद विद्युतीकरण गर्न र समयमा समस्या समाधान गर्न कठिन	विधिविधानअनुसार संस्था सञ्चालन गर्न ब्यवहारिक कठिनाइ उपभोक्ताहरूको दवाबमा कम गुणस्तरको काम हुन जाने गरेको संरचना सुधारमा प्रयाप्त लगानी गर्न नसक्नु कर्मचारीहरूलाई उपयुक्त सुविधा उपलब्ध गर्न नसक्नु दक्ष जनशक्तिको अभाव विद्युत् महशुल नतिर्ने उपभोक्ता ढिलासुस्ति ७५ प्रतिशत बाँसको पोल /बाँसको पोलको प्रयोग समयमा लेखापरीक्षण नहुने / नवीकरण गर्न नसकिने	प्राविधिक चुहावट बढी भएको कर्मचारीको कमी सफ्टवेयर प्रणाली लागू गर्न कठिन	ट्रान्सफर्मर को समस्या, भोल्टेज मचयउ भएको गुनासो अत्यधिक छ । पोलहरू जीर्ण छन् । मर्मत गर्न सकिएको छैन । ग्रामीण विद्युत्मा मर्मतमा बढी समस्या आउने ग्रामीण विद्युत् आफनै हिसाबले चलिराखेको छ सरकारको ध्यान पुगेको छैन NEA आफैले पनि केही गर्न सकिरहेको छैन ।
अवसर	जनताको सहयोग आर्थिक अनुदान प्राप्त हुन सक्ने	विद्युतीकरणमा स्थानीयको सहभागिता हुदाँ काम छिटो छरितो सम्पन्न गर्न सकिने	विद्युतीकरणमा स्थानियको सहभागिता हुँदा काम छिटो छरितो सम्पन्न गर्न सकिने	स्थानीय सरकारको सहयोग जनताको सहभागिता

चुनौती	मागअनुसार विद्युतीकरण गर्न नसक्नु भौगोलिक बिकटता निजी क्षेत्रलाई अनआवश्यक दबाव पर्ने लगानी धेरै हुने र घाटा व्यवस्थापन निजी वा अन्यले व्यवस्थापन गर्न नसक्ने ।	राजनीतिक हस्तक्षेप, स्थानीयहरूको दादागिरी, सहकको पहुंच नपुग्ने, वर्षामा पुग्न नसकिने 11 kv को मर्मत NEA ले गर्नुपर्ने हो तर संस्थाले हेर्नुपर्ने अवस्था । काठको पोल ५० वर्ष खप्छ भनेर उपलब्ध गराइएकोमा ५देखि ६ वर्ष मै ढल्न थालेका थिए ।	छरिएको बस्ती र भौगोलिक विकटता सामुदायिक विद्युतीकरणमा राज्यको नीतिगत अस्पष्टता सामुदायिक विद्युत् वितरण प्रति नेपाल विद्युत् प्राधिकरणको स्पष्ट दृष्टिकोण छैन जसले गर्दा वितरण केन्द्र सकारात्मक छैन । नेपाल विद्युत् प्राधिकरणको वितरण केन्द्रलाई सामुदायिक संस्थालाई दिने सेवा विषयमा स्पष्ट निर्देशन नहुने हुँदा वितरण केन्द्रले नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय कार्यालयको मुख ताक्ने, समयमा काम सम्पन्न नहुने तथा सामान्य काममा पनि माथिल्लो निकायमा धाउनुपर्ने नेपाल विद्युत् प्राधिकरणले बढी आम्दानी हुने ग्राहक र जनघनत्व भएको ठाउँ आफूले विद्युत् वितरण गर्ने र पातलो जनघनत्व र आम्दानी नहुने ठाउँमा सामुदायलाई दिने गरेको । समुदायलाई थोक ग्राहकको व्यवहार गरिन्छ र वितरण सामुदायिक संस्थाको जिम्मा छ । थोक मिटर (TOD) को युनिटअनुसारको विद्युत् महसुलमा ३ प्रतिशत चुहावट थप गरेर रकम लिइन्छ त्यसको भार संस्थामा पर्न जाने । वितरक संस्थाको लागि निर्माण गरिएको ३३ केभि र ११ केभीलाइन र वितरण ट्रान्सफर्मरको हाइभोल्टेज टर्मिनलसम्म जडित उपकरणसमेतको मर्मत प्राधिकरणको स्थानीय कार्यलयले गर्ने उल्लेख भए तापनि सामुदायिक संस्थाले गर्नु परिरहेको छ । वितरका संस्थाको थोक मिटर ट्रान्सर्फमरको ४००/२३० भोल्टतर्फ जडान भएको अवस्थामा चुहावटवापत ३ प्रतिशत रिडिङ अंकमा थप गर्ने र वितरक संस्थालाई थप भार पर्ने गरेको छ ।	कार्यक्रम बनाएर पठाएको ६ महिना पछि केन्द्रबाट स्वीकृत भएर आउने । श्रावणमा कार्यक्रम योजना र बजेट माग गरी पठाएको फागुनमा पास भएर आउँछ । कार्ययोजना पठाएको पनि निकै हेरफेर भएर आउने गर्दछ । कार्ययोजना अनुसार काम हुन सक्दैन । जिविस र स्थानीय निकायसँग समन्वय छैन, स्रोत खर्चमा दोहोरोपन हुन गएको व्यवस्थापनका प्रारूपमा स्वतन्त्रता नभएको राजनीतिक प्रभाव

ग्रामीण विद्युतीकरण ढाँचा विश्लेषण

क्षेत्र	निजी	गै.स.स	सहकारी संस्था	सरकारी (ने.वि.प्रा.)
योजना	ग्रामीण विद्युतीकरणको योजना छैन समुदायको अनुरोधमा ग्रामीण विद्युतीकरण।	ग्रामीण विद्युतीकरणको योजना छैन नेपाल विद्युत् प्राधिकरणको योजनामा निर्भर	ग्रामीण विद्युतीकरण सम्बन्धी योजना आवश्यकताअनुसार संस्थाले बनाउने गरेको, साल बसाली कार्यक्रम नेपाल विद्युत् प्राधिकरणको योजनामा निर्भर	ग्रामीण विद्युतीकरणको योजना छैन समयमा तार पोल उपलब्ध हुन सक्दैन समयमा नपुग्दा वर्षायाममा यातायात असुविधा हुने हुनाले समयमा काम गर्न नसकिने। नीतिगत समस्याले गर्दा बजेट निष्क्रिय हुने अवस्था आएको छ।
	जनताको योगदान कति/कति छ भन्ने निश्चित छैन	१० प्रतिशत	१० प्रतिशत	जनताको योगदान कति कति छ भन्ने निश्चित छैन।
सेवा	नाफामुलक संस्था भए तापनि ग्रामीण विद्युतीकरण सेवामुलक कार्य	सामाजिक संस्थाबाट ग्रामीण विद्युतीकरण सेवामुलक कार्य	व्यावसायिक संस्था तर ग्रामीण विद्युतीकरण सेवामुलक कार्य	व्यापारिक संस्थाबाट ग्रामीण विद्युतीकरण सेवामुलक कार्य
	स्थानीय तहमा नै महसुल बुझाउने व्यवस्था	महसुल कलेक्सन व्यवस्था ठेक्कामा रिडिङ। ३० वटा तोकिएको मोबाइल केन्द्रमा बुझाउने नभए कार्यालय आएर बुझाउनु पर्ने	मिटर रिडरले नै महसुल सङ्कलन गर्ने व्यवस्था। प्रत्येक महिना ९६ प्रतिशत महसुल सङ्कलन।	कार्यालयबाटै महसुल सङ्कलन गर्ने व्यवस्था।
	नयाँ ग्राहकमा विद्युत् वितरण ५ भित्रमा दिनमा।	अनिश्चित	इनर्जी मिटरलाई ने.वि.प्रा.मा निर्भर रहनुपर्ने भएकाले सेवा अनिश्चित	अनिश्चित
	गुनासो व्यवस्थापन तीन दिनभित्र गरिने	ट्रान्सफर्मर जल्ने गरेको तर समयमा मर्मत नहुँदा बढी गुनासो आउने।	ट्रान्सफर्मर जल्ने गरेको तर ने.वि.प्रा.ले समयमा मर्मत नगरिदिँदा बढी गुनासो आउने।	ट्रान्सफर्मर जल्ने गरेको तर समयमा मर्मत नहुँदा बढी गुनासो आउने।
गुणस्तर	२६-२८ मिनेट मात्र power cut off	ट्रान्सफर्मर जलेको खण्डमा बढीमा १५ दिनसम्म मर्मत भई विद्युत् सुचार गर्न लाग्ने गरेको छ।	ट्रान्सफर्मर जलेको खण्डमा बढीमा ७ दिनसम्म मर्मत भई विद्युत् सुचारु गर्न लाग्ने गरेको छ।	ट्रान्सफर्मर जलेको खण्डमा बढीमा १५ दिनसम्म मर्मत भई विद्युत् सुचारु गर्न लाग्ने गरेको छ।
	दक्ष प्रविधिकको उपलब्धता	प्रविधिकको समस्या, सामान्य प्रविधिक मात्र उपलब्ध छन्।	प्राविधिकको समस्या, सामान्य प्राविधिक मात्र उपलब्ध छन्।	दक्ष प्रविधिकको उपलब्धता
	प्राविधिक चुहावट (Technical Loss 20% , target to 18%)	प्राविधिक घाटा २०.९५ प्रतिशत विद्युत् चोरी न्यूनतम छ जसबाट करिब ८ देखि १० लाख असुल उपर गरिन्छ।	प्राविधिक घाटा १९देखि २१ प्रतिशत अप्राविधिक चुहावट शून्य रहेको छ।	ट्रान्सफर्मरको समस्या, voltage drop भएको गुनासो अत्याधिक छ। प्राविधिक लस २९ प्रतिशत
	आकस्मिक निरीक्षणको व्यवस्था प्रेट्रोलिङ सिस्टम राम्रो व्यवस्था	नभएको	नभएको	नभएको
	ट्रान्सफर्मर समिति सक्रिय छैन, अगुवाबाट जानकारी प्राप्त हुन्छ।	ट्रान्सफर्मर समिति सक्रिय छैन, अगुवाबाट जानकारी प्राप्त हुन्छ।	ट्रान्सफर्मर उपसमिति सक्रिय	नभएको
	तथ्याङ्क उपलब्धता	तथ्याङ्कको आधार (Data Base) नभएको।	तथ्याङ्कको आधचर (Data Base) नभएको	तथ्याङ्क उपलब्धता केन्द्रीकृत

धारणा	जनतामा व्यवसाय गर्न आएको संस्था भन्ने धारणा।	जनताले यो विद्युत् सम्पति मेरै हो यसमा मेरो सहभागिता छ भन्ने महसुस गरेको।	विद्युतीय संरचना तथा सेवामा समुदायको अपनत्व, यसमा हाम्रो सहभागिता छ भन्ने महसुस गरेको।	जनतालाई व्यापारिक संस्था हो। व्यापार गर्न आएको भन्ने धारणा।
	ग्रामीण विद्युतीकरणलाई घाटाको व्यवसायको रूपमा लिइएको।	ग्रामीण विद्युतीकरणकले सामाजिक सेवाको रूपमा लिइएको।	ग्रामीण विद्युतीकरणलाई सामाजिक सेवाको रूपमा लिइएको।	ग्रामीण विद्युतीकरणलाई घाटाको व्यवसायको रूपमा लिइएको।
	ग्रामीण विद्युतीकरण आधारभूत आवश्यकता हो। ग्रामीण विद्युतीकरण सरकारले गर्नुपर्दछ।	सरकारले समुदायलाई जिम्मेवारी दिनुपर्दछ। सरकारले निगरानी राखेर चासो लिने र अनुगमनकारी भूमिका खेल्नुपर्ने। सरकारी अनुदान र सदस्यहरूको सहभागिता हुने हुनाले सामुदाहिक सहकरी विद्युतीकरण हुनुपर्दछ ।	राज्यले ग्रामीण विद्युतीकरणलाई प्रष्ट रूपमा परिभाषित गर्नु पर्‍यो। ग्राहकको संख्याको आधारमा सरकारले ग्रेडिङ गरेर समुदायलाई जिम्मेवारी दिनु पर्ने विद्युत् प्रसारण नेपाल विद्युत् प्राधिकरणले गर्ने र सामुदायिकलाई 11 kv को वितरण र व्यवस्थापन दिनु पर्ने।	ट्रान्सफर्मरसम्म NEA ले हेर्ने र वितरण र व्यवस्थापन समुदायले गर्ने गर्दा र व्यवस्थित र प्रभावकारी हुने। सेवा विस्तार भरपर्दो र छरितोको लागि ग्रामीण विद्युतीकरण निजी क्षेत्रबाट हुनुपर्दछ।

अबको बाटो

क) नेपालमा हालसम्म ७६ प्रतिशत धरघुरीहरूमा मात्र बिजुलीको पहुँच पुगेको छ भने राष्ट्रिय विद्युत् प्रणालीबाट ६९ प्रतिशत मात्र विद्युत् वितरण भएका छन्। ९४ प्रतिशत सहरी क्षेत्रका र ६० प्रतिशत ग्रामीण क्षेत्रका जनतामा विद्युत्को पहुँच पुगेको छ, केवल ४९ प्रतिशत पहाडी क्षेत्रका जनताको पहुँचमा विद्युत् पुगेको विद्यमान अवस्थामा राष्ट्रिय योजना आयोगले जल तथा ऊर्जा सचिवालयले उपलब्ध गराएको तथ्याङ्कको आधारमा ऊर्जाको योजना बनाउने परिपाटी त्यागी ऊर्जा योजनाको लागि नेपालमा छुट्टै निकाय तोकिनुपर्ने र सबैको लागि ऊर्जामा सन् २०३०सम्ममा आधुनिक ऊर्जा सेवामा पुर्‍याउन ग्रामीण विद्युतीकरण गुरुयोजना तयार गरी त्यसको माइलस्टोनको आधारमा अगाडि बढ्नु पर्ने टड्कारो आवश्यकता देखिएको छ।

ख) विद्यमान विद्युत् ऐन २०४९ जसमा ग्रामीण विद्युतीकरणसम्बन्धी कुनै प्रावधान छैन। त्यसबाट ग्रामीण विद्युतीकरण सम्भव नभएको हुँदा ग्रामीण विद्युतीकरण ऐनको तर्जुमा गरी ग्रामीण विद्युतीकरणको लागि जिम्मेवार निकाय तोकिनु पर्ने देखिन्छ र छुटै ग्रामीण विद्युतीकरण निकाय र ग्रामीण विद्युतीकरण कोष खडा गरी सोही निकायमार्फत् सञ्चालन गर्न उपयुक्त हुनेछ। जनताको योगदान अनिवार्य गरिन्छ भने योगदानको हिसाबले योगदानमा आधारित सहभागिता पनि सुनिश्चित हुनुपर्दछ र जनताको लगानी भएपछि त्यसको लगानीमा प्रतिफल पनि सुनिश्चित हुन जरुरी हुन्छ।

ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४ के प्रावधानबाट केही मात्रामा ग्रामीण विद्युतीकरणलाई टेवा पुग्नेदेखिन्छ। तथापि स्थानीय सरकारले तयार पार्ने ऊर्जा नीति र त्यसको कार्यान्वयन क्षमतामा संघीय सरकारले के कति सहयोग पुर्‍याउँदछ त्यसमा निर्भर गर्दछ। स्थानीय तहमा योजना बन्दाखेरी जनताको सहभागितामा बनाउने भनिए तापनि योजनाहरू Top Down बन्ने गरेका छन्। त्यस परिपाटीको अन्त्य गरिनु पर्दछ।

घ) सामुदायिक विद्युत् वितरण विनियम २०७१ यसको काम कर्तब्य र अधिकारमा कहीँ

कतै ग्रामीण विद्युतीकरणको कुरालाई उल्लेख गरेको पाइँदैन । यो विनियम नेपाल विद्युत् प्राधिकरणले आफ्नो व्यवसाय व्यवस्थापन गर्नको लागि लागू गरेका पाइन्छ। नेपाल विद्युत् प्राधिकरण नाफामुखी व्यावसायिक संस्था भएको र ग्रामीण विद्युतीकरण घाटाको व्यवसाय भन्ने सोच भएको हुँदा सामुदायिक विद्युतीकरण नेपाल विद्युत् प्राधिकरणको प्राथमिकतामा कदापि पर्न सक्दैन र पर्दैन पनि ।

ङ) ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गत विद्युत् विकास विभाग रहेको छ त्यसको मातहतमा नीति तथा वैदेशिक सहायता महाशाखा र ग्रामीण तथा वैदेशिक ऊर्जा शाखा छ । यस अर्थमा ग्रामीण विद्युतीकरणलाई वैदेशिक सहायतासँग मात्र जोडेर हेरिने गरेको देखिन्छ।

च) विद्युत् नियमन आयोग ऐन २०७५ प्रारम्भ भएको छ, ऊर्जा क्षेत्रको लागि उपयुक्त नीतिगत दस्तावेजको अभावले ऊर्जा क्षेत्रको समग्र विकासको लागि निश्चित कार्ययोजना बनाउने पारदर्शी रूपमा स्थानीय तहमा कार्यान्वयन गर्ने कठिनाइ देखा परेको, नेपालमा उपयुक्त मात्रामा कति ऊर्जाको खपत छ र कति उत्पादन आवश्यक छ भन्ने एकिन गर्न आवश्यक रूपमा व्यवस्थित तथ्याङ्कको अभाव, त्यसमा पनि लैङ्गिक आधारमा तथ्याङ्कहरू पाइँदैन भन्दा पनि हुने अवस्थामा, ऊर्जा क्षेत्रमा लैङ्गिक आधारका तथ्याङ्क कति ऊर्जा महिलाहरूले र कति ऊर्जा पुरुषहरूले उत्पादन गर्दछन् र त्यस्ता ग्रामीण ऊर्जा कार्यक्रमबाट कसले लाभ प्राप्त गरेका छन् भन्ने बारेमा ग्रामीण ऊर्जा कार्यक्रमबाट लाभ प्राप्त गरेका छन् , उपभोक्ताहरूको सङ्गठन र तिनीहरूको तथ्यांक एक आपसमा आदानप्रदान गर्न सकिने किसिमका योजना बारेमा विद्युत् नियमन आयोगबाट निर्माण हुने ग्रीड र वितरण कोडले के कति ग्रामीण विद्युतीकरणलाई समेट्न सक्छ त्यस्मा निर्भर गर्दछ। हालसम्म विद्युत् उत्पादन, प्रसारण, वितरण र विद्युत् व्यापार गर्ने कार्य एकलौटी रूपमा नेपाल विद्युत् प्राधिकरणले गर्दै आएकामा यो आयोगको गठनबाट निजी क्षेत्र पनि प्रसारण र वितरणको क्षेत्रमा आउने अपेक्षा गर्न सकिन्छ जबकि हालसम्म निजी क्षेत्र उत्पादनका क्षेत्रमा मात्र सीमित छन्।

छ) जनताको धारणामा निजी क्षेत्रबाट वितरण गरिएक वितरण गरिएका ग्रामीण विद्युत्का उपभोक्ताहरूको रोजाइमा ग्रामीण विद्युतीकरण सरकारी स्तरबाट नै हुनु पर्छ भन्ने धारणा ब्यक्त गरेका छन् भने नेपाल विद्युत् प्राधिकरणका ग्राहकहरूको धारणामा ग्रामीण विद्युतीकरण सामुदायिक/ग्रामीण विद्युतीकरण नै उपयुक्त हुने कुरा व्यक्त गरेका छन्। सामुदायिक सहकारी संस्थाका विद्युत् ग्राहकहरूको रोजाइमा सम्बन्धित ग्रामीण विद्युतीकरण सहकारी संस्थाबाट भएकोमा उपयुक्त हुने धारण व्यक्त गरेका छन ।

नेपालको संविधानले परिलक्षित गरेको दिगो शान्ति, आर्थिक समानता, समृद्धि र सामाजिक न्यायलाई सुनिश्चित गर्न र मौलिक हकअन्तर्गत आवासको हकमा उपयुक्त आवासको हकको प्रत्याभूत गर्न र राष्ट्रिय योजना आयोगले तयार पार्दै गरेको नेपालको दीर्घकालीन सोचमा मर्यादित जीवनअन्तर्गत सुविधासम्पन्न तथा सुरक्षित आवास भन्ने परिकल्पना साकार पार्न नेपालमा ग्रामीण विकासको क्षेत्रमा नीतिगत आमूल परिवर्तन गरी नेपालमा ग्रामीण विद्युतीकरणको लागि दीर्घकालीन सोच, दीर्घकालिन गुरुयोजना, उपयुक्त ऐन नियम, उपयुक्त निकाय, नियमन व्यवस्था, स्थानीय सरकारको सहकार्य, जनताको पूर्ण सहभागिता, जनताको सामुदायिक सहकारी सङ्गठन र त्यस्को सुदृढीकरणबाट सम्भव हुने निश्चितता देखिन्छ।

(लेखक नेपाल इनर्जी फाउण्डेसनसँग आबद्ध छन् ।)

समृद्ध मुलुक निर्माणका लागि सामुदायिक विद्युतीकरण मोडेल भरपर्दो हुन्छ

dfggLo jifdfg kg

(सामुदायिक विद्युतीकरणका विविध सवालमा नेपाल सरकार, जलस्रोत तथा सिँचाइ मन्त्रालयका माननीय मन्त्री वर्षमान पुनसँग यस संस्थाका सञ्चालक सदस्य गोविन्द घिमिरे तथा पत्रकार रमेशप्रसाद तिमल्सिनाले लिनुभएको अन्तरवार्ताको सम्पादित अंश)

- ***दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्थाको प्रकाशन सामुदायिक विद्युत्मा यहाँलाई हार्दिक स्वागत छ ।***

- धन्यवाद ! निकै लामो समयदेखि सक्रिय तथा नेपालकै पहिलो सामुदायिक विद्युत् सहकारी संस्थाले सामुदायिक विद्युत् पुस्तक प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसी लाग्यो । यसको निरन्तर प्रगति र निरन्तरताको कामना गर्दछु । साथै यसले सामान्य निरन्तरता मात्रै भन्दा पनि विद्युतीय क्षेत्रका समाचारहरू, बीचारहरू र ज्ञानहरू प्रवाह गर्ने काम गरोस् ।

- ***मुलुकको यात्रा समृद्धिको दिशामा छ भनिन्छ । समृद्धिसँग ऊर्जाको के सम्बन्ध छ ?***

- हाम्रो समृद्धिको आधार भनेको औद्योगिकीकरण हो । पूर्वाधारसहित पर्यटनको विकास अर्को आधार हो । अर्को आधार कृषिको आधुनिकीकरण र वैज्ञानिकीकरण हो । त्यसैगरी शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्र हाम्रा प्राथमिकताका क्षेत्र हुन् । यसका लागि ऊर्जा, जलस्रोत, सिँचाइ मुख्य प्राथमिकतामा छन् । सिँचाइले कृषिको आधुनिकीकरण गर्छ । पानीबाट उत्पादन हुने जलविद्युत् (ऊर्जा) हाम्रा लागि असाध्यै महत्त्वपूर्ण र नेपालका लागि समृद्धिको आधार हो त्यसैले विद्युतीय ऊर्जाको उत्पादन, प्रसारण र वितरण हाम्रो प्राथमिकतामा रहेको छ । हामीले भनेका छौँ, "अबको युग समृद्धिको युग हो, समृद्धिको मुख्य आधार विद्युतीय ऊर्जा र सिँचाइ हुनेछन् ।"

- ***दिगो विकास लक्ष्यमा सन् २०३०सम्ममा सबैका घरघरमा बिजुली पुऱ्याउने कुरा उल्लेख छ । नेपाल यसप्रति प्रतिबद्ध छ भनिएको छ । के २०३०सम्ममा सबैका घर बिजुलीले उज्याला हुन्छन् ?***

- दिगो विकास लक्ष्यअनुसार हामीले २०३० भनेका छौँ । तर नेपाल सरकारको नीति तथा कार्यक्रममार्फत् तीन वर्षमा सबैको घरमा विद्युत् पुऱ्याउने भनेका छौँ ।

- *अबको तीन वर्षमा ?*

- अबको तीन वर्षमा हो । अहिले ८५ प्रतिशत नेपालीको घरमा विद्युत् सेवा उपलब्ध छ । त्यसमध्ये झन्डै १८ प्रतिशत 'अफ ग्रिड' छ । सोलार, मिनी तथा माइक्रो हाइड्रोहरू, वायु र बायोग्याँसलगायतले १८ प्रतिशत योगदान पुऱ्याएको अवस्था विद्यमान छ । बाँकी १५ प्रतिशतको घरमा हामी तीन वर्षभित्रैमा विद्युत् पुऱ्याउँछौँ । मन्त्रालयले २०७५ वैशाख २५ गते जारी गरेको श्वेतपत्रमा ढिलोमा पाँच वर्ष भनेका छौँ । (हेर्नुहोस्, श्वेतपत्र बुँदा ६९, पेज ३९) र, सरकारको बजेट भाषणमा पाँच वर्षमा चाहिँ मागे जति, चाहे जति र चाहेको ठाउँबाट पाउने व्यवस्था गर्छौं भनेका छौँ । हामी भनेअनुसारै काम गर्न प्रतिबद्ध छौँ त्यसैले आधुनिक, सफा र गुणस्तर ऊर्जा सेवा पाउनु हरेक नेपालीको अधिकार हो । दिगो विकास लक्ष्यलाई हामी समयभन्दा पहिला नै पूरा गर्छौं ।

- *विद्युत् उत्पादनका १०७ वर्ष र सामुदायिक विद्युत् वितरणका २० वर्षलाई केलाउँदा के पाउनुभयो ?*

- नेपाल विद्युत् प्राधिकरणको यसै महिना (२०७५ कात्तिक) को तथ्याङ्क हेर्दा ४० लाख घरमा विद्युत् सेवा पुगेको छ । समुदायले आफ्नो लगानीसहित आफ्नो स्वामित्व लिएर अपनत्वसाथ जुन काम गरेका छन्, यो अत्यन्तै सराहनीय काम छ । हामीले हरेक विकास निर्माणको काममा सामुदायलाई समावेश गराउन खोजेका छौँ । त्यस अर्थमा सामुदायिक काम असाध्यै राम्रो हो । सरकारको मुख ताकेर बस्ने प्रवृत्ति छ । विद्युत्, सडक, विद्यालय, स्वास्थ्य केन्द्र हाम्रा हुन् । यसमा हाम्रो (समुदायको) सहभागिता चाहिन्छ । हामीले यसको गुणस्तर कायम गर्नुपर्छ भन्ने कुरा जब जनतामा आउँदैन तबसम्म विकास दिगो हुँदैन । यही अवधारणाअन्तर्गत सामुदायिक विद्युतीकरणको अवधारणा आएको हो । यसबाट राम्रो काम भइरहेको छ । समृद्ध मुलुक निर्माणका लागि सामुदायिकीकरण मोडेलका रूपमा विकास गर्नुपर्छ । समृद्ध मुलुक निर्माणका लागि यो (सामुदायिक विद्युतीकरण) मोडल नै भरपर्दो हुन्छ ।

  एकाध ठाउँमा गुणस्तरका प्रश्न पनि उठेका छन् । कतिपय ठाउँमा त हाम्रो बहुल बीचार भएका मानिसको बसोवास भएको हुनाले एउटा आस्था, बीचार भएका व्यक्तिले कामको नेतृत्व गर्दा अर्कोले विरोध गर्ने गरेको पाइएको छ । सरकारले गर्ने काममा हामी किन पैसा हाल्ने भनेर विरोधका स्वर राख्ने गरेको पाइन्छ । १० प्रतिशत भए पनि हामी किन लगानी गर्ने भन्ने गरेको सुनिन्छ । त्यो चाहिँ बहुल समाजको उपज हो भन्ने लाग्छ मलाई । समग्रमा सामुदायिक विद्युतीकरणको काम राम्रो भएको छ ।

- *विद्युत् ऐन र विनियमावली संशोधन गर्ने विषयमा के गरिरहनुभएको छ ?*

- संविधान जारी भइसकेपछि तीनै तहका निर्वाचनमार्फत् सरकार गठन गरेर संविधान कार्यान्वयनको महत्त्वपूर्ण घडीमा छौँ । हामीले गएको बर्खे अधिवेशनमा मौलिक हक कार्यान्वयनका लागि आवश्यक ऐनहरू निर्माण गऱ्यौँ । हरेक पाँच दिनमा एउटा ऐन निर्माण गऱ्यौँ । नेपालकै इतिहासमा तीव्र गतिमा ऐन बनाइएको सकारात्मक परिघटना हो यो । अब बाँकी ऐनहरू हिउँदे अधिवेशनमा ल्याउँछौँ । विद्युत् ऐन, जलस्रोत ऐनको पनि मस्यौदा तयार छ । हाम्रो मन्त्रालय सम्बद्ध ऐनहरू र त्यसपछि नियमावलीको निर्माण र आवश्यक संशोधन हिउँदे अधिवेशनबाट पारित गराई कार्यान्वयनमा ल्याउँछौँ । सङ्घीयता कार्यान्वयनका लागि

समुदायलाई या तल्लो तहका सरकारहरूलाई बलियो बनाउन यो अनिवार्य पनि छ।

- *सङ्घीयतामा ऊर्जाको नीति के कस्तो छ ? विद्युत्‌मा तल्लो तहका सरकारले पनि अपनत्व गर्न पाउँछन् ?*

- राष्ट्रिय जलस्रोत नीति हामीले ड्राफ्ट गरेका छौँ । प्रदेशका मन्त्रीसँग पनि छलफल गरेका छौँ । सरोकारवाला निकाय र मन्त्रालयसँग छलफल पछि स्थानीय तहलाई पनि आफ्नो सुझावका लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमार्फत् पठाएका छौँ र अरू सरोकारवाला विषय विज्ञहरूसँग छलफल गरेर करिब अन्तिम रूप दिइसकेका छौँ । अब यसलाई 'क्याबिनेट'मा पठाउँछौँ । जलस्रोत नीति टुङ्गिसकेपछि जलस्रोत ऐन पनि ड्राफ्ट गर्ने क्रममा छौँ । संविधानले नै तीन तहका सरकार बनाएको छ भने जनतालाई तत्‌तत् निकायमा सहभागी हुन पाउने व्यवस्था छ । त्यसलाई हामीले मौलिकतासहितको सङ्घीय व्यवस्था भनेका छौँ । सामान्यतया संघ र प्रदेश हुन्छ । तर हाम्रो संघ, प्रदेश र स्थानीय गरी तीन तहलाई अधिकार बाँडफाँट गरिएको मौलिक विशेषता छ । त्यहीअनुसार सिँचाइ, जलविद्युत्, मनोरञ्जनका लागि पर्यटकीय पूर्वाधारका रूपमा या अरू पर्यावरणीय संरक्षणमा पानी कसरी सदुपयोग गर्ने भन्ने स्पष्ट नीति तयार गर्दै छौँ । त्यही ठाउँमा, सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्र हुँदा त्यसले आपसी विवाद ल्याउने सम्भावना पनि हुन्छ । त्यसो हुँदा चाहिँ पानी उपयोगसम्बन्धी नीति आवश्यक हुन्छ । त्यस्तो नीति तयार गर्दा धेरैभन्दा धेरै स्थानीय तह र प्रदेशलाई सहभागी गराएर अधिकार सम्पन्न बनाउने हाम्रो सोच रहेको छ । त्यहीअनुसारको प्रस्ताव गरिएको छ ।

- *त्यसो भए 'हाम्रो पानी हाम्रै जिन्दगानी' भनेझैँ अपनत्वसहितको नीति आउँदै छ ?*

- निश्चय पनि । हामीले ऊर्जा क्षेत्रमा चाहिँ 'नेपालको पानी जनताको लगानी हरेक नेपाली विद्युत्‌को सेयरधनी' भन्ने नारा अघि सारेका छौँ । पानी सबैभन्दा धेरै उपलब्ध प्राकृतिक स्रोत हो । प्राकृतिक स्रोतलाई उपयोग गरेर जनताको समृद्धि र देशको समृद्धि हाम्रो प्राथमिकतामा छ । त्यसो हुँदा जलविद्युत् उत्पादन, निर्माण र हरेक नेपालीलाई (पौने तीन करोड नेपालीलाई) विद्युत्‌को सेयरधनी बनाएर लाभान्वित गराउने काम प्राथमिकतामा छ । समृद्धिको लाभ घरघरमा पुऱ्याउने हो । राष्ट्रिय एकतालाई सुदृढ गर्ने, विकास, समावेशीमूलक समृद्धि र जनताको सहभागितासहितको विकास हाम्रो मूल लक्ष्य हो । त्यस अर्थमा जनताको जलविद्युत् आयोजना बन्छन् । १९ ओटा आयोजनाबाट कम्तीमा पनि ३ हजार ५ सय मेघाबाट विद्युत् उत्पादन गर्दै छौँ । त्यसमा हरेक नेपालीले सेयर राख्नेछन् र त्यसबाट आम नेपालीले फाइदा लिनेछन् ।

- *दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्थाले दूरदराजमा प्रदान गरेको सेवाप्रति यहाँको मूल्याङ्कन कस्तो छ ?*

- विद्युत् सहकारी नेपालकै पहिलो ! पहिलो भनेको चाहिँ सबैले अनुकरण गर्ने नमुना पनि हो । अनुकरणीय हुन्छ पनि ! र, हुनैपर्छ । यो सहकारीको कामलाई देशैभर अनुकरण गरेको पाइएको छ त्यसैले यो संस्था आफैँमा पनि महत्त्वपूर्ण छ । दोस्रो कुरा, यसले जतिखेर दक्षिण ललितपुर विकासका दृष्टिले निकै कमजोर अवस्थामा थियो । यस भेगलाई राजधानीको कर्णाली पनि भनिन्थ्यो । कर्णाली भनिएको हेयका कारण नभएर विकासको दृष्टिकोणबाट निकै पछाडि पारिएका कारण हो । त्यतिखेर पनि समुदाय मिलेर बत्ती बाल्ने योजना अघि बढाउनु निकै

ठूलो काम हो । उपत्यका तथा काँठ क्षेत्रमा अड्किएको विकासलाई 'डाँडापारि' (दक्षिण ललितपुर)सम्म पुऱ्याउन सक्नु आफैँमा यो ठूलो प्रयत्न हो त्यसैले यो संस्थाका साथीलाई विशेष धन्यवाद पनि दिन चाहन्छु ।

अरू विकासमा पनि (विद्युत् मात्रै होइन कि !) दक्षिण ललितपुरका साथीले हातेमालो गर्नुहुनेछ । जस्तै : त्यहाँ कफी जोन छ, तरकारी पकेट क्षेत्र, दूध उत्पादन क्षेत्र, चियाको विकास र सडक सञ्जाल विस्तार भइरहेको छ । म आफैँ तत्कालीन २८ ओटा गाविस जुन ललितपुर निर्वाचन क्षेत्र १ मा थिए । तीमध्ये सात ओटा गाविसमा पैदल प्रचार गरेको थिएँ । यो २०६४ सालको कुरा हो । म चार वर्ष संविधान सभा सदस्य हुँदा (जसले प्रतिनिधि सभाको काम पनि गरेको थियो) मेरै नेतृत्वमा त्यहाँका साथीको सहयोगमा आफ्नो कार्यकाल सकाउँदा सबै गाविसमा सडक सञ्जाल पुऱ्याइएको थियो । अहिले सबै वडामै पुगेको अवस्था छ । कति ठाउँमा पिच, कति ठाउँमा ग्राभेल, कति ठाउँमा चौडा गर्ने, कति ठाउँमा स्तरोन्नति गर्ने काम भइरहेको छ । यस सहकारी र त्यस्तो विकासको लहरले गर्दा दक्षिण ललितपुरको भविष्य राम्रो छ । दक्षिण ललितपुर विकासका लागि यो सहकारीले अग्रणी भूमिका खेलेको छ । यो ऊर्जा भनेको विकासको पहिलो सर्त हो । जसले विकासका सबै ढोका खोल्छ । अँध्यारोलाई उज्यालो बनाउने काम ऊर्जाकै हो । प्रतिकात्मक रूपमा पनि दक्षिण ललितपुर अँध्यारोबाट उज्यालो बाटोमा लम्किरहेको छ ।

हार्दिक शुभकामना !

दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि.को **सामुदायिक विद्युत्** पाँचौं शृङ्खला प्रकाशन भएको र दक्षिण ललितपुरका ग्रामीण समुदायमा विद्युतीकरण तथा उद्यमशीलता विकासमा योगदान पुऱ्याएकोमा सहकारी संस्थाको उत्तरोत्तर प्रगतिको कामना गरिन्छ ।

ग्रामीण कृषि विकास सहकारी संस्था लि.
चापागाउँ, ललितपुर
अध्यक्ष एवम् सहकारी परिवार
फोन नं.: ०१-५२६५०६७

समुदायले अपनत्व लिएको कामको नतिजा उत्कृष्ट हुन्छ

lbgzsdf/ l3ld/
;lrj, pmhf, hn;|ft tyf l;rfO dGqfno

(सामुदायिक विद्युतीकरणका विविध सवालमा नेपाल सरकार, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव श्री दिनेशकुमार घिमिरेसँग यस संस्थाका अध्यक्ष गोविन्दप्रसाद बजगाईं तथा पत्रकार रमेशप्रसाद तिमल्सिनाले लिनुभएको अन्तरवार्ताको सम्पादित अंश)

– ***सन् २०३०सम्ममा सबैका घरघरमा विद्युत् सेवा प्रवाह गर्ने दिगो विकास लक्ष्यलाई पूरा गर्ने सरकारको प्रतिबद्धता छ । त्यसका लागि यहाँहरूको रणनीति के छ ?***

– सबैभन्दा पहिला सच्याइहालौं, अबको पाँच वर्षमा सबैको घरमा आवश्यकता र मागअनुसारको विद्युत् पुऱ्याउँछौं भनेर हाम्रो श्वेतपत्रमा उल्लेख गरेका छौं । सन् २०३० त परको कुरा भइसक्यो । त्यही श्वेतपत्रमा उल्लेख गरिएका बुँदालाई कार्यान्वयन गर्ने दिशामा हाम्रा सम्पूर्ण कार्यक्रम केन्द्रित हुन्छन् । सम्पूर्ण गतिविधि प्रभावकारी बनाइन्छ । त्यसकारण विद्युत्‌को पहुँच सबैमा पुऱ्याउन २०३०सम्म पर्खनुपर्दैन । श्वेतपत्रमा यथार्थपरक लक्ष्यहरू निर्धारण गरेका छौं । त्यसका लागि विद्युत् उत्पादनमा निजी र सरकारी क्षेत्र संलग्न हुनुहुन्छ । निर्माणाधीन आयोजनालाई तदारुकतासाथ समयमै सम्पन्न गर्न हामी कटिबद्ध छौं ।

उत्पादन मात्रै गरेर भएन । प्रसारण पनि गर्नुपऱ्यो । त्यसका लागि प्रसारण गुरुयोजना स्वीकृत भइसकेर कार्यान्वयन पनि थालिएको छ । लक्ष्यअनुसारको जुन उत्पादन छ । १० वर्षमा १५ हजार मेगावाट, पाँच वर्षमा ५ हजार मेगावाट र तीन वर्षमा ३ हजार मेगावाटको लक्ष्य लिएका छौं । यो उत्पादनसँग तालमेल हुने गरी प्रसारण लाइनको काममा हामी व्यस्त छौं । वितरण संरचनामा विशेष प्राथमिकतासाथ हामी लागेका छौं । जबसम्म हामी वितरण प्रणालीलाई आधुनिकीकरण गर्दैनौं, क्षमता अभिवृद्धि गर्दैनौं तबसम्म जति नै विद्युत् निकाले पनि ग्राहकको घरसम्म पुग्दैन । त्यसकारण वितरण गुरुयोजना पनि बनाइरहेका छौं । प्रदेशैपिच्छे गृहकार्य गरेर त्यसको चाँजोपाँजो मिलाइरहेका छौं । पाँच वर्षभित्रमा सबैको घरमा विद्युत्‌को सुनिश्चितता गर्छौं ।

– ***प्राधिकरण सङ्घीय संरचनामा अघि बढिरहेको छ ?***

– सङ्घीय संरचनामा त देशै अघि बढिरहेको छ । प्राधिकरण मात्रै कसरी छुटोस् । प्राधिकरणको सङ्घीय संरचनाको कार्य मूलतः वितरण प्रणालीमै केन्द्रित हुन्छ । अहिले भएका प्राधिकरणका क्षेत्रीय कार्यालयलाई हरेक प्रदेशमा कम्पनीका रूपमा परिणत गर्ने र बिस्तारै प्रदेश सरकारको मातहत रहने गरी स्वतन्त्र कम्पनीका रूपमा जिम्मा लगाउने र उनीहरूले प्रतिस्पर्धाको स्वरूपमै वितरण सेवा दिने गरी काम गरिरहेका छौं । ठूला आयोजना र प्रसारणका काम

त प्राधिकरणले केन्द्रबाटै हेर्नुपर्ने हुन्छ । यसका लागि प्रदेश वा स्थानीय तहले हेर्न चाहिँ क्षमताको कुरा हुन्छ ।

- *यसअघि बालिएको बत्ती बाक्लो बस्तीमा हो । अब पातलो बस्तीमा बत्ती बाल्न त निकै चुनौती होला । प्राधिकरण घाटामा जाला । के सोच्नुभएको छ ?*

- जहाँ ग्रिड नै पुग्न सक्दैन । त्यस्तोमा हाम्रो वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रबाट सोलार सिस्टम जडान गर्नुपर्छ । अहिले ८ लाख त्यस्ता प्रयोगकर्ता छन् । करिब २५ मेगावाट बिजुलीचाहिँ सोलारमार्फत् प्रवाह गरेका छौँ । त्यस्तै अन्य प्रविधि पनि अपनाउन सकिन्छ । वैकल्पिक ऊर्जाको माध्यमबाट करिब १८ प्रतिशत विद्युत् जनताको पहुँचमा पुगेको छ । पाँच वर्षभित्र विद्युत्को पहुँच मात्रै १ सय प्रतिशत पारेर भएन नि त !

उत्पादनशील हिसाबले मागबमोजिमको विद्युत् दिन सक्ने गरी पुऱ्याउनुपऱ्यो । उत्पादनशील उपयोग हुनुपऱ्यो । बत्ती मात्रै बालेर जनताको जीवन उकासिँदैन । जे उद्यम गर्छु भन्छ, नागरिकले त्यसका लागि विद्युत्को सुनिश्चितता गर्ने हो । त्यसले देशको आर्थिक वृद्धिमा योगदान पुऱ्याउँछ । त्यो हिसाबले हामीले पाँच वर्ष भनेका हौँ । तीन वर्षमै हामी विद्युत्मा आत्मनिर्भर हुन्छौँ भन्ने लक्ष्य राखेका छौँ । तर त्यो किसिमको विद्युत् पहुँचचाहिँ पाँच वर्षमा पुऱ्याउने भन्ने हाम्रो लक्ष्य रहेको छ । हामी त्यसैमा लागेका छौँ ।

- *मुलुक समृद्धिको यात्रामा छ । समृद्धिका लागि ऊर्जाको भूमिका कस्तो रहन्छ ?*

- हामीले श्वेतपत्रमै उल्लेख गरेका छौँ कि आर्थिक समृद्धिको चालक ऊर्जा र सिँचाइ हुनेछन् । हुन पनि ऊर्जा एउटा यस्तो वस्तु हो, जसले देशको जुनसुकै क्रियाकलापलाई 'ड्राइभ' गर्छ । नेपाल कृषि प्रधान देश हो । सिँचाइ भएन भने हाम्रो आर्थिक वृद्धिदर नै बढ्न सक्दैन । कृषिलाई आधुनिकीकरण नै गर्न सक्दैनौँ त्यसैले ऊर्जा र सिँचाइ आर्थिक समृद्धि ल्याउने चालकका रूपमा प्राथमिकतामा राखिएको हो । ऊर्जा मन्त्रालयले मात्रै होइन कि समग्र राष्ट्रले यसलाई पहिलो प्राथमिकता दिएको छ ।

- *सामुदायिक विद्युतीकरण अभियानप्रति नेपाल सरकारको दृष्टिकोण के छ ?*

- यो सकारात्मक कदम हो । हामीले भारत र बङ्गलादेशमा पनि भएका सफल प्रयोगबाट सिकिरहेका छौँ । हामीले पनि के अनुभव गर्दै आयौँ भने उपभोक्ताले प्रत्यक्ष रूपमा यस्ता संरचना वा प्रणालीमा अपनत्व नलिएसम्म त्यो दिगो हुँदैन । उहाँहरूको अपनत्व दिलाउन उहाँहरूलाई नै त्यसको मालिक बनाउने हिसाबले नै समावेश गराइयो भने त्यो उहाँहरूको आफ्नो सम्पत्ति हुन्छ । आफ्नो व्यवस्थापन हुन्छ र दिगो हुन्छ भन्ने मान्यतासाथ हामीले सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रम लागु गऱ्यौँ । त्यसका परिणाम पनि हामीले सकारात्मक पाएका छौँ । त्यो कुराचाहिँ उहाँहरूले गर्नुपर्ने योगदानको १० प्रतिशत रकम र निवेदनका चाङबाट पनि थाहा हुन्छ । यसमा सरकारको सकारात्मक धारणा छ र निरन्तरता दिने नीति छ ।

- *अब ग्रामीण भेगमा पुऱ्याउने बिजुली समुदायमार्फत् नै हो वा विद्युत् प्राधिकरणकै माध्यमबाट ?*

- यो त हाम्रो नीति हो । समुदायले अपनत्वसहित आउनुपऱ्यो नि त ! उसै सामुदायिक मात्रै भनेर कहाँ हुन्छ र ? समुदाय आफैँ जागरुक भएर आउँदासम्म र ठाउँ हुँदासम्म सरकारले

नकार्दैन। सामुदायिक ग्रामीण विद्युतीकरण राम्रो 'मोडल' हो। सामुदायिकबाट मात्रै गर्ने भनेर सरकार पर्खेर बस्दैन। आफ्ना लक्ष्य हुन्छन्। लक्ष्य मात्रै होइन, सरकारको जिम्मेवारी पनि हो नि सबैका घरमा विद्युत् पहुँच पुऱ्याउने!

यदाकदा सामुदायिक विद्युत् सञ्चालित क्षेत्रबाट गुनासा आइरहेका छन्। तिनीहरूको निराकरण सम्बन्धित निकायबाट हुँदै जाला। सरकारले पनि मूल्याङ्कन गर्ला। तर मोडल आफैँमा एकदम राम्रो छ। यसको व्यवस्थापकीय पक्ष पनि हेर्नुपर्छ। त्यसमा केही कमीकमजोरी रहेछन् भने सच्याउँदै र सुधार्दै पनि अघि बढ्नुपर्ला। यी सबै समीक्षका विषय हुन्। नेपालमा ग्रामीण विद्युतीकरण र व्यवस्थापनमा मोडलचाहिँ सामुदायिक मोडल नै उत्तम छ।

– ***पाँच वर्षमा सबै घरमा बत्ती पुऱ्याउन के के काम भइरहेका छन् ?***

– हाम्रो (ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको) श्वेतपत्र २०७४ नै समष्टिमा नीतिगत दस्तावेज हो। यसैमा हामीले सबै कुरा उल्लेख गरेका छौँ। (हेर्नुहोस्, श्वेतपत्र अनुसूची १) अनुसूचीमा उल्लेख गरेअनुसार विद्युत् उत्पादनको काम पनि भइरहेकै छ। लक्ष्यबिना अघि बढ्नै सकिँदैन। लक्ष्य प्राप्ति सय प्रतिशत नहोला, ९० होला, ८० होला। लक्ष्य प्राप्तिको दिशामा अघि बढ्नुको हामीसँग अरू कुनै विकल्प छैन।

– ***तर बिजुली उत्पादनको सय वर्षचाहिँ उत्साहजनक रहेन नि ?***

– यो समीक्षाको विषय हो। त्यो नजिरलाई सम्झँदै र स्मरण गर्दै अबको लक्ष्य निर्धारण गर्ने यो बेला होइन। हामी पछाडि कुद्न सक्दैनौँ। सकेसम्म अगाडि बढेर जाने हो। अगाडि बढ्ने वातावरण, क्रियाकलाप र हाम्रा नीतिले पुष्टि गरिरहेका छन्। अब किन स सय वर्षमा भएन, समीक्षा गर्दै गरौँला। अब त्यो गतिमा घस्रिएर हुँदैन। दौड्नुपर्छ। अब द्रुत गतिमा विद्युत् उत्पादन गरेर आर्थिक समृद्धिको यात्रामा लाग्नुपर्छ।

– ***अबको पाँच वर्षभित्र चुलाचुलामा बिजुलीका स्विच ! यही हो सरकारको लक्ष्य ?***

– पक्कै पनि! हाम्रा नदीप्रवाही जलविद्युत् आयोजना छन्। अपर तामाकोसी (एक/डेढ वर्ष थोरै ढिलोचाँडो होला) आएपछि बर्खामा हाम्रो विद्युत् सबै खपत नहुने स्थिति छ। त्यो बेलामा त हामीले सबैभन्दा चाँडो के गर्दा खपत हुन्छ, त्यतातिर लाग्नुपऱ्यो नि! खर्च त ७० अर्ब पुगिसक्यो। त्यसलाई प्रयोग गर्न सकिएन भने हामी घाटामा मात्रै जाँदैनौँ। हाम्रो आर्थिक अवस्थालाई नकारात्मक प्रभाव पार्छ। त्यसो भएको हुनाले घरेलु मागलाई पूर्ति गर्न सके निकै खपत हुन्छ। अहिले प्रयोग गरिएको ग्याँसभन्दा सस्तोमा बिजुलीबाट भात पकाउन पाए कसले प्रयोग गर्दैन बिजुली ? जेठदेखि मङ्सिरसम्म हामी निर्बाध रूपमा बिजुली दिन सक्छौँ भने ग्याँसको प्रयोगमा कमी ल्याउन किन सक्दैनौँ। ६ महिना ग्याँसका सिलिन्डर र ६ महिना बिजुलीको प्रयोग भए पनि सुरुवात त हुन्छ, हुन्छ।

x//fh Gofkfg

सामुदायिक विद्युतीकरणमा दक्षिण ललितपुरले एउटा मोडल स्थापित गरेको छ

(सामुदायिक विद्युतीकरणका विविध सवालमा नेपाल विद्युत् प्राधिकरणका उपकार्यकारी निर्देशक श्री हरराज न्यौपानेसँग यस संस्थाका अध्यक्ष गोविन्दप्रसाद बजगाईं र उपाध्यक्ष लोकबहादुर पुलामीले लिनुभएको अन्तरवार्ताको सम्पादित अंश)

- ***नेपाल विद्युत् प्राधिकरणको सामुदायिक नीति कस्तो रहेको छ ?***

- नेपाल विद्युत् प्राधिकरणले सामुदायिक विद्युतीकरणलाई परिपूरक रूपमा लिएको छ । नेपाल विद्युत् प्राधिकरणले नेपाल सरकारले तोकेका कार्यक्रमहरू कार्यान्वयन गर्ने हो । यो कार्यक्रमको एउटा पाटोचाहिँ आफैँले गर्छ । अर्को जनसहभागिता जुटाएर गर्नुपर्ने पाटो छ, त्यसमा चाहिँ सामुदायिक विद्युतीकरणलाई सहभागी गराइएको छ । यो बेग्लै केही होइन, विद्युत् प्राधिकरणभित्रैको एउटा पाटो हो । सामुदायिक विद्युतीकरण भनेको प्राधिकरणको सहयोगी अङ्गका रूपमा लिन सकिन्छ ।

- ***सामुदायिक विद्युतीकरणका ऐन नियम समुदायमैत्री छैन, भनिन्छ । समुदायीमैत्री बनाउन केही तयारी छ ?***

- मैले अघि नै भनिसकेँ कि सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रम प्राधिकरणकै एउटा पाटो हो । सामुदायिक विद्युत् वितरण विनियमावली भनेको नेपाल विद्युत् प्राधिकरणको सञ्चालक समितिले निर्माण गरेको हो । यो अन्य निकायबाट आएको होइन । विद्युत् प्राधिकरण आफैँले सिर्जना गरेको विनियमावलीअन्तर्गत सञ्चालित संस्थाहरू सामुदायिक संस्था हुन् । त्यसैले पनि सामुदायिक संस्था नेपाल विद्युत् प्राधिकरणका अभिन्न अङ्ग हुन् ।

- यस विषयमा नीतिगत रूपमा समस्या छन् । समस्यालाई चुनौतीका रूपमा हेर्नुपर्ने हुन्छ । हाम्रो साझा चुनौती भनेकै हरेक जनताको घरमा विद्युत् पुर्‍याउने भन्ने नै हो । चाहे प्राधिकरणको होस्, चाहे सामुदायिक संस्थाको नै किन नहोस् । हाम्रो उद्देश्य भनेकै हरेक जनताको घर बिजुलीले उज्यालो बनाउने भन्ने हो । त्यो उद्देश्यभित्र सामुदायिक संस्थालाई कसरी सहभागी गराउने ? कसरी जीवित राख्ने ? भोलिका दिनमा कार्यक्षेत्र विस्तार गर्न सक्छ भन्ने हिसाबले नीतिगत रूपमा भएका समस्यालाई सम्बोधन गर्दै अगाडि बढ्नुपर्छ । त्यसरी काम गर्दा हामीले जनताको बृहत्तर हितलाई केन्द्रमा राख्नु आवश्यक छ । जनताको घर उज्यालो बनाउने विषयमा कुनै नीतिगत उल्झन छन् भने त्यसबाट निकास निकाल्नैपर्छ ।

- *अझ स्पष्ट रूपमा यो यो गर्नुपर्छ भन्ने केही छैन ?*

- सबैभन्दा पहिला सामुदायिक संस्थाको सञ्चालक समितिबाट प्रस्ताव आउनुपर्‍यो । समस्या केके भोगिरहनुभएको छ, भुक्तभोगी त सामुदायिक संस्था हुन्छ नि ! उहाँहरूको महासंघ पनि छ । जहाँ पटकपटक छलफल भइरहेको हुन्छ । कतिपय 'फोरम'मा हामी सहभागी हुँदा उहाँहरूले नीतिगत सवाल उठाउनुभएको बुझेका छौँ । त्यसरी उठ्ने सवालहरू कतिपय प्राधिकरणको क्षेत्राधिकारभन्दा बाहिरका पनि छन् । त्यस्ता कुरामा जुन निकाय आकर्षित हुन्छ, तिनले राम्रो गृहकार्य गरेर निकास दिनुपर्छ । हामीले गर्नुपर्ने काममा हामी दृढतासाथ लाग्छौँ । जस्तो उहाँहरूको मुख्य कुरा महसुल दर निर्धारणको छ । त्यो हेर्ने निकाय छुट्टै छ ।

- *विद्युत् सेवा पुर्‍याउनुपर्ने ठाउँ भनेकै गाउँ हो । सहरमा त विद्युत् सेवा पुगिसकेको छ । सहर र गाउँमा हुने विद्युत्को लागतबारे कुनै विश्लेषण गर्नुभएको छ ?*

- हामीले ग्रामीण विद्युतीकरणलाई कसरी हेर्ने भन्ने मुख्य कुरा हो । ग्रामीण विद्युतीकरण आफैँमा घाटा हुने अवस्थामा छ । यो नाफामूलक छैन । सामुदायिक संस्थाको ग्रामीण विद्युतीकरण र नेपाल विद्युत् प्राधिकरणको ग्रामीण विद्युतीकरणलाई ठ्याक्कै दाँजेर हेर्न मिल्दैन । एउटै धरातलमा भएकाहरूको मात्रै दाँजो गर्न मिल्छ । त्यसैले लाभ र लागतलाई प्रत्यक्ष तुलना गर्न मिल्दैन । नेपाल विद्युत् प्राधिकरणको जिम्मेवारी त 'ट्रान्समिसन'देखि 'डिस्ट्रब्युसन'सम्म छ । 'इन्टरकनेक्टिङ स्ट्रक्चर'को पनि कुरा हुन्छ । समग्रमा भन्दा यथार्थ के हो भने ग्रामीण विद्युतीकरण कार्य आफैँमा नाफामूलक होइन । यो सेवामूलक कार्य हो । यस कार्यका लागि राज्यले भरथेग गर्नुपर्छ । त्यही भएको हुनाले सामुदायिक संस्थाको कार्यान्वयनका लागि पनि नेपाल सरकारले बजेट छुट्याएको छ नि त ! जसरी विद्युत् प्राधिकरणले गर्ने ग्रामीण विद्युतीकरणका लागि छुट्याएको छ । त्यसैगरी सामुदायिक संस्थाका कार्यक्रमका लागि पनि रकम छुट्याएको छ । ९० प्रतिशत बेहोरेको छ । जनसहभागिता देखाउने नाममा सामुदायिक संस्थाहरूलाई १० प्रतिशत रकम जम्मा गर्न लगाएको छ । हाम्रो भूगोलको परिवेश, बस्तीको अवस्था, क्रय शक्तिलगायतका आधारमा लाभ लागत निर्धारण हुन्छ । लाभ लागत सबै ठाउँमा एकनास हुँदैन । यी सबैलाई समेट्ने गरी र संस्थाहरूलाई दिगो बनाउन कुनै वैज्ञानिक पद्धति अपनाउन सकिन्छ भने हामी त्यही बाटोमा लाग्नुपर्छ ।

- *सामुदायिक विद्युतीकरण र सामुदायिक संस्थाको भविष्य कस्तो होला ?*

- सामुदायिक संस्थाहरूको भविष्य उज्ज्वल छ । सामुदायिक संस्थाहरू पनि विभिन्न छन् । तीमध्ये पनि जनसहभागितामा आधारित संस्थाहरूको भविष्य उज्ज्वल छ । पछिल्लो समयमा स्थानीय तहहरू पनि सामुदायिक संस्थाहरूसँग 'एट्याच' भएर ग्रामीण विद्युतीकरणमा सहभागी हुन र हातेमोलो गर्न तयार भएका छन् नि त ! यो भनेको अत्यन्तै सकारात्मक पक्ष हो । सामुदायिक संस्थाहरूको सम्पत्ति हो । जनसहभागिता, त्यो पनि स्थानीय तहसँग बसेर काम गर्ने सोच आइरहेको छ र साँच्चिकै जनसहभागितामूलक संस्थाहरू सञ्चालन गर्ने हो भने योभन्दा उत्तम विकल्प अरू के हुन सक्ला र ? ग्रामीण विद्युतीकरण अति उत्तम विकल्प हो जस्तो लाग्छ ।

- *दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था थिएन भने प्राधिकरणकै तर्फबाट दक्षिण ललितपुरमा बत्ती बल्ने समय ढिलो हुन्थ्यो होला कि ?*

- दक्षिण ललितपुरको सामुदायिक संस्थाको निर्माणकालदेखि नै मैले हेर्ने मौका पाएको थिएँ त्यसैले त्यो बेला पनि मैले देखेको हो । यो अभियानमा लाग्नुभएका अभियानकर्ताहरूको उत्साहलाई म उच्च मूल्याङ्कन गर्छु । त्यो बेलाको दक्षिण ललितपुर भनेको साँच्चिकै विकट थियो । अहिले पनि विकट नै छ भने झन् त्यो बेलाको अनुमान सहजै गर्न सकिन्छ । मैले २०५७/०५८ सालतिरको कुरा गरेको हो । राजधानीभन्दा नजिकै भएको हुनाले धेरै पछि पर्थ्यो भन्ने त होइन तर स्थानीयहरू आफैँ सहभागी भएर जति छिटो र उत्साहसाथ विद्युतीकरणको काम भयो, राज्यकै निकायबाट गर्दा कठिन हुन्थ्यो । समय पनि केही बढी लाग्थ्यो । सामुदायिक विद्युतीकरणमा दक्षिण ललितपुरले एउटा मोडल पनि स्थापित गरेको हो । त्यो कारणले पनि यो अनुकरणीय छ । यो क्षेत्रका नागरिकको सक्रियता, कर्मचारीको लगनशीलता र संस्थाका पदाधिकारीको मिहिनेतलाई उच्च कदर गर्नैपर्छ । त्यस अर्थले यो उदाहरणीय काम बनेको छ । सामुदायिक संस्थाहरू भन्नाले उपभोक्ता समिति, कम्पनी, गैरसरकारी संस्था र सहकारीलाई बुझिन्छ । तीमध्ये पनि जनसहभागितामा आधारित संस्था भन्नाले सहकारीलाई बुझ्न सकिन्छ । मेरो बीचारमा उत्तम सामुदायिक संस्था भनेको सहकारी नै हो । सहकारीमा जुन खालको जनसहभागिता, जुन खालको उत्साह हुन्छ र दिगो हुन्छ, त्यति अरूमा हुँदैन । मेरो मतलव अरूमा पनि यी सबै कुरा हुन्छन् तर सहकारीमा बढी हुन्छ ।

हार्दिक शुभकामना !

दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि.को **सामुदायिक विद्युत्** पाँचौं शृङ्खला प्रकाशन भएको र दक्षिण ललितपुरका ग्रामीण समुदायमा विद्युतीकरण तथा उद्यमशीलता विकासमा योगदान पुऱ्याएकोमा सहकारी संस्थाको उत्तरोत्तर प्रगतिको कामना गरिन्छ ।

कञ्चन इङ्लिश माध्यमिक विद्यालय

चापागाउँ, ललितपुर
प्रिन्सिपल : श्री नवराज महत एवम् विद्यालय परिवार
फोन नं.:०१५२६५६३१

पाँच वर्षभित्र बत्ती बाल्न सामुदायिक विद्युतीकरण कार्यक्रमको कुनै विकल्प छैन-

0= lt/kZj/ kj

(सामुदायिक विद्युतीकरणका विविध सवालमा सामुदायिक ग्रामीण विद्युतीकरण विभागका निर्देशक श्री तिरपेश्वर पूर्वेसँग यस संस्थाका अध्यक्ष गोविन्दप्रसाद बजगाईं र पत्रकार रमेशप्रसाद तिमल्सिनाले लिनुभएको अन्तरवार्ताको सम्पादित अंश)

- ***अहिले सामुदायिक विद्युतीकरणको अवस्था कस्तो छ ?***

- नेपाल सरकारको नीति तथा कार्यक्रमअनुसार २०६०/०६१ को बजेटमार्फत् ८०/२० कार्यक्रममार्फत् सामुदायिक विद्युतीकरण सुरु गरिएको हो । २०६७ सालतिर गोकर्ण विष्ट ऊर्जा मन्त्री हुँदा यो कार्यक्रमको लोकप्रियतालाई बुझेर ९०/१० बनाउनुभयो । ९०/१० बनाइनुको कारणचाहिँ जनसहभागिता बढाउने र छिटोभन्दा छिटो विद्युतीकरण गर्ने भन्ने नै हो । तर, सामुदायिक विद्युतीकरण विभागलाई खारेज गर्ने काम भयो । त्यतिबेला सम्बन्धित आठओटा क्षेत्रीय कार्यालयमा सामुदायिक विद्युतीकरणको काम हस्तान्तरण गरेर सञ्चालन गरियो ।

- २०६०/०६१देखि ०६७सम्म भए गरेका काम पनि क्षेत्रीय कार्यालयबाट गर्ने भन्दा प्रभावकारी भएन । सो प्रभावकारी नदेखिएको, प्रत्येक नागरिकको घरघरमा विद्युत् सेवा पुऱ्याउन र हाम्रो देशको भौगोलिक अवस्थाका कारण पनि पुनः सामुदायिक विद्युतीकरण विभाग गठन गरिएको हो । हिमाली तथा पहाडी क्षेत्रमा विद्युत् प्राधिकरणको पहुँच पुग्दा खर्च पनि बढी लाग्ने र सञ्चालन खर्च पनि बढी हुने भएकाले छिटोभन्दा छिटो विद्युत्को पहुँचका लागि २०७०/०७१ मा फेरि यो विभागको स्थापना गरिएको हो । पुरानो अनुभवका कारण अहिले हामीले सय ओटा कार्यक्रम गर्दै छौं । त्यसबाट ५ लाख घरधुरी लाभान्वित छन् ।

- ***१५ वर्षको अनुभवले सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रम राम्रो छ ?***

- त्यसमा त शङ्कै छैन । एकदम प्रभावकारी छ । विद्युतीकरण प्रवर्धनको मेसोमा अहिले हामी सुर्खेत र दैलेख गयौं । जहाँ सामुदायिक विद्युतीकरणको कार्यक्रम थिएन । हामी गएका गाउँठाउँमा बत्ती नै छैन । त्यहाँका स्थानीयहरू, नगरपालिका प्रमुखहरू र गाउँपालिका अध्यक्षको उत्साह देखेर हामी यो कार्यक्रमप्रति थप आशावादी र उत्साहित बनेका छौं । १० प्रतिशत रकम बुझाएर बत्ती बाल्न पाउँछौं भने हामी छिटोभन्दा छिटो बत्ती बाल्न सो काम गर्छौं भन्ने आतुरता पनि थियो उहाँहरूको । पाँच वर्षभित्र नै नेपालभर विद्युतीकरण गरिसक्ने नेपाल सरकारको नीति पनि छ । पाँच वर्षभित्रै बत्ती बाल्ने हो भने सामुदायिक विद्युतीकरणको काममा लागेनौं भने सक्दैनौं । त्यो खालको सम्भावना एकदमै न्यून छ

त्यसैले पनि सामुदायिक विद्युतीकरणको अभियानलाई द्रुत गतिमा अघि लैजानु आवश्यक छ। घरघरमा बत्ती पुऱ्याउन यो एकदमै प्रभावकारी माध्यम हो।

- *अहिलेसम्म बत्ती बालिएको बाक्लो बस्तीमै हो। अब पातलो बस्तीमा बत्ती बाल्दा त प्राधिकरणलाई घाटा होला नि ?*

- प्राधिकरणले गर्ने काम भनेको सेवामूलक पनि हो नाफामूलक पनि हो। यसले दोहोरो काम गरिरहेको छ। पहिला बत्ती बालेको कतिपय ठाउँमा त नाफा छैन। एकमुष्ठमा सबैतिर नाफै नाफा भन्न मिल्दैन। सेवाको हिसाबमा पहाडमा बत्ती बालिएको छ। त्यहाँ घाटा छ। पहिलो प्राथमिकता नै सहरी क्षेत्र हो। नाफाको हिसाबले सहरहरूमा बालिएको छ। कुनै जिल्लामा विद्युत्का लागि १ करोड बजेट हुन्छ भने पहिलाको हिसाबमा ३०-४० ओटा गाविस हुन्थे। एउटामा २-३ लाख मात्रै भाग पर्थ्यो। त्यति पैसाले केही पनि नहुने अवस्था थियो। सामुदायिक विद्युतीकरण नीतिमा के छ भने जति कार्यक्रम आए पनि स्वीकृत गरेर राख्ने। टेन्डर आह्वान गर्ने। यो वर्षको बजेटले नपुग्ने अवस्थामा आगामी वर्षको बजेटमा मिलाउने गरी काम फटाफट गर्ने। यसले गर्दा बत्ती बाल्ने काममा सामुदायिक विद्युतीकरण कार्यक्रम सफल साबित भइरहेको छ।

- *जहाँबाट जस्ता कार्यक्रम आए पनि.........?*

- होइन। अरूको म भन्दिनँ। सामुदायिक स्तरबाट विद्युतीकरणका लागि मागसहित प्रक्रिया पुगेर आएका कार्यक्रम एउटा पनि रोकिँदैन। अति विकट गाउँ पनि हाम्रै देशमा छन्। विकट गाउँहरूमा बत्ती बाल्न सामुदायिक विद्युतीकरण कार्यक्रमबाहेक कुनै पनि हिसाबले सम्भव नै छैन। एउटा कार्यक्रम सञ्चालन गर्न कम्तीमा २-३ वर्ष लागिहाल्छ। त्यसैले पाँच वर्षभित्रै बत्ती बाल्न सामुदायिक विद्युतीकरणको कुनै विकल्प छैन।

- *सामुदायिक विद्युतीकरणका लागि विद्यमान ऐन र कानुन सहयोगी छन् ?*

- मेरो बीचारमा ऐन र कानुन दुवै सहयोगीसिद्ध छन्। पहिलाचाहिँ वितरक संस्थाले नै १० प्रतिशत रकम जम्मा गर्नुपर्थ्यो। अहिले चाहिँ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् गाउँपालिका र नगरपालिकाबाट जम्मा गर्ने काम हुन्छ। अहिले त्यस्तो रकम गाउँपालिका र नगरपालिका (स्थानीय तह)ले जम्मा गरेपछि हामी ९० प्रतिशत उपलब्ध गराउँछौँ। अनि काम फटाफट हुन्छ। भइरहेको पनि छ। सहज भएर नै द्रुत गतिमा काम भइरहेको हो नि त!

- *सामुदायिक विद्युतीकरणका केही नकारात्मक पक्ष पनि होलान् नि ?*

- महसुलका कुरामा केही प्रश्न आएका छन्। त्यो नीतिगत कुरा हो। त्यसमा हामीले केही बोल्न मिल्दैन।

- *सामुदायिक विद्युतीकरण विभागमा रहेर काम गर्दा समुदाय स्तरका संस्थाका प्रतिनिधिसँगको काममा कस्तो महसुस गर्नुभएको छ ?*

- मलाई त समन्वयमै काम भइरहेको जस्तो लागेको छ। असहज महसुस गरेको छैन। यो कुराचाहिँ मलाई भन्दा पनि सामुदायिक संस्थाका प्रतिनिधिसँग सोध्नुभएको भए उहाँहरूले कस्तो महसुस गर्नुभएको रहेछ, मैले बुझ्थैँ। म यहाँ आएको १९ महिना भयो। यो अवधिमा उहाँहरूसँगको समन्वय राम्रो भएर नै काम अगाडि बढिरहेको महसुस गरेको छु मैले। व्यक्ति

हेर्ने कुरा भएन, विधि हेर्ने हो।

- यो कुर्सीमा बसेर सामुदायिक संस्थासँगको सम्बन्ध नङमासुको जस्तो बनाउन सकेन भने कार्यक्रम नै सञ्चालन हुँदैन।
- ***तपाईं यो कुर्सीमा बसेर सामुदायिक विद्युतीकरण कार्यक्रम राम्रो भनिरहनुभएको छ। प्राधिकरणकै उच्च ओहोदाका व्यक्ति यसको विरोधमा हुनुहुन्छ। तपाईंलाई अप्ठ्यारो पर्ला नि ?***
- आआफ्नो बुझाइ हो। यहाँको विधिमा छिरेकाहरूले थाहा पाउँछन्। छिर्न बाँकी रहेकालाई थाहा नहोला। सामुदायिक भनेको र समुदाय भनेको बुझेका मान्छेले त विरोध गर्दैनन्। बुझ्न बाँकी भएकाहरूले विरोध गरेका होलान्। विरोध गर्ने साथीले लेखाङ्कन गरेर हुर्नुभएको छैन होला। सामुदायिक कार्यक्रमको विरोध गर्ने कतिपय साथीहरू यहाँ सरुवा भएर आउनुभएको थियो। यहाँ आएपछि उहाँहरूलाई प्रस्ट भएको छ कि राम्रो कार्यक्रम भनेको सामुदायिक हो भन्ने कुरा।
- ***दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्थाले गरेको कामप्रति यहाँको टिप्पणी के छ ?***
- मसँग एउटा पनि 'कम्प्लेन'आएको छैन। कम्प्लेन नआएसम्म त संस्था एकदमै राम्रो भनेर बुझ्नुपऱ्यो नि ! विद्युत् महसुलको कुरा कम्प्लेनका रूपमा आएको छ। त्यो मसँग सम्बन्धित होइन। त्योचाहिँ सम्बन्धित क्षेत्रीय कार्यालय र शाखासँग सम्बन्धित हुन्छ।
- ***बिजुलीको भविष्य सामुदायिक ग्रामीण विद्युतीकरणबाट मात्रै सम्भव छ भन्ने यहाँको निष्कर्ष हो ?***
- हो। मेरो त्यही निष्कर्ष हो। पहाडमा छिटो छरितोसँग बत्ती बाल्नलाई सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमको अरू विकल्पदेखिदनँ। यसको विकल्प खोज्नु आवश्यक पनि छैन। घरघरमा बत्ती बाल्ने नेपाल सरकारको अभियान सफल पार्न सामुदायिक ग्रामीण विद्युतीकरण अभियानले सशक्त भूमिका निर्वाह गर्न सक्छ।

दक्षिण ललितपुरमा विद्युतीकरणको प्रभाव

;lrtfgGb l3ld/

पृष्ठभूमि

ललितपुर जिल्लाको अधिकांश भूभाग उपत्यकाबाहिर पहाडी भेगमा पर्दछ । यस क्षेत्रलाई दक्षिण ललितपुर नामकरण गरिएको छ । विकास पूर्वाधारका दृष्टिले यस क्षेत्रलाई कर्णालीसँग पनि तुलना गर्ने गरिन्छ । ललितपुर जिल्लाको सुदूर भेगमा महाङ्काल गाउँपालिका, कोन्ज्योसोम गाउँपालिका र बाग्मती गाउँपालिका गरी तीनवटा गाउँपालिका पर्दछन् । कडा चट्टानयुक्त अक्करे भीर र पातलो बस्ती भएकाले दक्षिण ललितपुरमा विद्युतीकरण अभियान कठिन र सङ्घर्षशील थियो । वि. सं. २०४६ को राजनीतिक परिवर्तनपछि यस भेगमा मोटर बाटो निर्माणको काम अगाडि बढिरहँदा विद्युतीकरणको परिकल्पना पनि क्रमशः हुन पुग्यो । यस महान् अभियानको संस्थागत थालनी वि. सं. २०५४ असोज ७ गते भएको तदर्थ समिति गठनबाट भएको हो । वि. सं. २०५७ साउन १७ गते दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्थालि.को स्थापना भयो । यो सहकारी संस्था नेपालकै पहिलो सामुदायिक विद्युत् अभियान सहकारीका रूपमा स्थापित छ । संस्थाको प्रमुख ध्येय समुदायको सहभागितामा विद्युतीकरण गर्दै सरल र गुणस्तरीय ग्राहक सेवा प्रदान गरी समुदायको आर्थिक तथा सामाजिक विकास गर्नु रहेको छ । संस्थाबाट वि. सं. २०६१ भाद्र २ गते आफ्नो कार्यक्षेत्रमा विद्युत् सेवा प्रदान गरिएको ऐतिहासिक दिन हो । यसपछि क्रमशः दक्षिण ललितपुरका दुर्गम गाउँबस्तीमा विद्युतीकरण अभियानले गति लिन पुग्यो । दक्षिणल लितपुर ग्रामीण विद्युत् सहकारी संस्थाका उद्देश्यहरू :

१. दक्षिण ललितपुरमा केन्द्रीय प्रसारणमार्फत विद्युतीकरण गर्ने,

२. विद्युतीकरणपश्चात् ग्राहक सेवा सञ्चालन गर्ने,

३. विद्युतीकरणमार्फत समुदायको आर्थिक तथा सामाजिक विकास गर्ने,

४. कार्यक्षेत्रभित्र जलविद्युत् उत्पादन गर्ने ।

माथि उल्लिखित उद्देश्यहरूमध्ये यस विद्युत् सहकारी संस्थाबाट कार्यक्षेत्रभित्र जलविद्युत् उत्पादन गर्नेबाहेक अन्य तीनवटा उद्देश्यहरू पूरा भएका छन् । कार्यक्षेत्रभित्र जलविद्युत् उत्पादन गर्ने विषयमा पनि सम्भावनाको खोज अध्ययन हुनु सकारात्मक विषय हो ।

विद्युतीकरणको प्रभाव

दक्षिण ललितपुरमा विद्युतीकरण अभियान सफल हुनुको श्रेय दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि.लाई जान्छ । संस्थाकै परिकल्पना र प्रयासमा हाल जिल्लाको दक्षिण भेगमा

विद्युत् सेवा पुगिसकेको छ । विद्युतीकरणबाट यस क्षेत्रमा भएका प्रभावहरूलाई निम्नानुसार चर्चा गरिन्छ :

१. आर्थिक प्रभाव

व्यक्तिको जीविकोपार्जनका लागि आर्थिक पक्ष अपरिहार्य हुन्छ। व्यक्तिले विभिन्न पेसा, व्यवसाय, श्रम आदिका माध्यमबाट आम्दानी गर्दछ । प्रविधिले मानिसको पेसा, व्यवसायको तौरतरिकामा परिवर्तन ल्याउनु स्वाभाविक हो । दक्षिण ललितपुरमा विद्युतीकरण भइसकेपछि जनताका पेसा, व्यवसायमा रूपान्तरण भयो । काम गर्ने शैली बदलियो । थोरै श्रमबाट मानिसले धेरै आम्दानी लिन सक्ने भए । विद्युत्को प्रत्यक्ष प्रभाव कृषिजन्य वस्तु, पशुपालन र कुखुरापालन व्यवसायमा परेको देखिन्छ। यहाँका कृषकले उत्पादन गरेको दूधलाई प्रशोधन र भण्डारण सहज रूपमा गराउन चिस्यान केन्द्रको आवश्यकता थियो। विद्युत् सेवा पुगेपश्चात् महाङ्काल गाउँपालिकाको गोटिखेल, कतौन भञ्ज्याङ, कोन्ज्योसोम गाउँपालिकाको शङ्खु, दलचोकी तथा वागमती गाउँपालिकाको भट्टेडाँडा, प्युटार, घुसेललगायतका क्षेत्रमा हाल चिस्यान केन्द्र सञ्चालित छन् । किसानद्वारा उत्पादित दूधलाई विद्युत् प्रयोग गरी खुवा बनाउने क्रम पनि बढ्दो छ । दक्षिण ललितपुरको कालेश्वर, बतासे, गोटिखेल, इकुडोललगायतका क्षेत्रमा हाल चिया उत्पादन कार्य प्रारम्भ भएको छ। विद्युत् सेवा सुचारु भएकै कारणले चिया उत्पादन कार्य स्थानीय स्तरमा सम्भव भएको हो । ठूलादुर्लङ, गिम्दी, आम्ब्राङ, प्युटारलगायतका क्षेत्रमा कफी व्यवसाय फस्टाउँदै गएको छ। कफीको गुणस्तर उच्च बनाउने क्रममा विद्युत् अपरिहार्य हुन जान्छ। यीबाहेक फर्निचर निर्माण, अन्नबालीको गुणस्तर कायम राख्ने जस्ता विविध काममा विद्युत् प्रयोग गर्ने गरिएको छ। यसरी विद्युत् प्रयोगका माध्यमबाट किसानले राम्रो आम्दानी लिन सकेका छन्। पछिल्लो समय जनताको जीवनस्तरमा पनि कायपलट भएको देख्न सकिन्छ।

२. सामाजिक तथा सांस्कृतिक प्रभाव

सामाजिक र सांस्कृतिक विषय हेरक जातजाति र सम्प्रदायका व्यक्तिका लागि आधारभूत पक्ष हो । हरेक भेगले समयसापेक्ष सामाजिक तथा सांस्कृतिक गतिविधिलाई निरन्तरता दिइरहेको हुन्छ । दक्षिण ललितपुरमा पनि विद्युतीकरणपश्चात् सामाजिक तथा सांस्कृतिक गतिविधिलाई सहज रूपमा निरन्तरता दिएको छ। जात्रा, नाचगान, रत्यौली आदिमा परम्परागत र आधुनिकताको मिश्रण देख्न पाइन्छ। भजन, तामाङ सेलो, लोकगीत आदिलाई रेकर्ड गरी संरक्षण र प्रचारप्रसार गर्ने गरिएको छ। यस कार्यका लागि विद्युतीकरणको प्रत्यक्ष परोक्ष प्रभाव रहेकोदेखिन्छ।

३. शैक्षिक प्रभाव

प्रविधि र शिक्षाबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ भने प्रविधि र विद्युतीकरण अभिन्न हुन्छन् । प्रविधिले स्थानीय विषयलाई विश्वव्यापीकरण र विश्वव्यापी विषयलाई स्थानीयकरण बनाउन पनि अहं भूमिका खेल्दछ। दक्षिण ललितपुरमा विद्युत् सेवा पुगिसेकपछि इन्टरनेटका सुविधाहरू क्रमशः भित्रिएका छन् । यसबाट शिक्षक र विद्यार्थी दुवैलाई फाइदा पुगेको छ। शैक्षिक सामग्री निर्माण र प्रयोगमा सहज भएको छ । शिक्षामा पहुँच वृद्धि भएको छ । समग्रमा शैक्षिक गुणस्तरको उन्नयन भएको छ।

४.वातावरणीय प्रभाव

वातावरणको संरक्षण दिगो विकासका लागि अपरिहार्य छ। वातावरण संरक्षणका लागि जथाभावी जङ्गल फँडानी नगर्नु प्रमुख भूमिका रहन्छ। दक्षिण ललितपुरमा खाना पकाउने, खुवा उत्पादन गर्ने आदि कार्यका लागि दाउरा नै खपत हुन्थ्यो। विद्युत् सेवा पुगेपछि यसमार्फत खुवा उत्पादन गर्ने कार्य थालनी भएको छ। यसबाट जङ्गल फँडानीमा न्यूनीकरण भएकोदेखिन्छ। दक्षिण ललितपुरका ग्रामीण क्षेत्रमा वनजङ्गल बढ्दै गएको छ। विद्युतीकरणका माध्यमबाट प्रत्यक्ष परोक्ष रूपमै वातावरण संरक्षणमा टेवा पुगेको अनुभव गर्न सकिन्छ।

५. पर्यटकीय प्रभाव

प्रत्यक्षतः विद्युत् र पर्यटनबीच कुनै सम्बन्धदेखिँदैन। तथापि दक्षिण ललितपुरलाई ध्यान दिने हो भने यी दुईबीच घनिष्ट सम्बन्धदेखिन्छ। विद्युत् सेवाबाट वैतर्णी धाम, कालेश्वरलगायतका क्षेत्रमको निर्माण र प्रचारमा कायापलट भएको छ। माझखण्डमा केबुलकार निर्माण कार्य सुरु हुँदै छ। यीलगायतका क्षेत्रमा धार्मिक पर्यटक र आन्तरिक पर्यटकको सङ्ख्यामा दिनानुदिन वृद्धि हुँदै छ। पर्यटनको आधार विद्युतीकरण भएको स्पष्टतः देख्न सकिन्छ।

६. साञ्चारिक प्रभाव

कुनै पनि क्षेत्रको सर्वाङ्गीण विकासका लागि सञ्चारको महत्त्वपूर्ण भूमिका रहन्छ। सञ्चारले विकास, उत्थान, संवाद आदि क्षेत्रमा प्रभाव पार्दछ। सञ्चारका ध्वनि माध्यम, ध्वनि-दृश्य माध्यम तथा छापा माध्यम हुन्छन्। यी सबै माध्यममा विद्युत्को अनिवार्यता रहन्छ। तथापि दक्षिण ललितपुरमा रेडियो, टेलिभिजन र मोबाइलको प्रयोग अत्यधिक रहेको छ। पछिल्ला दिनहरूलाई हेर्ने हो भने हरेकका घरमा डिस एन्टेना पुगेका छन्। हरेकका हातहातमा मोबाइल छन्। केही वर्षअघिसम्म मेलापात, भारापर्मका लागि सुसेली बजाएर खबर गर्ने प्रचलन हेर्दाहेर्दै प्रविधिमैत्री भएको छ। विद्युत् सेवाकै कारण सञ्चारका विभिन्न उपकरणहरूलाई प्रयोग गर्न सम्भव भएको हो।

७.जनस्वास्थ्यमा प्रभाव

दक्षिण ललितपुरमा विद्युत् सेवा पुग्नुअघि उज्यालोका लागि टुकी बाल्ने र इन्धनका लागि दाउरा बाल्नुपर्ने बाध्यता थियो। यसले विद्यालय उमेरका बालबालिका र महिलाको स्वास्थ्यमा प्रत्यक्ष हानि पुऱ्याउँथ्यो। हाल उज्यालोका लागि बिजुली बत्ती प्रयोग भएको छ। इन्धनका लागि बिजुलीको कम खपत भए पनि गोबर ग्याँस, ग्याँस, सुधारिएको चुलो जस्ता उपयुक्त विकल्पलाई प्रयोग गरिएको छ। औषधिको भण्डारण र प्रयोगका लागि विद्युत्लाई उपयोग गर्ने गरिएको छ। यसबाट दक्षिण ललितपुरका जनताको स्वास्थ्यमा सकारात्मक प्रभाव परेकोदेखिन्छ।

समग्रमा दक्षिण ललितपुरको विद्युतीकरण अभियानबाट यस क्षेत्रका जनताको आर्थिक तथा सामाजिक जीवनयापनमा कायापलट भएको छ। विद्युतीकरणबिना आजको सभ्य समाज अगाडि बढ्न सक्दैन। समाजका हरेक गतिविधिको सम्बन्ध कुन कुनै रूपमा विद्युत्सँग गाँसिएको हुन्छ। यस महत्त्वपूर्ण अभियानको श्रेय दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि.लाई जान्छ।

(लेखक यस पुस्तकका भाषा सम्पादक हुन्।)



रूपान्तरण

/fdxl/ l3ld/

१

घरमा सासू फतफताउँदै थिइन्- के भएका होलान् आजकाका बुहारीहरू ! हाम्रो पालामा त बिहान ३ बजे उठेर पानी लिन जान्थ्यौँ । पानीको जोहो गरेपछि घरको काम सकेर घाँस काटने र दाउरा खोज्ने, घट्टजाने, धान कुट्ने कामले भियाई नभ्याई हुन्थ्यो । यिनीहरू त बिहान उज्यालो हुने बेलासम्म सुतेका छन् । कसरी गरी खान्छन् होला ?

फेरि मन बुझाउँदै भन्न लागिन्- हाम्रो पालाको कुरा गरेर के साध्य, अहिले सबैका हातहातमा मोबाइल, घरघरमा टिभी, घरमै पानीको धारा, घाँस कुट्काउने मेसिन, घरमै घट्ट, टोलटोलमा मिल के को नै दुःख छ र ? अहिलाका मानिसको कमाइ पनि त राम्रै छ नि ।' हामीले चार पाँच घण्टा लगाएर गर्ने काम मेसिनले पाँच दस मिनेटमा गरेको छ । बचेको समयमा मानिसहरूले आम्दानी हुने काम गरेका छन् । कसैले कुखुरा पालेका छन् । कसैका सानातिना व्यवसाय गरेका छन् । कसैले तरकारी खेती गरेका छन् । हातहातमा पैसा छ ।

हाम्रो पालमा कहाँको समय हुनु र घर व्यवहारको कामले नै व्यस्त हुन्थ्यो । घीउ, आलु बेचेर नुन तेल किन्नु पर्थ्यो, त्यो पनि तीन चार दिन लगाई भीमफेदी गएर । न त कमाइ नै थियो न त सामान नै पाइन्थ्यो । अहिले त महिलाहरू पनि कमाउन थालेका छन् । समूहमा बसेका छन् । बचत गर्ने गर्छन् । कुराकानी गर्छन् । भाषणसमेत गर्न थाले । आवश्यक पर्दा समूहबाट ऋण लिएर काम चलाउँछन् । कति सजिलो भएको छ । आफैँले आम्दानी गरेपछि इच्छा लाग्या ठाउँमा खर्च गर्न सक्ने भएका छन् ।

अझ यो विद्युत् आएपछि त झनै सजिलो भएको छ । बालबालिकाहरूलाई पढ्न, घरायसी काम गर्न, उद्योग व्यवसाय चलाउन, माथि कि उज्जेलीले त करेन्टले चल्ने लुगा सिउने मेसिन किनेर पसल राखेकी छ । दिनमा धेरै पैसा कमाउँछे, घर व्यवहार टारेकी छ । तल्लघरकी माइलीको बारीमा फलेको काउली फोनबाटै सिधैँ बजार पठाउँछे । पल्ला गाउँकी देउरानी कुखुरा पाल्छिन् र महिनामा हजारौँ कमाउँछिन् रे । कमाइको त कुरै नगरौँ ।

यो टिभीबाट त कहाँकहाँको खबर तुरुन्तै थाहा पाउन थालिएको छ । कसले के गर्दै छन् ? के गरे राम्रो हुन्छ ? यी कुरा थाहा पाएर महिलाहरू धेरै बाठा भएका छन् । समूहमा महिला अधिकार र विकासका कुरा गर्छन् । कसरी आयआर्जन बढाउने भन्ने छलफल गर्छन् । उनीहरूले नै घर व्यवहारसमेत चलाउन लागेका छन् । अब हाम्रो जमानाको कुरा गरेर के साध्य ।

यो बत्तीले त समय बचाएको छ । आम्दानी बढाएको छ । महिलाहरूको आम्दानी बढेको छ । उनीहरूमा अत्माविश्वास बढेको छ । गरे के हुँदैन र भनेर लागेका छन् । कोही नेतासमेत भइसके ।

घर व्यवहारको कुरा मात्र होइन, समृद्धिको कुरा र देश विकासको कुरा गर्नसमेत थालिसके ।

च्याटी बालेर हिँड्ने जमाना होइन अहिले । भारीका भारी घाँस काट्नुपर्दैन, ३-४ घण्टा पँधेरोमा पालो कुर्नुपर्दैन । ४-५ घण्टा धाएर घट्ट जानुपर्दैन । घण्टौँ मिलमा लाइन बस्नुपर्दैन । च्याटी सकियो, मट्टीतेल सकिएला भन्ने पिरलो छैन । कस्तो समय आयो ! स्विच थिच्यो, सबै काम भइहाल्ने ।

२

दक्षिण ग्रामीण ललितपुरमा बहुदलको पुनर्बहालीपश्चात् लघु जलविद्युत्हरू निर्माण हुँदै गए । टुकीहरूको मधुरो प्रकाशदेखिने गाउँबस्तीहरूमा बिजुली बत्तीदेखिन थाल्यो । यी आयोजना बस्तीस्तरमा सञ्चालित थिए । दक्ष प्राविधिकको अभाव, मर्मत संहार खर्च बढी र उज्यालेका लागि मात्र यस्ता बिजुलीहरू प्रयोग गर्न सकिने भएकाले विस्तारै त्यहाँका अग्रज व्यक्तिको प्रयासले ग्रामीण क्षेत्रमासमेत केन्द्रीय लाइन पुऱ्याउनुपर्ने आवश्यकता महसुस गरी ग्रामीण विद्युतीकरण सहकारी संस्थाको स्थापना भयो । त्यसपश्चात् दक्षिण ललितपुरका ग्रामीण बस्तीहरूमासमेत केन्द्रीय विद्युत् विस्तार हुँदै गयो । हाल ललितपुरका तीनवटै गाउँपालिकामा केन्द्रीय लाइन विस्तार भइसकेको छ ।

विद्युत्सँगै ग्रामीण बस्तीमा विकासका ढोका खुल्न थाले । परम्परागत शैलीमा जीविकोपार्जन गर्दै आएका मानिसले क्रमशः पेसामा विविधीकरण र दक्षता बढाउँदै गए । विद्युत्को पहुँचले नयाँ प्रविधिको प्रयोगसमेत बढेर गयो । ग्रामीण भेगमा बसोबास गर्ने मानिसहरूको दिनचर्यामासमेत परिवर्तन आउन थाल्यो । विद्युत्को प्रयोगले कार्यबोझमा कमी आयो र ग्रामीण समुदायको आयआर्जनमासमेत वृद्धि हुन गयो ।

महिलाहरूको विद्युत्मा पहुँच वृद्धि हुन गयो । विद्युत्को उपलब्धताले महिलाहरूको सञ्चारका साधनमा पहुँच हुन गयो । विद्युत्को उपलब्धताले घरघरै घाँस कुट्काउने मेसिन, बस्तीबस्तीमा घट्ट तथा मिलहरू स्थापना हुन गए । जसका कारणले महिलाहरूको कार्यबोझमा कमी ल्यायो । घरघरमा टिभी तथा च्यानल र हातहातमा मोबाइलले महिलाहरूको सञ्चारमा पहुँचसमेत बढ्यो । यसले महिलाहरूको ज्ञानमा विस्तार भएको छ र उनीहरू आफ्नो अधिकारबारे सुसूचित भइरहेका छन् । यसका साथै टेलिभिजन तथा मोबाइलले फुर्सदको समयमा मनोरञ्जन तथा अनुभव आदान प्रदानसमेत गर्ने वातावरण सिर्जना भएको छ । दक्षिण अमेरिकामा गरिएको एउटा अध्ययनअनुसार जुन घरमा टेलिभिजन छ, त्यस घरका महिला र पुरुषबीच बढी अन्तर्क्रिया हुने गर्दछ र जसको कारण लैङ्गिक विभेदमासमेत कमी आएको पाइएको छ । महिलाहरूले विस्तारै नयाँ व्यवसाय सुरु गर्न थालेका छन् । नयाँ प्रविधिको प्रयोगले विस्तारै नयाँ आयआर्जनको ढोका खोलेको छ । यसले उनीहरूको आत्मविश्वास बढ्न गई सवल उद्यमीसमेत बन्न सक्ने सम्भावनाहरू बढाएको छ ।

महिलाहरू आर्थिक रूपमा सशक्त हुनु भनेको समाज उन्नतिको बाटोमा अघि बढ्नु हो । आयआर्जनमा वृद्धि हुनाले महिलाको निर्णय गर्ने क्षमतामासमेत वृद्धि हुन गएको छ । साथै लैङ्गिक असमानतासमेत कम हुँदै गइरहेको छ । विद्युत्को पहँचले महिलाहरू अनुत्पादक कार्यबाट विस्तारै उत्पादक कार्यतिर लागिरहेका छन् । बालबालिकाको शिक्षा र स्वास्थ्यसम्बन्धी निर्णयमासमेत महिलाको प्रत्यक्ष्य संलग्नता बढेको छ ।

हाम्रो समाजले महिलालाई अनुत्पादक कार्यमा र पुरुषलाई उत्पादक कार्यमा लगाउँछ । जसका कारण पुरुषले परिवारको निर्णयमा सधैँ आफ्नो प्रभुत्व जमाई राख्छ । जब महिला आर्थिक रूपले सशक्त हुन्छिन्, तब निर्णय प्रक्रियामा महिलाको सहभागिता वृद्धि हुन्छ ।

(लेखक गैसस महासंघका अध्यक्ष हुन् ।)

(कविता)

/Tg lj/xL l3ld/]

सामुदायिक विद्युत्

(अनुष्टुप् छन्द)

सूर्यले नै छलेजस्तो थियो पूर्व र दक्षिण
समुदाय सधैँ भन्थ्यो उज्यालो हुन्न खै किन ?
ताराको भरमा पर्दा अँध्यारो हुन्छ आखिर
सहकारी बन्यो जून उज्यालो छर्न खातिर ।।

अँध्यारो भेगका सारा जनताको जिती मन
समुदायसँगै नाता गाँसी गरेर चिन्तन
छोटो समयमै ज्योति बोकेर हिँड्न सक्छ जो
विद्युत् जडानमा खट्ने सहकारी पवित्र यो ।।

आफ्नो श्रम परे माया लाग्दछ कामको पनि
सोचेजस्तै भए काम छ अर्थ नामको अनि
नीति नियमका बाधा फुकाउँदै घरीघरी
सहकारी बलेकै छ बिजुली भै सधैँभरि ।।

बाटो र जलका धारा नपुग्ने ठाउँमा सब
डाँडामाथि भए बस्ती बत्ती पुग्छ त्यहाँ अब
खेती, उद्योगधन्दामा नौलो आयाम पस्किन
विद्युत् र सहकारीको खाँचो पर्छ सदादिन ।।

प्राधिकरणको साथ सरकार सँगै रहोस्
जनताका बढून् हात कर्ममा पसिना बगोस्
टारी विकट गाउँका दुःख कष्ट सबै यहाँ
नयाँ सहरको यात्रा थाल्नुपर्छ जहाँतहाँ ।।

जोडेर तारका टुक्रा खम्बा गाडेर भीरमा
गर्दै कठिन यात्रा यो बढ्दै छ नदी तीरमा
पानीबाट निकालेको आगो बाँडेर दैनिक
सहकारीसँगै बल्दै छ विद्युत् सामुदायिक ।।

(रत्न विरही घिमिरे साहित्यसर्जक हुन् ।)

कोन्ज्योसोम एक पर्यटकीय गन्तव्य

Uffk|Lnfn l; tfg

ललितपुरको दक्षिण भेगमा पर्ने प्रवेश गर्ने एक रमणीय थलो हो कोन्ज्योसोम गाउँपालिका। प्राकृतिक मनोरम दृष्यसँगै अग्ला पहाड र पाखापखेरा यस ठाउँको विशेषता हो । ४४.१६ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको गाउँपालिका साविकका ५ वटा गाविसहरू चौघरे, भारदेउ,नल्लु, दलचोकी र शंखु मिलेर बनेको यस गाउँपालिकाको नामकरण 'कोन्ज्योसोम' तामाङ भाषाको शब्दावलीबाट निर्मित छ। गौतम बुद्धको ३ वटा अवतारलाई एकै पटक सम्बोधन गर्दा कोन्ज्योसोम भनी सम्बोधन गरिन्छ । अर्कोतिर हिन्दू देवताहरू ब्रम्हा, विष्णु र महेश्वरलाई एकै पटक सम्बोधन गर्दा पनि तामाङ भाषामा कोन्ज्योसोम भनिन्छ। कोन्ज्योसोम गाउँपालिकाको कूल जनसंख्या ९,७०९ मध्ये तामाङ (७,३५७) ७५.७८ % बसोबास रहेको छ। त्यसैगरी अन्य जातिहरूमा ब्राम्हण (१,३५१) १३.९१% , क्षेत्री (२७५) २.८३ % , मगर (२२३) २.३० %, नेवार (२१७) २.२४ %, कामी (६६) ०.६८%, पहरी (१४०) १.४४%, सुनुवार (१४) ०.१२%, दमाईं (१२) ०.१२ %, गुरुङ (१०) ०.४४% र अन्य (४४) ०.४४% जनसंख्या बसोबास रहेको छ। यहाँको शिक्षा, स्वास्थ्य, कृषि, भौतिक पूर्वाधार, पशुपालनको क्षेत्रमा कृषि विकास गर्दै समृद्ध कोन्ज्योसोम बनाउनु स्थानीय सरकारको प्रमुख दायित्व हो साथै पर्यटन र खेलकुद पनि प्राथमिकतामा पर्ने गरेको छ। यो क्षेत्रमा हुने प्रगति र उन्नतिले नै यहाँका मानिसहरूको सामाजिक र आर्थिक जीवन सबल सक्षम हुनेछ। यो क्षेत्रमा योजनाबद्ध तरिकाले काम गर्ने कोन्ज्योसोम सरकारको योजना रहेको छ। यी काम गर्न विभिन्न योजना निर्माण भई कार्यन्वयनमा रहेको छ।

शिक्षा

शिक्षा चेतनाको ज्योति हो । जहाँ शिक्षा क्षेत्र स्तरीय र व्यवस्थित रहेको हुन्छ त्यहाँ समृद्धि हुने गर्छ । कोन्ज्योसोम गाउँपालिका भित्र ६ वटा मा.वि र १२ वटा आ.वि. गरी जम्मा १८ वटा सामुदायिक विद्यालय र १ निजी विद्यालय सञ्चालित छन्। यी १८ वटा विद्यालयमा २२०० जना बालबालिकाहरू अध्ययनरत छन् । मगर गाउँ मा.वि. मा कृषि प्राविधिक विद्यालय सञ्चालनमा छ । जहाँ ६१ जना विद्यार्थी प्राविधिक धारमा अध्ययनरत रहेका छन् । यहाँका विद्यालयहरूमा निःशुल्क शिक्षा प्रदान हुँदै आएको छ। विद्यालयबाहिर रहेका बालबालिकाहरूलाई विद्यालयसम्म ल्याइपुऱ्याउने योजना गाउँपालिकाको रहेको छ। विद्यालय खाजा कार्यक्रम एक महत्वपूर्ण कार्यक्रम हो । आगामी दिनमा विश्व विद्यालय शिक्षा पनि सञ्चालन गर्ने योजना रहेको छ।

स्वास्थ्य

जीवनको अमूल्य धन स्वास्थ्य हो । स्वास्थ्य क्षेत्रलाई जनताको घरदैलोमा पुऱ्याउनु सरकारको

महत्वपूर्ण दायित्व हो । कोन्ज्योसोम गाउँपालिकाका सबै स्वास्थ्य चौकीमा चौबीस घण्टे प्रसुति सेवा सञ्चालनमा छन् । सरकारले प्रदान गर्ने सबै औषधी र सेवा समयमै प्रवाह हुन्छ । अस्पताल निर्माण गर्ने योजना पनि अगाडि बढ्दै छ ।

कृषि तथा पशु

कृषि र पशुपालन व्यवसाय परम्परादेखि नै यहाँका जनताको मुख्य पेशा बनेको छ । बाली वीमा र पशु वीमा गर्न जनताहरूलाई प्रोत्साहन गर्दै यसलाई व्यावसायिक बनाउनु मुख्य उद्देश्य बनेको छ । जसले मानिसहरूको आर्थिक जीवन उकास्न मद्दत पुग्ने छ । यस गाउँपालिकामा स्थापना भएको बीउ बैङ्कमार्फत् जनता र बैंकबीच साझेदारी गर्न मध्यस्थताको भूमिका गाउँपालिकाले गर्नेछ । साथै उत्पादित वस्तुहरूको सङ्कलन र बिक्री केन्द्र स्थापना गरी उत्पादनलाई प्रोत्साहित गर्दै जाने योजना रहेको छ । दुग्ध उत्पादनमा उल्लेख्य प्रगति भएको अवस्था छ, अझ यसलाई बढोत्तरीमा ध्यान दिने गरी योजना बनेको छ ।

भौतिक पूर्वाधार

गाउँपालिकाको कार्यालय रहेको वडा नं. १ चौघरेमा सबै वडासम्म सडक सञ्जाल स्तरीय बनाउने योजना कार्यान्वयन हुँदै छ । वडामार्फत् सडक सञ्जाल सबै घरहरूमा पुऱ्याउने काम भएको छ । कोन्ज्योसोम प्रतिमा, भ्युटावर निर्माणका लागि गुरूयोजना तयार भई कार्य अगाडि बढाउने काम भएको छ ।

खेलकुद

गाउँपालिकामा खेलकुद क्षेत्रको विकासका लागि खेल मैदान निर्माणलाई प्राथमिकता दिइएको छ । चौघरेको काम्लेचौरमा रहेको फुटबल मैदान विस्तार तथा स्तारोन्नति गर्ने कार्य अगाडि बढेको छ । साथमा गाउँपालिका स्तरीय कभर्डहल निर्माण गरी खेलकुद विकासमा थप योगदान गर्ने गरी कार्य अगाडि बढाइनेछ ।

पर्यटन

यो गाउँपालिकामा पर्यटनको सम्भावना रहेको छ । कोन्ज्योसोम प्रतिमा, खेल पर्यटन, कृषि पर्यटन, धार्मिक पर्यटन, पैदल मार्ग, भ्युटावरलगायतमा पर्यटकको आकर्षण बन्न सक्छ । तामाङ संग्रहालय पनि एउटा आकर्षण बन्नेछ । कोन्ज्योसोम प्रतिमा भारदेउको गुप्तेश्वर डाडाँमा रहेको फूलबारी डाडाँमा बनाउने र भ्युटावर दलचोकीमा बनाउने योजना रहेको छ । कोन्ज्योसोम प्रतिमाको DPR सहित गुरूयोजना निर्माण गरी योजना कार्यान्वयनको क्रममा छ ।

खानेपानी

कोन्ज्योसोम गाउँपालिकामा ५ वटै वडाहरूमा खानेपानी सुलभ र सरल तरिकाले पुऱ्याउने योजना रहेको छ । हाल कोन्ज्योसोम गाउँपालिका वडा नं. ५ र ४ मा अधिकांश जनताको घरदैलोमा खानेपानी वितरण प्रभावकारी रहेको छ । वडा नं. ३ र १ मा लिफ्टिङ खानेपानी आयोजना सञ्चालन हुँदैछ । वडा नं. २ मा हाल ४०० घरमा खानेपानीको धारा जडान रहेको तर २५० घरधुरीमा धारा जडान हुन सकेको छैन । यसका लागि कार्यक्रम तय गर्दै लगिनेछ ।

जलविद्युत्

यस गाउँपालिकामा जलविद्युत्को पनि सम्भावना रहेको छ । यस गाउँपालिकामा भारदेउको भालुखोला सुइरे हुँदै नख्खु बग्ने खोला र महाँकाल गाउँपालिकाको सिमाना कतवन ठोस्ने हुँदै शंखु दलचोकी बीचमा बग्ने ठोस्ने खोला रहेको छ। दलचोकी शंखुको सिमाना बनाई बग्ने ठोस्ने खोलामा १ मेगावाट विद्युत् उत्पादनको सम्भाव्यता अध्ययन पूरा गरी निर्माणको अन्तिम तयारीमा छ। यसले करिब ९०० घर धुरीमा विद्युत् सेवा प्रवाह गर्ने क्षमता राख्दछ। कोन्ज्योसोम गाउँपालिकाले दश-नब्बे कार्यक्रमअन्र्तगत कोन्ज्योसोम गाउँपालिकामा भएका सबै घरहरूमा राष्ट्रिय प्रसारण लाइनमार्फत् विद्युत् सेवा पुऱ्याउने उद्देश्यसहित रु ३०,००,०००।- (रूपैयाँ तीस लाख) रकम विनियोजित गरेको छ । जसका लागि दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि.सँग समन्वय गरी काम अगाडि बढाइएको छ। सँगै नवीकरणीय ऊर्जाको प्रयोगमा ध्यान दिँदै अनुदानहरूको व्यवस्था गरी यसमा प्रोत्साहन गर्न सकिनेछ।

निष्कर्ष

प्राकृतिक मनोरम दृष्यले भरिपूर्ण, वरिपरि अग्ला पहाडहरू र ती पहाडहरूमा राताम्य भई फुल्ने गरेको लालीगुराँस, हरिया वन, पाखाहरू र ती वनमा रहेका विभिन्न प्रजातिका चराचुरुङ्गीको चिरबिर चिरबिर आवाजले अझ धेरै यस कोन्ज्योसोम गाउँपालिकाको प्राकृतिक सुन्दरता बढेको छ। आफ्नै भाषा, धर्म तथा मौलिक परम्पराले भरिपूर्ण यस गाउँपालिकामा आन्तरिक तथा बाह्य पर्यटनका लागि एकदमै रमणीय ठाउँ भएका कारणले यस गाउँपालिका पर्यटनको हिसाबले आकर्षक गन्तव्यको रूपमा विकास हुँदै छ। यसका लागि कोन्ज्योसोम प्रतिमा निर्माण, भ्युटावर निर्माण र पुरातात्विक महत्व बोकेका मन्दिरहरू जस्तैः भारदेउमा रहेको गुप्तेश्वर महादेवको गुफा, गुप्तेश्वर महादेवको मन्दिर, नल्लुमा रहेको पाथिभरा मन्दिर, शंखुमा रहेको कृष्ण मन्दिर, दलचोकीको मनकामना मन्दिरलगायतका स्थानहरू आन्तरिक तथा बाह्य पर्यटनका लागि आकर्षणको केन्द्र बन्ने छ। यस प्रकार कोन्ज्योसोमलाई समृद्धि बनाउन सकिनेछ। समग्र मानव जीवनको उन्नति प्रगति, सामाजिक र आर्थिक रूपमा हुन सक्छ। प्राकृतिक रूपमा अत्यन्तै सुन्दर यस क्षेत्रमा मानवीय कलाले सुसज्जित बनाएमा काठमाडौँ उपत्यकाबाट अत्यन्तै नजिक यो ठाउँ प्राकृतिक, धार्मिक, सांस्कृतिक र सामाजिक दृष्टिकोणबाट आकर्षणको केन्द्र बन्न सक्छ।

(लेखक कोन्ज्योसोम गाउँपालिकाका अध्यक्ष तथा यस संस्थाका सञ्चालक हुन् ।)

लहरामा बल्ने बत्तीले ल्याएको समृद्धि

wjk;fb l3ld/

विद्युत् अर्थात् बिजुली बत्ती यस्तो चिज हो जसले हाम्रो घरमात्र उज्यालो बनाउँदैन हाम्रो जीवन र भविष्य पनि उज्यालो बनाउँछ। विद्युत् बिना अहिलेको आधुनिक युगको परिकल्पना पनि गर्न सकिँदैन। विकसित सहरमा बल्ने झिलिमिली बत्ती र गुड्ने विद्युतीय रेल, गाडी तथा केबलकारको लागि मात्र उपयोग हुने होइन बिजुली बत्ती। हाम्रो जस्तो विकासोन्मुख देश नेपाल र भौगोलिक विकटताले भरिएको ग्रामीण बस्तीका झुपडी र गाईगोठहरू पनि उज्यालो बनाएको छ बिजुली बत्तीले। दियालो र च्याँटीको परम्परालाई तोड्दै अघि बढेको छ आज बिजुली बत्ती ग्रामिण बस्तीहरूमा। त्यही बिजुलीको उज्यालोमा कखरा सिक्दै सुनौलो भविष्यको कल्पना गर्दैछन् बालबालिकाहरू। त्यही लहरामा बल्ने बिजुली बत्तीको उपयोग गर्दै उत्पादन बढाउँदै, आम्दानी बढाउँदै, समृद्धि खोज्दै छन् किसानहरू, रोजगार बन्दैछन् गाउँका युवाहरू, फड्को मार्दैछ ग्रामीण जनजीवनले। हो साँच्चै अन्तरआत्मादेखि भन्नुपर्दा आमूल परिवर्तन ल्याएको छ सामुदायिक ग्रामीण विद्युतीकरण अभियानले।

विद्युत्को उपयोगले दक्षिण ललितपुरमा आर्थिक सामाजिक परिवर्तन ल्याएको छ। आय आर्जनका ढोकाहरू खोलेको छ। रोजगारीको अवसर सिर्जना गरेको छ। जीवनयापनमा सहजता अर्थात् जिविकोपार्जन मा पहुँच वृद्धि गरेको छ। यस्तैयस्तै केही उदाहरणहरूको यहाँ चर्चा गर्दैछु।

बिजुली बत्तीको उपलब्धताले मकै पिस्न पानी घट्टको प्रयोग गर्नुपर्ने बाध्यता हटेको छ। अहिले अधिकांश घरमा विद्युतीय घट्ट जडान भएको छ। उक्त घट्टबाट मानिसको खानपानमा प्रयोग हुने पिठो तथा गाई भैंसीको लागि दानासमेत तयार गरिन्छ। पानी घट्टसम्म जाने समय बचत हुँदा अन्य कृषि कार्यबाट आयआर्जन समेत बढेको छ। घरमै

घट्ट सञ्चालन हुँदा एक जनालाई रोजगारी समेत मिलेको छ ।

बिजुली बत्तीको प्रयोगले कृषि उत्पादनको वृद्धि गर्न समेत महत्वपूर्ण भूमिका खेलेको छ । विगतमा निर्वाहमुखी पशुपालन गर्दै आएका ग्रामीण भेगका किसानहरू अहिले घाँस धुलो बनाउने विद्युतीय चेपकटर मेशिनको प्रयोगले व्यावसायिक बन्न सफल भएका छन् । पशुपालन फार्महरू खुलेका छन् । दुध उत्पादन बढेको छ । दक्षिण ललितपुरका मुख्य गाउँबस्तीहरू दुध उत्पादनको पकेट क्षेत्रको रूपमा परिचित भएका छन् । विद्युत्को उपलब्धताले दुध चिस्यान केन्द्रहरू उत्पादन क्षेत्रमै सञ्चालित छन् । त्यसैले ग्रामीण किसानको प्रमुख आयस्रोतको रूपमा दूग्ध व्यवसाय स्थापित भएको छ । सहरको पैसा गाउँ जाने माध्यम बनेको छ ।

गाउँमा रोजगारी सिर्जना गर्ने अर्को व्यवसाय फर्निचर तथा काठ चिरान उद्योग पनि हो । जुन भूकम्पपछिको पुनर्निर्माणमा सहयोगी बनेको छ । पक्की घर निर्माणमा समेत विद्युतीय उपकरणको प्रयोग गर्न पाउँदा समयको बचत र घरहरू मजबुत बनेका छन् । गाउँबस्तीको मुहारै फेरिएको छ ।

यसैगरी तरकारी खेती तथा अन्य नगदेबालीको लागि विद्युतीय पानी तान्ने पम्पको प्रयोगले सिँचाइ गर्दा उत्पादन एवम् आम्दानी बढेको छ । मौसमी तथा बेमौसमी खेतीमा किसानहरू आकर्षित भएका छन् । कुखुरापालन फार्महरू खुलेका छन् । विद्यालयमा पठनपाठनमा सहजता भएको छ । विद्यार्थीहरूका लागि कम्प्युटर कक्षाहरू सञ्चालन भएका छन् । अन्य घरेलु उद्योगहरू खुलेका छन् । सूचना तथा मनोरञ्जन प्रदान गर्ने मोबाइल, रेडियो, टेलिभिजन, इन्टरनेट आदि प्रविधिको प्रयोगमा झन विद्युत् वरदान नै सावित भएको छ । अझ भन्नुपर्दा गाउँले जीवनले फड्को नै मारेको छ ।

ग्रामीण विद्युतीकरण अभियान आज हरेकको ढुकढुकी बनेको छ । परिवर्तनको सम्बाहक बनेको छ । औंसीको रात चिर्ने उज्यालो मात्र नभई उज्ज्वल भविष्य निर्माण गर्ने उज्यालो बनेर आएको छ । लहरामा बल्ने बत्ती केबल उज्यालो मात्र नभई आम्दानीको स्रोत बनेको छ । व्यवसायको साथी बनेको छ । उत्पादकत्व बढाएको छ । त्यसैले आज सहकारीको माध्यमबाट ग्रामीण विद्युतीकरण अभियानले सार्थकता पाएको छ ।

जय सामुदायिक विद्युत् ! जय सहकारी !!

(लेखक दक्षिण ललितपुर ग्रामिण विद्युत् सहकारी संस्थाका पूर्व उपाध्यक्ष तथा हाल कोन्ज्योसोम गाउँपालिका वडा नम्बर २ शंखुका वडा अध्यक्ष हुनुहुन्छ ।)

नवीकरणीय ऊर्जा र ग्रामीण विकास

dxz ahufO
dxfªsfn–%, rGbgk/

ऊर्जा एक प्रकारको शक्तिको स्रोत तथा विकासको इन्जिन हो र विकास समाजको सकारात्मक परिवर्तनको सम्वाहक हो ।ऊर्जाका प्रकारमा परम्परागत ऊर्जा र नवीकरणीय ऊर्जा पर्दछन् । हामीले प्रयोग गर्ने दाउरा, कृषिका अवशेष, गाईवस्तुको गोबरजस्ता घरायसी पदार्थहरू, एलपी ग्याँस, कोइला र अरू पेट्रोलियम पदार्थ परम्परागत ऊर्जाभित्र पर्ने गर्दछन् । जुन वातावरणीय हिसाबले सफा र दिगो हुँदैनन् । यसको जति बढी मात्रामा प्रयोग गरिन्छ, उति नै यसले वातावरणमा समस्या निम्त्याउँछ । यसकारण परम्परागत ऊर्जाका कारण आइपर्ने समस्या न्यूनीकरण गर्ने उद्देश्यले नयाँ अवधारणा विकास हुन्छ अर्थात् नवीकरणीय ऊर्जा वा वैकल्पिक ऊर्जा जसलाई ग्रामीण विकासको पर्यायवाचीका रूपमा लिइन्छ । हामीले प्रयोग गर्ने सौर्य ऊर्जा, वायु ऊर्जा, विद्युत्, जैविक इन्धन, बायोग्याँस, लघु जलविद्युत्, सुधारिएको चुलो र सुधारिएको पानीघट्टा यसअन्तर्गत पर्दछन् । जसको अधिकतम र दिगो तरिकाले प्रयोग गर्नु नै दिगो विकासको मार्ग हुनेछ ।

ग्रामीण जनता र नवीकरणीय ऊर्जाबीच गहिरो सम्बन्ध रहन्छ । ऊर्जा चाहे त्यो नवीकरणीय ऊर्जा होस् वा परम्परागत ऊर्जा । आदिमकालदेखि नै मानिस त्यसमा निर्भर रहँदै आएको छ । हाम्रो वरिपरि प्रशस्त मात्रामा रहेको प्राकृतिक स्रोतहरूको पहिचान गर्नु आजको आवश्यकता हो । हिमाल, पहाड, तराई मिश्रित सानो भूगोल भएको नेपाल प्राकृतिक विविधताले भरिपूर्ण छ । हामीले नवीकरणीय ऊर्जा छनोट गर्दा त्यो कतिको दिगो, वातावरणमैत्री, धेरै मानिसहरूको पहुँचमा छ र उनीहरूले आफ्नो स्वीकारयोग्य मूल्यमा त्यसलाई प्रयोग गर्न सक्छन् वा सक्दैनन् भन्ने कुरा जान्न जरुरी छ ।

नेपाल सरकारले गरेको सन् २०१७/१८ को आर्थिक सर्वेक्षणअनुसार जम्मा १८ प्रतिशत मानिसले सफा ऊजा प्रयोग गरेका छन् । यसै आर्थिक वर्षको पहिलो आठ महिनामा २६.५ मेगावाट नवीकरणीय ऊर्जा सौर्य ऊर्जाबाट र ३० मेगावाट लघु तथा साना जलविद्युत् आयोजनामार्फत् वैकल्पिक ऊर्जाको प्रयोग हुँदै आएको छ । त्यसैगरी उक्त समयमा ८,३४६ बायोग्याँस प्लान्ट र ९३९.५ मेगावाट विद्युत् लघु तथा साना जलविद्युत् आयोजनाबाट उत्पादित भएको छ । त्यसैगरी १६,५७२ सोलार प्लान्ट, १०,०१८ सुधारिएको चुलो र २०३ वटा सुधारिएको पानीघट्टा प्रयोगमा ल्याइएको छ । त्यसैगरी कूल ऊर्जा उत्पादन १०४४.६ मेगावाट रहेको छ जसमा ९९०.५ मेगावाट जलविद्युत्, ५३.४ मेगावाट थर्मल प्लान्ट र ०.७ मेगावाट सोलार प्लान्टको योगदान रहेको छ तर माग गरिएको उत्पादन भने १५०८.२ मेगावाट रहेको छ । त्यसले माग गरेको ऊर्जा ४६३.६ मेगावाटले अपुग रहेको देखाउँछ जसले ऊर्जा सङ्कटको अवस्थालाई छर्लङ्ग पारेको छ ।

माथिको तथ्याङ्कले के देखाउँछ भने अझै पनि सबै ग्रामीण क्षेत्रमा राष्ट्रिय ग्रिडको विद्युत् पुग्न सकेको छैन । थोरै मात्रामा सफा ऊर्जालाई प्रयोगमा ल्याइएको छ । सौर्य ऊर्जा, साना तथा लघु जलविद्युत्, बायोग्याँस प्लान्ट, सोलार प्लान्ट, सुधारिएको चुलो र पानीघट्टको विकास भए पनि दिगो तरिकाले प्रयोग भएका छैनन् । त्यसैगरी पेट्रोलियम पदार्थको वैकल्पिक स्रोतहरू पत्ता लागे पनि त्यसको विकास र विस्तारमा ध्यान दिइएको छैन ।

नवीकरणीय ऊर्जाको विकास र विस्तारले ग्रामीण क्षेत्रमा प्रविधिको विकास भई उद्यमशीलताको विकास हुन्छ । जसबाट रोजगारीको अवसर सिर्जना हुन्छन् । सफा ऊर्जाको प्रयोगले वातावरणमा सन्तुलन आउँछ । पेट्रोलियम पदार्थहरू जस्ता आयातित ऊर्जालाई प्रतिस्थान गरी आर्थिक बचतको मात्रा बढ्छ । सुधारिएको चुलो र बायोग्याँसको प्रयोगले ग्रामीण महिलाको स्वास्थ्यमा सुधार आउँछ । अर्कातर्फ बिजुलीको प्रयोगले ग्रामीण बालबालिकाहरूको शिक्षामा सुधार, सूचना तथा सञ्चारको पहुँच पुग्ने गर्दछ । साथै यसले ग्रामीण उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दा वैदेशिक मुद्राको आर्जन र आत्मनिर्भरताको विकास हुन्छ । यसले वातावरण संरक्षण र दिगो विकासमा सहयोग, महिला सशक्तीकरण र सामुदायिक विकास, ग्रामीण क्षेत्रमा साना तथा मझौला उद्योगको स्थापना, सामाजिक आर्थिक रूपान्तरण, श्रमको बचत तथा स्थानीय स्रोत जस्तै पानी, वन, भूमिको उच्चतम सदुपयोगमा सहयोग पुऱ्याउँछ । हामीले ऊर्जाको उत्पादन गर्दैमा ग्रामीण क्षेत्रमा विकास हुन्छ भन्न सक्दैनौं ।ऊर्जा उत्पादनका साथमा आयआर्जनसम्बन्धी अन्य उद्यमशीलताको कार्यक्रमहरूसँगै लिएर जान सकेमात्र दिगो विकासलाई महसुस गर्न सक्छौं । नवीकरणीय ऊर्जाको प्रयोगले सकारात्मक परिवर्तन ल्याउँछ, जसलाई दिगो विकास लक्ष्य २०३० ले पनि आत्मसात् गरेको छ ।

अतः हामीले परम्परागत ऊर्जाहरूलाई क्रमशः कम गर्दै नवीकरणीय ऊर्जाको मात्रा बढाउन जरुरी छ । हामी जति नवीकरणीय ऊर्जाको प्रयोग गर्दछौं, उति नै यसले दिगो विकासमा मद्दत पुऱ्याउँछ र ग्रामीण क्षेत्रको दिगो विकास हुनाले ग्रामीण जीविकोपार्जनमा पनि सकारात्मक सुधार आउँछ । त्यसैले वैकल्पिक ऊर्जाका स्रोतहरू ग्रामीण उद्यमशीलताको केन्द्रबिन्दुमा राख्न जरुरी छ । नवीकरणीय ऊर्जाको विकासमा नेपाल सरकार(वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र)ले मात्रध्यान दिन नसक्ने हुँदा त्यसको जिम्मा समुदाय र समुदायमा आधारित संघसंस्थाहरूलाई दिनुपर्दछ । त्यसैगरी क्योटो अभिसन्धि १९९७ (Kyoto Protocol1997) अन्तर्गत स्वच्छ विकास संरचना (Clean Development Mechanism) मा उल्लेख भएअनुसार नेपाल जस्तो कार्बन कम उत्सर्जन गर्ने देशले औद्योगिक राष्ट्रहरूबाट क्षतिपूर्ति पाइने हुँदा उक्त पेसालाई हाइड्रोपावर (ग्रामीण विद्युतीकरण), वायोग्याँस, सफा टेम्पो, ट्रलीबस, विद्युतीय रेल जस्ता परियोजनामा लगानी गर्न सकिन्छ । साथसाथै विकास प्रक्रियालाई माथिबाट तल (Top Down Approach) जाने प्रक्रियालाई हटाउँदै अर्थात् तलबाट माथि लैजाने प्रक्रिया(ButtomUp Approach)लाई जोड दिनुपर्दछ । विद्युतीकरण तथा अन्य सफा र नवीकरणीय ऊर्जाहरूको विकासमा स्थानीय सरकार, प्रदेश सरकार र केन्द्रीय सरकारले समन्वयकारी भूमिका निर्वाह गरेमा ग्रामीण विकासले गति लिन सक्छ । नेपाल सरकारको तीन वर्षभित्रमा सबै घरमा विद्युत् पुऱ्याउने लक्ष्य प्राप्त गर्न वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र नेपाल विद्युत् प्राधिकरणलाई एकीकृत गरी स्थानीय सरकारको समन्वय र सहकार्यमा सामुदायिक ग्रामीण विद्युतीकरण र नवीकरणीय ऊर्जालाई एकीकृत रूपमा अगाडि बढाउनु उपयुक्त देखिन्छ । यसका लागि सामुदायिक ग्रामीण विद्युतीकरण र नवीकरणीय ऊर्जा कार्यान्वयन गर्ने उच्चस्तरको अलग्गै निकायमार्फत् कार्यक्रम अगाडि बढाउनु उचित हुन्छ ।

अन्य प्रकृतिको भन्दा पृथक् विद्युत् सहकारी

kidf lyª tfdfª

उपलब्ध स्रोतसाधनको समुचित प्रयोग गरी देशमा रोजगारी सिर्जनासँगै विकास निर्माणका लागिसमेत सहकारी संस्थाहरूले धेरै महत्वपूर्ण भूमिका खेल्दै आएका छन्। यस कारण पनि नेपालको संविधानले सहकारीलाई अर्थतन्त्रको महत्वपूर्ण तीन खम्बाहरूमध्ये एक मानेको छ । नेपालमा पहिलो सहकारीको रूपमा वि.सं.२०१३ साल चैत्र २० गते चितवन जिल्लाको शारदानगरमा वखान सहकारी संस्था लि. को स्थापना भए पश्चात् सहकारी संस्थाहरू स्थापना गर्ने क्रम सुरु भयो। हाल नेपालमा चौंतीस हजारभन्दा बढी संख्यामा विभिन्न प्रकृतिका सहकारीहरू रहेका छन्। ती मध्ये धेरै सहकारीहरू वचत तथा ऋण, वहुउद्देश्यीय, कृषि, तरकारी तथा फलफूल, चिया तथा कफी उत्पादन र उपभोक्ता सहकारी संस्थाहरू रहेका छन् । पछिल्लो समयमा यही सहकारीमय माहौलमा ऊर्जा, सञ्चार र शिक्षासम्बन्धी केही सहकारीहरू स्थापना भएका छन्। यी सबै प्रकृतिका सहकारीहरूको मुख्य उद्देश्य सङ्गठनभित्रका सबै सदस्यहरूको सामाजिक, आर्थिक विकास गरी जीवनस्तर समृद्ध बनाउन सहयोग गर्नु हो ।

विभिन्न प्रकृतिका सहकारीहरूमध्ये ऊर्जा क्षेत्रसँग सम्बन्धित सहकारी विशेष प्रकृतिको हो । नेपालमा सहकारी स्थापना भएको अवधिदेखि झण्डै आधा शताब्दी पछिमात्र विद्युत् सहकारीको स्थापना भएको पाइन्छ। ललितपुर जिल्लामा स्थापित ‘दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि.,२०५७’ नेपालको पहिलो विद्युत् सहकारी हो । ललितपुरको दक्षिणी पहाडी भेगमा रहेका ग्रामीण समुदायमा केन्द्रीय प्रसारण लाइनमार्फत् विद्युत् सेवा पुर्‍याउने कार्यको लागि संस्थाको स्थापना भएको हो। “सहकारिता मार्फत् सामुदायिक विद्युतीकरण, आर्थिक विकास र सामाजिक रूपान्तरण” भन्ने मूल नाराका साथ स्थापित विद्युत् सहकारीले वि.सं. २०६१ भाद्र २ गतेदेखि ग्राहक सेवा सञ्चालन सुरु गरी हालसम्म पनि निरन्तर सेवा दिँदै आइरहेको छ। दक्षिण ललितपुरको साविक १९ गाविस हालका ३ गाउँपालिकाहरू कोञ्ज्योसोम, महाङ्काल र वागमतीका १८ वटा वडा र १ नगरवडा (गोदावरी नगरपालिका) देवीचौरमा गरी हालसम्म ६ हजारभन्दा बढी घरहरूमा सहकारी संस्थामार्फत् विद्युत् जडान भइसकेको छ।

देशभरी रहेका अन्य विभिन्न प्रकृतिका सहकारीहरूको तुलनामा विद्युत् सहकारी संस्थाहरू नगन्य मात्रामा रहेका छन्। ललितपुर जिल्लाको सन्दर्भमा पनि जिल्लाभरिमा एक मात्र विद्युत् सहकारीको रूपमा दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि. क्रियाशील छ। यस विद्युत् सहकारी र अन्य प्रकृतिका सहकारीहरूको तुलनात्मक रूपमा अध्ययन गर्दा धेरै भिन्नताहरू पाउन सकिन्छ। हुन त हरेक प्रकृतिका सहकारीहरूको अन्तिम उद्देश्य हो आर्थिक समृद्धि। तर दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था अन्य प्रकृतिका सहकारीहरूभन्दा निम्न कारणले भिन्न रहेको छ।

- विद्युत् सहकारीको मुख्य उद्देश्य समुदायको सहभागितामा ग्रामीण विद्युतीकरण गर्नु हो ।
- सहकारी क्षेत्रमा यो एउटा नौलो अभ्यास हो ।
- विद्युतीकरणमार्फत् समुदायको सामाजिक आर्थिक विकास गर्ने कार्यमा विद्युत् सहकारीको महत्वपूर्ण भूमिका रहेको छ ।
- सहकारी संस्था आफैंमा नाफामुखी भए पनि संस्थाले गर्नुपर्ने काम र गरेको काम सेवामुखी छ ।
- सहकारीको सम्बन्ध सहकारी विभाग, सहकारी वोर्ड, स्थानीय तह, ने.वि.प्रा. सामुदायिक ग्रामीण विद्युतीकरण विभाग, स्थानीय स्तरमा रहेका ट्रान्सफरमर उपसमितिहरू,उपभोक्ता एवम् शेयर सदस्यहरूका साथै सरोकारवाला संघसंस्थाहरू रहेका छन् ।
- विद्युत् सहकारीले राष्ट्रिय सहकारी ऐन र सामुदायिक ग्रामीण विद्युतीकरण विनियमावली २०७१ बमोजिम काम गरिरहेको छ ।
- विद्युत् सहकारीले सरकारी निकाय अर्थात ने.वि.प्रा. र समुदायबीचको दुरी घटाउने काम गरेको छ ।
- राज्यको एउटा प्रमुख दायित्वलाई सहकारीमार्फत् कार्यान्वयन गरेको छ ।
- ग्रामीण समुदायको हरेक बस्ती कुनाकन्दरा, डाँडाकाँडामा अवस्थित घरहरूलाई जति टाढा भए पनि विद्युत् सहकारीले आफ्नो तोकिएको क्षेत्रभित्र विद्युत् सेवा उपलब्ध गराउन काम गरिरहेको छ ।
- ग्रामीण विद्युतीकरणमा स्थानीय जनतालाई अझ बढी संलग्न र जिम्मेवार बनाउन प्रत्येक ग्राहकहरूको लागि शेयर सदस्यता अनिवार्य गरिएको छ ।
- विद्युत् सहकारीबाट हरेक महिना प्रत्येक ग्राहकको घरमा मिटर रिडिङ गर्ने कामसहित गाउँघरमै पायक पर्ने ठाउँमा विद्युत् महशुल असुलीको व्यवस्था गरेको छ ।
- विद्युत् सेवा उच्च प्रविधिमा आधारित भएको हुँदा अप्रत्यासित जोखिमहरूको सामना गर्नुपर्दछ ।
- नेपाल विद्युत् प्राधिकरणको थोक मिटरदेखि ग्राहकको घरसम्म विद्युत् प्रसारण हुँदाको चुहावटको रकमसमेत सहकारीले नेपाल विद्युत् प्राधिकरणमा भुक्तानी गर्नुपर्दछ ।
- नेपाल विद्युत् प्राधिकरण र उपभोक्ताहरूबीच रहेको विद्युतीकरण, विद्युत् सेवा र विद्युत् व्यापारको मध्यस्थताको काम गर्नु परेको छ ।

(लेखक यस संस्थामा कार्यरत वरिष्ठ सहायक हुन् ।)

दक्षिण ललितपुरमा सामुदायिक विद्युतीकरणको प्रभाव

/fhGb| l3ld/

विद्युत् नवीकरणीय ऊर्जा शक्तिको स्रोत र विकासको सम्वाहक हो। त्यसैले समुदायको सहभागितामा आधारित सामुदायिक विद्युतीकरण कार्यक्रममार्फत् एक दशक अघिसम्मको दक्षिण ललितपुरको परिचय अहिले बदलिएको छ। दक्षिण ललितपुरबासीका लागि कुनै समय आकासको फलझैँ बनेको केन्द्रीय विद्युत् उपभोग गर्ने चाहना आज यथार्थमा परिणत भएको छ। ललितपुरको नाम लिनासाथ मानिसको मानसपटलमा झट्ट आउने कुपन्डोल, पाटनलगायतका दृश्यहरू र त्यहाँको जनजीविकाभन्दा बिलकुलै भिन्न र फरक परिवेशबाट अगाडि बढेको दक्षिण ललितपुरले भौगोलिक विकटता र गरिबीसँगको निकटताका कारण लामो समयसम्म राजधानीको कर्णाली उपमा पाउन विवश बन्यो। यही विवशताको अन्त्य गर्न तल्लीन र सिर्जनशील सामुदायिक अभियान्ताहरूको अथक प्रयासबाट वि. सं. २०५७ सालमा दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लिमिटेड नेपालकै पहिलो विद्युत् सहकारीका रूपमा स्थापना भई विकट भूभागहरूसम्म विद्युतीकरणको कार्य निरन्तर गरिरहेको छ। टुकी बत्ती र केही माइक्रो हाइड्रोको मधुरो प्रकाशबाट हुर्किएको दक्षिण ललितपुरको ग्रामीण जनजीवन आज सामुदायिक विद्युतीकरणको दुई दशक पूरा हुँदै गर्दा विद्युत्को केन्द्रीय प्रसारण लाइनमार्फत् उज्यालो प्रकाश र उत्पादनसँग जोडिएको छ। विद्युतीकरणसँगै ग्रामीण समुदायमा आर्थिक, सामाजिक/सांस्कृतिक र वातावरणीय क्षेत्रमा सकारात्मक प्रभाव देखा परिरहेका छन्।

आर्थिक प्रभाव

आर्थिक क्षेत्रलाई चलायमान बनाउन तथा उद्यम व्यवसायको प्रवर्द्धन गर्दै त्यसलाई प्रविधिसँग जोड्न विद्युत्को ठूलो भूमिका रहन्छ। दक्षिण ललितपुरमा समुदायको सहभागितामा विद्युतीकरण कार्यक्रम सञ्चालन भएपश्चात् आर्थिक क्षेत्र गतिशील भएको छ। यससँगै कृषि, उद्योग, पर्यटनलगायतका क्षेत्रमा उल्लिखित प्रभावदेखिएका छन्।

(क) व्यावसायिक रूपमा गाई, भैँसी फार्महरू सञ्चालनमा आएका छन्। जहाँ चेफ कटरलगायतका मेसिनको प्रयोग बढिरहेको छ।

(ख) दूध सङ्कलन र भण्डारणका लागि चिस्यान केन्द्रहरू सञ्चालित छन्।

(ग) चिया प्रशोधन केन्द्र तथा कफी पल्पिङ सेन्टरहरू सञ्चालनमा आएका छन्।

(घ) बैङ्क तथा बित्तीय संस्थाहरू खुल्नुका साथै कम्प्युटराइज्ड प्रविधिमा सञ्चालन भएका छन् ।

(ङ) होटल, रिसोर्टलगायतका व्यवसाय फस्टाउँदै गएका छन्। जहाँ फ्रिज, मिक्सचरलगायतका

उपकरणको प्रयोग बढिरहेको छ।

(च) गाउँगाउँमा फर्निचर उद्योगहरू सञ्चालनमा आएका छन् ।

(छ) कुटानी पिसानीका लागि घण्टौं भारी बोकेर हिँड्नुपर्ने बाध्यता हटेको छ र बस्तीबस्तीमा त्यस्ता मिल सञ्चालित छन् ।

(ज) विद्युतीकरणसँगै व्यावसायिक रूपमा बाख्रा तथा कुखुरापालनमार्फत् जीवनस्तर माथि उठेको छ।

(झ) पर्यटन प्रवर्द्धनका लागि केवलकार सञ्चालन गर्ने गृहकार्य अगाडि बढेका छन् ।

(ञ) वागमतीका फाँटमा विद्युतीय पानी तान्ने मोटरमार्फत् सिँचाइ गर्न सकिने अवस्था सिर्जना भएको छ।

(ट) कोल्डस्टोर निर्माण गर्न सक्दा उत्पादनलाई भण्डारण गर्न सकिने अवस्था छ ।

यसरी विद्युतीकरणपश्चात् ग्रामीण बस्तीहरूमा उद्यम व्यवसाय बढेसँगै आर्थिक जीवनस्तर माथि उठेको छ।

सामाजिक/सांस्कृतिक प्रभाव

समाज रूपान्तरणका लागि पूर्वाधारहरूको विकास अपरिहार्य हुन्छ। त्यसमा पनि विद्युतीय ऊर्जा त्यस्तो पूर्वाधार हो, जसले कठिन जीवनयापनलाई सरल र सहज बनाइदिन्छ। साथसाथै प्रविधिसँग जोडिदिन्छ र कार्यसम्पादनमा सहयोग पुऱ्याई सेवा प्रभावकारिता र उत्पादकत्व वृद्धि गर्न मद्दत गर्दछ। सामुदायिक विद्युतीकरणसँगै दक्षिण ललितपुरको सामाजिक/सांस्कृतिक क्षेत्रमा पनि धेरै सकारात्मक परिवर्तन र विकास भएका छन्। ती हुन् ः

(क) बालबालिकाहरूले विद्युत्को उज्यालो प्रकाशमा अध्ययन गर्न पाएका छन् । साथै शिक्षण संस्थाहरूमा कम्प्युटर प्रयोग बढ्दै गएको छ ।

(ख) स्वास्थ्य संस्थाहरूमा विद्युत्को पहुँच पुगेसँगै औषधि भण्डारणमा सहजता आउनुका साथै उपचार सेवा विस्तारित भएको छ।

(ग) विद्युतीकरणपश्चात् बीटीएस टावरहरू जडान भई दुर्गम भूभागसमेत मोबाइल फोन सेवामार्फत् संसारसँग जोडिन पुगेका छन् ।

(घ) सहज रूपमा इमेल, इन्टरनेटलगायतका सञ्चार प्रविधिको प्रयोग गर्न सकिने वातावरण बन्दै गएको छ।

(ङ) खानेपानीको वितरणमा समस्या भएका ठाउँमा विद्युतीकरण भएसँगै लिफ्टिङमार्फत् वितरण सहज भएको छ।

(च) समुदायको शान्ति सुरक्षार्थ स्थापित प्रहरी चौकीहरूमा विद्युत् सेवा उपलब्ध भई सुरक्षा प्रभावकारिता बढेको छ।

(छ) विभिन्न धार्मिक पर्यटकीय स्थलहरूमा विद्युतीकरण भई थप व्यवस्थापन र संरक्षण भएका छन् ।

(ज) अँध्यारोमा बित्ने दक्षिण ललितपुरका गाउँबस्ती विद्युतीकरणसँगै उल्लासमय र झिलिमिली बन्न थालेका छन् ।

(झ) रेडियो, टेलिभिजन, इन्टरनेट आदिको पहुँच बढेका कारण देश विदेशका घटना सहज रूपमा थाहा पाउन सकिने भएको छ।

यसरी विद्युत्‌को पहुँच विस्तार भएसँगै दक्षिण ललितपुरको सामाजिक तथा सांस्कृतिक क्षेत्रमा बृहत्तर विकास भई समाज रूपान्तरणको दिशामा अगाडि बढिरहेको छ, दक्षिण ललितपुर।

वातावरणीय प्रभाव

ऊर्जा स्वच्छ भएकाले विद्युत् उपयोगलाई वातावरणमैत्री स्रोतका रूपमा लिइन्छ। दिगो विकासका लक्ष्यहरूलाई पूरा गर्नसमेत विद्युत्‌को उत्पादनमूलक उपयोगलाई बढावा दिनु जरुरी छ, जसले वातावरणमा बिनाक्षति विकासका गतिविधिलाई अगाडि बढाउन सहयोग पुऱ्याइरहेको हुन्छ। दक्षिण ललितपुरमा पनि सामुदायिक विद्युतीकरणसँगै वातावरणीय क्षेत्रमा सकारात्मक प्रभाव परेको छ।

(क) सञ्चालनमा आएका सम्पूर्ण उद्योग व्यवसायमा वातावरणमैत्री विद्युतीय ऊर्जा प्रयोग भएको छ।

(ख) विद्युतीय ऊर्जाको प्रयोग बढेकाले वन विनाश घट्न गएको छ।

(ग) वन विनाश कम भई भूसंरक्षणमा टेवा पुगेको छ।

(घ) जैविक विविधताको संरक्षणमा मद्दत गरेको छ।

(ङ) खाना पकाउन विद्युतीय इन्डक्सन चुलो प्रयोगमा ल्याइएको छ।

(च) घातक ग्याँसहरूको उत्सर्जन घटाई वातावरणीय प्रदूषण रोक्न सहयोग पुगेको छ।

यसरी समग्रमा हेर्दा दक्षिण ललितपुरमा सामुदायिक विद्युतीकरण कार्यक्रम सञ्चालन भएको थिएन भने अझै कैयौँ बस्तीहरू अन्धकारमै रहने थिए। तर आज समुदायको सहभागितामा आधारित विद्युतीकरण कार्यक्रमको फलस्वरूप विद्युत् सहकारीमा २०७५ असार मसान्तसम्मको तथ्याङ्कलाई हेर्दा ५,९०६ ग्राहक सङ्ख्या पुगेको देखिन्छ। ५४ वटा विद्यालयमा विद्युत् जडान हुनुका साथै २० वटा स्वास्थ्यचौकीमा विद्युत् सेवा विस्तार भएको छ। सहकारी तथा बैङ्कहरू गरी २६ वटा बित्तीय संस्थाले विद्युत् सेवा उपभोग गरिरहेका छन्। चारवटा प्रहरी चौकीमा विद्युत् जडान भएको छ भने सैयौँ घरेलु उद्योगहरूले विद्युत् सेवा पाइरहेका छन्। तीनवटा खानेपानी आयोजना विद्युत्‌मार्फत् सञ्चालन हुनुका साथै सातवटा धार्मिक स्थलहरूमा समेत विद्युत् जडान भएको छ। कृषि, पशुपालनलगायतका क्षेत्रले फड्को मारिरहेको छ। ऊर्जाको उपभोगका लागि पूर्ण रूपमा वनजङ्गलमा आश्रित जनसङ्ख्या घट्दै गएको छ। सबै तथ्याङ्कलाई आधार मान्दा दक्षिण ललितपुरका हजारौँ विद्युत् उपभोगबाट लाभान्वित भएका छन्। उनीहरूको जीवनस्तर दिन प्रतिदिन माथि उठ्दै गइरहेको छ। जसले गर्दा प्रत्यक्ष रूपमा आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय क्षेत्रमा सकारात्मक प्रभाव पारिरहेको अनुभूति हुन्छ।

(लेखक उद्यम विकास विज्ञ हुन्)

किफायती र स्वच्छ ऊर्जा विकासमा विद्यालय शिक्षाको भूमिका

;/nf nfdf
>L af3e/j dfljM, rf3/

ऊर्जा भनेको शक्तिको स्रोत हो । ऊर्जा भन्नाले दैनिक जीवनमा प्रयोग गरिने शक्तिका विभिन्न स्रोतहरू भन्ने बुझिन्छ । मानवलगायत सबै प्राणी ऊर्जा नभई बाँच्न सक्दैनन् । ऊर्जा अनेक स्रोतबाट प्राप्त हुन्छ । ऊर्जाको पूरानो स्रोत दाउरा हो । ऊर्जालाई नवीकरणीय र अनवीकरणीय गरी दुई भागमा विभाजन गर्न सकिन्छ । नेपालको संविधान २०७२ को भाग ४, धारा ५१ को नीतिको प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोगसम्बन्धी नीतिमा बुँदा नं. ३ नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊजाको समुचित प्रयोग गर्ने व्यवस्था छ । ऊर्जाको पूरानो स्रोत सूर्य हो । ऊर्जाका स्रोतमा सौर्यशक्ति, वायुशक्ति, ज्वारभाटा, जीवाशेष, जीवांश ऊर्जा, कोइला, खनिज तेल, प्राकृतिक ग्याँस, जलस्रोत, बायोमास आदि पर्छन् । किफायती र स्वच्छ ऊर्जा मानव जीवनका लागि आधारभूत आवश्यकतामध्ये एक हो ।

दैनिक जीवनमा विभिन्न कार्यहरू गर्नुपर्छ । यस्ता विभिन्न प्रकारका कार्यसञ्चालन गर्न ऊर्जा आवश्यकपर्दछ । मोटर, हवाईजहाज, विभिन्न यन्त्र उपकरणहरू सञ्चालन गर्न, ताप, प्रकाश प्रदान गर्न, उद्योग, कलकारखानाहरू सञ्चालनमा ल्याउन तथा विद्युत् निकाल्न ऊर्जा प्रयोग गर्नुपर्छ । ऊर्जाको नकारात्मक र सकारात्मक फाइदा र बेफाइदा हुन्छ । नकारात्मक ऊर्जामा ग्याँस लिक हुने, विद्युत् बिग्रन गई धनजनको क्षति हुन्छ । सकारात्मक ऊर्जामा दैनिक कार्य सञ्चालनदेखि लिएर विभिन्न यन्त्र उपकरणहरू सञ्चालन हुन्छ । सम्पूर्ण प्राणी जीवित रहन उनीहरूको शरीरमा ऊर्जा आवश्यक पर्दछ । उदाहरणका लागि हरिया बिरुवाले प्रकाश संश्लेषण क्रियाद्वारा आफ्नो खाना (ग्लुकोज) बनाउँछन् । जनावर र वनस्पतिहरू प्रत्यक्ष ऊर्जाका रूपमा सौर्य शक्तिमा निर्भर हुन्छन् ।

स्वच्छ ऊर्जा भन्नाले सफा, शुद्ध र प्रदूषणरहित ऊर्जा बुझिन्छ । किफायती ऊर्जा भन्नाले ऊर्जाको फारो, टिकाउ र बचावट बुझिन्छ । स्वच्छ ऊर्जाको किफायती र संरक्षणका लागि वन जङ्गलको संरक्षण गर्ने, वातावरण प्रदूषण न्यूनीकरण गर्ने, अव्यवस्थित सहरीकरण र बस्तीव्यवस्थापन, बालीहरूमा कीटनाशक औषधि कटान गर्ने र फोहोर ढलको उचित व्यवस्थापन गर्नुपर्छ । ऊर्जा मानवीय श्रम र समयबिना निर्माण गर्न सकिँदैन । ऊर्जा संरक्षणका लागि ऊर्जाको चुहावट नियन्त्रण गर्नुपर्छ । ऊर्जाको प्रयोग मितव्ययी रूपमा गर्नुपर्छ । ऊर्जाको संरक्षणका लागि वैकल्पिक स्रोतहरूको संरक्षण र वर्तमान ऊर्जाको संरक्षणमा जोड दिनुपर्छ । नवीकरणीय ऊर्जाको खपतमा जोड दिनुका साथै ऊर्जाको ढुवानी भवन निर्माण गर्नुपर्दछ । बढ्दो जनसङ्ख्याको चाप, सहरीकरण र औद्योगीकरणले गर्दा ऊर्जाको अत्यधिक खपत भइरहेको छ । यसरी ऊर्जाको माग बढ्दै जाने र स्रोतको मात्रा रित्तिँदै जाने हो भने निकट भविष्यमा ऊजा सङ्कट देखा पर्नेछ । स्वच्छ ऊर्जा र किफायतीबाट भरपुर लाभ

लिन सकिन्छ। स्वच्छ ऊर्जाको उत्पादन लागत बढी भए पनि दीर्घकालीन रूपमा यो सस्तो हुन्छ। यो प्रदूषणरहित हुन्छ। स्वच्छ ऊर्जा प्रसारण गर्न सजिलो र सस्तो हुन्छ। यो प्रसारणमा सस्तो र सजिलो हुन्छ। नवीकरणीय ऊर्जाको स्रोत भएकाले कहिल्यै रित्तिँदैन। यसबाट कम्प्युटरसहित अत्याधुनिक उपकरणहरू सञ्चालन गर्न अन्य इलेक्ट्रोनिकहरू प्रयोग गर्न, ताप, प्रकाश प्रदान गर्न, उच्च ताप आवश्यक पर्ने उद्योग तथा कलकारखानाहरू सञ्चालन गर्न र विद्युत् उत्पादन गर्न सकिन्छ।

किफायती र स्वच्छ ऊर्जा विकासका लागि विद्यालय शिक्षा अति आवश्यक र महत्त्वपूर्ण मानिन्छ। विद्यालयको पाठ्यक्रममा ऊर्जाबारे उल्लेख भए पनि यसको बृहत् जानकारी विद्यार्थीलाई दिनु आवश्यक छ। ऊर्जासम्बन्धी दक्ष प्राविधिक शिक्षक नियुक्त गर्नुपर्छ। ऊर्जा विषयको छुट्टै पठनपाठन गर्नुपर्छ। विद्यार्थीहरूमा ऊर्जासम्बन्धी चेतना जगाउनुपर्छ। ऊर्जाको चुहावट, ऊर्जाको कार्यमा हुन सक्ने ढिलासुस्तीमा आवाज उठाउने, विद्यालयमा अभिभावकको उपस्थिति गराई उनीहरूलाई ऊर्जाको ज्ञान, सिप र तालिम प्रदान गर्नुपर्दछ। ऊर्जाको संरक्षणका लागि विद्यालयले महत्त्वपूर्ण भूमिका प्रवाह गर्नुपर्छ। खेर गइरहेका ऊर्जाको पुनः प्रयोग र संरक्षणका लागि विद्यार्थी र अभिभावक उपस्थित गराई उनीहरूमा ज्ञान प्रदान गर्न सर्वप्रथम विद्यालय अग्रसर हुनुपर्छ। नेपाल सरकारले व्यवस्था गरेको पाठ्यक्रम र पाठ्यपुस्तकमा ऊर्जा विषयवस्तु अध्ययन गरेपछि दक्ष जनशक्ति उत्पादन हुने गरी मापदण्ड तयार गर्नुपर्छ। विद्यार्थीलाई दक्ष बनाई ऊर्जाको व्यवस्थापन र संरक्षणमा जोड दिँदै दिगो ऊर्जाको परिकल्पना गर्नु आवश्यक छ। ऊर्जा चुहावट नियन्त्रण गर्दै ऊर्जाको बचत र नयाँ उत्पादनमा केन्द्रित अवधारणाविकास गर्नुपर्छ। विद्यालयमा हुने अतिरिक्त क्रियाकलाप, अभिभावक भेला, घरदैलो कार्यक्रम र सम्बन्धित निकायको सरोकारवालाहरूसँगआपसी छलफल गरी ऊजा यवस्थापनबारे कार्यक्रम सञ्चालन र योजना पारित गर्नुपर्छ। विद्यार्थीले भावी गन्तव्य र लक्ष्य राख्दा ऊर्जासम्बन्धी दक्ष जनशक्ति बन्ने वातावरणसिर्जना गर्नुका साथै उनीहरूलाई हौसला प्रदान गर्नुपर्छ। विद्यालयमार्फत् ऊर्जा कम खपत हुने सीएफएल चिमवा लिड बत्तीप्रयोग गर्ने बानीविकास गर्नुपर्दछ। कोठामा सेतो रङ वा पहेंलो रङको चिम प्रयोग गर्नुका साथै सुधारिएको चुलोको प्रयोग गर्नुपर्दछ। जलस्रोतको प्रचुर सम्भावना भएको क्षेत्रमा साना तथा घरेलु र ठूला आयोजनाहरू पहिचान गर्ने र विद्यार्थीलाई प्रोत्साहन गर्नुपर्छ। सैद्धान्तिक शिक्षाको अन्त्य गरी व्यावहारिक र प्राविधिक शिक्षाको व्यवस्थापन गरेर दक्ष जनशक्तिउत्पादन र वृद्धि गर्नुपर्छ।

हाल अधिकांश नागरिकहरूले अनवीकरणीय ऊर्जाको स्रोत प्रयोग गर्दै आइरहेका छन्। हाम्रो जस्तो विकासोन्मुख राष्ट्रमा किफायती र स्वच्छ ऊर्जाको प्रयोग गर्न नसके ऊर्जाको स्रोत रित्तिन गई निकट भविष्यमा ऊर्जा संकट निम्तिन सक्छ। ऊर्जा संकट निराकरण गर्न ऊर्जा संरक्षण, मितव्ययी रूपमा प्रयोग, ऊर्जाको वैकल्पिक स्रोतहरूको प्रयोग गर्नुपर्दछ। मानव शरीरमा जति मात्रामा पानीको आवश्यकता पर्दछ, त्यो भन्दा बढी मानवलाई ऊर्जाको आवश्यकता पर्दछ।ऊर्जाको खपत कम गर्ने बानी हरेक मनुष्यमा हुनु अति आवश्यक रहेको छ। किफायती र स्वच्छ ऊर्जा उत्पादनमा एक जनाको प्रयास र पहलले हुँदैन। यसका लागि विद्यार्थी, विद्यालय, अभिभावक, सम्बन्धित निकाय, सरोकारवाला र नेपाल सरकारको संयुक्त पहल तथा सक्रिया सहभागिता हुन आवश्यक छ। नेपाल सरकारले तोकेको मापदण्डको उचित कार्यान्वयन गर्नुपर्छ। सैद्धान्तिक शिक्षालाई त्याग्दै व्यावहारिक र प्राविधिक शिक्षामा जोड दिनुपर्छ। विद्युत् कम खपत गर्ने चिमको प्रयोग गर्नुका साथै विद्युत्को वा ऊर्जाको चोरी, ढिलासुस्तीलाई नियन्त्रण गर्नुपर्दछ। किफायती र स्वच्छ ऊर्जाको उत्पादनका लागि एक व्यक्तिको प्रयास नहुने भएकाले हरेक व्यक्तिले आआफ्नो स्तरबाट सहयोग र सक्रिय

सहभागिता जनाउनुपर्छ । किफायती र स्वच्छ ऊर्जा उत्पादनमा विद्यालय शिक्षाको मात्रा भूमिका नठानी आफ्नो स्तरबाट सहयोग गरेमा परनिर्भरता पनि निराकरण हुन्छ । तसर्थ किफायती र स्वच्छ ऊर्जाको विकासमा सबैको सहयोग र सक्रिय सहभागिता आवश्यक छ ।

(नोटः दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्थाद्वारा आयोजित कोन्ज्योसोम गाउँपालिकाका माध्यमिक विद्यालय स्तरीय निबन्ध प्रतियोगितामा प्रथम स्थान प्राप्त निबन्ध ।)

हार्दिक शुभकामना

यदक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि.को **सामुदायिक विद्युत्** पाँचौं शृङ्खला प्रकाशन भएको र दक्षिण ललितपुरका ग्रामीण समुदायमा विद्युतीकरण तथा उद्यमशीलता विकासमा योगदान पुऱ्याएकोमा सहकारी संस्थाको उत्तरोत्तर प्रगतिको कामना गरिन्छ ।

श्री सुविन्द्र तामाङ
अध्यक्ष, कोन्ज्योसोम–५, भारदेउ
तथा
कोन्ज्योसोम–५, परिवार

किफायती र स्वच्छ ऊर्जाको विकासमा सामुदायिक विद्युत्को भूमिका

crgf rfnfuf0
>L af3e/j df:lj:, sfnZj/

किफायती भनेको कम खर्चिलो वा खर्चमा संयम राख्ने भन्ने बुझिन्छ । हाम्रो दैनिक जीवनमा ऊर्जाको आवश्यकता पर्छ । ऊर्जा भनेको शक्तिको स्रोत हो । ऊर्जा दुई प्रकारका हुन्छन् । ती यस प्रकार छन् ः

१. नवीकरणीय ऊर्जा

२. अनवीकरणीय ऊर्जा

नवीकरणीय ऊर्जा भनेको एकपटक सकिएपछि फेरि उत्पादन गर्न सकिने वा पुनः प्रयोगमा ल्याउन सकिने ऊर्जालाई नवीकरणीय ऊर्जा भनिन्छ। जस्तै ः सोलार, बायोग्याँस, बायोमास, ज्वारभाटा ऊर्जा आदि । अनवीकरणीय ऊर्जा भनेको खपत भएपछि उत्पादन गर्न लाखौँ वर्ष लाग्ने वा पुनःउत्पादन गर्न नसकिने ऊर्जालाई अनवीकरणीय ऊर्जा भनिन्छ। जस्तैः जियो थर्मल ऊर्जाको स्रोत, कोइला, तेल, प्राकृतिक ग्याँस आदि । सामुदायिक विद्युत्ले यस्ता अनवीकरणीय ऊर्जालाई विस्थापित गर्दै नवीकरणीय ऊर्जाको विकासमा समर्थन जनाउनुपर्छ । सामुदायिक विद्युत्को माध्यमबाट विद्युतीय साधनको विकास गर्नुपर्छ। जस्तै ः बत्तीबाट ताप, खाना बनाउने हिटर, गर्मी, फ्यान चलाउन, अन्य थुप्रै घरायसी प्रयोजनका साधन तथा कलकारखानामा प्रयोगमा आउने सम्पूर्ण साधनलाई विद्युतीय माध्यमबाट चलाउने हो भने यो भविष्यका लागि पनि सुरक्षित र विश्वासिलो हुने थियो ।

नेपाल जलस्रोतको दोस्रो धनी देश हो । यहाँ अनुमानित ८३ हजार मेगावाट (mg) विद्युत् निकाल्न सकिन्छ । यो खर्चिलो हुन्छ । त्यसमा पनि पहाडका गाउँमा लैजान यो अति खर्चिलो हुन्छ । डाँडाडाँडामा पातला बस्ती हुने हुँदा विद्युत् लैजान सम्भव छैन । यसैले अहिले वैज्ञानिकले सूर्यको ताप र प्रकाशबाट विद्युत् निकाल्ने कुरामा विशेष जोड दिइरहेका छन् । यसले दिगो भविष्यको निर्माणमा सहजता पुऱ्याउँछ ।

समुदायमा विद्युत्को माध्यमबाट यातायातका साधन प्रयोगमा ल्याउनुपर्छ । यसमा सामुदायिक विद्युत् जस्ता अन्य संघसंस्थाले अतुलनीय भूमिका निभाइरहेका छन् । नवीकरणीय ऊर्जाको विकासले मानवीय स्वास्थ्य, वातावरणको अवस्था, बोटविरुवा र पशुपन्छीमा पनि सकारात्मक परिवर्तन ल्याउँछ । अहिले अनवीकरणीय ऊर्जाको कारण बढेका समस्या जस्तै क्लाइमेट चेन्ज, ग्लोबल वार्मिङ जस्ता खतरानाक समस्याबाट बच्न सामुदायिक विद्युत्ले समुदायमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी जनस्तरमा चेतना अभिवृद्धि गरिरहेको छ । विद्युत्को माध्यमबाट यातायातका साधनको प्रयोगमा ल्याउँदा वातावरण र विद्यार्थीको पठनपाठनमा पनि सकारात्मक

पहुँच पुग्ने र आगामी भविष्यको सुरक्षामा यसले सकारात्मक सुरक्षा दिन्छ। यातायातका साधन र कलकारखानालाई आवश्यक पर्ने तापशक्तिका सम्भावित स्रोतको पनि खोजी र निर्माण कार्यले ऊर्जा सङ्कट घटिरहेको छ।

स्वच्छ र किफायती ऊर्जाको विकासमा ससाना कलकारखाना र व्यापार व्यवसायलाई आवश्यकताअनुसार यान्त्रिक शक्ति सामुदायिक विद्युत्‌ले वितरण गरी जनस्तरमा सेवा पुऱ्याइरहेको छ। किफायती र स्वच्छ ऊर्जाको विकासमा वनजङ्गलको संरक्षण र खोलानालाको संरक्षण गर्नु अति आवश्यक छ। सामुदायिक विद्युत् र अन्य संघसंस्थाले किफायती र स्वच्छ ऊर्जाको विकासले नवीकरणीय ऊर्जा प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका निभाएको छ। जस्तैः घरायसी प्रयोजनका लागि खाना बनाउन, बत्ती बाल्न, कपडामा आइरन गर्न, गर्मीमा पङ्खा चलाउन र ससाना कलकारखानामा आवश्यकताअनुसार विद्युत् पुऱ्याउन।

सामुदायिक विद्युत्‌ले र अन्य थुप्रै संघसंस्थाले सीएफएलचिमको प्रयोगमा जोड र अनावश्यक रूपमा विद्युत् प्रयोग नगरौं भनेर जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी नागरिकलाई सचेतसमेत बनाएको छ। यसमा सामुदायिक विद्युत्‌ले अतुलनीय गहन भूमिका निर्वाह गरेको छ। किफायती र स्वच्छ ऊर्जाले वातावरण र मानव स्वास्थ्यमा सकारात्मक प्रभाव पार्दछ। यातायातका साधनमा ब्याट्री चार्ज गरी सवारीसाधन चलाउने हो भने यो किफायती र सर्वसुलभ सहज विद्युत् हुन्छ। विद्युतीय सवारीसाधनले वातावरणमा प्रदूषण कमी गर्छ, रोग लाग्दैन। जसले व्यक्ति स्वस्थ जीवन बिताउन योग्य हुन्छ।

समुदायमा विद्युत् खपत कम गर्नुपर्छ। विद्युत् चुहावटको बेलाबेलामा अनुगमन गरी चोरी गर्नेलाई सजाय र त्यसबाट हुने दुर्घटनामा सामुदायिक विद्युत्‌ले आआफ्नो क्षेत्रमा अवस्था पहिचान गरी कदम चाल्नुपर्छ। सामुदायिक विद्युत् चोरी भएमा चोरी गर्नेबारे सूचना दिनेलाई पुरस्कार र चोरी गर्नेलाई नियमानुसार सजाय दिई विद्युत् संरक्षण गर्नुपर्छ।

समुदायमा क्षेत्रगत विविध किसिमका कार्यक्रम सुचारु गरी वा टेलिभिजन, रेडियो वा सामाजिक सञ्जालद्वारा किफायती र स्वच्छ ऊर्जाको विश्लेषण गर्नुपर्छ। यसमा सामुदायिक विद्युत्‌ले अतुलनीय भूमिका निभाइरहेको छ। नयाँनयाँ योजना पारित गरी समुदायमा आर्थिक, भौतिक एवम् सामाजिक आवश्यकताका विद्युतीय साधन पुऱ्याउनुपर्छ।

किफायती र स्वच्छ ऊर्जाको आवश्यकताअनुसार मर्मत र प्रसारणका साधनको विकासमा समुदायले विश्वसनीय भूमिका खेलेको छ।

युरोपीयन मुलुकसरि हाम्रो
नेपाल नि बन्छ
कोसिस गरौँ पाइला चालौँ
ऊर्जा सङ्कट हट्छ।

स्वच्छ र किफायती विद्युत् प्रयोगले सामुदायिक विकास विद्युत्‌को संरक्षणमा जोड दिन्छ। आजको २१औं शताब्दीमा किफायती र स्वच्छ ऊर्जा समुदायको पहिलो आवश्यकता भएको छ। जसले विभिन्न स्रोतसाधनको परिचालन गर्छ।

नवीकरणीय, किफायती र स्वच्छ ऊर्जाको विकास गर्न सर्वप्रथम वनजङ्गल, खोला, नदी, हावापानी,

पशुपन्छीको सुरक्षा मजबुत हुन्छ। किफायती र स्वच्छ ऊर्जाले कलकारखाना सञ्चालन र व्यापार व्यवसायका लागि मद्दत गर्छ। यसबाट सबै जनस्तरमा कामप्रतिको रुचि र जाँगर बढ्छ। यसको विकासमा सामुदायिक विद्युत्ले अतुलनीय भूमिका निभाउन सक्छ।

समुदायमा आवश्यक पर्ने विद्युतीय साधनको प्रयोग वर्तमान समाजको भविष्य निर्माणको आधार हो। किफायती ऊर्जा प्रवर्द्धनमा बोट बिरुवा पनि जोगाउनुपर्छ। हिजोआज जङ्गल फँडानीको क्रम एकदम बढ्दो छ। यसको नियन्त्रणको साथै वृक्षरोपणमा पनि ध्यान पुऱ्याउनु जरुरी छ। वनजङ्गलको फँडानी बढ्नाले वायुमण्डल, ओजन तह र मट्टीतेल पेट्रोलको प्रयोगले पनि वातावरण प्रदूषण बढ्दो छ। यसको न्यूनीकरणमा सामुदायिक विद्युत् जस्ता अन्य थुप्रै संघसंस्थाले अविस्मरणीय भूमिका निभाउन सक्छन्।

किफायती र स्वच्छ ऊर्जाको विकासमा हामी सबै जना लाग्नुपर्छ। यसमा सामुदायिक विद्युत्को गहन भूमिका रहेको हुन्छ।

सामुदायिक विद्युत्ले आफ्नो स्तरबाट किफायती र स्वच्छ ऊर्जाको विकासमा लाग्नु आवश्यक छ।

(नोट : दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्थाद्वारा आयोजित महाङ्काल गाउँपालिकाका माध्यमिक विद्यालय स्तरीय निबन्ध प्रतियोगितामा प्रथम स्थान प्राप्त निबन्ध।)

हार्दिक शुभकामना !

यस दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.को "सामुदायिक विद्युत्" पाँचौं शृङ्खला प्रकाशन भएको र दक्षिण ललितपुरका ग्रामीण समुदायमा विद्युतीकरण तथा उद्यमशीलता विकासमा योगदान पुऱ्याएकोमा सहकारी संस्थाको उत्तरोत्तर प्रगतिको कामना गरिन्छ।

श्री निस्सी बचत तथा ऋण सहकारी संस्था लि.
कोन्ज्योसोम गाउँपालिका–५, भारदेउ, ललितपुर
अध्यक्ष एवम् सहकारी परिवार
फोन नं.: ९८५१२३०६९४

किफायती र स्वच्छ ऊर्जा विकासका लागि स्थानीय सरकारको भूमिका

/fd Gofkfg
>L sfnLbjL df-lj=,Ko6f7

किफायती र स्वच्छ ऊर्जा भन्नाले सस्तो र सुलभ रूपमा पाइने तथा बत्ती बाल्न, कलकारखाना चलाउन, विभिन्न यन्त्र/उपकरण चलाउन आवश्यक पर्ने इन्धन वा शक्तिलाई भनिन्छ। जैविक ऊर्जा, सौर्य ऊर्जा, जलस्रोत, पेट्रोलियम पदार्थ आदि ऊर्जाका स्रोत हुन् । ऊर्जाको महत्त्व तथा विकास दिनानुदिन बढ्दो क्रममा छ किनकि किफायती र स्वच्छ ऊर्जा सबै ठाउँमा उपयोग हुन्छ। स्थानीय तहमा ऊर्जा भन्नाले घरायसी, आर्थिक एवम् सामाजिक प्रयोजनका उपयोग हुने वातावरणमैत्री इन्धनलाई स्थानीय ऊर्जा भनिन्छ। स्वच्छ, सस्तो, भरपर्दो र उपयुक्त पहुँच स्थानीय क्षेत्रमा पुर्‍याई स्थानीय क्षेत्रको गरिबी न्यूनीकरण र वातावरण संरक्षणमा योगदान पुर्‍याउने लक्ष्य किफायती र स्वच्छ ऊर्जाले लिएको हुन्छ त्यसैले जनताको माग र आवश्यकता ध्यानमा राख्ने हो भने किफायती र स्वच्छ ऊर्जाको विकास गर्नु अत्यन्त जरुरी छ।

नेपालमा ऊर्जाको विकास गर्न प्रशस्त सम्भावना छन् । जलस्रोतको उपलब्धता एवम् मुलुकको भौगोलिक बनावटले ८३ हजार मेगावाट जलविद्युत् उत्पादन गर्न सक्ने सम्भावना रहेकामा करिब ४३ हजार मात्र जलविद्युत् उत्पादन गर्न आर्थिक तथा प्राविधिक दृष्टिकोणबाट सम्भव देखिएको छ । यसरी देशले ४३ हजार मेगावाट जलविद्युत् उत्पादन गरी जनताको आवश्यकता पूरा गर्न सक्छ। त्यसैले ऊर्जाको विकास गर्नु अत्यन्त जरुरी छ। त्यसमध्ये पनि किफायती र स्वच्छ ऊर्जाको महत्त्वलाई निम्न बुँदामा सूचीबद्ध गरिएको छ :

१. घरायसी उपभोग गर्न,

२. कार्यालय सञ्चालन गर्न,

३. अस्पताल आदिमा उपकरण चलाउन,

४. औद्योगिक वस्तु उत्पादन गर्न,

५. आर्थिक र सामाजिक प्रयोजनका लागि उपयोग गर्न,

६. स्थानीय ऊर्जाको विकासबाट रोजगारी एवम् उत्पादकत्वमा वृद्धि गर्न,

७. स्थानीय स्वच्छ र किफायती ऊर्जाको पहुँचले परम्परागत ऊर्जामाथिको निर्भरतामा कमी ल्याई वातावरण संरक्षण गर्न,

८. स्थानीय ऊर्जालाई आर्थिक र सामाजिक क्रियाकलापहरूमा आबद्ध गर्न,

९. स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउनु,

१०. ऊर्जाको कारणले गर्दा मानिसका दैनिक जीवनका विभिन्न कार्य सजिलै तरिकाले सम्पन्न वा सम्पादन गर्न सकिन्छ ।

माथि उल्लिखित कारणले गर्दा ऊर्जाको विकास गर्नु अत्यन्त जरुरी छ ।

स्थानीय तहमा पनि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले ऊर्जासम्बन्धी विभिन्न नीति तथा योजना तर्जुमा, अध्ययन अनुसन्धान, अनुदान परिचालन र प्राविधिक सहयोग गर्न सक्छ । त्यस्तै किफायती र स्वच्छ ऊर्जाको विकास तथा विस्तार गर्न स्थानीय सरकारको महत्त्वपूर्ण भूमिका हुन्छ । स्थानीय सरकारले पनि स्थानीय तहमा खर्चले धान्न सक्ने, भरपर्दो, दिगो र आधुनिक ऊर्जाको पहुँचमा विस्तार गरी किफायती र स्वच्छ ऊर्जाको विकास गर्न सक्छ । किफायती र स्वच्छ ऊर्जाको विकास गर्न स्थानीय सरकारले खेल्नुपर्ने भूमिकालाई सूचीबद्ध गरी निम्न बुँदामा प्रस्तुत गरिएको छ :

१. स्थानीय सरकारले सबैका लागि खर्चले धान्न सक्ने, भरपर्दो र आधुनिक ऊर्जा सेवामा जोड दिनुपर्छ ।

२. वातावरणमैत्री स्थानीय ऊर्जा विकासका लागि स्थानीय तहका जनतामा क्षमता अभिवृद्धि गर्न जनशक्ति विकास गर्नुपर्छ ।

३. स्थानीय तहमा स्थानीय ऊर्जा विकासका लागि स्थानीय तहका जनतामा क्षमता अभिवृद्धि गर्न जनशक्ति विकास गर्नुपर्छ ।

४. स्थानीय तहका जनतालाई उपयुक्त सिपमूलक तालिम र चेतनाको अभिवृद्धि गर्नुपर्छ ।

५. स्थानीय तहमा खास गरेर लघु तथा साना जलविद्युत्, जैविक ग्याँस, सुधारिएको चुलो, सुधारिएको पानी घट्टा र सौर्य ऊर्जा प्रणालीको विस्तार गर्नुपर्छ ।

६. स्थानीय सरकारले ऊर्जाको विकास गर्दा दलित, गरिब, पिछडिएका जनजातिका आधारमा वर्गीकरण गरी ऊर्जाको विकासमा निश्चित अनुदान व्यवस्था गर्नुपर्छ ।

७. स्थानीय तहमा सुहाउने एवम् जनताको क्षमताले धान्ने प्रकृतिका ऊर्जा स्रोत साधनको विकास गर्नुपर्छ ।

८. स्थानीय ऊर्जाको दिगो विकास र व्यवस्थापनका लागि आवश्यकताअनुसार सामुदायिक व्यवस्थापन र समष्टिगत पद्धतिमा प्रोत्साहन गर्नुपर्छ ।

९. स्थानीय तहमा ऊर्जाको विकास कार्यक्रमको हरेक तहमा अनुगमन गरी ऊर्जाको विकास कस्तो भएको हो, राम्ररी सञ्चालन भएको भए पुरस्कारको व्यवस्था मिलाउनुपर्छ ।

१०. ऊर्जा लेखा प्रणालीको विकास गरी कार्यान्वयन गर्नुपर्छ ।

यसरी विभिन्न उपायको अवलम्बन गरी स्थानीय तहमा ऊर्जा कमी हुन नदिन स्थानीय सरकारको महत्त्वपूण भूमिका छ ।

ऊर्जाको कारणले गर्दा मानिसका विभिन्न आवश्यकता परिपूर्ति हुने हुँदा किफायती र स्वच्छ ऊर्जाको विकास गर्न अत्यन्त जरुरी छ । स्थानीय तहमा खासगरी नवीकरणीय ऊर्जा प्रयोग गर्नुपर्छ । नवीकरणीय ऊर्जाका स्रोतमा सौर्य ऊर्जा, लघु तथा साना जलविद्युत्, जैविक ग्याँसका विभिन्न प्रकार, वायु ऊर्जा, वायोमास आदिको विशेष नीति कार्यान्वयन गरी किफायती र स्वच्छ ऊर्जाको विकासमा स्थानीय सरकारको महत्त्वपूर्ण भूमिका हुन्छ । नवीकरणीय ऊर्जाको सुरुको लगत कम गरेर नवीकरणीय ऊर्जा सेवाको विकासमा पहुँच पुऱ्याई स्थानीय सरकारले किफायती र

स्वच्छ ऊर्जा विकास गर्न सक्छ । दिगो विकासका १७ वटा लक्ष्यमध्ये सातौँ नम्बरमा किफायती र स्वच्छ ऊर्जाको अवधारणालाई समेटिएको छ । त्यसैले स्थानीय तहमा वायु ऊर्जा, सौर्य ऊर्जा, सुधारिएको चुलो, सुधारिएको पानी घट्टालाई विशेष महत्त्व दिई यिनीहरूबाट धेरै मात्रामा ऊर्जा निकाल्न सकिन्छ तर ऊर्जाको विकास एवम् विस्तारको क्रममा वातावरणलाई असर नपारी स्वच्छ ऊर्जाको विकास गर्नुपर्छ । ऊर्जाको विकास पूर्ण रूपमा सम्पन्न भएपछि यसको प्रयोग जतातत्तै नगरी राम्रो ठाउँमा प्रयोग गर्दै स्थानीय सरकारले किफायती र स्वच्छ ऊर्जाको सदुपयोगका लागि विभिन्न चेतना अभिवृद्धि गरी स्थानीय तहलाई एक नमुनाका रूपमा स्थापित गर्नुपर्छ । स्वच्छ, सभ्य र असल समाजको विकास गर्नमा स्थानीय सरकारले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ र ऊर्जाको विकास एवम् विस्तार पूर्ण रूपमा सम्पन्न गर्न सक्छ ।

समष्टिमा भन्नुपर्दा प्रकृति र मानवजीवन सबैले किफायती र स्वच्छ ऊर्जाको विकास र त्यस ऊर्जाको विकासबाट समाजको पनि राम्रो विकास भएको हेर्न चाहन्छन् । किनकि ऊर्जाको प्रयोग सबै ठाउँमा हुन्छ । त्यसैले किफायती र स्वच्छ ऊर्जाको विकासमा स्थानीय सरकारको महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने जगजाहेर छ । ऊर्जाको महत्त्व सबैले बुझ्दै जाने र यसको विकासमा सबैले जोस र होसका साथ कम्मर कसेर अगाडि बढ्न अनुकूल स्थिति भइदिए किफायती र स्वच्छ ऊर्जाको विकासमा स्थानीय सरकार र हामी सबैले उल्लेखनीय र महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सकिन्छ । यसरी ऊर्जाको विकास गर्दा वातावरणलाई पनि ध्यानमा राखी वातावरण संरक्षण र संवर्द्धनमा ध्यान दिई स्थानीय सरकारले ठूलो भूमिका निर्वाह गर्न सक्छ । मुलुकको विकासमा ऊर्जाको महत्त्वलाई प्रस्तुत गर्न वा दर्साउन सकिन्छ । यसरी हेर्दा ऊर्जाको महत्त्व वा विकास गर्नु एकदमै जरुरी र महत्त्वपूर्ण भइसकेको छ । किफायती र स्वच्छ ऊर्जाको प्रयोग देशभर पुऱ्याउन सकिन्छ र देशलाई किफायती र स्वच्छ ऊर्जाले भरिपूर्ण मुलुक बनाउन सकिन्छ । देशको एक महत्त्वपूर्ण विकासमा किफायती र स्वच्छ ऊर्जाको विकासलाई प्रस्तुत गरी नेपाललाई ऊर्जाको भरिपूर्ण मुलुक बनाउन सकिन्छ र देशमा ऊर्जाको बढी उत्पादन भयो भने हाम्रा छिमेकी मुलुकमा ऊर्जा निर्यात गरी वैदेशिक मुद्रा र अन्य विभिन्न फाइदा पनि लिन सकिन्छ । किफायती र स्वच्छ ऊर्जाले गर्दा देशको व्यापार व्यवसाय फस्टाउन र विकास गर्न सकिन्छ र नेपाललाई पर्यटकीय मुलुक बनाउन सघाउ पुग्छ ।

(नोट : दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्थाद्वारा आयोजित बाग्मती गाउँपालिकाका माध्यमिक विद्यालय स्तरीय निबन्ध प्रतियोगितामा प्रथम स्थान प्राप्त निबन्ध ।)

प्रो. गजेन्द्र सिंगार

मो.नं.९८४१९७४२०२/९७४१२७१६८९

गजेन्द्र फर्निचर तथा स:मिल उद्योग

महाङ्काल–५, चन्दनपुर, ललितपुर

यहाँ घर तथा अफिसका लागि आवश्यक फर्निचरहरु तयार गर्नुका साथै काठ चिरान तथा बिक्री समेत गरिन्छ ।

सार्वजनिक विदा वाहेक प्रत्येक दिन १०:०० बजेदेखि बेलुका ५:०० बजेसम्म कारोबार हुनेछ ।

आर्थिक विकासमा सामुदायिक विद्युतीकरण

nfsaxfb/ knfdL -lbks_

विकासका लागि चाहिने पहिलो पूर्वाधारहरूमध्ये विद्युत् पनि एक हो । सामान्यतया बिजुली ऊर्जा प्रकाशका रूपमा मात्र बुझ्ने प्रचलन रहेको पाइन्छ । बिजुली भनेको प्रकाश मात्र होइन, बिजुलीमा ऊर्जा शक्ति (POWER) एवम् औद्योगिक क्षमता पनि हुन्छ । संसारमा विकास विद्युत् शक्तिकै प्रयोगका कारणले हुने गरेको छ । यसको प्रयोग कसरी गर्ने भन्ने कुरामा निर्भर रहन्छ । विकसित राष्ट्रहरूको आर्थिक विकासको मापन ऊजा खपतका आधारमा गर्ने गरिन्छ । जुन मुलुकहरूले नवीकरणीय ऊर्जाको सदुपयोग गरी अगाडि बढेको छ, ती मुलुकले आर्थिक समृद्धिको उचाइ हासिल गरेका छन् । आज हाम्रो देश गरिबी र आर्थिक विकासमा पछि पर्नुको मुख्य कारण आफ्नै मुलुकभित्र जलस्रोतको पर्याप्त उपभोग नहुनु र विद्युत् पहुँच पुगेका ठाउँमा पनि विद्युतीय प्रविधिको सही ढङ्गले प्रयोग हुन नसकेकाले पछाडि परेको अवस्था छ । तसर्थ समाज विकास र आर्थिक रूपान्तरणमा ऊर्जाको प्रयोग महत्त्वपूर्ण हुन जान्छ । दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्थाले दक्षिण ललितपुरमा छरिएर रहेका दुर्गम बस्तीहरू जो राज्यको नजरबाट प्राथमिकतामा नपरेको विकट भूगोलमा विद्युतीकरण गरी आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा उल्लेखनीय भूमिकाको निर्वाह गरी अनुकरणीय काम साबित गरेको छ । ग्रामीण विद्युतीकरण आफैँमा चुनौतीपूर्ण कार्य हो । यो कठिनाइ र चुनौतीको बाबजुद पनि सामुदायिक विद्युतीकरणमार्फत् समुदायको सामाजिक आर्थिक विकासका निम्ति लागि पर्ने हिजोका अभियन्ता निश्चय नै यो सफलताको सम्मानित पात्रहरू हुन् । परिणामतः आज दक्षिण ललितपुको दूरदराजका बस्तीमा विद्युत्को केन्दीय प्रसारण लाइन विस्तारित भएका छन् । हिजो बिजुली नहुँदाको दक्षिण ललितपुर र आज बिजुली बलिरहँदाको दक्षिण ललितपुरमा धेरै अन्तर र परिवर्तन भएको छ ।

यो परिवर्तन आउनमा सामुदायिक ग्रामीण विद्युतीकरणको महत्त्वपूर्ण भूमिका रहेको छ । तर यतिले मात्र हाम्रा अभाव पूरा भएका छैनन् । सहकारितामार्फत् सामुदायिक विद्युतीकरण आर्थिक विकास र सामाजिक रूपान्तरणको मुख्य उद्देश्य लिएर कार्य थालनी गरेको यस संस्थाले सामाजिक र आर्थिक समृद्धिको परिणाम प्राप्त नहुँदासम्म अभियानको यात्रालाई निरन्तरता दिनु आवश्यक छ । ललितपुरको दक्षिणी भूगोलको सन्दर्भमा बिजुलीको पहुँचमा विस्तार हुँदै गए पनि विद्युत् खपतको अवस्था भने ज्यादै नै न्यून रहेको छ । यसको अर्थ अझै पनि ऊर्जालाई आर्थिक उपार्जनको क्षेत्रमा प्रयोग गर्न सकिरहेको छैन । जबसम्म हामीले विद्युतीय शक्तिलाई उत्पादनसँग जोड्न सकिँदैन तबसम्म ग्रामीण अर्थतन्त्र चलायमान र गतिशील बन्न सक्दैन । सामुदायिक विद्युतीकरणले ग्रामीण समुदायमा विद्युत्को परिप्रयोगबाटै आर्थिक समृद्धि सम्भव रहेको कुरा उजागर गरिदिएको छ । पूरातन समाजको चेतना स्तरलाई परिवर्तन गराएको छ र विस्तारै समाज विकासका निम्ति भौतिक

स्रोतसाधनको परिचालन र प्रयोग गर्न सक्ने ठाउँको आधार तय भएको छ । दुर्गम नै भए पनि विविधताले भरिपूर्ण भएको ललितपुरको दक्षिणी भेग विकासको चरणसँगै सम्भावनाका गन्तव्य स्थलका रूपमा चिनिन थालेको छ । यहाँका प्राकृतिक सौन्दर्य एवम् धार्मिक स्थललाई पर्यटन प्रवर्द्धनको माध्यमबाट र कृषि, वन, जल, जमिन, खनिज आदि जस्ता स्रोतलाई उद्योगका रूपमा विकास गर्न सकेको खण्डमा ग्रामीण भेगमा रोजगारको अवसर सिर्जना हुन सक्छ । गाउँबाट सहरमा मजदुरी गर्न आउने र रोजगारका निम्ति अन्यत्र पलायन हुने जनशक्तिलाई गाउँमै स्वरोजगार बनाई जनजीवन समुन्नत बनाउन सकिन्छ । सम्भावना प्रशस्तै छन् । इच्छा शक्ति बढाऔँ, विद्युत्‌को प्रयोग गरी आर्थिक समृद्धि हासिल गरौँ ।

आज सामुदायिक विद्युतीकरणले सर्वपक्षीय सहकार्यमा ग्रामीण क्षेत्रहरूको विद्युतीय संरचनाको निर्माण र विद्युत्‌को व्यवस्थित वितरण एवम् सेवा सञ्चालन गरी समग्रतामा सामुदायिक विद्युतीकरणले देश विकासका निम्ति ठूलो भूमिका निर्वाह गरेको छ । जसरी सामुदायिक विद्युतीकरणले समाजमा परिवर्तन ल्याएको छ, यसको सान्दर्भिकता अझ बढेर गएको छ र ग्रामीण समुदायको द्रुत विकासका निम्ति सामुदायिक विद्युतीकरण नै सबैभन्दा उत्तम मोडल हो ।

(लेखक संस्थाका उपाध्यक्ष हुन् ।)

हार्दिक शुभकामना !

यस दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.को "सामुदायिक विद्युत्" पाँचौं शृङ्खला प्रकाशन भएको र दक्षिण ललितपुरका ग्रामीण समुदायमा विद्युतीकरण तथा उद्यमशीलता विकासमा योगदान पुऱ्याएकोमा सहकारी संस्थाको उत्तरोत्तर प्रगतिको कामना गरिन्छ ।

भट्टेडाँडा कृषि सहकारी संस्था लि.
बाग्मती –३, छपेली, ललितपुर
अध्यक्ष एवम् सहकारी परिवार
फोन नं.: ९८५१२१५६५१/९८६०६६३१९३

हाम्रा विशेष सेवाहरु:
कृषि कर्जा, पशु सुरक्षण (पशु वीमा कार्यक्रम)

साधुवाद विद्युत् सहकारीलाई

ufljGbk|;fb k/fhnL

ललितपुर जिल्लामा तीन भौगोलिक अवस्था छन् । पहिलो, पाटन सहर र यसका वरिपरिका क्षेत्रहरू । अनि यो क्षेत्र परापूर्व कालदेखि विकासका बाटामा अग्रसर छ । यहाँ प्राचीन मठ मन्दिरका कलात्मक कृतिले यो विश्वविख्यात पनि छ । यस क्षेत्रले राजधानीले पाउने सेवा सुविधाहरू प्राप्त गरिरहेको छ । दोस्रो, क्षेत्र पाटन सहरभन्दा बाहिर र उपत्यकाभित्र रहेका गाउँ पर्छन् । विशंखुनारायणदेखि वृत्ताकारमा घुमेर डुकुछापसम्म फैलिएको यो क्षेत्र विगतमा उर्वर खेतीयोग्य जमिनका रूपमा परिचित भए पनि वर्तमानमा भने ललितपुरको उपत्यकाबाहिरका र अरू देशभरका बसाइ सरेर उपत्यका बस्न आउनेहरूका लागि उपयुक्त स्थानका रूपमा परिणत हुँदै छ । यहाँका खेतीयोग्य जमिन दिनानुदिन घरघडेरीमा परिवर्तन हुँदै छ । यद्यपि, खेती गरिएका स्थान पनि प्रशस्तै छन् । सहरी सुविधालगायतका कुरा दिनानुदिन वृद्धि भइरहेका छन् र तीव्र रूपमा विकास हुँदै गएको छ ।

तेस्रो, भौगोलिक क्षेत्र जिल्लाको पहाडी भाग हो । यो भाग विषम धरातलीय बनावटले गर्दा विगतदेखि नै विकास र प्रगतिका बाटामा पछाडि परेको छ । जिल्लाका दूरदराजबाट सदरमुकाम हिँडेर आउँदा २/३ दिन लाग्ने गर्थ्यो । बाटोघाटो, बजार, स्वास्थ्य र शिक्षाको क्षेत्रमासमेत निकै पिछडिएको यो भेक ललितपुरको कर्णाली भनेर चिनिन्थ्यो । यस भेकमा खाद्यान्न बढी भए बोकेर चापागाउँ पुऱ्याउनुपर्ने र कम भए चापागाउँबाट नै किनेर ल्याउनुपर्ने बाध्यता थियो । घिउ, तोरी, आलुजस्ता स्थानीय उत्पादन बेच्न पनि चापागाउँ नै पुग्नुपर्ने अवस्था थियो । इन्धनको अभावले घिउ र तेलको च्याटी बालेर अँध्यारो मेटाउनुपर्थ्यो । पाटन कलेज, पाटन हाइस्कुलजस्ता शिक्षाका अग्रणी संस्था भएको यस जिल्लाको दक्षिण भागमा २०२५ सालसम्म क्षी।ऋ। पास गर्ने व्यक्तिको अभाव थियो । २०२८ सालअघि भएका २/५ वटा प्राविहरू पनि शिक्षाको अभावमा व्यवस्थित रूपमा सञ्चालन हुन सकिरहेका थिएनन् । २०२८ सालमा सुरु भएको राष्ट्रिय शिक्षा योजना यो जिल्लामा २०३० बाट लागू भयो । यस क्षेत्रका प्राविहरू केही व्यवस्थित हुन थालेका हुन् । त्यसमा पनि कतिपय पूराना तथा ५ कक्षासम्मका विद्यालयलाई ३ कक्षासम्म मात्र सञ्चालन गर्ने अनुमति दिइयो । यसै योजनाले यस क्षेत्रमा २/५ वटा निम्न माध्यमिक विद्यालयको अनुमति प्रदान गरेर यस क्षेत्रको शिक्षाको श्रीगणेश गरेको मान्नुपर्छ । अझै जिल्लाका सुगम भेकका विद्यालयले विद्युतीय माध्यमबाट विभिन्न सेवा सुविधा उपभोग गरिरहेको अवस्थामा यहाँका विद्यालय अँध्यारोमै भौँतारिरहनुपरेको थियो । विद्यार्थीहरू टुकी बत्तीको कालो ध्वाँसो नाकभरि जम्मा गरेर पढ्न बाध्य थिए ।

विकासको क्रम सँगसँगै केही गाउँमा घट्ट बिजुलीहरूले विद्युत् उत्पादन गरेर वितरण गरे पनि

भोल्टेजको कमीले विद्यार्थी बिजुली बत्तीमुनि टुकी बालेर पढ्नुपर्ने अवस्था थियो। २०४२/०४३ तिर सार्कसम्मेलन जनतालाई देखाइदिने सर्तमा महाङ्काल मावि गोटिखेल र महाङ्कालदेवी मावि भट्टेडाँडालाई टेलिभिजन उपलब्ध भएको थियो। यसका लागि विद्यालयले जेनेरेटर किनेर सोसम्मेलन देखाउने काम गऱ्यो। यो तत्कालीन समयको उल्लेखनीय उपलब्धि थियो। महाङ्काल माविले त टिकटको व्यवस्था गरेर आइतबार दूरदर्शनबाट प्रसारित रामायण पनि प्रदर्शन गरेको थियो।

उल्लिखित घटनाहरूले पनि यहाँको तत्कालीन ऊर्जाको स्थितिलाई चित्रण गर्छ । २०५७ सालमा दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारीको स्थापना र यसको प्रयत्नले दक्षिण ललितपुरमा केन्द्रीय विद्युत् प्रसारण लाइन बनाउने र बत्ती बाल्ने प्रयत्न भयो। बत्ती बाल्न गरिएका प्रयासबारे बेग्लै लेख बन्छ। यहाँ विद्युत् सेवा उपलब्ध भएपछि यहाँको शिक्षा र शिक्षण संस्थाको विकासमा भएका प्रयत्नको चर्चा गर्ने जमर्को गरिएको छ।

२०६१ साल भाद्र १ गतेबाट दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्थाले आफ्नो कार्यक्षेत्रमा विद्युत् वितरणको प्रारम्भ गऱ्यो र क्रमशः यो काम अझै अगाडि बढिरहेको छ। विद्युत् सेवा उपलब्ध भएपछि प्रायः सबै माध्यमिक विद्यालयले विद्युत् जडान गरी उपलब्ध सेवा सुविधाको उपभोग गर्न थाले। सुरुसुरुमा यो कार्यालय कक्ष र शिक्षकहरूका कामका लागि मात्र प्रयोग हुन्थ्यो। विस्तारै कार्यक्रमहरू सञ्चालन गर्दा विद्युतीय माइकहरू प्रयोग मात्र भएनन्, यसका सम्बन्धमा विद्यार्थीले सिप हासिल गर्न थाले। कार्यक्रमहरू रोचक र आकर्षक भएर विद्यार्थीहरूको रुचि पनि बढ्न थाल्यो। विद्यालय बाहिर रहेका केटाकेटीलाई पनि विद्यालयले आकर्षण गर्न सफल भएका छन्। तत्कालीन समयमा सामाजिक शिक्षाको शिक्षण गर्ने क्रममा भ्मबर्ष र क्ष्लतभचलभत को सम्बन्धमा विद्यार्थीहरूको धारणा अभिवृद्धि गर्न निकै कठिन भएको कुरा म आफैंले पनि अनुभव गरेको हुँ। वर्तमान समयमा विद्युत् सेवाको उपलब्धिले गर्दा विद्यार्थीहरू आफैं चनाखो भएर क्ष्लतभचलभत चलाउन सक्ने भएका छन्। ःयदष्फोनको प्रयोग गरेर हात कमाउने र बोल्दा लरबराउने विद्यार्थीहरूको तुलनामा वर्तमान समयका विद्यार्थी देश विदेशमा बस्ने आफन्तलाई फोन, म्यासेन्जर आदिको माध्यमबाट सम्पर्क गर्न सक्ने भइसकेका छन्। यी सबै कुरा विद्युत् सेवाका उपलब्धि हुन्।

विस्तारै मोबाइल प्रयोग बढेपछि यसको ब्याट्री चार्ज, कार्यालयको काममा कम्प्युटरको प्रयोग र प्रातः कक्षमा बत्ती आदिले यसको प्रयोगमा वृद्धि हुँदै आयो।

वर्तमान अवस्थामा प्रायः विद्यालयमा कम्प्युटरको व्यवस्था छ। विद्यार्थीहरूले कम्प्युटर सिक्न पाएका छन्। इन्टरनेटको व्यवस्थाले देश विदेशलगायतका कुराहरू हेर्न र पढ्न पाएका छन्। विद्यालय आउने विद्यार्थीहरूमा अब इन्टरनेटलगायतका कुराको चर्चा परिचर्चा हुने गर्दछन्। जिल्लाका सुगम भेकका विद्यालयमा अध्ययन गर्ने विद्यार्थीमा प्रतिस्पर्धा गर्ने क्षमताको वृद्धि भएको छ। अझै शिक्षकहरूले भने विद्युतीय सेवा र प्रोजेक्टर प्रयोग गरेर शिक्षण सिकाइ क्रियाकलापलाई समयानूकुल परिवर्तन गर्न भने सकिरहेका छैनन्। आशा गरौं, यो पनि सुरुवात हुनेछ।

नेपाल विद्युत् प्राधिकरणलाई पर्खेर बसेका भए यस क्षेत्रमा अझै बत्ती पुग्ने सम्भावना न्यून हुन्थ्यो र सेवा पुग्दा पनि न्यून आय हुने सबै जनताले सुविधा पाउँदैनथे। यस अर्थमा साधुवाद छ, विद्युत् सहकारीलाई !

(लेखक संस्थाका पूर्व सञ्चालक सदस्य एवम् साहित्य सर्जक हुन्।)

दक्षिण ललितपुरमा विद्युतीकरण र प्रभाव

dw;bg kf8n

सहकारिता समाजवादी आन्दोलनको एउटा प्रमुख आधारस्तम्भ हो । जनताको जीवन र समाजलाई समृद्ध बनाउनका लागि ससानो हिस्सामा छरिएर रहेको पूँजी सङ्कलन गरी पूँजीको ठूलो भँगालो निर्माण गर्ने र त्यसैको माध्यमबाट आर्थिक क्रियाकलाप अगाडि बढाउने यसको विधि हो । यस अर्थमा सहकारी निर्धनहरूको एकीकृत धन हो भने समाजवादी समाज विकासका लागि एउटा महत्त्वपूर्ण आर्थिक कडी हो । सहकारिताको क्षेत्रबाटै संसारका विकासशील देशहरूलेसमेत आर्थिक क्षेत्रमा ठूलो फड्को मारेको उदाहरण हाम्रो सामु रहेका छन् । नेपालमा संस्थागत तरिकाबाट सहकारीको सुरुवात वि. सं. २०१३ मा चितवन जिल्लाबाट भएको थियो । ललितपुर जिल्लाको हकमा आर्थिक गतिविधि गर्ने संस्थाका रूपमा पञ्चायतकालबाटै सहकारी संस्था सञ्चालन गर्ने कार्य सुरु भएको थियो भने आर्थिक क्रियाकलापको अतिरिक्त सामाजिक निर्माणको विषयसँगसमेत जोड्ने गरी तत्कालीन प्रतिनिधिसभाका सांसद् र वि. सं. २०५४ को स्थानीय निर्वाचनबाट दक्षिण ललितपुरका गाविसबाट निर्वाचित तत्कालीन गाविस अध्यक्ष/उपाध्यक्षलगायतका जनप्रतिनिधिले दक्षिण ललितपुरको हरक्षेत्रमा बिजुली पुऱ्याउने उद्देश्यले २०५४ असोज ७ गते दक्षिण ललितपुर विद्युतीकरण अभियान समिति गठन गरी काम प्रारम्भ गरेका थिए । पछि डिल्लीप्रसाद घिमिरेको अध्यक्षतामा गठित उक्त समितिकै पहलकदमीमा २०५७ श्रावण १७ गते नेपाल अधिराज्यकै पहिलो विद्युत् सहकारीका रूपमा दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि. गठन गरी सहकारी क्षेत्र र सामाजिक समस्यालाई जोडेर लैजाने प्रयत्न भएको हो । वास्तवमा यो विषय आर्थिक गतिविधिका अतिरिक्त विकास निर्माणको क्षेत्रमा पनि सहकारी क्षेत्रकै माध्यमबाट केही गर्न सकिन्छ भन्ने कुराको नौलो प्रयोग हो भन्न सकिन्छ ।

यसरी सहकारीकै क्षेत्रमा नौलो अभियान बनेर उदाएको दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था आज १८ वसन्त पार गरेर आफ्नो कार्यक्षेत्रमा जुटिरहेको छ । १८ वर्षको यो अवधि यस संस्थाका लागि अत्यन्त कठिन र चुनौतीपूर्ण नै रहन पुग्यो । तर यसले दक्षिण ललितपुरका जनताको घर आँगनमा ल्याउन सकेको उज्यालो र त्यसका बहुआयामिक प्रभाव भने बहुतै महत्त्वपूर्ण रहेका छन् । हालको विद्युत् जडानको अवस्था तथ्याङ्कमा निम्नबमोजिम रहेको छ :

ग्राहक विवरण

क्र.सं.	गाविस	गार्हस्थ्य	औद्योगिक	जम्मा
१.	देवीचौर	३०६	९	३१५
२.	घुसेल	२५२	१०	२६२

३.	भारदेउ	३८८	६	३९४
४.	नल्लु	३८४	१०	३९४
५.	भट्टेडाँडा	३५८	२१	३७९
६.	दलचोकी	२४७	११	२५८
७.	चौघरे	३२४	७	३३१
८.	शङ्खु	३९९	१४	४१३
९.	बुखेल	२५७	८	२६५
१०.	मानिखेल	३०७	११	३१८
११.	गोटिखेल	३५३	१६	३६९
१२.	चन्दनपुर	२०९	९	२१८
१३.	इक्कुडोल	२८७	१३	३००
१४.	कालेश्वर	२८३	१५	२९८
१५.	माल्टा	३०२	७	३०९
१६.	प्युटार	३८६	१३	३९९
१७.	आश्राङ	२२४	८	२३२
१८.	ठूलादुर्लुङ	१६५	९	१७४
१९.	गिम्दी	२६९	९	२७८
	जम्मा	५७००	२०६	५९०६

हिजो र आजको दक्षिण ललितपुर

दक्षिण ललितपुरका बस्तीमा बिजुलीको कुरा गर्नु (२०५४ सालपूर्वको हकमा भन्ने हो भने) दन्त्यकथाको कुरा जस्तो लाग्ने गर्दथ्यो । यहाँका जनताले बिजुलीको उज्यालो चापागाउँ पुगेपछि मात्र देख्ने गर्दथे । राजधानीसँगैको जिल्ला भएर पनि दक्षिण ललितपुरका गाविसहरू बिजुली बत्ती, बाटो र सूचना प्रविधिका दृष्टिलेसमेत अत्यन्त दूरदराजको विकट बस्तीझैं बन्न पुगेका थिए । कृषि, पशुपालनलगायतका व्यवसाय परम्परागत तरिकाभित्र नै सीमित थिए । विद्यालयमा कम्प्युटर शिक्षालगायत आधुनिक प्रविधिको कुरा एकादेशको कथा जस्तो लाग्ने विषय थियो ।

तथापि अहिले परिस्थितिले कोल्टे फेरेको छ । दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारीको अगुवाइमा यस क्षेत्रमा सुरु गरिएको विद्युतीकरण अभियानले एउटा मूर्तरूप लिएको छ । फलस्वरूप यस क्षेत्रका करिब ७०% घरधुरीमा बिजुली बत्ती जडान भइसकेको छ भने बाँकी बस्तीमा क्रमशः विद्युत् जडान गर्दै जाने योजना रहेको छ । यसले गर्दा आज यस क्षेत्रका जनताले कृषि, पशुपालन, शिक्षा, सूचना प्रविधि तथा घरेलु उद्योगलगायत क्षेत्रमा विगतको तुलनामा नयाँ फड्को नै मारेका छन् । उपर्युक्त विषयलाई निम्नबमोजिम प्रस्तुत गरिएको छ :

१. **पशुपालन/दुग्ध व्यवसायमा नयाँ क्रान्ति**

बिजुली बत्ती तथा बाटोसमेतको विकासले गर्दा दक्षिण ललितपुरमा पशुपालन (विशेषत : भैंसीपालन) गर्ने र दुग्ध व्यवसाय सञ्चालन गर्ने कुरामा नयाँ क्रान्ति नै भएको मान्न सकिन्छ । हिजो एउटा परिवारले एक वा दुईभन्दा बढी भैंसी पाल्न सक्ने अवस्था थिएन भने आज

विद्युत् उपलब्धताका कारण चेफकटर प्रयोग गरी एउटै परिवारले बीस वटासम्म भैंसी पालन गर्न सक्ने भएका छन् । साथै विद्युत् उपलब्धताकै कारण आज गोटिखेल, चन्दनपुर (नमन), कतवन, मानिखेल, शङ्खु, दलचोकी, प्युटार, भट्टेडाँडा, इकुडोल, देवीचौर, घुसेललगायतका स्थानमा दुध चिस्यान केन्द्रहरू स्थापना भई ठूलो परिमाणमा दूध सङ्कलन गर्ने र काठमाडौँसम्म पुऱ्याउन सकिएको छ । जसले गर्दा ललितपुर जिल्ला काठमाडौँ बजारका लागि दोस्रो ठूलो दूध आपूर्तिकर्ता बन्न सफल भएको छ । फलस्वरूप यस क्षेत्रका जनताको आर्थिक अवस्थाले ठूलो फड्को मारेको छ ।

२. **सूचना र प्रविधि**

विद्युत् आपूर्तिकै कारण दक्षिण ललितपुरका विद्यालयमा कम्प्युटर शिक्षा उपलब्ध गराउने अवस्था बनेको छ भने दूरदराजभैँ लाग्ने बस्तीहरूमासमेत इन्टरनेट सुविधा, मोबाइल फोन सुविधा उपलब्ध हुन सकेको छ ।

३. **कफीको व्यावसायीकरण**

विद्युत् उपलब्धताले विश्वबजारमै पहिचान पाएको ललितपुरको कफी व्यवसाय थप उन्नत बन्न पुगेको छ । कफी उत्पादन क्षेत्रमा परपल मेसिन राखी ठूलो परिमाणमा कफीको दाना प्रशोधन गरेर बजार लैजाने अवस्था बनेको छ ।

४. **कखुरापालन व्यवसाय**

विद्युत् उपलब्धताले नै यस क्षेत्रका जनताका लागि कुखुरापालन व्यवसाय एउटा महत्त्वपूर्ण आयआर्जन गर्ने व्यवसाय बन्न पुगेको छ । हालसम्मको तथ्याङ्कमा करिब २ सय बढी परिवारले यस क्षेत्रमा कुखुरापालन गरी जीविका चलाएका छन् ।

५. **काष्ठ उद्योगमा वृद्धि**

विद्युत् उपलब्धताकै कारण काठ चिरानी गर्ने तथा फर्निचर निर्माण गर्ने ससाना घरेलु उद्योगहरू यस क्षेत्रमा फस्टाएका छन् । हालसम्मको तथ्याङ्कमा यस क्षेत्रमा ५० भन्दा बढी फर्निचर सञ्चालित छन् ।

६. **मर्मत केन्द्र स्थापना**

विद्युत् उपलब्धताकै कारण यस क्षेत्रमा रेडियो, टेलिभिजन तथा मोबाइल मर्मत केन्द्रहरू सञ्चालन हुँदै आएका छन् । हाल यो व्यवसाय गर्नेहरूको सङ्ख्या करिब ३० रहेको छ ।

७. **चिया प्रशोसन केन्द्र स्थापना**

विद्युत् उपलब्धताकै कारण चन्दनपुर, गोटिखेल र इकुडोलमा हाल चिया प्रशोधन केन्द्रहरू स्थापना भई चिया खेतीकोसमेत व्यावसायिक विकास हुन सकेको छ ।

८. **ई-सेवाको उपलब्धता**

विद्युत् आपूर्तिकै कारण यस क्षेत्रमा बैङ्कहरूले ई-सेवा सञ्चालन गर्ने सक्ने अवस्थामा पुगेका छन् ।

९. **टेलिफोन टावर**

विद्युत् आपूर्तिकै कारण यस क्षेत्रमा करिब दर्जनभन्दा बढी टेलिफोन टावर स्थापित भई मोबाइल सेवा सर्वसुलभ हुन सकेको छ ।

१०. **बिजुली घट्ट स्थापना**

विद्युत् आपूर्तिकै कारण यस क्षेत्रका प्रायः बस्तीमा बिजुली घट्टहरू सञ्चालन हुन थालेका छन् ।

११. **लिफ्टिङ प्रविधिको विकास**

विद्युत् आपूर्तिकै कारण यस मैरे, सातकन्या, सिरुडाँडा, खावा, दलचोकी, टोडकेलगायतका स्थानमा लिफ्टिङ प्रविधिद्वारा पिउने पानी उपलब्ध गराउने अवस्था बनेको छ ।

यसरी उपर्युक्त तथ्याङ्क र वस्तुस्थितिलाई हेर्दा दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारीले सुरु गरेको विद्युतीकरण अभियानले स्थानीयले नयाँ युगको अनुभूति गर्न पाएका छन् । तथापि बिजुली नपुगेका बस्तीमा पनि बिजुली पुऱ्याउने र सेवालाई अझै गुणस्तरीय बनाउँदै जाने कार्य गर्नु यस सहकारीको अबको कार्यभार बन्न पुगेको छ ।

(लेखक अगुवा समाजिक अभियान्ता हुन् ।)

बन्जारा स्टोर्स्

महाङ्काल गाउँपालिका–५, चन्दनपुर, ललितपुर ।

प्रोप्राइटरः
हेमनारायण बञ्जारा
मो.नं. ९८५१०००७५७

प्रोप्राइटरः
शरण बञ्जारा
मो.नं. ९८५१०२८८५८

सम्पूर्ण खाद्यान्न, किराना, स्टेशनरी, हार्डवेयरका सामग्रीहरु थोक, खुद्रा, विक्री तथा डेलीभरी गरिन्छ । यहाँ दुग्ध व्यवसाय एवं गुणस्तरीय खुवा उत्पादन तथा विक्री गरिन्छ ।

दक्षिण ललितपुरको दुग्ध व्यवसाय र सामुदायिक विद्युतीकरण

si0fdfg nfdf

पृष्ठभूमि

दक्षिण ललितपुर भन्नाले ललितपुर जिल्लाको दक्षिणी भाग जहाँ साविकका १९ गाविस र हालको संघीय संरचनाअनुसार बाग्मती, कोन्ज्योसोम र महाङ्काल गाउँपालिकाका १८ वटा वडा तथा गोदावरी नगरपालिकको १ वडासमेत पर्दछ। यस क्षेत्रमा ४५,००० बढी जनसङ्ख्या छ भने ८५०० घरधुरी छ। यहाँका अधिकांश मानिसको प्रमुख पेसा कृषि तथा पशुपालन नै हो। यस जिल्लामा जम्मा ५४ वटा दुग्ध सहकारी संस्था रहेका छन् भने १५ वटा बढी दुग्ध सङ्कलन गर्ने निजी डेरी रहेका छन्। यस जिल्लामा ९०% भन्दा बढी भैंसीको दूध मात्र उत्पादन हुन्छ। यहाँका गाउँबाट दैनिक रूपमा ४०००० लिटर बढी दूध उत्पादन हुँदै आएको छ भने त्यसमध्ये दुग्ध सहकारीमार्फत १०००० लिटर र अन्य दूध भने निजी तथा किसान आफैँले सहर ल्याई बिक्री गर्छन्। यहाँका किसानले मासिक १ करोड बढीको दूध बिक्री गर्छन्।

विद्युतीकरण

दक्षिण ललितपुरका अधिकांश गाउँमा २०५४ सालसम्म ससाना घट्ट विद्युत्बाहेक अन्य केही थिएन। तत्कालीन निर्वाचित जनप्रतिनिधिको सक्रियतामा केन्द्रीय प्रसारण लाइनबाट विद्युतीकरण गर्न अभियानका रूपमा सञ्चालन गर्नका लागि तत्कालीन समयमा राजनीतिक दल, जनप्रतिनिधि, नेपाल सरकार, कर्मचारी प्रशासन, विद्युत् प्राधिकरणको सक्रियतासँगै वकालत र लबिङ गर्ने कार्य भयो। जसको परिणामस्वरूप दक्षिण ललितपुर विद्युतीकरण अभियान समिति निर्माण गरियो। जसको संस्थापक सदस्यमध्ये लेखक पनि एक थियो। जसका माध्यमले निरन्तरको प्रयासबाट तत्कालीन प्रशासक, राजनीतिक दल र उच्च पदस्थ कर्मचारीको सुझावअनुरूप त्यस अभियान समितिलाई सहकारी संस्थाका रूपमा दर्ता गरेर सामुदायिक विद्युतीकरणका लागि नेपालमै पहिलो पटक सहकारीमार्फत गर्ने गरी कार्य प्रारम्भ गरियो।

विद्युत् र किसानबीच अन्तरसम्बन्ध

दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्थामार्फत दक्षिण ललितपुरका गाउँबस्तीमा केन्द्रीय प्रशारण लाइनको विद्युतीकरणको सुरुवात भएसँगै त्यसभन्दा अघि आफ्नै गाउँका घट्ट र खोल्सामा स्थापित ससाना माइक्रो हाइड्रोबाट उत्पादित बिजुली किसानको दैनिक जीवनसँग त्यति मेल खान सकेन। फलस्वरूप केन्द्रीय प्रसारण लाइन जडान गरी विद्युत्लाई व्यावसायिकता दिन लागेपछि परम्परागत रूपमा कृषि तथा पशुपालन गर्दै आएका किसानले व्यवसायीकरण अभियान सुरु

गरे । किसान आफैँ प्रविधिसँग गाँसिन पुगे । जसका लागि जिल्ला दुग्ध उत्पादक सहकारी संघले विभिन्न संघ, संस्था, तत्कालीन जिविस, पशु सेवा कार्यालय, पशु विभागलगायत अन्य गैरसरकारी संघसंस्थाको समेत सहयोगमा किसानका लागि गोठ सुधार, नश्ल सुधार, घाँस कुट्न्याउने मेसिन तालिम अवलोकन भ्रमणका माध्यमले पशुपालनलाई व्यवसायीकरण गराउने कार्य प्रारम्भ भयो । जसमा प्रविधिक प्रयोगका लागि प्रत्यक्ष रूपमा विद्युतीय शक्तिमार्फत किसानलाई आफूसँग रहेको घाँस परालबाट हिजोसम्म १/२ वटा भैँसी पालिएकामा ५/७ वटा भैँसी पालन गरी रोजगारका अवसर सिर्जना भयो । जसको परिमाणस्वरूप दक्षिण ललितपुरमा किसानले पशुपालनलाई व्यावसायिक, मर्यादित एवम् रोजगारीका अवसरका रूपमा प्रयोग गरिरहेको छ ।

किसान जिल्ला संघ र विद्युतीकरण

दक्षिण ललितपुरका किसानले विद्युतीकरणमार्फत प्रविधिको हस्तान्तरणसँगै आफूले उत्पादन गरेको दूधलाई सहकारी संस्थामार्फत जिल्ला संघलाई बिक्री गर्दै आइरहेका छन् । जिल्ला संघले पनि गाउँगाउँमा चिस्यान केन्द्र स्थापना गरी गुणस्तरयुक्त दूधलाई बजारसम्म ल्याई किसानलाई उचित मूल्य दिँदै घरमै आर्थिक हर-हिसाब दिँदै आएको छ भने गाउँगाउँसम्म दुध चिस्यान केन्द्र र दुधको फ्याट तथा मूल्यलाई पारदर्शी बनाउन फ्याट मापन केन्द्र (milk analyzer) प्रयोग विद्युतीकरणकै कारण सम्भव भएको छ । ११ वटा बढी चिस्यान केन्द्रहरू सञ्चालन भई दूध चिस्याएर बजार पुऱ्याउँदा दूधको गुणस्तर कायम रहनुका साथै गर्मी समयमा दैनिक हजारौँ लिटर दूध जम्ने समस्याबाट मुक्त भई यस व्यवसायमा सहजता भएको छ । घरघरमा चेफ-कटर मेसिन प्रयोगले पशुपालन व्यवसायमा सहजता आएको छ भने गाउँमा खुवा व्यवसाय सञ्चालन गर्नसमेत सहजता भएको छ ।

समस्या र चुनौतीहरू

हाल दक्षिण ललितपुर ग्रामीण विद्युतीकरणमार्फत समुदायमा वितरण गरिएको सेवा प्रवाहलाई सन्तोषजनक रूपमा लिइए पनि निम्न विषयको व्यवस्थापन गर्नु जरुरी छ :

- प्रसारण लाइनहरूको नियमित अनुगमन एवम् मर्मत सम्भार,
- वितरण लाइनको तार सानो साइजको भएकाले भोल्टेजको समस्या व्यवस्थापन,
- ट्रान्सफर्मरको भारवहन क्षमताअनुसारको मिलान,
- प्राविधिक हिसाबले यहाँको बस्तीहरूमा न्यूनतम भोल्ट र कहिले बढी त कहिले घटी हुने अवस्थाको व्यवस्थापन,
- टाढाटाढाका बस्तीसम्म लाइन पुऱ्याउन आर्थिक रूपले सक्षम हुनुपर्ने,

अवसरहरू

हाल प्रसारण भइरहेको केन्द्रीय विद्युत् लाइन भएकाले किसानहरूलाई आधुनिक प्रविधिको भरपुर उपयोग गरी आफ्नै गाउँमै अधिकतम रूपमा आफ्नो सिप र मिहिनेतमार्फत पशुपालन व्यवसायलाई व्यवसायीकरण गर्दै समाजमा रहेको गरिबी र पछौटेपन न्यूनीकरण सकिन्छ । यसमार्फत पशुपालन एवम् कृषि पेसालाई मर्यादित एवंसम्मानित बनाउन सकिन्छ । त्यस्तै, गाउँबाट सहरतर्फ र सहरबाट विदेशतिर हुने पलायनलाई रोकी रोजगारी सिर्जना गरेर राष्ट्रिय अभियानमासमेत सहभागी गराउन सकिन्छ ।

अन्त्यमा दक्षिण ललितपुर ग्रामीण विद्युतीकरणका माध्यमले दक्षिण ललितपुरमा छरिएर रहेका बस्ती एवम् पाखापखेरुमा बसोवास गर्ने किसानलाई आधुनिक प्रविधिको विकासमा सहभागी गराउँदै कृषि र पशुपालनलाईसम्मानित एवम् मर्यादित पेसाका रूपमा विकास गराउँदै रोजगारी सिर्जना गरी आर्थिक पछौटेपन एवम् गरिबी निवारणमासमेत अहं भूमिका खेलेको छ। अतः एउटा विद्युतीकरणको माध्यमले समाजलाई विकासको बाटोमा हिँडाउन सक्षम यस अभियानको अभियन्ताहरूप्रतिसम्मान प्रकट गर्दै चुनौती व्यवस्थित ढङ्गले समाधान गर्दै अगाडि बढेमा भोलिका दिनमा दक्षिण ललितपुरका गाउँ बस्तीमा आत्मसम्मानसाथ आत्मनिर्भर भई एउटा नमुनाका रूपमा आफूलाई उभ्याउन सफल हुनेछ भन्ने अपेक्षा गर्न सकिन्छ। जसका लगि अभियानदेखि वर्तमानसम्मका नेतृत्वदायी भूमिका निर्वाह गर्ने अभियन्ताहरू, सहकारीकर्मीहरू, राजनीतिक दल, स्थानीय निकायहरू, नेपाल सरकार, कर्मचारी प्रशासन, विद्युत् प्राधिकरण एवम् अन्य सरोकारवालाहरूप्रतिसमेत नमन गर्न चाहन्छु।

(लेखक ललितपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हुन्।)

यस दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.को सामुदायिक विद्युत् पाँचौ शृङ्खला प्रकाशन भएको र दक्षिण ललितपुरका ग्रामीण समुदायमा विद्युतीकरण तथा उद्यमशीलता विकासमा योगदान पुऱ्याएकोमा सहकारी संस्थाको उत्तरोत्तरप्रगतिको कामना गरिन्छ ।

श्री खोम प्रसाद गौतम
वडा अध्यक्ष
महाङ्काल गाउँपालिका–१, बुखेल
मो.नं : ९८६०३८१६६१

श्री सञ्चमान स्याङतान
वडा अध्यक्ष
महाङ्काल गाउँपालिका–२, मानिखेल
मो. नं.: ९८६१६१५४५७

श्री गंगाराम तिमल्सिना
वडा अध्यक्ष
महाङ्काल गाउँपालिका–३, गोटिखेल
मो.नं : ९८४१०२९०४२

श्री शान्त प्रसाद गौतम
वडा अध्यक्ष
महाङ्काल गाउँपालिका–४, कालेश्वर
मो.नं. :९८५१२२९२१८

श्री खोम प्रसाद दहाल
वडा अध्यक्ष
महाङ्काल गाउँपालिका–५, चन्दनपुर
मो.नं. : ९८५११०६५८१

श्री रामकृष्ण आचार्य
वडा अध्यक्ष
महाङ्काल गाउँपालिका–६, ठूलादुर्लुङ
मो.नं. : ९८६२७९७२९०

कफी व्यवसायमा विद्युत्

cfdgfy clwsf/L

कफी पेय पदार्थहरूमध्ये एक सम्मानित नरम पेय पदार्थ हो । विश्वबजारमा पेट्रोलियम पदार्थपछि बढी बिक्री हुने वस्तुमा कफी पर्दछ। कफीमा उत्तेजना र स्फूर्ति बढाउने क्याफिन (Caffime) पाइन्छ। जसले शारीरिक र मानसिक थकान मेटाइ जाँगरिलो बनाउँछ । कफी इथोपियाको कफ्फा भन्ने जङ्गलमा उत्पत्ति भएको भनिएको छ र यसलाई काल्दी नाम गरेको बाख्रा गोठालाले पत्ता लगाएको कथा विश्वमा फैलिएको छ ।

नेपालमा भने वि. सं. १९९५ सालमा गुल्मीका हीरा गिरीले बर्माबाट ल्याई कफी खेती सुरुवात गरेको इतिहास छ भने व्यावसायिक रूपमा २०३२/३३ बाट गुल्मी, पाल्पा हुँदै अन्य जिल्लामा पनि सुरु भएको पाइन्छ ।

ललितपुर जिल्लामा कफी खेतीको सुरुवात सामुदायिक स्वास्थ्य विकास कार्यक्रमले भूक्षय रोकथामका लागि २०३८/०३९ सालबाट कफीको बिरुवा रोपण सुरुवात गरेबाट भएको हो भने यसको संस्थागत विकासको सुरुवात २०५५/०५६ सालबाट जिल्ला कफी व्यवसायी संघ ललितपुरको स्थापना गरी व्यावसायिक कफी खेती हुँदै आएको छ । ललितपुरका चन्दनपुर, ठूलादुर्लुङ, गिम्दी, आश्राङ, प्युटारमा व्यावसायिक रूपमा कफी खेती भएको छ भने माल्टा, भट्टेडाँडा, इकुडोल र बुखेलका केही क्षेत्रमा फाट्टफुट्ट कफी खेती भएको पाइन्छ। ललितपुरमा उत्पादन भएको कफीले हाल विश्वबजारमा राम्रै चर्चा पाएको छ। यहाँबाट निर्यात हुने प्राङ्गरिक (Organic) कफी जर्मनमा Lalitpur Coffee को नामले बिक्री भएको छ। जुन ललितपुरवासी तथा सम्पूर्ण नेपालीका लागि गौरवको कुरा पनि हो ।

ललितपुरमा उत्पादित कफी बिक्री हुने तर समयमा व्यापारीहरूबाट पैसा भुक्तानी नभई कफी कृषकहरू मर्कामा पर्न थालेपछि २०६२ सालमा कफीका अगुवा किसानहरूबाट कफी उत्पादक सहकारीहरू दर्ता गरी सहकारीमार्फत् सङ्कलन तथा बिक्रीको व्यवस्था मिलाएपछि कफी उत्पादक किसानहरू उत्साहित भएका छन् ।

कफी प्रशोधन एक जटिल प्रक्रिया पनि हो । यसको प्रशोधनमा धेरै समय लाग्छ । सुरुमा काठका पल्पिङ गर्दा दिउला फुट्ने र बोक्रा बढी निस्कने हुँदा केलाउन समस्या भएको र पछि फलामे डमपल्परहरू निस्किएपछि मानिसले हातलै घुमाएर पेल्नुपर्दा १०० केजी कफी पल्पिङ गर्न ५/६ घण्टा लाग्थ्यो ।

जब दक्षिण ललिपुर ग्रामीण विद्युत् सहकारी संस्थाको स्थापना भएर गाउँगाउँमा विद्युतीकरणको तीव्रतासँगै कफी प्रशोधनमा पनि सहजता आएको छ । विगतमा झैँ हातले चलाएर प्रशोधन

गर्नुपर्ने कफी पल्परहरू विद्युतीय यन्त्रहरूबाट सञ्चालन गर्न लागेपछि समयको बचतका साथै कफी प्रशोधनमा लाग्ने श्रम र खर्चमा पनि कमी भई कफी बिक्रीबाट किसानहरूले कफीको मूल्य पनि बढी प्राप्त गरिरहेका छन् । हाल ललितपुरका विभिन्न प्रारम्भिक सहकारीको पल्पिङ केन्द्रहरूमा २० बढी ठाउँमा विद्युत्बाट सञ्चालन हुने पल्पर मेसिनहरू छन् ।

दक्षिण ललितपुरमा कफी र विद्युत् दुवै सहकारीको माध्यमबाट सञ्चालनमा आएका छन्, जुन नेपालमा एउटा नमुनाका रूपमा दुवैले पहिचान बनाएका छन् ।

कफी किसानहरू सहकारीमा कफी बिक्री गर्छन् र त्यसबापत प्राप्त हुने नाफा किसानसम्म पुग्छ भने विद्युत् पनि समुदायमा आधारित भएको हुँदा यसको नाफा पनि ग्राहक वर्गमा पुग्ने हुँदा उपभोक्ताहरू पनि विद्युत् उपयोगमा लागिपरेका छन् । विद्युतीकरणपछि ग्रामीण भेगका जनताको आयमा वृद्धि, रोजगार सिर्जना, समयमो बचत तथा टेलिभिजन र इन्टरनेटको माध्यमबाट देश विदेशका खबरबाट पनि हासिल गर्छन् ।

(लेखक संस्थाका सञ्चालक सदस्य र कफि संघका राष्ट्रिय अध्यक्ष पनि हुन् ।)

यस दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.को सामुदायिक विद्युत् पाँचौ शृङ्खला प्रकाशन भएको र दक्षिण ललितपुरका ग्रामीण समुदायमा विद्युतीकरण तथा उद्यमशीलता विकासमा योगदान पुऱ्याएकोमा सहकारी संस्थाको उत्तरोत्तरप्रगतिको कामना गरिन्छ ।

श्री कालीदेवी तेल मिल
द्रोण प्रसाद दहाल
कालेश्वर, मो.९८४०९३९३३५

प्रोपाइटर : वविता घिमिरे
मो.नं :९८५११८२६८७
वाग्मती राईस मिल
वाग्मती गा.पा.–७, गिम्दी (खुर्मी)

श्री निस्सी वचत तथा ऋण हकारी संस्था लि.
कोन्ज्योसोम गा.पा.–५, भारदेउ
अध्यक्ष तथा सम्पूर्ण सहकारी परिवार
मो.९८५१२३०६९४

श्री बागेश्वरी फर्निचर उद्योग
इकुडोल,
हिदम दोर्जे भोम्जन
मो.९८०३०९९०६७/९८४०५२१७२९

विद्युत्ले रोकिए युवा !

si0f an

आजभन्दा एक दशकपहिले कर्णाली उपमाले चिनिने दक्षिण ललितपुरका प्युटार, आश्राङ, गिम्दी र ठूलादुर्लुङमा यातायात, खानेपानी, सञ्चार र बिजुलीलगायतका आधारभूत आवश्यकताको अभावमा स्थानीयले अत्यन्तै दुःख सहे । राजधानीसँगै जोडिएको जिल्ला भए पनि राज्यको पहुँच शून्य नै थियो ।

स्थानीय आफ्नो उत्पादन बजारसम्म पुऱ्याउन र आफूलाई अति आवश्यक पर्ने नुन, तेल, लत्ताकपडालगायतका सामान खरिद गर्न गोटिखेल, भट्टेडाँडा र चापागाउँ धाउन बाध्य थिए । बजारसम्म आवश्यक उपभोग्य वस्तु खरिदका लागि हिँड्नुपर्दा समय बर्बाद हुन्थ्यो भने बजार गएको मान्छे घर नआइपुग्दासम्म परिवारमा डर-चिन्ता हुन्थ्यो । यस क्षेत्रमा उद्योग व्यवसाय हुनु भनेको त धेरै परको विषय थियो । यहाँ त किसान आफैँले उत्पादन गरेको गेडागुडी, फलफूल, दूध, खुवा आदि बजारसम्म पुऱ्याउन अत्यन्तै कठीन थियो । अधिकांश युवा रोजगारीका लागि खाडी मुलुक धाउन थाले । मुहारमा खुसी छाउनुका साथै सुखी जीवन जिउने आसमा आफ्नो होनहार छोराछोरीलाई श्रम बजारमा बिक्री गर्न बाध्य थिए, स्थानीयहरू ।

अहिले युगले कोल्टे फेरेको छ । देशमा संघीयता कार्यान्वयनमा आएसँगै थोरै भए पनि विकासले फड्को मारेको छ । यहाँ यातायातको पहुँच पुगिसकेको छ । धेरैपटक डायल गरेर भए पनि सम्पर्क गर्न सकिने सञ्चारको सुविधा अधिकांशले प्राप्त गरेका छन् । यद्यपि हाल बाग्मती गाउँपालिका वडा-७ गिम्दीको साहुमारा भने यातायात र सञ्चार सेवाबाट अझै वञ्चित छ तर अधिकांशको घरघरमा खानेपानी पुगेको छ । उपस्वास्थ्य चौकीको स्तरोन्नति भई २४ घण्टे प्रसूति सेवासमेत सञ्चालित छ । २०५९/०६०देखि अस्तव्यस्त बिजुलीका खम्बामा दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारीको पहलमा विद्युत् प्रवाह गर्न सफल भएपछि उज्यालोको साथसाथै सूचना र प्रविधिको क्षेत्रमा त अग्रगामी छलाङ मारेको छ । ललितपुरका करिब ६०देखि ८० प्रतिशतको हाराहारीमा घरको छानोमा राखिएको डिस होमका प्यानल र कोठा कोठामा बजिरहने टेलिभिजनले वर्तमान अवस्थाको सङ्केत गर्छ ।

यातायातको सञ्जालले २०७०/७१ तिरै दक्षिण ललितपुरलाई पुरै रिङ बनाइसकेको भए पनि यहाँ उद्योग विकास हुन सकिरहेको थिएन । गाउँघर उजाडिएको जङ्गलजस्तै फुस्रिएको थियो त्यसैले युवाशक्तिलाई गाउँघरमा अड्याउन मुस्किल भयो ।

तर आज दक्षिण ललितपुरले कोल्टे फेरेसँगै विकास र प्रविधिले मलम लगाई पीडादायी विगतलाई बिस्तारै बिस्तारै इतिहासमा सीमित गर्न खोजिरहेको छ । धेरै युवा परिवारसँगै बसेर गाउँमै उद्यमी

बन्ने होडमा छन् । बाग्मती गाउँपालिका वडा-७ का चोमराज तिमल्सिना तीन वर्ष मलेसिया बसेर फर्किए । उनी फेरि दुवै या कतार जाने मनस्थितिमा थिए तर घर आइपुगेपछि उनको मन मोडियो । कारण थियो, उनको घरमा जडित केन्द्रीय प्रसारण लाइनको विद्युत् । उनले विदेशबाट ल्याएको ४० इन्चको ीभ्म त्ख मज्जाले घरमै चल्यो र उनको हातमा रहेको स्मार्ट फोन पनि । उनी दङ्ग परे । दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारीलाई मनमनै धन्यवाद मात्र दिएनन्, गाउँमै बसेर व्यवसाय चलाउने मनस्थिति पनि बनाए । फोटो स्टुडियो राखेर अहिले उनी मासिक २०/२५ हजार कमाउँछन् त्यसैले त दङ्ग छन्, उनका बाआमा पनि । त्यस्तै वेदमाय तिमल्सिनाले भूकम्पपश्चात्को पुनर्स्थापना कार्यक्रमअन्तर्गत सेसी नेपालको सहगोगमार्फत ललितपुर दुग्ध संघ लि.ले वितरण गरेको घाँस टुक्राउने च्याप कटर मेसिन एक वर्ष बिजुली बत्ती नहुँदा त्यसै थन्काएर राखेका थिए । श्रीमान् पनि विदेश जाने सुरसार हुँदै थियो । धेरै वर्षदेखि रोकिएको विद्युत् लाइन प्रसारणका काम सुचारु भई घरमा विद्युत् जोडेपछि उनको स्टोर गरेर राखेको मेसिन चल्ने भएपछि सोच बदलियो र पहिलेको दुईवटामा अर्का दुई दुहुना भैंसी थपी घरमै दुग्ध व्यवसाय सुरु गरे अहिले मासिक २५/३० हजार घरमै बसेर कमाई हुँदा उनि पनि दङ्ग छन् । खुसियाली छाएको छ । यी त प्रतिनिधि पात्र मात्र हुन्, केन्द्रीय विद्युतीकरणपश्चात् दक्षिण ललितपुरका गाउँमा धेरै उद्यम सञ्चालनमा ल्याएका छन् स्थानीय युवाले । गाउँमा बिस्तारै चहलपहल बढ्नुका साथै नयाँनयाँ उद्यमको विकासतर्फ लम्किरहेको छ दक्षिण ललितपुर ।

विकासको न्यूनतम पूर्वधारबाटै वञ्चिते दक्षिण ललितपुरमा सडक सञ्जाल पुगेपछि यहाँका आममानिसमा नयाँ आशा पलाउनुका साथै युवावर्ग गाउँमा बसेर केही गर्नुपर्छ भन्ने भावना जागृत भइरहेको बेला दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारीले केन्द्रीय विद्युतीकरणको कार्यलाई तीव्रतासाथ अघि बढाएपश्चात् भने गाउँगाउँमा लुघु उद्यमहरू विकास भइरहेको छ । हाल आएर यो संस्था युवाहरूलाई आफ्नै गाउँबस्तीमा उद्यमीका रूपमा स्थापित गराई युवा पलायन हुनबाट रोक्ने कडी नै साबित हुन पुगेको छ ।

रुपेश तिमल्सिना
मो.नं.९८५१०४६८७८

तिमल्सिना खाद्य तथा किराना स्टोर

गोदावरी न.पा.-१०, टाहाखेल, चापागाउँ

साथै यहाँ खाद्य, किराना, किचेन सामन, तरकारी तथा फलफुल सुपथ मूल्यमा पाईन्छ ।

अध्ययन अवलोकन भ्रमण

sfzLgfy ;fksf6f

दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्थाबाट मिति २०७५ वैशाख १८ देखि वैशाख २१ गतेसम्म संस्थाका पदाधिकारी, संस्थाका प्रबन्धक, संस्थाका स्टोरकीपर, यस संस्थाको कार्यक्षेत्रभित्रका ३ गाउँपालिकाका अध्यक्ष, गाउँपालिकाको सिफारिसबाट थप ४ जना महिला प्रतिनिधि गरी जम्मा २३ जनाको टोली सामुदायिक विद्युत् सहकारी संस्था सञ्चालन भएका संस्थाहरूको अध्ययन भ्रमण गरियो ।

अध्ययन भ्रमणको सिलसिलामा फरकफरक मोडेलहरूबाट सुरु भएका संस्थाहरूको अवलोकन गर्ने क्रममा पहिलो दिन हाम्रो टोली खिम्ती ग्रामीण विद्युत् सहकारी संस्था लि.को सञ्चालनको सम्बन्धमा त्यस संस्थाका अध्यक्ष तथा सञ्चालक साथिहरूसँग बसी विद्युत् सेवा सञ्चालनमा आइपर्ने समस्या, अवसर र चुनौतीका बारेमा छलफल गरियो । सामुदायिक विद्युत् सञ्चालनका क्रममा आइपर्ने समस्याहरू, समाधानका प्रयासहरू, स्थानीय समुदाय, स्थानीय तह, नेपाल विद्युत् प्राधिकरणसँगको अन्तर्सम्बन्धको बारेमा छलफल भयो । छलफलको कार्यक्रमपश्चात् यस संस्थाका अध्यक्ष श्री गोबिन्दप्रसाद बजगाँईबाट त्यस खिम्ती ग्रामीण विद्युत् सहकारी संस्थाका अध्यक्ष नारायणध्वज खड्कालाई मायाको चिनो दिने काम भयो । त्यस पछि त्यहाँका सञ्चालक र हामीले संयुक्त रूपमा खिम्ती हाइड्रोपावर अवलोकन गर्ने काम भयो ।

दोस्रो दिनमा हामी मोरङ जिल्लाको सुन्दर हरैँचा नगरपालिका अन्तर्गत रहेको मोरङ सामुदायिक विद्युत् सहकारी संस्था लि.को अध्यक्षलगायत संस्थाका पदाधिकारीहरू र हाम्रो टिम बसी हाम्रो संस्था र त्यस संस्थाको गतिविधि दुवै संस्थाका अध्यक्षज्यूहरूले जानकारी गराउनु भयो । त्यो संस्था सुरुमा नेपाल विद्युत् प्राधिकरणबाट विद्युतीकरण गरी विद्युत् सेवा सुरु गरेको क्षेत्र सामुदायिक संस्थालाई सञ्चालन गर्न हस्तान्तरण गरेको क्षेत्रमा सेवा सञ्चालन गरिएको संस्था रहेछ । संस्थाको प्रकृतिको हिसाबले पनि हाम्रो संस्थाभन्दा फरक प्रकृतिको हुने नै भयो । दुई संस्थाको अनुभव आदानप्रदान गर्ने, साझा समस्याहरूका बारेमा छलफल गरियो । त्यस संस्थाको न्यानो आतिथ्यतालाई धन्यवाद दिँदै हाम्रो संस्थाका अध्यक्षज्यूबाट त्यहाँका अध्यक्षज्यूलाई मायाको चिनो दिने काम भयो ।

ललितपुर जिल्ला पनि हाल आएर चिया खेतीको सुरुवाती र सिकाइको अवस्थामा रहेकोले सबै साथीहरूबाट इलामको चिया वगान, चिया प्रशोधन र त्यसमा विद्युत्को प्रयोगबारे अवलोकन गर्न हाम्रो यात्रा इलाम जिल्लाको चिया वगान भएको ठाउँतिर अगाडि बढ्यो । त्यस ठाउँको चिया वगानको अवलोकनपछि इलाम जिल्लाकै सदरमुकामको एक होटलमा बास बस्ने क्रममा बेलुका भ्रमण टोलीका हामी सबै बसी हाम्रो दुई दिनको सामुदायिक विद्युत् सहकारी संस्थाको अवलोकन,

छलफल र अन्तर्क्रियाबाट सिकेका कुराहरू, हाम्रो संस्था, गाउँपालिका र स्थानीय निकायसँग समन्वयका बारेमा व्यापक छलफल भयो । भावी दिनमा यस संस्थालाई स्थानीय तहबाट निरन्तर रूपमा सहयोग भइरहने प्रतिवद्धतासहित हाम्रो छलफल सकियो ।

तेस्रो दिन हामी आ-आफ्नै खर्चबाट हाम्रो छिमेकी देश भारतको दार्जिलिङतिर अगाडि बढ्ने सल्लाह भएबमोजिम विहान इलामका सुन्दर वगानहरूलाई विदा गर्दै पशुपति नगरबाट दार्जिलिङतर्फ लागियो । भौगोलिक रूपमा हाम्रो देशको विकट जिल्लाभन्दा पनि विकट दार्जीलिङको चिया खेती र अग्रगति देखेर हामी असाध्यै प्रभावित भयौँ । त्यहाँको विकास हेर्दा हाम्रो इच्छाशक्ति भए त्यहाँ भन्दा राम्रो चिया, कफी र पर्यटकीय स्थलहरूको निर्माण गरी हाम्रो देशको हरेक ग्रामीण भेगमा बसोबास गर्ने जनताहरू आर्थिक, सामाजिक रूपमा धेरै सबल हुन सक्ने कुरा दार्जीलिङको अवलोकनबाट सिक्ने अवसर पाइयो । यसरी हाम्रो चार दिनको भ्रमण समाप्त भयो ।

अवलोकन भ्रमणका सिकाइहरू

खिम्ती ग्रामीण विद्युत् सहकारी संस्था लि., मोरङ सामुदायिक विद्युत् सहकारी र हाम्रो यस दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था फरक-फरक प्रकृतिका संस्थाहरू हुन् । खिम्ती ग्रामीण विद्युत् सहकारी संस्थालाई सुरुमा हिमाल हाइड्रोपावर कम्पनीले ४०० किलोवाट विद्युत् उत्पादन गरी सहकारी निर्माण गरी आवश्यक भौतिक पूर्वाधारसमेत निर्माण गरी संस्थालाई जिम्मा दिइएको पाइयो । हाल उक्त संस्थामा ८५९७ घरधुरीमा विद्युतीकरण भइसकेको, ९४ वटा ट्रान्सफरमर सञ्चालन भएको पाइयो । संस्थाको नियमअनुसार सञ्चालक समितिमा कार्यक्षेत्र भित्रकै विद्युत् ग्राहक हुनुपर्ने व्यवस्था भएको पाइयो । हाल त्यस संस्थाको आफ्नै आम्दानी र स्थानीय तहको समन्वयमा झाँक्रे पावर प्लाण्ट दोस्रो जलविद्युत् आयोजना निर्माणाधीन अवस्थामा रहेको जानकारी पाइयो ।

मोरङ सामुदायिक विद्युत् सहकारी संस्थालाई नेपाल विद्युत् प्राधिकरणबाट सुरुमा १६०० जना ग्राहकसहित समुदायलाई ग्राहक सेवा सञ्चालन गर्न दिइएको पाइयो । मोरङ सामुदायिक संस्थाले हाल ८००० भन्दा बढी ग्राहक सेवा पुऱ्याएको र कार्यक्षेत्रभित्र २८ वटा ट्रान्सफरमरहरू सञ्चालनमा ल्याइएको पाइयो । त्यहाँका अध्यक्ष श्री प्रेमकुमार राईको भनाइअनुसार नेपाल विद्युत् प्राधिकरणबाट खासै सहयोग नपाएको र ट्रान्सफरमर मर्मत गर्नका लागि पनि हेटौँडासम्म लैजानुपर्ने चुनौती भएको कुरा बताउनुभयो । त्यस क्षेत्रमा भौगोलिक रूपमा समथर ठाउँ भएर पनि अझैसम्म पनि विद्युत् विस्तार गर्न बाँकी रहेको कुरा अवगत गराउनुभयो । यो संस्था सहर र सहरउन्मुख बस्तीहरूमा विद्युत् सेवा सञ्चालन गरेकाले विद्युत् बिक्री राम्रै रहेको पाइयो । यसरी हेर्दा ती दुईवटा संस्था र हाम्रो संस्था फरक प्रकृतिबाट सुरु भएको पाइयो । किनकि यस संस्था दक्षिण ललितपुरका ग्रामीण भेगका साविकका १९ वटा गाविसहरूमा तत्कालीन गाविस, जिविसबाट स्रोत जुटाई समुदायको तर्फबाट ५० प्रतिशत र सरकारबाट ५० प्रतिशतको लगानी गर्दै क्रमशः समुदायबाट २० प्रतिशत र १० प्रतिशतको र सरकारबाट ८० प्रतिशत र ९० प्रतिशतको सहभागितामा विद्युत् संरचना निर्माण गरी त्यस संरचनामार्फत् विद्युत् सेवा सञ्चालन गर्दै आएको अवस्था छ । हाल यस संस्थाले ६ हजार भन्दा बढी घर परिवारमा विद्युत् सेवा विस्तार गरिसकेको छ । हाल १९ वटै वडामा विद्युत् विस्तार भएको र बाँकी सबै उपभोक्ताको घरघरमा विद्युत् सेवा सञ्चालनको लागि यो आर्थिक वर्षमा करिब ११ करोड बराबरको कार्यक्रम सुरु भइसकेकोले आगामी दुई वर्षभित्र सबैको घरघरमा बत्ती बाल्ने अठोटका साथ निरन्तर यस संस्था अगाडि बढिरहेको छ ।

यस अध्ययन अवलोकन भ्रमणको क्रममा फरकफरक प्रकृतिबाट सुरु भएका संस्थाहरू बीचको छलफलबाट देखिएका साझा समस्याहरू यस प्रकार रहेका छन् :-

- ग्रामीण तथा भौगोलिक विकटता,
- साधन स्रोतको कमी,
- सामुदायिक विद्युत् विनियमावली सामुदायिक मैत्री नहुनु,
- नेपाल विद्युत् प्राधिकरणबाट सामुदायिक संस्थाहरूको कामलाई प्राथमिकता नदिनु,
- समयमा ट्रान्सफरमर मर्मत र इनर्जी मिटर नपाउनु,
- विद्युत् महशुल दर समुदायमैत्री नहुनु,
- विद्युत् सहकारीलाई कर छुट नहुनु ।

(लेखक संस्थाका सञ्चालक हुन् ।)

हार्दिक शुभकामना

दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि.को **सामुदायिक विद्युत्** पाँचौं शृङ्खला प्रकाशन भएको र दक्षिण ललितपुरका ग्रामीण समुदायमा विद्युतीकरण तथा उद्यमशीलता विकासमा योगदान पुऱ्याएकोमा सहकारी संस्थाको उत्तरोत्तर प्रगतिको कामना गरिन्छ ।

श्री सन्तलाल लामा
अध्यक्ष, कोन्ज्योसोम–१, चौघरे
तथा
कोन्ज्योसोम–१, परिवार

सामुदायिक विद्युतीकरणमा काभ्रेको विद्यमान अवस्था

;fsldfg tfdfª

२०६० सालबाट सरकारले राष्ट्रिय प्रसारण लाइनअन्तर्गतको विद्यमान वा नयाँ विद्युत् संरचनाबाट जनसहभागिताका आधारमा सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रम सुरु गरेको हो । सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रममा जनताको उल्लेखनीय सहभागितादेखिएपछि नेपाल सरकारले यस कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सामुदायिक ग्रामीण विद्युतीकरण विभाग स्थापना गरी २०६० सालमा सामुदायिक ग्रामीण विद्युतीकरण विनियमावली स्वीकृत भएपछि आ.व. २०६०/०६१ को बजेट वक्तव्यमार्फत् २०/८० को कार्यक्रम घोषणा गरी बजेट विनियोजन गरेपछि देशभर सामुदायिक विद्युतीकरण कार्यक्रम सञ्चालन गर्न सामुदायिक संस्थाहरूको गठन हुन थाल्यो । त्यसैअन्तर्गत २०६० सालदेखि आजको दिनसम्म आइपुग्दा काभ्रेपलाञ्चोक जिल्लामा पनि विद्युतीकरणका अवसरबाट वञ्चित ग्रामीण समुदायको आर्थिक तथा सामाजिक स्तर वृद्धि गर्न सहयोग हुन सक्ने पवित्र उद्देश्यले गठित यस जिल्लाका १४ वटा सामुदायिक विद्युत् उपभोक्ता संस्थामार्फत् जिल्लाका विभिन्न ग्रामीण बस्तीमा सामुदायिक विद्युतीकरण कार्यक्रम सञ्चालन भइरहेको छ भने केही सम्पन्नसमेत भएका छन् ।

जिल्लामा सामुदायिक विद्युतीकरणमार्फत् साविकका २३ वटा गाविसमा ग्रामीण विद्युतीकरण सञ्चालन भएको छ भने नयाँ संरचनाअनुसार हालको तेमाल गाउँपालिकाका सबै वडा, चौरीदेउराली गाउँपालिकाका वडा-१, २, ६, ७, ८ र ९, भुम्लो गाउँपालिकाका वडा-२, ४ र ५, रोशी गाउँपालिकाको वडा-५, ९, ११ र १२, पाँचखाल नगरपालिकाको वडा- ९, ११, १२ र नवबुद्ध नगरपालिकाको वडा-२ जसमध्ये रोशी गाउँपालिकाका वडा-११ र १२ भिमखोरीमा करिब १११७ घरपरिवारका लागि विद्युत् सेवा पुऱ्याउने कार्य निर्माणाधीन अवस्थामा छ भने माथि उल्लिखित वडाहरूमा १२०३३ घरपरिवारमा विद्युत् सेवा पुगेको अवस्था छ भने समुदायबाट २० प्रतिशत र १० प्रतिशत गरी करिब ७,६५,१३,१२३ नगद लगानी भएको ।

मुख्य उद्यमशील क्रियाकलापहरू

विद्युत् सेवा सञ्चालन भइसकेका १३ सामुदायिक विद्युत् उपभोक्ता संस्थामा ३७ जनालाई प्रत्यक्ष रोजगारी प्राप्त भएको छ भने विद्युत् सेवाको अलावा विद्यालयमा कम्प्युटर शिक्षा, ग्रामीण क्षेत्रमा कुटानी पिसानी मिलहरू, कुखुरापालन, सिलाइबुनाइ, दूध चिस्यान केन्द्रहरू, फर्निचरहरू र लिफटिङ, डिपवोरिङद्वारा खानेपानी र सिँचाइको व्यवस्था, टेलिकम ग्राहक जस्ता उद्यमशील व्यवसायीहरू सञ्चालनमा आएका छन् त्यसैले सामुदायिक विद्युत् संस्थाहरूले ग्रामीण तथा दुर्गम बस्तीमा विद्युतीकरण संरचना र विद्युत् पहुँच पुऱ्याउन मात्र सीमित नभई यस कार्यक्रमले आर्थिक, स्वास्थ्य,

शिक्षा, सूचना प्रविधिका पहुँच विस्तार तथा ग्रामीण बस्तीहरूको विकासमा महत्त्वपूर्ण सहयोग पुगेको छ।

सामुदायिक विद्युतीकरण कार्यक्रमले विद्युत्को दुरूपयोग र चुहावटमा न्यूनीकरण

सामुदायिक विद्युतीकरण कार्यक्रमले समुदायमा अपनत्वको विकास भएकोदेखिन्छ। समुदाय आफैँ योजना बनाउँछ, लगानी गर्छ, कार्यान्वयन गर्छ र नाफा नोक्सानको हिस्सेदार आफैँ बन्छ। समुदायका सबै सदस्यमा आफ्नो विद्युत्को संरक्षक म हूँ भन्ने सोच विकास भएको छ। सबै उपभोक्ता सदस्य यसका रक्षक र अपनत्व लिएका हुनाले विद्युत् चोरी र दुरूपयोग हुन पाउँदैन त्यसैले सामुदायिक विद्युत् उपभोक्ता संस्थाहरूको सेवा क्षेत्रमा हालको तथ्याङ्कअनुसार ८देखि १३ प्रतिशत मात्र विद्युत् चुहावट भएको पाइन्छ भने ने.वि.प्रा.को चुहावट ज्यादै र अस्वाभाविकदेखिन्छ।

समस्या तथा चुनौतीहरू

भनिन्छ, अवसरसँगै चुनौती र समस्याहरू आउँछन्। त्यस्तै जिल्लाका सामुदायिक विद्युत् संस्थाहरूले बेहोर्नुपर्ने चुनौती र समस्याहरू धेरै छन्।

सामुदायिक विद्युत् उपभोक्ता संस्थाहरू र नेपाल विद्युत् प्राधिकरणबीचको सम्बन्ध जोड्ने मुख्य कानुनी आधार भनेको सामुदायिक विद्युतीकरण विनियमावली नै हो। तर कतिपय अवस्थामा त्यही विनियमावली पालना गर्न ने.वि.प्रा. सकारात्मकदेखिएन भने ठेक्का सम्झौतामा भएको सर्त र प्रक्रिया गर्ने र गराउने कुरामा ने.वि.प्रा.का कमी कमजोरीका कारण अधिकांश ठेकेदारहरू संरचना निर्माणपछिको एकवर्षे मर्मत सम्भार गर्नुपर्ने कार्य एवम् १० वर्षे ग्यारेन्टी काठको पोल फेर्नुपर्ने जिम्मेवारीबाट उम्कन प्रयासरतदेखिएको छ। ठेकेदारहरूले कमजोर गुणस्तरका काठका पोल प्रयोग गर्नाले पोल भाँचिने समस्या अत्यधिक रहेको छ। ने.वि.प्रा.बाट वर्षौँसम्म गार्हस्थ्य मिटर उपलब्ध नगराउने, एच.टी. लाइन, ट्रान्सफर्मर मर्मत गर्ने कार्यमा ध्यान नदिने, उपभोक्ताको काममा असहयोग गर्ने र कतिपय सामुदायिक संस्थाहरूका प्रतिनिधिलाई निरुत्साहित बनाउने, अनुचित लाभ खोजी गर्ने जस्ता कामसमेत हुन पुगेको छ। तसर्थ सामुदायिक विद्युतीकरणमार्फत् ऊर्जामा पहुँच कार्यक्रमलाई दिगो, भरपर्दो र उपभोक्तामुखी बनाउन आगामी दिनमा अझै प्रभावकारी भूमिका निर्वाह गर्दै अगाडि बढाउनुपर्ने टड्कारो आवश्यकता रहेकोदेखिन्छ। यही आवश्यकतालाई पूरा गर्न र नयाँ चुनौतीको सामना गर्दै सामुदायिक विद्युतीकरणलाई मूल प्रवाहमा स्थापित गर्न सामुदायिक सदस्य संस्थाहरूको संस्थागत सुशासन, आर्थिक, प्राविधिक क्षमता विकासमा उच्च प्राथमिकता राख्दै सामुदायिक विद्युतीकरण कार्यक्रमलाई अझ प्रभावकारी ढङ्गले अगाडि बढाउन सहयोग पुग्ने अपेक्षाका साथ सामुदायिक विद्युत् उपभोक्ता जिल्ला महासंघसमेत स्थापना भएको छ।

सामुदायिक विद्युत् उपभोक्ता संस्थाहरूसँग चुनौती तथा समस्याहरू भए पनि त्यत्तिकै सम्भावना र अवसरहरू पनि रहेका छन्। हाम्रा प्रतिनिधिले संस्थाको प्रतिनिधित्व गरेका र हाम्रै दाजुभाइबाट प्राविधिक कार्य भएकाले विद्युत् चुहावटमा कमी, विद्युत् महसुल बुझाउन सदरमुकामसम्म धाउनु नपर्ने अवस्था सिर्जना भएको छ।

(लेखक सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघका केन्द्रीय सदस्य हुन्।)

सामुदायिक विद्युत्प्रति जनविश्वास

pBfuk|;fb ltdlN;gf
sfnLbjL df:lj:, dxf^sfn–!, avn

केही गर्छु भनी हिजो जसले जिम्मा लिए
आजसम्म उनीहरू गफमै हराइरहे
हामी आफैँ केही गरौँ भन्दै आफैँ आएर
जसले आज ग्रामीण भेगमा नयाँ दीप बाले ।

प्रतिस्पर्धा र सिर्जनाको दुनियाँ। जसलाई साकार पार्न प्रत्येक व्यक्तिले अन्धकारको कालो रातलाई चिरेर उज्यालो दीप बाल्दै जो अघि बढ्न सक्छ, अन्त्यमा उसैले विजय प्राप्त गर्छ। मानिसले हरेक सफलता प्राप्त गर्न जीवनमा कैयौँ सङ्घर्षका सिँढी पार गर्ने क्रममा आज संसारलाई दिनरात एकै बनाउने योजनाले सामुदायिक विद्युत्को जन्म भएको कुरालाई हामी कसैले नकार्न सक्दैनौँ ।

विगतलाई फर्केर हेर्ने हो भने पनि पहिलेका राजा महाराजाको जीवनकालदेखि नै जनता ठगिएका र लुटिएका थिए। आफ्नौ घरमुनिको खोलाबाट विद्युत् निकालिँदा पनि गरिब जनताका घरमा टुकी या दियालोको पिलपिले बत्ती बल्थ्यो भने ठूलाबडाको घरमा चारैतिर झिलिमिली दीपले सजाइन्थ्यो । त्यसैगरी पहिलेदेखि नै पिल्सिएका गरिब जनताहरू आजको वर्तमान समयलाई नियाल्ने हो भने पनि सरकारले कुनै ध्यान नदिँदा अधिकांश ठाउँमा विद्युत् चुहावटका साथै कतिपय ठाउँमा प्राधिकरणको केन्द्रीय लाइन पुग्न सकिरहेको छैन। यस्ता विविध समस्यालाई केलाउन नसक्दा कति घरधुरीलाई पुग्ने विद्युत् सित्तैमा खेर गइरहेको छ। अझै कति गाउँहरू मसानघाटझैँ सुनसान बनेको उदाहरण आज हाम्रासामु छ। यिनै विविध कुरालाई मध्यनजर गर्दै सामुदायिक विद्युत्ले विद्युत् प्राधिकरणसँग सहकार्य गर्दै आज सरकारको आधाआधी कामलाई सम्पन्न गरिदिएको छ। दिन प्रतिदिन सामुदायिक विद्युत्को भूमिका र महत्त्व बढ्दै गएको कुरालाई हामी प्रस्ट पार्न सक्छौँ। सरकारको मुख ताकेर हुँदैन, केही गर्नुपर्छ भन्ने हेतुले जनता बिस्तारै बिस्तारै सङ्गठित हुँदै विद्युतीकरणमा लागिपर्ने क्रममा जन्म भयो सामुदायिक विद्युत् ।

जसको जन्मसँगै आमनेपाली जनताले अन्धकारबाट मुक्ति मिल्ने विश्वास लिएका छन् । कुनाकाप्चामा पनि आज बिजुलीको चमक चम्किरहेको छ। त्यसैगरी अहिलेको परिवेशलाई हेर्ने हो भने यसरी नै सामुदायिक विद्युतीकरणसँगै मानिसले आ-आफ्नो ठाउँमा रहेका खोला, नाला र नदीबाट सहजै रूपमा बिजुली निकाली आफ्नो टोल र समुदायलाई नै पुऱ्याएर सानातिना उद्योग, कलकारखानासम्म सञ्चालनमा ल्याएका थुप्रै उदाहरण भेट्न सकिन्छ। ठाउँठाउँमा विभिन्न समिति वा सहकारीमार्फत नै किन नहोस्, सबैले सबैसँग सहकार्य गर्दै सामुदायिक विद्युत् सेवा नपुगेका ठाउँ सायद विरलै होलान् । असम्भव देखिएका ठाउँमा पनि सामुदायिक विद्युत्कै सहायताले गाउँ

नै झलमल भएको देख्दा ती सोझा गाउँलेको मनमुटुमा बस्न सफल सामुदायिक विद्युत्‌को चर्चा चारैतिर भएको कुरालाई कसैले पनि नकार्न सक्दैनन्। त्यति मात्र कहाँ हो र ? विद्युत् प्राधिकरणको सहयात्री बन्न सफल भएको छ। ग्रामीण भेगका जनताहरू प्राधिकरणसँग भन्दा पनि सामुदायिक विद्युत्‌सँग बढी परिचित छन् । दिनानुदिन आमजनताको विश्वास यससंस्थाप्रति बढेको उदाहरण हाम्रा अघि प्रस्ट छ।

वर्तमान समयमा आइपुग्दा बिजुलीबारे विगतभन्दा फरक ढङ्गले बढी नै मात्रामा छलफल हुने गरेको पाइन्छ। यस्ता छलफल सरकार र प्राधिकरणका साँघुरा घेराबाहिर, खुला र जनस्तरमा पनि हुने गरेकोदेखिन्छ। यसरी जनस्तरमा भएका यी छलपलबाट आफ्नो गाउँमा बिजुली बाल्न आफ्नै क्षमता, स्रोत र संस्थामा आधारित योजनाहरू तयार हुँदै गरेका भेटिन्छन् । समुदायको विश्वास र भरोसाका कारण यसरी बनाएका विद्युतीकरणका योजना आजसम्मका सरकारले बनाएजस्तो हावादारी हुँदैनन् । सामुदायिक योजनाहरूमा सामूहिक रूपमा सहभागिता, सामूहिक निर्णय र सामूहिक जवाफदेहिता पनि हुने हुँदा अझ जनताहरू सामुदायिक विद्युतीकरणबाट बढी लाभान्वित भएका छन्। सरकार वा प्राधिकरणको जस्तो फोस्रा आश्वासन देखाएर जनताको आँखामा छारो हाल्ने काम यस संस्थाले गर्दैन त्यसैले दिन प्रतिदिन जनता सङ्गठित हुँदै गएको भेट्न सकिन्छ।

नेपालमा ८३ हजार मेगावाट बिजुली निकाल्न सकिने अनुमान गरिए पनि अहिलेसम्म ६ सय ४५ मेगावाट बिजुली मात्र उत्पादन गरिएको छ। तर ४८ प्रतिशत जनता अझ पनि अन्धकारमै जीवन बिताइरहेका छन्। यसमा पनि ८ प्रतिशत मात्र गाउँले जनताले विद्युत् सेवा प्राप्त गरेको उदाहरण हाम्रा अघि प्रस्टदेखिन्छ। यसर्थ अहिले सामुदायिक विद्युत्‌को परिचालन प्रायः गाउँका अधिकांश बस्तीमा पुगिसकेको छ। गाउँघरमा बगिरहेका नदी, नाला र खोलाहरू केही मात्रमा भए पनि प्रयोगमा आएका छन्।

जहाँ इच्छा त्यहाँ उपाय भनेझैँ हरेक व्यक्तिले यो अब मेरो काम हो र मैले नै गर्नुपर्छ भन्ने भावनाले आजसम्म आइपुग्दा सामुदायिक विद्युत् सञ्जाल बन्दै गएको छ। विभिन्न समिति वा सहकारीमार्फत गाउँगाउँमा बिजुलीको चमक फैलँदै गएको देख्दा गाउँलेहरूमा अझ यसप्रतिको विश्वास निकै फराकिलो बन्दै गएको छ। गाउँलेले केही गर्न सक्दैनन् भन्ने सरकारको भ्रमलाई सामुदायिक विद्युत्‌ले झुटो साबित गरिदिएको छ । जसको कारण आज एउटा बालकदेखि वृद्धसम्मले सामुदायिक विद्युत्‌लाई चिनिसकेका छन्।

अत ः यसरी नै सामुदायिक विद्युत् आफ्नो गन्तव्यमा निरन्तर दौडने हो भने एक दिन हाम्रो देशलाई अन्धकारमुक्त बनाउन सफल हुनेछ। यहाँका सम्पूर्ण नदी, खोला, नाला प्रयोगमा आउनेछन्। तब त नेपालीलाई आफ्नो देश जलस्रोतमा धनी देश हुनुमा ठूलो गर्व हुनेछ। यसको सारा श्रेय सामुदायिक विद्युत्‌लाई जानेछ, जनताको आड र भरोसा बढ्दै जानेछ । आमजनता यसरी नै सामुदायिक विद्युत्‌को उत्तरोत्तर प्रगतिको कामना गर्छन्।

नवीकरणीय ऊर्जामा आधारित स्थानीय पाठ्यक्रम निर्माण, प्रयोग र चुनौती

ofulgw ltdlN;gf

पृष्ठभूमि

पाठ्यक्रम शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको सम्पूर्ण योजना हो । शिक्षण संस्थाहरूमा उद्देश्य प्राप्तिका लागि संस्थाभित्र र बाहिर गरिने सम्पूर्ण कार्यको समष्टिगत योजनाहरू जसले विद्यार्थीको चौतर्फी विकासमा सहयोग पुऱ्याउँछ । यसमा शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, शिक्षण विधि र क्रियाकलाप मूल्याङ्कनका तौरतरिका, शैक्षिक सामग्री प्रयोग जस्ता सबै पक्ष पर्छन् । समग्रमा भन्नुपर्दा पाठ्यक्रममा उद्देश्य, विषयवस्तु, शिक्षण विधि र मूल्याङ्कन नभई नहुने आवश्यक कुरा हुन् । पाठ्यक्रम शैक्षिक संविधान हो भने पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्रीहरू, शैक्षिक ऐन र निर्देशिका हुन् । तसर्थ पाठ्यक्रमबिना शिक्षण सहजीकरण प्रक्रिया असम्भव प्रायः हुन्छ ।

नेपालको सन्दर्भमा केन्द्रीय पाठ्यक्रमको अभ्यास बढी भएको पाइन्छ । तर पाठ्यक्रममा विभिन्न आयममध्ये विकेन्द्रीकृत पाठ्यक्रम विकास गर्नु पनि एक मुख्य आयाम हो । पाठ्यक्रममा स्थानीय स्तरको स्वामित्वसहित पाठ्यक्रमलाई सान्दर्भिक बनाउने सम्बन्धमा स्थानीय पाठ्यक्रम प्रारूप २०७१ ले नीतिगत व्यवस्था गरेको छ । विद्यालय तहको विद्यमान पाठ्यक्रममा स्थानीय आवश्यकतालाई सम्बोधन हुने गरी प्राथमिक तह (१-५) र आधारभूत तह (६-८) मा केही विषयमा स्थानीय अंश समावेश गर्न सकिने वा छुट्टै १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग गर्न सकिने नीतिगत व्यवस्था छ ।

शैक्षिक स्थानीयकरणमा सहयोग पुऱ्याउन पाठ्यक्रम कार्यान्वयन गर्ने निकाय वा व्यक्तिलाई उक्त निर्माण कार्यमा सिकारुमा सहभागिता, स्थानीय सरोकारवालाको संलग्नतामा अभिभावक, स्थानीय पेसामा संलग्न व्यक्ति वा संघसंस्थामा संलग्न व्यक्ति सबैको भूमिका महत्त्वपूर्ण हुन्छ । अतः स्थानीय सरोकारवालाले आवश्यकता ठानेमा विषयवस्तुलाई समेटी उनीहरूको स्रोत, विज्ञता र सक्रियतामा तयार पारिएको पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो ।

स्थानीय पाठ्यक्रमको औचित्य र महत्व

स्थानीय पाठ्यक्रम विकासमा स्थानीय तहको संलग्नता अपेक्षित मात्रामा हुन नसकेको अवस्था छ । शैक्षिक गुणस्तर विकासमा स्थानीय ज्ञान, सिप र प्रविधिको समय, पहुँच र गुणस्तर विकासमा स्थानीय सरोकारवालाको सहभागिता, विज्ञता र स्रोत साधन जरुरी हुन्छ । स्थानीय आवश्यकतामा आधारित यो पाठ्यक्रम निर्माणमा सरोकारवालाको सक्रिय सहभागिता अनिवार्य हुन्छ । स्थानीय तहमा सञ्चालित धर्म, संस्कृति, परम्परा, मूल्य, मान्यता एवम् प्रत्यक्ष जनतासँग सरोकार राख्ने आर्थिक

पक्ष सबल बनाउन र जीवनस्तर उकास्न प्राकृतिक स्रोतसाधनको संरक्षण र संवर्द्धन गर्दै अधिकतम फाइदा लिन सक्नु पनि यसको औचित्य हो । विद्यमान शैक्षिक परिपाटी, स्थानीय आवश्यकता, देशको सामाजिक आर्थिक अवस्थालाई दृष्टिगत गरी स्थानीय स्रोत साधनको अधिकतम परिचालन गर्न स्थानीय विषयवस्तुलाई समावेश गरिनुपर्छ । यसै सन्दर्भमा दक्षिण ललितपुर जल, जङ्गल, जडीबुटी, कृषिको प्रचुर सम्भाव्यता बोकेको ठाउँ हो । यस भेगमा कार्य गर्ने विभिन्न संघसंस्था तथा स्थानीय निकायहरूको संलग्नतामा र सहयोगमा नवीकरणीय ऊर्जालाई स्थानीय पाठ्यक्रममा समावेश गरी पठनपाठन गराउँदा ऊर्जाका स्रोतहरू पहिचान गरी बालबालिकाहरूमा नवीकरणीय ऊर्जाको ज्ञान, सिप र दक्षताको विकास हुने र स्थानीय स्रोत साधनलाई प्रविधिमैत्री बनाउन सकिने सम्भावना पर्याप्त छ । यसको निर्माण र प्रयोगमा निम्नलिखित पक्षमा ध्यान दिनुपर्छ :

(क) स्थानीय पाठ्यक्रम निर्माण गर्न सक्ने जनशक्ति तयारी,
(ख) बालकेन्द्रित सिकाइ गर्ने तालिमप्राप्त शिक्षकको व्यवस्था,
(ग) स्थानीय निकायको सक्रियतामा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने वातावरण,
(घ) स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनमा आवश्यक प्राविधिक सहयोगका लागि संस्थागत संयन्त्रको विकास,
(ङ) स्रोत साधनको व्यवस्था,
(च) प्रयोगात्मक मूल्याङ्कन पद्धति ।

स्थानीय पाठ्यक्रम किन ?

(क) विविधताको सम्बोधन गर्न,
(ख) स्थानीय रुचि र आवश्यकता सम्बोधन गर्न,
(ग) स्थानीय सरोकारवालाको सहभागितामा पाठ्यक्रम निर्माण गर्न,
(घ) Think Globally Act Locally अवधारणालाई मूल रूप दिन,
(ङ) शैक्षिक विकेन्द्रीकरणको प्रवर्द्धन गर्न,
(च) भौगोलिक अवश्यकता, क्षमता र आकाङ्क्षा प्रतिविम्बित गर्न,
(छ) स्थानीय स्रोतसाधनको अधिकतम परिचालन गरी आर्थिक एवम् जीवनस्तर उकास्न ।

महत्त्व

(क) स्थानीय आवश्यकताअनुसारका विषयवस्तुले स्थान पाउने,
(ख) स्थानीय तहबाटै पाठ्यक्रम निर्माण, प्रयोग र कार्यान्वयन हुने,
(ग) पाठ्यक्रमप्रति सरोकारवालाको अपनत्व सिर्जना हुने,
(घ) स्थानीय भौतिक स्रोत उपयोग हुने ।

स्थानीय पाठ्यक्रम प्रयोगको अवस्था

शिक्षाको राष्ट्रिय उद्देश्यमा स्थानीय स्तरको पेसा, व्यवसाय र रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्ने, आधुनिकीकरणमा सहयोग गर्ने, मानव संशाधनको विकास गर्ने जस्ता लक्ष्य निर्धारण गरिएको छ । उक्त लक्ष्य पूरा गर्न केन्द्रीय पाठ्यक्रमले मात्र सम्भव छैन । वर्तमान सङ्घीयता व्यवस्था कार्यान्वयन गर्न स्थानीय सरकार बढी

सक्रिय हुनुपर्ने अवस्था छ । स्थानीय विविध शिक्षामा आवश्यकतालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमले सहयोग गर्दछ । प्राथमिक तह (१-५) मा २० प्रतिशत अंश सामाजिक, स्वास्थ्य शारीरिक र सि.अ.क.मा पाठ्यक्रमले नीतिगत रूपमा स्थानीय पाठ्यक्रम समावेश गर्न सकिने तथा १०० पूर्णाङ्कको छुट्टै मातृभाषामा वा स्थानीय विषय राख्न पाउने नीतिगत पाउने व्यवस्था छ । तर विद्यालयमा स्थानीय २० प्रतिशत प्रयोगको अभाव छ भने १०० पूर्णाङ्कका स्थानीय विषय मातृभाषामा शिक्षाको अलावा थप अङ्ग्रेजी शिक्षण गरेको पाइन्छ । दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि., चापागाउँले शिक्षामा नवीकरणीय ऊर्जाको पहिचान, प्रयोग, सान्दर्भिकता सम्बन्धमा उक्त क्षेत्रको खेर गइरहेको जल, जमिन, जडीबुटीका साथै ऊर्जा पहिचान गरी जनताको जीवनस्तर उकास्न चेतनामूलक कार्यक्रमका साथै कक्षा १देखि ५सम्मको २० प्रतिशत सामाजिक विषयको पाठ्यक्रमको प्रारूप तयार पारी दक्षिण ललितपुरका केही विद्यालयमा शैक्षिक सत्र २०७५/०७६ मा प्रयोग गरेको पाइन्छ । कक्षा ६देखि ८सम्मको पाठ्यक्रममा १०० पूर्णाङ्कको तयार गर्ने कार्य प्रारम्भिक चरणमा भइरहेकाले भर्खर उक्त स्थानीय पाठ्यक्रम वामे सर्न लागेको हो कि भन्ने अनुभूति भएको छ ।

चुनौतीहरू

- स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने व्यावहारिक पाठ्यक्रम निर्माणका लागि स्थानीय क्षमताको विकास,
- स्थानीय तहको आवश्यकतालाई समेट्ने पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि सरोकारवालासँग व्यापक छलफल र जनचेतनाको तयारी,
- स्थानीय पाठ्यक्रम र राष्ट्रिय पाठ्यक्रमबीचको सम्बन्धमा रचनात्मक र सकारात्मक सम्बन्ध ।

समस्याहरू

- स्थानीय आवश्यकताको पहिचान गर्नु,
- स्थानीय सरोकारवालाको सक्रियता र संस्थागत क्षमता अभिवृद्धि गर्नु,
- विविधतालाई सम्बोधन गर्नु,
- विकेन्द्रीकृत पाठ्यक्रम निर्माणलाई संस्थागत गर्नु,
- स्थानीय निकायलाई पाठ्यक्रम निर्माण र कार्यान्वयनमा जिम्मेवार बनाउनु,
- पाठ्यक्रम विकास र कार्यान्वयनका लागि प्र.अ., शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समितिको क्षमता विकास गराउनु,
- स्थानीय पाठ्यक्रम सम्बन्धमा सरोकारवालालाई अपनत्वको भावना विकास गराउनु,
- विश्वव्यापीकरण र अङ्ग्रेजी भाषा मोह र स्थानीय परिवेशको शिक्षाबीच सामन्जस्य कायम राख्नु,
- स्थानीय विषय जस्तै नवीकरणीय ऊर्जा शिक्षण गर्ने जनशक्ति तयार गर्नु,
- स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनमा स्थानीय लगानी र सहयोग वृद्धि गर्नु,
- निर्मित स्थानीय पाठ्यक्रमको प्रभावकारी अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण, संयन्त्र विकास र कार्यान्वयन गर्नु ।

स्थानीय पाठ्यक्रम निर्माणका चरणहरू

- स्थानीय तहका जनप्रतिनिधि, गैरसरकारी संस्थाका प्रतिनिधि, शिक्षक, विद्यार्थी, बुद्धिजीवी, उद्योगी, रोजगारदाता, स्रोत व्यक्ति, सरकारी प्रतिनिधिहरूको सल्लाह र सुझावका आधारमा आवश्यकता पहिचान गर्नुपर्छ,
- स्थानीय स्तरमा मेल खाने उद्देश्य निर्धारण गर्नु,
- विषयवस्तुहरूको छनोट,
- कक्षागत सिकाइ उपलब्धि निर्धारण,
- शैक्षिक सामग्रीको सूची,
- शिक्षण विधि र सहजीकरण प्रक्रिया,
- विद्यार्थी मूल्याङ्कन,
- समय निर्धारण ।

निष्कर्ष

पाठ्यक्रम भनेको शिक्षण सहजीकरण प्रक्रियाको समग्र कार्ययोजना हो । उक्त कार्ययोजना लागू गर्ने भनेको विद्यालय हो । केन्द्रीय पाठ्यक्रमले मात्र सबै कुरा समेट्न नसक्ने भएकाले स्थानीय ठाउँको रुचि र आवश्यकतालाई प्रतिनिधित्व गर्छ । प्राथमिक तहको पाठ्यक्रम २०६२ ले (१-३), २०६५(४-५) मा स्थानीय पाठ्यक्रम सामाजिक, शारीरिक, सि.अ.क.मा २० प्रतिशत स्थानीय अंश वा १०० पूर्णाङ्कको स्थानीय विषय शिक्षण गर्न सकिने भएकाले स्थानीय सरकार, बुद्धिजीवी, उद्योगपति, पेसाकर्मी जस्ता सबै सरोकारवाला पाठ्यक्रम निर्माण, प्रयोग, कार्यान्वयन गरी शिक्षामा गुणस्तर अभिवृद्धि गर्न अघि बढ्न पर्दछ । दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारीले नवीकरणीय ऊर्जा विषयको पाठ्यक्रम पाइलटिङका रूपमा निर्माण र सहजीकरण गरेको छ । यसले पक्कै पनि भविष्यमा यस भेगका बालबालिकाहरू ऊर्जाको स्रोतहरू पहिचान गरी पेसा, व्यवसाय र प्रविधिमा आत्मनिर्भर मात्र नभई खेर गएको प्राकृतिक स्रोत साधनलाई ऊर्जामा बदली बढी लाभ लिन सक्नेछन् । ऊर्जाको किफायती प्रयोगले जीवनस्तर उच्च हुन मद्दत पुग्ने विश्वास गरिन्छ ।

(लेखक स्थानीय पाठ्यक्रम निर्माणसम्बन्धी संस्थाद्वारा गठित समितिका सदस्य हुन् ।)

मोनालिशा एकेडेमी

स्काउट बिल्डिङ, लगनखेल, ललितपुर फोन नं. : ९८४१३६३२७५

हाम्रो सेवाहरू :

SEE देखि Masters सम्मका Science, Management, Humanities, Education आदिको Tution, Coaching का साथै Home Tution तथा शिक्षा सेवा आयोगको कक्षाको व्यवस्था छ ।

धार्मिक पर्यटनका लागि विद्युतीकरण



p4j k/fhnL

ललितपुरको दक्षिणी भेकमा अधिकांश ग्रामीण बस्ती रहेको छ । ललितपुरका ३ गाउँपालिका (कोन्ज्योसोम, महाङ्काल र बाग्मती)का १८ वडा तथा गोदावरी नगरपालिकाको १ ग्रामीण वडा देवीचौरसहित १९ वटा वडामा दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि.मार्फत् ग्रामीण विद्युतीकरण कार्य भइरहेको छ । यस दक्षिण ललितपुरमा अवस्थित धार्मिक क्षेत्रको महत्त्व अत्यन्तै रहेको छ। लेलेको टीकाभैरव मन्दिर, नल्लुको पाथीभरा, भारदेउको गुप्तेश्वर, दलचोकीको मनकामना र दलचोकीमाई, घुसेलको महाङ्काल मन्दिर, माल्टाको राकसथान, शङ्खुको भैरवथान र सातकन्या मन्दिर, बुखेलको कालीदेवी मन्दिर र मनकामना, मानिखेलको माने, गोटिखेलको महाङ्काल मन्दिर, वैतर्णीधाम र कालेश्वर महादेवको मन्दिर, कालेश्वरमा अवस्थित बाघभैरव मन्दिर र विशाल गुम्बा, चन्दनपुरको महाङ्काल स्थान, गिम्दीको नारायण मन्दिर, गिम्दीको चमेरो गुफा, इकुडोलको गुम्बा जस्ता प्रसिद्ध धार्मिक स्थल रहेका छन् । यीबाहेक अन्य स्थानमा रहेका स्थानीय रूपमा विभिन्न देवालय, मठ मन्दिर, माने, गुम्बा रहेका छन् ।

यिनै मन्दिरमध्येको कालेश्वर मन्दिर गोटिखेल, गिम्दी र चन्दनपुरको बीचमा रहेको छ । महाभारत शृङ्खलामा पर्ने कालेश्वर मन्दिर पुग्नका लागि लगनखेल, चापागाउँ, लेले, भारदेउ, मानिखेल, गोटिखेल हुँदै सजिलै पुग्न सकिन्छ । सत्य युगमा महादेव पत्नी सतीदेवीले दक्षको यज्ञमा प्राण त्यागेपछि बेहोस अवस्थामा महादेवले सतीको शरीर बोकी हिँड्दा सोही स्थानमा सतीको घाँटी पतन भई कालेश्वर महादेव उत्पत्ति भएको वर्णन हिमवत खण्डको नेपाल महात्ममा उल्लेख पाइन्छ। साथै वैतर्णीको महत्त्वबार उल्लेख भएअनुरूप जो कोही पनि जीवधारीले वैतर्णीमा स्नान गर्दछ, ऊ मृत्युपश्चात् वैतर्णीमा पर्नुपर्दैन । सत्ययुगमा कालले वैतर्णीमा स्नान गरी चन्दन घोटी/चढाइ महादेवलाई चढाएको हुनाले अहिले पनि चन्दनपुरमा चनढुङ्गा देवीको नामले प्रसिद्ध अनौठो दृश्य देख्न पाइन्छ ।

नेपालका प्रथम जगद्गुरु वालसन्त देवाशरणले वैतर्णीधामको महत्त्वका बारेमा दिएको प्रवचन नेपाली तथा हिन्दी च्यानलले प्रसारण गरिरहेका छन् । कालका पनि महाकाल भएकाले नै शिवलाई महाङ्काल भनिन्छ। उनै महाङ्कालको नामले महाङ्काल मा.वि., महाङ्काल क्याम्पस, महाङ्काल गाउँपालिका नामकरण भएका छन् । जीवनमा एकपटक मात्रै वैतर्णीमा स्नान गरी महाङ्काल, कालेश्वरको दर्शन गर्न आन्तरिक तथा अन्तर्राष्ट्रिय धार्मिक पर्यटनलाई बढावा गर्नु आजको युगको माग रहेको छ ।

दक्षिण ललितपुरको ग्रामीण भेगमा अवस्थित धार्मिक दृष्टिले महत्त्वपूर्ण कैयौं स्थान अग्ला

डाँडाकाँडामा रहेकाले त्यहाँ पानी, विद्युत् आदिको अभाव छ । यस्ता महत्त्वपूर्ण स्थानमा दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी लि.ले विद्युतीकरण गर्ने कार्यबाट टाढा रहनुहुँदैन । विद्युत्को प्रयोगमार्फत् पानी तानेर दर्शनार्थीलाई सेवा दिन सकिन्छ । स्थानीय तहबाट सबैजना लागि परेमा महाभारत पर्वत शृङ्खलामा अवस्थित कालेश्वर महादेव मन्दिर जस्तो प्रख्यात स्थानमा दर्शनार्थीका लागि केवलकार व्यवस्था गरी पर्यटक आर्कषित गर्न सकिन्छ । जसबाट यहाँको धार्मिक मठ मन्दिरको मात्र विकास नभईकन आर्थिक सामाजिक विकासमा पनि यसले टेवा पुऱ्याउन सक्छ । दक्षिण ललितपुरमा पर्ने कोन्ज्योसोम गाउँपालिकाले फूलचोकीमा कोन्ज्योसोमको मन्दिर निर्माण गर्ने तयारी गरिरहेको छ । यसबाट आन्तरिक पर्यटनमा उल्लेख्य वृद्धि हुन सक्छ ।

(लेखक संस्थाका सञ्चालक सदस्य हुन् ।)

हार्दिक शुभकामना

दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि.को **सामुदायिक विद्युत्** पाँचौं शृङ्खला प्रकाशन भएको र दक्षिण ललितपुरका ग्रामीण समुदायमा विद्युतीकरण तथा उद्यमशीलता विकासमा योगदान पुऱ्याएकोमा सहकारी संस्थाको उत्तरोत्तर प्रगतिको कामना गरिन्छ ।

श्री नवराज सञ्जेल
अध्यक्ष, बागमती गाउँपालिका–७, गिम्दी
तथा
बागमती गाउँपालिका–७ परिवार

मूल समितिको सारथि : शिक्षा उपसमिति

ufljGbk;fb l3ld/

नेपालमा सहकारी स्थापनाको इतिहास जति लामो छ, त्यसको समकक्षमै रहेर दक्षिण ललितपुर विद्युतीकरण अभियान समितिको गठनसँगै २०५४ बाट आजसम्म आइपुग्दा अत्यन्तै कठिन यात्रा तय गर्दै ग्रामीण विद्युत् सहकारी संस्थामध्येको देशकै जेठो संस्थासमेत बन्ने सौभाग्य प्राप्त गर्नु हामी सबैका लागि गर्वको विषय हो ।

'सहकारीमार्फत् सामुदायिक विद्युतीकरण, आर्थिक विकास र सामाजिक रूपान्तरण' भन्ने मूल मन्त्रका साथ ललितपुरका दक्षिण पहाडमा अवस्थित तत्कालीन १९ वटा गाविसमा विद्युत् पुऱ्याउने, सुन्दै अति भयङ्कर जस्तो तर दृढ सङ्कल्प बोकेर तत्कालीन जनप्रतिनिधि, सामाजिक अभियन्ताहरूद्वारा गरिएको अभियान ललितपुरका हालका तीन वटै गाउँपालिकाका सबै वडा र गोदावरी नगरपालिकाको देवीचौरसमेतलाई विद्युत्‌को उज्यालो पुऱ्याउने काममा सफलता हात लागिसकेको छ भने बाँकी सेवा विस्तार, सेवामा गुणस्तरीयता, निरन्तरता, सामाजिक आर्थिक रूपान्तरणतर्फ प्रोत्साहन, उद्यमशीलताको विकास, रोजगार प्रवर्द्धन, आधुनिक उन्नत व्यवसायीकरण, विद्युतीय उपभोग र सुरक्षासम्बन्धी जनचेतना विस्तार जस्ता बाँकी काम सम्पन्न गर्न संस्था निरन्तर दत्तचित्त भई लागिपरेको छ । हुन त विकास र निर्माणको न अन्तिम बिन्दु हुन्छ, न त सन्तुष्टि नै । यद्यपि हामीले चालेका अनेक पहलकदमी र आमजनस्तरबाट प्राप्त सल्लाह, सुझाव र सकारात्मक प्रतिक्रियाबाट हाम्रो संस्थालाई अझ धेरै लामो माइलको यात्रा गर्न हौसला, काम गर्ने उत्साह र निरन्तर लागिपर्न प्रेरणा जागृत भएको छ । अतः दक्षिण ललितपुरका आमजनताको यो सुन्दर सपनालाई साकार पार्न सबै सरोकारवाला पक्षसँग हातेमालो गर्दै दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी प्रायः असम्भव देखिएको दक्षिण ललितपुरको सबै ग्रामीण भेगमा केन्द्रीय प्रसारण लाइनमार्फत् बत्ती बाल्न सफल भएको छ ।

मिति २०७३/०५/३१ मा यस संस्थाको १५औँ वार्षिक साधरण सभा सुसम्पन्न भई मेरो संयोजकत्वमा जब शिक्षा उपसमितिको गठन गरियो तब यस संस्थालाई लक्ष्यबमोजिमको कार्य सम्पन्न गर्न संस्थाका सबै उपसमिति सक्रिय भई शिक्षा उपसमिति कार्य समितिको निर्णय एवम् निर्देशनलाई अक्षरश पालना गर्दै र उपसमितिको पटकपटकका विभिन्न बैठकबाट निर्णय गर्दै हालसम्म विभिन्न प्रकारका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । त्यसैगरी कार्य समितिले आयोजना गरेको प्रायः सबै कार्यक्रममा सक्रिय सहभागिता जनाउँदै आइरहेको छ भने विभिन्न संघ, संस्था र निकायहरूद्वारा आयोजित कार्यक्रममासमेत शिक्षा उपसमितिको उपस्थिति रहँदै आएको छ । अतः शिक्षा उपसमितिको गठनपश्चात् शिक्षा उपसमितिले गर्ने कामसँगै सामुदायिक विद्युत्, नवीकरणीय ऊर्जासँग सम्बन्धित कार्यक्रममार्फत सामुदायिक विद्युत्‌बारे समुदायदेखि विद्यालयसम्मका कार्यक्रम

सञ्चालित रहे । यस उपसमितिमार्फत् सम्पन्न भएका केही गतिविधि यस प्रकार छन् :

- विद्यालय स्तरीय नवीकरणीय ऊर्जाको उपयोगसम्बन्धी अभिमुखीकरण कार्यक्रम : १ (गुप्तेश्वरी मा.वि. नल्लु) ।
- 'नवीकरणीय ऊर्जा प्रवर्द्धनमा विद्यार्थीको भूमिका' विषयक वक्तृत्वकला तथा नवीकरणीय ऊर्जा र वातावरणसम्बन्धी अन्तर मा.वि. स्तरीय चित्रकला प्रतियोगिता-१ (गोटिखेल, ४ विद्यालय सहभागी) ।
- नवीकरणीय ऊर्जा प्रवर्द्धनका लागि सुधारिएको चुलो प्रदर्शनी र सडक नाटक (गोटिखेल) ।
- नवीकरणीय ऊर्जा प्रवर्द्धनमा विद्यालय सचेतना कार्यक्रम (बुद्ध भगवान् मा.वि., मानिखेल, कतवन)
- नवीकरणीय ऊर्जामा आधारित स्थानीय पाठ्यक्रम कक्षा (१-५)सम्मको तयार गरी १० विद्यालयलाई हस्तान्तरण (संस्थाको कार्यालय, चापागाउँ) ।
- नवीकरणीय ऊर्जा र विद्युतीय सुरक्षामा महिला सहभागितासम्बन्धी सचेतना कार्यक्रम (भट्टेडाँडा, भैंसे) ।
- दक्षिण ललितपुरमा अवस्थित तीनवटै गाउँपालिकाका अध्यक्षको उपस्थितिमा निबन्ध लेखन प्रतियोगिताको शीर्षक छनोट गरी प्रतियोगिता सम्पन्न गरियो । उक्त प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने प्रतियोगीलाई नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरियो साथै उक्त प्रतियोगिताबाट प्रथम स्थान हासिल गर्ने सफल तीनवटै निबन्धलाई यसै सामुदायिक विद्युत्को पाँचौं अङ्कमा समावेश गरिएको छ । पुरस्कृत विद्यालय र विद्यार्थीको नाम यस प्रकार छन् :

बागमती गाउँपालिका (२०७५/०५/१५)

सहभागी विद्यालय : ७

सहभागी विद्यार्थी सङ्ख्या : १३

प्रथम : कालिदेवी मा.वि., प्युटार

विद्यार्थीको नाम थर : राम न्यौपाने

द्वितीय : महाकालीदेवी मा.वि., भट्टेडाँडा

विद्यार्थीको नाम थर : सविन बजगाईं

तृतीय : विद्याधिश्वरी मा.वि., आश्राङ

विद्यार्थीको नाम थर : जानुका घिमिरे

महाङ्काल गाउँपालिका (२०७५/०५/१९)

सहभागी विद्यालय : ७

सहभागी विद्यार्थी सङ्ख्या : १३

प्रथम : बाघभैरव मा.वि., कालेश्वर

विद्यार्थीको नाम थर : अर्चना चौलागाईं

द्वितीय : कालिदेवी मा.वि., बुखेल

विद्यार्थीको नाम थर : प्रतिमा बन्जारा

तृतीय : बुद्ध भगवान् मा.वि., मानिखेल

विद्यार्थीको नाम थर : सुदीप सञ्जेल

कोन्ज्योसोम गाउँपालिका (२०७५/०५/२०)

सहभागी विद्यालय : ३

सहभागी विद्यार्थी सङ्ख्या : ५

प्रथम : बाघभैरव मा.वि., चौघरे

विद्यार्थीको नाम थर : सरला लामा

द्वितीय : गुप्तेश्वर मा.वि., नल्लु

विद्यार्थीको नाम थर : परिनिता लामा

तृतीय : गुप्तेश्वर मा.वि., नल्लु

विद्यार्थीको नाम थर : मनिषा लामा

- नवीकरणीय ऊर्जामा आधारित स्थानीय पाठ्यक्रमको गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, ६ वटै वडाका वडाध्यक्षहरू, उक्त क्षेत्रका विद्यालयका प्रधानाध्यापकहरू, शिक्षा शाखाका प्रतिनिधि (RP), CRTN का प्रतिनिधिसहितको महाङ्काल गाउँपालिका स्तरीय अन्तरक्रिया कार्यक्रम गरी आगामी शैक्षिक सत्रको सुरुदेखि यस गाउँपालिकाअन्तर्गतका विद्यालयमा कक्षा १ देखि ५ सम्मको नवीकरणीय ऊर्जासम्बन्धी अध्ययन र अध्यापन गर्ने विषयमा छलफल गरियो ।
- अथक प्रयत्नका साथ सामुदायिक विद्युत् नामक पाँचौं अङ्क प्रकाशन गर्न सफल ।

माथि उल्लिखित कार्यक्रम विभिन्न संघसंस्था र सरोकारवाला पक्षको समेत सहयोगमा सम्पन्न भएका हुन् ।

(लेखक यस संस्थाका सञ्चालक एवम् शिक्षा उपसमितिका संयोजक हुन् ।)

प्रोपाइटर : तारा प्रसाद तिमल्सिना
पान नं. : ३०१४६९५३३

बुखेल मिल सेन्टर

महांकाल गा.पा.–१, बुखेल
मो.नं :९८४१३६२६५३

स्वच्छ एवम् स्वास्थ्यवर्दक शुद्ध तोरीको तेल पाउनुका साथै, धान कुटानी, पिसानी तथा अफिस र घरका लागि आकर्षक फर्निचर निर्माण गर्न सम्झनुहोस् ।

सामुदायिक विद्युतीकरण र मानव जीवन



xl/k;fb Gofkfg

व्यक्ति व्यक्तिबीचको मिलन र त्यसैका आधारमा सामाजिक परिवर्तनका लागि गरिने कार्यलाई सामुदायिक भनिन्छ भने ऊर्जालाई अनुकूलन, विस्तार र प्रयोग गर्ने कार्य वा पद्धतिलाई विद्युतीकरण भनिन्छ।

अर्को शब्दमा भन्नुपर्दा उपभोक्ताहरूबीचको सम्बन्ध सम्पर्कमा तथा समझदारीमा योजनाबद्ध रूपमा सञ्चालन गरिएको विद्युत् वितरण र प्रयोग गर्ने कार्यलाई सामुदायिक विद्युतीकरण भनिन्छ। सोही विद्युत्को माध्यमबाट मानव जीवनमा हुने र भएको जीवनशैलीको परिवर्तन र रूपान्तरण (आर्थिक, बौद्धिक तथा मानवीय परिवर्तन)लाई सुख र समृद्ध मानव जीवन भनिन्छ।

यसो भनिरहँदा सामुदायिक विद्युतीकरणको नाम लिनुपर्दा दक्षिण ललितपुर ग्रामीण सामुदायिक विद्युतीकरण अभियान समिति २०५४, दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि. २०५७, त्यसपछि सोही सहकारीको माध्यमबाट राज्यपक्षलाई सामुदायिक विद्युत् ऐन तथा विनियम निर्माणमा गरेको पहल महत्त्वूर्ण छ। नेपालकै अग्रणी संस्थाका रूपमा स्थापित तथा देशभरका २ सय बढी संस्थाको छाता सङ्गठनका रूपमा सामुदायिक विद्युत् महासंघ गठन भयो। सामुदायिक विद्युत् महासंघको अध्यक्षता श्री डिल्ली घिमिरेले गर्नुभएको थियो।

ललितपुरका दक्षिण भेगमा रहेका जनताका लागि ऊर्जा उपयोग गर्न त्यति लामो समय कुर्नु र २-३ पुस्ताको जीवन त्यसै खेर जानु दुर्भाग्य नै मान्नुपर्छ।

माथि उल्लिखित संक्षिप्त अवस्थालाई मध्यनजर गर्दा स्थानीय निकाय, जनप्रतिनिधिहरू र बुद्धिजीवीहरूको अगुवाइमा बनेको प्रारम्भिक चरणको थालनीलाई इतिहासमा भुल्ने कोसिस गरियो भने त्यो घोर अन्याय र अपराध हुनेछ । जतिपल्ट स्मारिकाहरू प्रकाशन भए पनि यस्ता योगदानलाई कदापि भुल्नुहुन्न। त्यसकै आधारमा हाम्रो सामाजिक जीवन र आर्थिक अवस्थामा सुधार आएको छ। ऊर्जाबाटै धेरै सुविधा पाएका छौँ। पशुपालन, कुखुरापालन, पिठो पिसानी, काष्ठ तथा क्रसर, उद्योग, सूचना तथा प्रविधि सञ्चालनका लागि ऊर्जाले निकै सहयोग गरेको छ। विद्युत् अभियान समितिको प्रारम्भिक परिकल्पनाको परिणाम अहिले आएर थप उपयोगी र व्यावहारिक साबित भइरहेको कुरालाई नकार्न सकिँदैन।

अतः सामुदायिक विद्युतीकरण र आर्थिक समृद्धि भनेको एक अर्काका परिपूरक हुन्। सामाजिक तथा बौद्धिक सूचना प्रविधि र बहुआयामिक क्षेत्रको ज्ञानले दक्षिण ललितपुरका जनशक्ति विश्व श्रम बजारमा (शारीरिक तथा मानसिक) सफल भएको छ।

विद्युत्

;lag l3ld/

स्वस्थ्य वितरण प्रणाली भन्नाले वितरण लाइनको मापदण्डअनुसारको निर्माण साम्रगी प्रयोग गरी चुस्त विद्युत् सेवा ग्राहकसम्म पुऱ्याउन आवश्यक सम्पूर्ण सुरक्षाको उपकरण जडित सुरक्षित विद्युत् सेवालाई बुझाउँछ। वितरण प्रणालीमा प्रयोग हुने विद्युतीय सामग्रीहरूमा पोल, ट्रान्सफरमर, केवल/कन्डक्टर, स्टे, टेन्सन सेट, स्पेन्सन हुक तथा कनेक्टर आदि पर्दछन्।

१. ट्रान्सफरमर

वितरण प्रणालीमा ट्रान्सफरमर प्रमुख उपकरण हो। जसले उच्च भोल्टेज (११ के.भि.)लाई न्यून भोल्टेज(४००/२२० भोल्ट) मा रूपान्तरण गर्दछ। सिँगल फेज र थ्री फेज गरि दुई प्रकारका ट्रान्सफरमर वितरण प्रणालीमा प्रयोग गरिएको पाइन्छ। जसमा सिँगल फेज ट्रान्सफरमरभन्दा थ्री फेज ट्रान्सफरमरको गुणहरू बढी भएकाले पछिल्लो समय थ्री फेज ट्रान्सफरमरहरूको प्रयोग बढी गरिन्छ। ट्रान्सफरमरबाट ग्राहकहरूलाई विद्युत् सेवा दिने भएकाले यसको सुरक्षा र लोड सेन्टर उचित स्थानमा कायम गर्नु आवश्यक हुन्छ।

ट्रान्सफरमर सुरक्षाका विद्युतीय उपकरणहरू :-

क) लाइटिङ एरेस्टर जडान

लाइटिङ एरेस्टर ट्रान्सफरमरको उच्च भोल्टेज साइडमा जडान गरिन्छ। यसको काम भनेको विद्युतीय लाइनमा सर्ट सर्किट वा चट्याङको कारणले क्षमताभन्दा बढी विद्युत् प्रवाह हुँदा ट्रान्सफरमरभित्र रहेको कपर Coil क्षति हुनबाट बचाउनु हो। लाइटिङ एरेस्टर जडान गर्दा एरेस्टरको माथिल्लो भागमा फरक फरक फेज छुट्टा छुट्टै एरेस्टरमा जोडिन्छ र तिनवटै एरेस्टरको तलपट्टिको भागमा अर्थिङको तारले जडान गरी जमिनसँग जोडिन्छ। जसले गर्दा विद्युतीय लाइनबाट उच्च भोल्टेजको विद्युत् प्रसारण भएमा लाइटिङ एरेस्टरको कनेक्सन अवरुद्ध भई उच्च भोल्टेज अर्थिङको तारबाट जमिनमा प्रवाह हुन्छ र ट्रान्सफरमरमा विद्युत् प्रवाह बन्द भई ट्रान्सफरमरको सुरक्षा हुन्छ।

ख) अर्थिङ

वितरण प्रणालीमा विद्युत् प्रवाह उच्च हुँदा विद्युतीय उपकरणहरूलाई सुरक्षा प्रदान गर्न अर्थिङ्ग गरिन्छ। अर्थिङ गर्दा ओसिलो तथा माटो भएको ठाउँलाई उपयुक्त मानिन्छ। अर्थिङ गर्दा तामाको तारलाई राम्रो सुचालक मानिन्छ।

ट्रान्सफरमरमा दुई प्रकारले अर्थिङ गरिन्छ :-

अ) **वडी अर्थिङ**

वडी अर्थिङ भन्नाले ट्रान्सफरमरको वडीलाई जमिनसँग जोड्नु हो । विभिन्न कारणले ट्रान्सफरमरको वाहिरी भागमा लिकेज करेन्ट प्रवाह हुन सक्छ। जसका कारणले हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्ने ट्रान्सफरमरको वडीलाई अर्थिङ तार जोडी उक्त लिकेज करेन्ट जमिनमा प्रवाह गरिन्छ।

आ) **सिस्टम(न्युट्रल) अर्थिङ**

न्युट्रल अर्थिङ भन्नाले ट्रान्सफरमरको न्युट्रल सिधै जमिनसँग कनेक्सन गर्नु हो । विद्युत् जडान गर्ने क्रममा सिंगल फेज सेवा लिने ग्राहकका घरमा विद्युत् जडान गर्दा ट्रान्सफरमरबाट आएको एउटा फेज र न्युट्रलसँग इर्नजी मिटर जोडिन्छ र थ्री फेज ग्राहकलाई सेवा दिँदा तीनवटा फेज र एउटा न्युट्रल इर्नजी मिटरमा जोडि सेवा दिइन्छ।

ग) **ट्रान्सफरमर तेल**

ट्रान्सफरमरमा विशेष प्रकारको तेल प्रयोग हुन्छ। जसले ट्रान्सफरमरको कोर र वाइन्डिङ्सका बीचमा ताप प्रसारण गर्नुका साथै सर्ट सर्किट हुनबाट बचाउन इन्सुलेसनको काम गर्दछ । ट्रान्सफरमरमा तेलको मात्र देखाउने न्यूनतम र उच्चतम लेवल हुन्छ। जसमा तेलको मात्रा उक्त लेवलबाट तल माथि हुनु हुँदैन । यदि तेलको मात्रा न्यूनतम लेवलभन्दा तल भएमा सुख्खा मौसमको समय पारि ओसिलो हावा नछिर्ने भाँडोमा राखिएको तेल ट्रान्सफरमरमा थप्नुपर्दछ। ओसिलो तथा पानी परेको समयमा तेल थप्ने काम गर्दा पानी तथा मोएस्चरले गर्दा ट्रान्सफरमर विग्रन सक्छ।

घ) **व्रेदिङ** (**सिलिका जेल**) :

सिलिका जेललाई ट्रान्सफरमरको श्वास फेर्ने ठाउँ भनिन्छ । जतिवेला ट्रान्सफरमरमा लोड बढ्दै जान्छ त्यति नै बेला ट्रान्सफरमर भित्रको तेल तात्ने हुँदा उक्त तातो हावा र सिलिका जेल भएको ट्याङ्कीले बाहिरबाट फिल्टर गरि लिएको चिसो हावा मिश्रण भई ट्रान्सफरमरलाई चिसो बनाउन सहयोग गर्दछ। तसर्थ ट्रान्सफरमरको सुरक्षाको लागि बेलाबेलामा सिलिका जेल चेक गर्नुपर्दछ। यो निलो रङको हुनुपर्दछ। यसको रङमा परिवर्तन भएमा यसलाई परिवर्तन गर्ने या तताएर पुनः प्रयोगमा ल्याउन सकिन्छ।

ङ) **फेज ब्यालेन्स** :

ट्रान्सफरमर जडान गर्दा तीन वटै फेजमा वरावर लोड हुनेगरी बस्तीको बीच भागमा जडान गर्नुपर्दछ । सम्भव भएसम्म ट्रान्सफरमरबाट अन्तिम घर/लोडसम्म ४ वटै तार पुऱ्याउनु पर्दछ । ग्राहकलाई विद्युत् सेवा दिँदा उक्त ग्राहकलाई आवश्यक पर्ने लोड हिसाब गरी सबैभन्दा कम लोड भएको फेजमा उक्त ग्राहकको इनर्जी मिटर जडान गर्नुपर्दछ। ग्राहकले प्रयोग गर्ने सम्पूर्ण विद्युतीय सामग्रीहरूको क्षमतालाई जोड गरेर उक्त ग्राहकको लोड हिसाब गरी आवश्यक क्षमताको निर्धारण गरिन्छ । ट्रान्सफरमरदेखि अन्तिम लोडसम्मको दुरी २ कि.मी. भन्दा बढी हुनुहुँदैन। यदी तीन वटै फेज बराबर क्षमतामा नचलेमा भोल्टेज कम हुने समस्या, विद्युतीय लस बढ्नुका साथै ट्रान्सफरमर जल्नेसम्मका सम्भावनाहरू हुन्छन्। त्यसैले वितरण प्रणालीको अर्को प्रमुख ध्यान दिनुपर्ने कुरा फेज ब्यालेन्स हो।

च) **फ्यूज लिङ्क (ड्रप आउट स्वीच)**

वितरण प्रणालीमा जडान गरिने ट्रान्सफरमर र लाइटिङ एरेस्टरको बीच भागमा डि.ओ. स्वीच जडान गर्नुपर्दछ । उच्च करेन्टको विद्युत् प्रवाह भएमा उक्त डि.ओ.मा रहेको फ्यूज आफैं जलेर ट्रान्सफरमर बचाउँछ । त्यसैले यसमा प्रयोग हुने फ्यूजको रेटिङ छनौट गर्दा ट्रान्सफरमरको क्षमताअनुसार गर्नुपर्दछ । ट्रान्सफरमर टावर सेटमा सामान्य मर्मत गर्दा उक्त डि.ओ. कनेक्सन छुटाई काम गर्न सहज हुन्छ जसले गर्दा ट्रान्सफरमरमा सामान्य मर्मत हुँदा फिडर बन्द गरी अन्य ग्राहकको विद्युत् सेवा अवरुद्ध गर्नु पर्दैन ।

ट्रान्सफरमरको क्षमताअनुसार जडान गर्नुपर्ने फ्यूज लिङ्कहरू यस प्रकार रहेका छन् ः

क्र.सं.	ट्रान्सफरमरको क्षमता (के.भी.ए.)	फ्यूज क्षमता (एम्पीयर)
१.	१५	०.७८
२.	२५	१.३
३.	५०	२.६
४.	१००	५.२४
५.	१५०	७.८७
६.	२००	१०.४९

छ) **एम्.सी.सी.वी.**

यसलाई मोल्डेड केज सर्किट व्रेकर भनिन्छ । एम्.सी.सी.वी. ट्रान्सफरमरको न्यून भोल्टेज साइडमा ट्रान्सफरमरसँगै जडान गरिन्छ । यसको काम भनेको वितरित लाइनमा कुनै समस्या आएमा जस्तै सर्ट सर्किट, उच्च करेन्ट प्रवाह आदि हुँदा ट्रिप भई ट्रान्सफरमर बचाउनु हो । यदि एम्.सी.सी.वी.को प्रयोग नगरेमा एल.टी.लाइनमा आउने उल्लेखित समस्याका कारण ट्रान्सफरमरको लो भोल्टेज साइज जल्नुका साथै विद्युत् सेवा अवरुद्ध हुन्छ ।

ट्रान्सफरमरको क्षमताअनुसार जडान गर्नुपर्ने एम्.सी.सी.वी.हरू यस प्रकार रहेका छन् ः

क्र.सं.	ट्रान्सफरमरको क्षमता (के.भी.ए.)	एम्.सि.सि.वि. क्षमता (एम्पीयर)
१	१५ के.भि.ए.	२१.६५
२	२५ के.भि.ए.	३६.०८
३	५० के.भि.ए.	७२.१७
४	१०० के.भि.ए.	१४४.३४
५	१५० के.भि.ए.	२१६.५१
६	२०० के.भि.ए.	२८८.६८

एम्.सि.सि.वि. को क्षमता निकाल्ने सुत्र :-

$\mathbf{I}_{\mathbf{secondary}} =$ ($V_{\text{secondary} = 400 \text{ volt , Kva = Transformer Capacity on Kva}}$)

नोट ः एम्.सी.सी.वी. छनौट गर्दा माथि उल्लिखित सूत्रबाट आएको रेटिङसँग नजिक क्षमता भएको छान्नुपर्दछ ।

२. पोल

वितरण प्रणालीमा ८/९ मिटरको पोल प्रयोग गरिन्छ। पोल जडान गर्दा कम्तीमा १.५ मिटर जमिनमुनि पुर्नुपर्छ र एक पोलदेखि अर्को पोलसम्मको दुरी ४५/५० मिटर हुनुपर्दछ। लाइन तान्ने क्रममा घुम्ती, T, Y जस्ता ठाउँहरूमा तारको लोडले गर्दा पोल ढल्कने सम्भावना हुने भएकाले लाइनको लोड हेरी लोडको विपरीत दिशामा स्टे सेट जडान गर्दा लाइन दिगो हुन्छ। वितरण प्रणालीमा पोलदेखि घरसम्मको होरिजेन्टल दूरी कम्तीमा १.२५ मिटर कायम गर्दा राम्रो हुन्छ।

Minimum ground clearance :

- Road area : 400 / 230 volt line = 5.8 meter
- Other area : 400/230 volt line = 4.6 meter

३. स्टे सेट

विद्युत् विस्तारमा तिन प्रकारका स्टे सेट जडान गरिन्छ।

- ग्राउण्ड स्टे
- फ्लाइङ्ग स्टे
- साइड वाक स्टे

४. ए.बी.सी. केवल

ए.वी.सी. केवल भन्नाले एरियल बन्डल कन्डक्टरलाई बुझाउँदछ। वितरण प्रणालीमा ट्रान्सफर मरदेखि लोडसम्म विद्युत् प्रवाह गर्न इन्सुलेटेड केवलको प्रयोग गर्नु सुरक्षित मानिन्छ। इन्सुलेटेड केवलको प्रयोग गर्दा हुकिङ/चोरी कम हुनुका साथै खुल्ला तारमा हुने विद्युतीय जोखिम कम गर्न सकिन्छ। केवल क्षमताको छनौट ट्रान्सफरमरको क्षमता र ग्राहकको डिमाण्ड लोडअनुसार फरक फरक हुन्छ। विद्युत् विस्तारको क्रममा ट्रान्सफरमरदेखि अन्तिम विन्दुसम्मको दुरी २ कि.मी. हुनुपर्छ। दुई वटा केवललाई जोड्नु परेको खण्डमा ए.बी.सी. कनेक्टरले पोलमा पर्नेगरी जोड्नु पर्दछ। यदी केवललाई दुईवटा पोलको बिचमा पर्ने गरि जोडियो भने लुज कनेक्सन भई समस्या आउँदा मर्मत गर्न गाह्रो हुनुका साथै मर्मत गर्न लामो समय लाग्छ। ग्रामीण भेगका बस्तीहरूमा निम्न साइजका ए.वि.सि. केवलको प्रयोग गरिन्छ।

क) २५ mm^2 २ कोर ए.बी.सी. केवल

ख) २५ mm^2 ४ कोर ए.बी.सी. केवल

ग) ५० mm^2 ४ कोर ए.बी.सी. केवल

घ) ९५ mm^2 ४ कोर ए.बी.सी. केवल

५. सर्भिस केवल

वितरण लाइनदेखि ग्राहकको घरमा जडान हुने इनर्जी मिटरसम्म विद्युत् प्रवाह गर्न सर्भिस केवलको प्रयोग गरिन्छ। सर्भिस केवलको क्षमताको निर्धारण ग्राहकले प्रयोग गर्ने विद्युत् क्षमताको आधारमा गरिन्छ।

सर्भिस केवलको क्षमता

क) सिँगल फेज ग्राहक

१. ६ mm कन्सान्ट्रिक केवल

२. १० mm कन्सान्ट्रिक केवल

३. १६mm कन्सान्ट्रिक केवल

४. २५ mm कन्सान्ट्रिक केवल

ख) थ्री फेज ग्राहक

१. २५ mm^2 अनआरमोर केवल

२. ३५ mm^2 अनआरमोर केवल

३. ५० mm^2 अनआरमोर केवल

स्याग (Sag)

इन्सुलेटेड केवल प्रयोग भएको ठाउँमा स्याग अलि बढी भए पनि केही फरक नपर्ने सोचाइ हुन्छ तर बढी क्बन हुँदा हावाहुरी चल्ने क्रममा केवल वेस्सरी हल्लिने हुँदा केवल जोडेको ठाउँबाट कनेक्सन टुट्ने सम्भावना हुन्छ जसले गर्दा पटक पटक लाइन अवरुद्ध हुन्छ। तसर्थ स्याग दुई पोलको दूरीको ५ प्रतिशतभन्दा बढी नहुनु नै राम्रो मानिन्छ।

स्याग निकाल्ने सुत्र :-

S =

S = mid span sag (m)
W = wt. of conductor (N/m)
L = Horizontal span length (m)
T = Conductor Tension (N)

अनुमानित विद्युत् खपत र युनिट खपत हिसाबको नमुना :

क्र.म	प्रयोग गरिएका विद्युत् सामाग्री	संख्या	क्षमता (watt)	जम्मा क्षमता (watt)	जम्मा क्षमता किलोवाट (watt /१०००)	युनिट हिसाब	
						विद्युत् प्रयोग हुने समय (घण्टा)	खपत हुने युनिट ९पधज०
१.	सि.एफ्.ल.	६	३	१८	०.०१८	६	०.१०८
२	ट्यूव लाइट	३	३६	१०८	०.१०८	६	०.६४८
३.	टेलिभिजन	१	४५	४५	०.०४५	४	०.१८
४.	आइरन	१	१२००	१२००	१.२	१५ मिनेट (१५/६० =०.२५)	०.३
५.	फ्रिज	१	१००	१००	०.१	८	०.३
६.	इलेक्ट्रिक किट्ली	१	१०००	१०००	१	१	०.८
७.	रुम हिटर	१	११००	११००	१.१	२	२.२

८.	राइस कुकर	१	७००	७००	०.७	४५ मिनेट (४५/६० =०.७५)	०.५२५
९.	पानी तान्ने पम्प (१ एच.पी. = ७४६ बाट)	१	१.५ एच.पि.	११११९	१.११९	१	१.११९
जम्मा				५,४९०	५.४९		६.१८

जम्मा खपत युनिट = ६.१८ किलोवाटआवर

जम्मा खपत युनिट = विद्युत् सामग्रीको जम्मा क्षमता (बाट) उक्त सामग्री प्रयोग गरेको समय (घण्टा) किलोवाटआवर १०००

(लेखक संस्थाका प्रवन्धक हुन् ।)

हार्दिक शुभकामना

दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था लि.को **सामुदायिक विद्युत्** पाँचौं शृङ्खला प्रकाशन भएको र दक्षिण ललितपुरका ग्रामीण समुदायमा विद्युतीकरण तथा उद्यमशीलता विकासमा योगदान पुऱ्याएकोमा सहकारी संस्थाको उत्तरोत्तर प्रगतिको कामना गरिन्छ ।

श्री साजन दर्लामी
अध्यक्ष, बाग्मती गाउँपालिका–५, इकुडोल
तथा
बाग्मती गाउँपालिका–५ परिवार